# साहित्यकार ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
**दुर्गा जोशी**
क्याम्पस रोल नं. ५४
त्रि.वि. दर्ता नं. ९–२–२४१-२३८-२००३
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०६९

# त्रिभुवन विश्वविद्यालय

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग,**
**भरतपुर, चितवन**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनकी छात्रा दुर्गा जोशीले स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरेको **साहित्यकार ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कनसमिति

**प्रा.डा. नारायणप्रसाद खनाल** ____________ हस्ताक्षर
विभागीय प्रमुख

**प्रा.डा. नारायणप्रसाद खनाल** ____________ हस्ताक्षर
शोधनिर्देशक

**सहप्राध्यापक गोविन्दराज विनोदी** ____________ हस्ताक्षर
बाह्यपरीक्षक

मिति : २०६९/०२/३०

साहित्यकार ऋषिप्रसाद लामिछाने ‘गोर्खे साइँलो’ को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन    दुर्गा जोशी    २०६९

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा दुर्गा जोशीले **साहित्यकार ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को  जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६९/०२/२६

**डा.नारायणप्रसाद खनाल**

प्राध्यापक

त्रिभुवन विश्वविद्यालय

**वीरेन्द्र बहुमुखी क्याम्पस**

**नेपाली विभाग**

भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

प्रस्तुत **साहित्यकार ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरको नेपाली विभागको स्नातकोत्तर तह दोस्रो वर्ष दसौँ पत्रको प्रयोजनका लागि तयार पारेकी हुँ । प्रथमत: प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा आफ्नो अमूल्य समय दिई लिखित सामग्रीलाई तत्काल हेरेर उचित सल्लाह, सुझाव र निर्देशन दिनुहुने शोधनिर्देशक, नेपाली विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद खनालप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । साथै यस शोधपत्र तयारीका क्रममा अमूल्य सल्लाह, सुझाव दिएर सहयोग गर्नुहुने आदरणीय क्याम्पस प्रमुख प्रा.डा. गणेशप्रसाद खरालज्यूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । विषयप्रतिको अध्ययन र रुचिलाई जागृत गराई मलाई सदैव अध्ययनप्रति प्रेरणा प्रदान गर्नुहुने कवि एवम् विद्वान् गोविन्दराज विनोदीप्रति पनि म हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु ।

यस शोधपत्रको तयारीका क्रममा आवश्यक सामग्रीसङ्कलन गर्ने कामदेखि लिएर शोधपत्रका क्रममा आफ्नो अमूल्य समय दिई पूर्ण सहयोग गर्नुहुने शोधनायक ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' र उहाँकी धर्मपत्नी मीनमाया लामिछाने एवम् उहाँको परिवारप्रति पनि म हार्दिक आभारी छु । लेखनकार्यकै निम्ति सदैव हौसला, प्रेरणा एवम् प्रोत्साहन दिई सहयोग पुऱ्याउनु हुने वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागका सम्पूर्ण गुरुहरू तथा वीरेन्द्र बहुमुखी क्याम्पसको पुस्तकालय परिवारप्रति आभार व्यक्त गर्दछु ।

शोधपत्र तयारीका क्रममा मलाई उत्साह, ऊर्जा प्रदान गर्ने मेरा अभिभावक मुकुन्दराज पाण्डे, मैयाँ पाण्डे, रेवकुमारी जोशी एवम् व्यक्तिगत रूपमा घरायसी चाँजोपाँजो मिलाई हरेक पल प्रेरणा दिने मेरा मान्य श्रीमान् किरणबाबु तिवारी तथा सम्पूर्ण तिवारीजनप्रति हार्दिक आभार प्रकट गर्नु म आफ्नो कर्तव्य ठान्दछु ।

श्रद्धेय गुरुवर्ग, मान्यजन तथा मित्रहरूका सहयोगले आज यो शोधपत्रले पूर्णता प्राप्त गरेकाले यस घडीसम्म प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्नुहुने शुभेच्छुकहरूप्रति कृतज्ञताज्ञापन गर्न चाहन्छु । साथै शोधपत्र यथासम्भव शुद्ध एवम् छिटो टङ्कण गरिदिनु हुने 'निक द डिजाइनर' नारायणगढका श्री दीपेन्द्रकुमार जोशी 'निक' तथा सुमिना जोशीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा **साहित्यकार ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरसमक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

**दुर्गा जोशी**
नेपाली विभाग
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन
२०६९

मिति : २०६९/०२/२६

# सङ्क्षेपीकृत शब्दसूची

प्रस्तुत शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरू यसप्रकार छन् :

| | |
|---|---|
| अनु. | अनुच्छेद |
| अप्र. | अप्रकाशित |
| ई.सं. | ईस्वी संवत् |
| क्र.सं. | क्रमसङ्ख्या |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नि. | निर्देशक |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान |
| प्र. | प्रथम |
| प्रा. | प्राध्यापक |
| पू. | पूर्णाङ्क |
| पृ. | पृष्ठ |
| भ.न.पा. | भरतपुर नगरपालिका |
| वी.पी. | विश्वेश्वरप्रसाद |
| संस्क. | संस्करण |
| सम्पा. | सम्पादक |
| सा.प्र. | साझा प्रकाशन |

# विषयसूची


(क) शोधपत्रको स्वीकृतिपत्र

(ख) शोधनिर्देशकको मन्तव्य

(ग) कृतज्ञताज्ञापन

(घ) सङ्क्षेपीकृत शब्दसूची


## पहिलो परिच्छेद
## शोधपरिचय


| | | |
|---|---|---|
| १.१ | शोधपरिचय | १ |
| १.२ | शोधसमस्या | २ |
| १.३ | शोधकार्यको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको विवरण र समीक्षा | २ |
| १.५ | शोधको औचित्य र महत्त्व | ६ |
| १.६ | शोधकार्य क्षेत्र र सीमा | ६ |
| १.७ | सामग्री सङ्कलन र शोधविधि | ६ |
| १.८ | शोधपत्रको रूपरेखा | ७ |


## दोस्रो परिच्छेद
## ऋषिप्रसाद लामिछानेको जीवनीको अध्ययन


| | | |
|---|---|---|
| २.१ | पृष्ठभूमि | ९ |
| २.२ | जन्म र जन्मस्थान | १० |
| २.३ | पारिवारिक पृष्ठभूमि | १० |
| २.४ | बाल्यकाल | ११ |
| २.५ | उपनयन संस्कार | ११ |
| २.६ | शिक्षादीक्षा | १२ |
| २.७ | लेखन प्रेरणा र स्वभाव | १२ |
| २.८ | वैवाहिक तथा पारिवारिक जीवन | १३ |
| २.९ | आर्थिक स्थिति | १४ |

२.१० भ्रमण १५
२.११ सामाजिक कार्य १५
२.१२ साहित्यिक क्षेत्रमा प्रवेश र योगदान १५
२.१३ सम्मान तथा पुरस्कार १७
२.१४ दु:खद घटना १८
२.१५ उपनाम चयन १९
२.१६ जीवन-दर्शन तथा साहित्यिक धारणा १९
२.१७ निष्कर्ष २०

## तेस्रो परिच्छेद
## साहित्यकार ऋषिप्रसाद लामिछानेको व्यक्तित्वको अध्ययन

३.१ पृष्ठभूमि २२
३.२ बाह्य व्यक्तित्व २३
३.३ आन्तरिक व्यक्तित्व २३
३.३.१ साहित्यिक व्यक्तित्व २४
३.३.१.१ कवि व्यक्तित्व २५
३.३.१.२ गजलकार व्यक्तित्व २६
३.३.१.३ व्यङ्ग्यकार व्यक्तित्व २८
३.३.१.४ लेखकीय व्यक्तित्व २८
३.३.१.५ सम्पादक व्यक्तित्व २८
३.३.२ साहित्येतर व्यक्तित्व २९
३.३.२.१ सामाजिक व्यक्तित्व २९
३.३.२.२ राजनैतिक व्यक्तित्व ३०
३.३.२.३ धार्मिक व्यक्तित्व ३०
३.४ निष्कर्ष ३१

## चौथो परिच्छेद
## ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को कृतित्व

४.१ नेपाली साहित्यमा ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को आगमन ३३
४.२ सृजनाका लागि प्रेरणा र प्रभाव ३३
४.३ लेखनको प्रारम्भ, प्रकाशनको थालनी, विकासक्रम ३४
४.४ ऋषिप्रसाद लामिछाने 'गोर्खे साँइलो' को साहित्यिक प्रवृत्ति ३६
४.५ साहित्यकार ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को कृतित्वको अध्ययन ३८
४.५.१ गजल सिद्धान्तको परिचय ३८

४.५.२ गजलको व्युत्पत्ति/उद्भव ३८
४.५.३ गजलको परिभाषा ४०
४.६ गजलको रचनाविधान ४१
४.६.१ शेर ४२
४.६.२ काफिया ४२
४.६.३ रदिफ ४३
४.६.४ मतला ४३
४.६.५ मक्ता ४३
४.६.६ तखल्लुस ४४
४.६.७ बहर ४४
४.७ गजलको अन्य साहित्यिक विधा-उपविधासँगको सम्बन्ध ४५
४.७.१ गजल र कविता ४५
४.७.२ गीत र गजल ४६
४.७.३ गजल र मुक्तक ४७
४.७.४ गजल र लघुकथा ४७
४.८ नेपाली गजलको पृष्ठभूमि र प्रारम्भ ४८
४.८.१ नेपाली गजललेखनको पृष्ठभूमि ४९
४.८.२ नेपाली भाषामा भन्दा अरू भाषामा बढी गजल लेखिनु ४९
४.८.३ नेपाली साहित्यको शृङ्गारिक धाराको प्रभाव र पृष्ठभूमि ५१
४.८.४ नेपाली भाषामा गजललेखनको प्रारम्भ ५१
४.८.५ नेपाली गजललेखनको काल विभाजन ५२
४.८.५.१ प्रथम चरण ५४
४.८.५.२ दोस्रो चरण ५७
४.९ नेपाली गजल परम्परामा ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को स्थान निर्धारण ६१
४.१० ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को कृतित्वको अध्ययन ६३
४.१०.१ पृष्ठभूमि ६३
४.१०.२ 'मुस्कान' गजलसङ्ग्रहको संरचनागत स्वरूप ६३
४.१०.२.१ 'मुस्कान' गजलसङ्ग्रहमा काफिया ६३
४.१०.२.१.१ पूर्ण काफिया ६४
४.१०.२.१.२ आंशिक काफिया ६४
४.१०.२.१.३ एकाक्षरी काफिया ६५
४.१०.२.१.४ मिश्रित काफिया ६६
४.१०.२.२. 'मुस्कान' गजलसङ्ग्रहभित्र रदिफ ६७
४.१०.२.२.१ पदमूलक रदिफ ६८
४.१०.२.२.२ पदावलीमूलक रदिफ ६८
४.१०.२.२.३ वाक्यात्मक रदिफ ६९
४.१०.२.३ 'मुस्कान' गजलसङ्ग्रहमा मतला ६९

४.१०.२.४ 'मुस्कान' गजलसङ्ग्रहमा मक्ता ७१
४.१०.२.५ 'मुस्कान' गजलसङ्ग्रहमा तखल्लुस ७२
४.१०.२.६ 'मुस्कान' गजलसङ्ग्रहमा मिसरा ७३
४.१०.२.७ 'मुस्कान' गजलसङ्ग्रहमा शेर ७४
४.१०.२.८ निष्कर्ष ७६
४.१०.३ ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को गजलकृति 'सम्मोहन' को विश्लेषण ७८
४.१०.३.१ संरचना ७८
४.१०.३.२ 'सम्मोहन' गजलसङ्ग्रहमा काफियाको प्रयोग ७८
४.१०.३.३ 'सम्मोहन' गजलसङ्ग्रहमा रदिफको प्रयोग ८०
४.१०.३.४ 'सम्मोहन' गजलसङ्ग्रहमा मकताको प्रयोग ८२
४.१०.३.४ 'सम्मोहन' गजलसङ्ग्रहमा तखल्लुसको प्रयोग ८२
४.१०.३.६ 'सम्मोहन' गजलसङ्ग्रहमा मिसराको प्रयोग ८३
४.१०.३.७ 'सम्मोहन' गजलसङ्ग्रहमा शेर ८३
४.१०.३.८ निष्कर्ष ८४
४.१०.४ ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को गजलकृति 'सूत्रमाला' को विश्लेषण ८५
४.१०.४.१ संरचना ८५
४.१०.४.२ 'सूत्रमाला' गजलसङ्ग्रहमा काफियाको प्रयोग ८५
४.१०.४.३ 'सूत्रमाला' गजलसङ्ग्रहमा रदिफको प्रयोग ८६
४.१०.४.४ 'सूत्रमाला' गजलसङ्ग्रहमा मकताको प्रयोग ८८
४.१०.४.५ 'सूत्रमाला' गजलसङ्ग्रहमा तखल्लुसको प्रयोग ८९
४.१०.४.६ 'सूत्रमाला' गजलसङ्ग्रहमा मिसराको प्रयोग ९०
४.१०.४.७ 'सूत्रमाला' गजलसङ्ग्रहमा शेर ९०
४.१०.४.८ निष्कर्ष ९१
४.१०.५ 'कादम्बरी' कवितासङ्ग्रहको अध्ययन ९१
४.१०.५.१ कविताको सैद्धान्तिक अध्ययन ९१
४.१०.५.२ कविताको परिभाषा ९२
४.१०.५.३ कविताको प्रमुख तत्त्व ९५
४.१०.५.३.१ शीर्षक ९६
४.१०.५.३.२ संरचना ९६
४.१०.५.३.३ लयविधान ९६
४.१०.५.३.४ भाषाशैली ९७
४.१०.५.३.५ कथनपद्धति ९७
४.१०.५.३.६ केन्द्रीय कथ्य ९७

४.१०.५.३.७ बिम्बविधान तथा अलङ्कार प्रविविध ९८
४.१०.५.३.८ व्यञ्जना ९८
४.१०.६ 'कादम्बरी' कवितासङ्ग्रहको संरचनागत स्वरूप ९८
४.१०.६.१ 'कादम्बरी' कवितासङ्ग्रहको सूत्रात्मक विश्लेषण ९९
४.१०.६.२ मूलभाव १०४
४.१०.६.३ शैलीशिल्प १०७
४.१०.७ निष्कर्ष १११

## पाँचौँ परिच्छेद
## उपसंहार तथा निष्कर्ष

५.१ उपसंहार तथा निष्कर्ष ११२
५.१.१ पहिलो परिच्छेदको सारांश ११२
५.१.२ दोस्रो परिच्छेदको सारांश ११२
५.१.३ तेस्रो परिच्छेदको सारांश ११३
५.१.४ चौँथो परिच्छेदको सारांश ११३
५.१.५ समग्र निष्कर्ष ११४

## सन्दर्भग्रन्थसूची

(क) सन्दर्भपुस्तक ११६
(ख) सन्दर्भपत्रिका ११८
(ग) सन्दर्भ-शोधप्रबन्ध ११९
(घ) सन्दर्भव्यक्तिहरू १२१

## परिशिष्ट खण्ड

परिशिष्ट १ : शोधनायकसँग लिएको अन्तर्वार्ता १२२
परिशिष्ट २ : गोर्खे साइँलोका फुटकर रचनाहरूको कालक्रमिक तालिका १२६
(क) कविता १२६
(ख) गजल १२७
(ग) कथा १२९
(घ) लेख १२९
परिशिष्ट ३ : शोधनायक ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को छायाचित्र १३०
परिशिष्ट ४ : शोधनायक ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' ले प्राप्त गरेका सम्मान-पत्रका प्रतिलिपिहरू १३१

# पहिलो परिच्छेद
# शोधपत्रको परिचय

## १.१ शोध परिचय

ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' ले करिब तीनदशक अघिदेखि हालसम्म नेपाली साहित्यका विविध विधाहरूमा कलम चलाएका छन् । कविता, कथा, गजल तथा गजलका शास्त्रीय संरचनासँग सम्बन्धित खोज-अनुसन्धानमूलक लेख, लघुकथा, निबन्ध, हाइकु साथै मुक्तक र समीक्षा उनका लेखनका प्रमुख विधा-उपविधाहरू हुन् । लेखनकार्यका साथै विभिन्न सङ्घ-संस्थामा पनि उनको संलग्नता देखिन्छ । उनका थुप्रै फुटकर रचनाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । उनका हालसम्म प्रकाशित साहित्यिक कृतिहरू यसप्रकार रहेका छन् :

(क) **गजलपथका यात्रीहरू** (गजलसङ्ग्रह, संयुक्त लेखन २०६१)

(ख) **गजलबिम्ब** (गजलसङ्ग्रह, संयुक्त लेखन २०६२)

(ग) **सम्मोहन** (गजलसङ्ग्रह, २०६२)

(घ) **मुस्कान** (गजलसङ्ग्रह, २०६२)

(ङ) **सूत्रमाला** (गजलसङ्ग्रह, २०६३)

(च) **कादम्बरी** (कवितासङ्ग्रह, २०६३)

यी कृतिहरूका आधारमा उनी अनुसन्धेय व्यक्तित्व हुन् तर ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन हालसम्म हुन सकेको छैन । यसकारण उनी र उनका कृतिका बारेमा विस्तृत अध्ययन-अनुसन्धान प्रस्तुत गर्नु उपयुक्त ठानिएको छ । अत: यस शोधकार्यको शीर्षक **साहित्यकार ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** चयन गरिएको छ ।

## १.२ शोधसमस्या

प्रस्तुत शोधकार्य अन्तर्गतका मूल समस्याहरू यसप्रकार रहेका छन् :

(क) साहित्यकार ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को जीवनी के-कस्तो छ ?

(ख) उनको साहित्यिक व्यक्तित्व के-कस्तो रहेको छ ?

(ग) साहित्यको लेखनमा उनको के-कस्तो योगदान रहेको छ ?

(घ) उनको कृतित्वको विश्लेषण र मूल्याङ्कन के-कसरी गर्न सकिन्छ ?

यिनै समस्याहरूको अध्ययन प्रस्तुत शोधकार्यमा गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका प्रमुख उद्देश्य निम्नअनुसार छन् :

(क) साहित्यकार ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को जीवनीको परिचय दिनु ।

(ख) उनको साहित्यिक व्यक्तित्वको परिचय दिनु ।

(ग) नेपाली साहित्यमा उनको योगदानको अध्ययन गर्नु ।

(घ) उनका कृतिमा पाइने प्रमुख प्रवृत्तिहरूको निरूपण गर्नु ।

यिनै उद्देश्य प्राप्तितर्फ यो शोधपत्र केन्द्रित रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यकार ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' चर्चित कवि एवम् गजलकारका रूपमा परिचित छन् । यस यात्राका क्रममा विशेषत: नेपाली गजलकारिताको क्षेत्रमा यिनको योगदान महत्त्वपूर्ण रहेको छ । वि.सं. २०२२ सालदेखि नै लेखनकार्यमा सक्रिय भई हालसम्म निरन्तर रूपमा काव्य साधनामा जुटेका छन् । विभिन्न समीक्षकहरूले विभिन्न पत्रपत्रिका, पुस्तकमार्फत् गरेका टीका-टिप्पणीहरूको कालक्रमिक विवरण यसप्रकार रहेको छ :

> धनराज गिरीले *शुभकामना* (**सम्मोहन** गजलसङ्ग्रह) भूमिका लेखमा सातकाम बिताएर पनि साहित्यिक कार्यक्रममा हाजिर हुन पुग्ने साहित्यप्रेमी, साहित्यप्रतिको लगाव र समर्पण देखेर म नतमस्तक भएको छु भनी गोर्खे साइँलाको चर्चा गरेका छन् ।[१]

> केशवराज आमोदीले *शुभसम्मति* (**सम्मोहन** गजलसङ्ग्रह) भूमिका लेखमा गोर्खे साइँलोको हृदय प्रेम-प्रणय, हार्दिक सदाशयता र मानवीय संवेद्यताले आछन्न हुनुका

---

१ धनराज गिरी, *शुभकामना*, **सम्मोहन**, (चितवन : पल्लव साहित्य विविध, २०६२), भूमिका लेख ।

साथै उनको अनुभूति तीक्ष्ण, अभिव्यक्तिमा सरलता, सरसता र प्रभावकारिता छ भनी उनको व्यक्तित्वको चर्चा गरेका छन् ।[२]

घनश्याम न्यौपाने 'परिश्रमी'ले *शुभेच्छाका दुईशब्द* (**सम्मोहन** गजलसङ्ग्रह) भूमिका लेखमा नेपाली साहित्यमा आएको गजलको बाढीप्रति धेरै स्रष्टाहरू आकर्षित देखिए पनि गजलको सामान्य सिद्धान्तलाई अक्षरस: पालना गरेर गजल लेख्ने एक विशिष्ट गजलकार हुन् भनेर गोर्खे साइँलोको गजलकारिताको चर्चा-परिचर्चा गरेका छन् ।[३]

देवी सिग्देलले *शास्त्रीय बहरका गजलहरू* (**मधुपर्क,** २०६४) मा चितवन जिल्लालाई गजलको उर्वराभूमि मानिन्छ र यसै भूमिबाट टुसाएर हलक्क बढेको नाम हो गोर्खे साइँलो । **गजलपथका यात्रीहरू, गजलबिम्ब, सम्मोहन, मुस्कान, कादम्बरी** हुँदै **सूत्रमाला**सम्म आइपुगेका साइँलोले आफूलाई गजलकार नभई गजलमा लाग्न चाहनेहरूलाई स्पष्ट बाटो देखाइदिएका छन् भनेर गोर्खे साइँलाको विश्लेषण गरेका छन् ।[४]

वियोगी बूढाथोकीले *तीन कृति एक दृष्टि,* (**शिवपुरी सन्देश**, २०६४) मा सूत्रसहित शास्त्रीय बहरमा आधारित, **सूत्रमाला** गजलसङ्ग्रहभित्र ५८ थान गजलमा गोर्खे र साइँलो आलोपालो गरेर तखल्लुसमा पालो बस्न लगाएका मात्र छैनन् । ६ शब्दलाई बोकेर १५ ओटा गजलहरू सबल र सफल रूपमा उभ्याएका छन् । पढौँपढौँ लाग्ने र पढ्दा धित मर्ने खालका बहर दाउन खप्पिस छन् । प्रस्ट भन्नुपर्दा मान्छेको मनलाई गजलरूपी मालाले तान्न सफल बन्दै गएका छन् भनी गोर्खे साइँलाको व्याख्या गरेका छन् ।[५]

सदानन्द अभागीले *गोर्खे साइँलो तिमीलाई अभिनन्दन* (**मध्यबिन्दु राष्ट्रिय साप्ताहिक**, २०६४) मा गोर्खेको साधना, भावना र जागरणले गजलविधामा नयाँ आयाम थपेको छ । यो सुन्दर छ, शुद्धताको लागि यसले जुन प्रयास र सफलता प्राप्त गरेको छ, यसको अगाडि गजलका धुरन्धरहरूलाई समेत नयाँ बाटो हिँड्न बाध्य बनाएको छ भनी व्याख्या गरेका छन् ।[६]

---

२ केशवराज आमोदी, *शुभसम्मति,* **सम्मोहन**, (चितवन : पल्लव साहित्य विविध, २०६२), भूमिका लेख ।

३ घनश्याम न्यौपाने 'परिश्रमी', *शुभेच्छाका दुई शब्द,* **सम्मोहन**, (चितवन : पल्लव साहित्य विविध, २०६२), भूमिका लेख ।

४ देवी सिग्देल, *शास्त्रीय बहरका गजलहरू,* **मधुपर्क**, (वर्ष ४०, पूर्णाङ्क ४६२, २०६४), पृ. १५ ।

५ वियोगी बूढाथोकी, *तीन कृति एक दृष्टि,* **शिवपुरी सन्देश** (वर्ष १३, पूर्णाङ्क ३७, २०६४), पृ. २९-३६ ।

६ सदानन्द अभागी, *गोर्खे साइँलो तिमीलाई अभिनन्दन,* **मध्यबिन्दु राष्ट्रिय साप्ताहिक**, (वर्ष १, अङ्क २९, २०६४), पृ. ६ ।

सरस्वती रिजालले *सूत्रमालामाथि केही सूत्रात्मक अभिव्यक्ति* (**पल्लव साहित्यिक पत्रिका**, २०६४) लेखमा ऋषिको प्रमुख लय भवगत् प्राप्ति हो । भवगत् प्राप्तिका लागि साधना गरेको, एकोहोरिएको र यसैमा समर्पित भई प्राप्ति गर्ने सच्चा साधनाका रूपमा चर्चा-परिचर्चा गरेकी छन् ।[७]

ऋद्धिरमण घिमिरेले *कादम्बरीको सुगन्ध* (**गरिमा**, २०६४) मा **कादम्बरी** कवितासङ्ग्रहले उठान गरेका विषयवस्तु सरल, सुबोधगम्य र समसामयिक हुनुका साथै प्रत्येक कवितामा 'यमाताराजभानसलगा' मा आधारित वार्षिक छन्दका लघुगुरु सूत्रसमेत समेटिएकाले पद्यमा कविता लेख्न, खोज्न जिज्ञासु नवप्रतिभाका लागि यो पुस्तक पठनीय, मननीय र सङ्ग्रहणीय छ भनेर गोर्खे साइँलाको चर्चा गरेका छन् ।[८]

रमेश प्रभातले **गजलसारथी-१** (२०६५) मा गजलकार गोर्खे साइँलोद्वारा रचित **सूत्रमाला** शास्त्रीय बहरमा आधारित चितवनको दोस्रो गजलकृति हो । शास्त्रीय लयको प्रयोग गर्नुका साथै सूत्रसमेत प्रस्तुत गरिएको यस सङ्ग्रहमा प्रणयचेतना, राष्ट्रवादी भाव गजलका तत्त्वहरूको चर्चा, व्यङ्ग्य-विद्रोह तथा परिवर्तनको चाहनालाई मूलभाव बनाइएको पाइन्छ भनेर गोर्खे साइँलोको प्रशंसा गरेका छन् ।[९]

सरस्वती शर्मा जिज्ञासुले भलाकुसारी (**नवमाधुरी**, २०६५) मा 'मितज्यू साहित्य प्रतिष्ठान' चितवनको 'मितज्यू स्रष्टा सम्मान २०६३' र '**धरा** मासिक साहित्य पत्रिका' नवलपरासीको को 'धरा साहित्यिक सम्मान २०६४' द्वारा सम्मानित गोर्खे साइँलोले नेपाली साहित्यको फाँटमा कथा, कविता, संस्मरण, निबन्ध, मुक्तक, हाइकु, सूत्रमा आधारित बहरसम्बन्धी खोजमूलक विषयवस्तुमा मस्तिष्कलाई केन्द्रित गरी कलम दौडाएको पाइन्छ भनेर गुणगान गाएका छन् ।[१०]

घनश्याम न्यौपाने 'परिश्रमी' ले **पल्लव साहित्यिक पत्रिका**, (आलोचना विशेष, २०६६) मा *पल्लव गजल विशेषमा दृष्टिपात* शीर्षक टिप्पणी लेखनमा **पल्लव** साहित्यिक पत्रिकाका प्रधान सम्पादक 'गोर्खे साइँलो' को साहित्यिक क्षेत्रमा क्रियाशीलताको चर्चा गर्दै खासगरी शास्त्रीय बहरको सकारात्मक लहर चलिरहेको विद्यमान परिस्थितिअनुकूल चलेका गजलकार भनेर गोर्खे साइँलोको चर्चा गरेका छन् ।[११]

---

७ सरस्वती रिजाल, *सूत्रमालामाथिको केही सूत्रात्मक अभिव्यक्ति,* **पल्लव साहित्यिक पत्रिका,** (वर्ष ४, अङ्क १३, २०६४), पृ. १३३ ।

८ ऋद्धिरमण घिमिरे, *कादम्बरीको सुगन्ध,* **गरिमा**, (वर्ष २५, अङ्क १०, पूर्णाङ्क २९८, २०६४), पृ. १२०–१२१ ।

९ रमेश प्रभात, *चितवनको गजलयात्रा : सङ्क्षिप्त चर्चा,* **गजल सारथि-१**, (वर्ष १, अङ्क १, २०६५), पृ. ३२ ।

१० सरस्वती शर्मा 'जिज्ञासु', *भलाकुसारी,* **नवमाधुरी**, (वर्ष ४, अङ्क ४, २०६५), पृ. ४१-४९ ।

११ घनश्याम न्यौपाने 'परिश्रमी', *गजलविशेषमा दृष्टिपात,* **पल्लव साहित्यिक पत्रिका**, (आलोचना विशेष, वर्ष ५, पूर्णाङ्क १४, २०६६), पृ. १७ ।

कपिल अज्ञातले **पल्लव साहित्यिक पत्रिका** (आलोचना विशेष, २०६६) मा *गोर्खेको गजलमा उठेका नारा* शीर्षक लेखमा साहित्यिक पत्रपत्रिकाप्रति बढी उदार रहेर आर्थिक लाभहानीप्रति कुनै पर्वाह नगरी निस्फिक्री ढङ्गले पत्रिका प्रकाशनमा खर्च गरेको देख्दा साहित्यप्रतिको उदारता भन्नु बढी उपयुक्त होला भन्दै गोर्खे साइँलोको प्रशंसा गरेका छन् ।[१२]

विमलप्रकाश देवकोटाले *पल्लव परिक्रमा र तेह्रौँ अङ्क एक दृष्टि,* **पल्लव साहित्यिक पत्रिका**, (आलोचना विशेष, २०६६) शीर्षक लेखमा व्यक्त गर्न नसकेको कुनै पनि गजलविज्ञ र समालोचकले व्यक्त गर्न नसकेको कतिपय उर्दू, बहर र तिनका उदाहरणसमेत प्रस्तुत गरी प्रकाशनमा ल्याउने गोर्खे साइँलोको चर्चा गरेका छन् ।[१३]

कपिल अज्ञातले *गोर्खेको साहित्यप्रतिको उदारता र सद्भाव* (**स्रष्टाबिम्ब : व्यक्तित्व आरेख**, २०६७) मा सानैदेखि साहित्यिक अभिरुचि भए पनि व्यावसायिक व्यस्तता एवम् अनेक झैँ-झमेलाले गर्दा खुलेर लाग्न नपाएको धोको अहिले पूरा गर्न थालेका छन् । उनले जीवनमा निकै दु:खजेलो गर्नु परेको थियो । यो कुरा उनी भावुक भएर बताउँछन् भनी गोर्खे साइँलोको व्यक्तित्वको विश्लेषण गरेका छन् ।[१४]

अनुपमले *गजलको आकाशमा 'सम्मोहन'* (**मितेरी**) मा विभिन्न देशभक्तियुक्त शेर राखी गजल एकदम उत्कृष्ट छन् । नेपाली गजलको आकाशमा एउटा नक्षेत्रको रूपमा उभिनलाई गजलभूमिमा एउटा प्वाँख हाल्ने काम गऱ्यो **सम्मोहन**ले भनेर गोर्खे साइँलोको व्याख्या गरेका छन् ।[१५]

लामो समयदेखि साहित्य सृजनामा लागिपरेका गोर्खे साइँलोका बारेमा केही पत्रपत्रिका, पुस्तकहरूमा सामान्य चर्चा गरिनुबाहेक कुनै विस्तृत अध्ययन-अनुसन्धानमूलक लिखित सामग्रीहरू प्राप्त छैनन् । साहित्यकार गोर्खे साइँलोका बारेमा माथि उल्लेख गरिएका केही टिप्पणीहरू पूर्वकार्यका रूपमा उल्लेख गरिएको छ । यसका आधारमा गोर्खे साइँलो एक सूत्रमा आधारित बहरसम्बन्धी खोजमूलक विषयवस्तुमा मस्तिष्कलाई केन्द्रित गर्ने एक प्रतिनिधि साहित्यकार हुन् । यिनका रचनाहरूमा समस्त दलित, शोषित, पीडित जनताका मर्म र व्यथा प्रतिबिम्बित भएका हुन्छन् । सामाजिक विषमता एवम् शोषण र उत्पीडनका समस्यालाई दृष्टिगत गर्दै साहित्य रचना गर्न पोख्त एक हस्तीका रूपमा पनि गोर्खे साइँलो परिचित छन् ।

---

१२ कपिल अज्ञात, *गोर्खेको गजलमा उठेका नारा,* **पल्लव साहित्यिक पत्रिका**, (आलोचना विशेष, वर्ष ५, पूर्णाङ्क १४, २०६६), पृ. ३१ ।

१३ विमलप्रकाश देवकोटा, *पल्लव परिक्रमा र तेह्रौँ अङ्क एक दृष्टि,* **पल्लव साहित्यिक पत्रिका**, (आलोचना विशेष, वर्ष ५, पूर्णाङ्क १४, २०६६), पृ. ४७ ।

१४ कपिल अज्ञात, *गोर्खेको साहित्यप्रतिको उदारता र सद्भाव,* **स्रष्टाबिम्ब : व्यक्तित्व आरेख**, (चितवन : चितवन साहित्य परिषद्, २०६७), पृ. १२८ ।

१५ अनुपम, *गजलको आकाशमा 'सम्मोहन'*, **मितेरी,** (वर्ष १, अङ्क २), पृ. ५ ।

माथि उल्लिखित पूर्वकार्यकै आधारमा उनीभित्र कवि व्यक्तित्व, गजलकार व्यक्तित्व, सम्पादक व्यक्तित्व अन्तर्निहित भएको अवगत हुन आउँछ । साहित्यकार गोर्खे साइँलोका बारेमा लेखिएका सामग्री अपूर्ण भएकोले उनको जीवनी, व्यक्तित्व र कृतित्वसम्बन्धी सर्वाङ्गपूर्ण अध्ययन गर्न लागिएको हो ।

## १.५ शोधको औचित्य र महत्त्व

ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को साहित्यिक प्रतिभालाई खुलाई उनको प्रतिभालाई उजागर गर्दै समग्र साहित्यले नेपाली साहित्यमा पुऱ्याएको योगदानलाई पाठकसामु पस्किनु आफैमा औचित्यपूर्ण कार्य हो । यिनका बारेमा कहीँ कतै सामान्य चर्चा-परिचर्चा भए पनि उनी र उनका कृतिका बारेमा हालसम्म कुनै विशेष अध्ययन-अनुसन्धान भएको छैन । त्यसकारण पनि उनका बारेमा गरिएको शोधकार्य औचित्यपूर्ण छ । साथै सृजनशील नवप्रतिभाहरूको मूल्याङ्कन गर्न पनि यो अध्ययन महत्त्वपूर्ण रहने छ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्रमा ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को जीवनी र व्यक्तित्वका विविध पाटाहरूका साथै हालसम्म प्रकाशित उनका पुस्तककार कृतिहरूको व्यापक अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ । लामिछानेले सम्पादन गरेका अन्य पुस्तक र पत्रिकाहरूको अध्ययन यस शोधपत्रमा गरिएको छैन । उनका फुटकर रचनाहरूको गहन अध्ययनतर्फ नलाग्नु र नेपाली साहित्यमा उनका तुलनात्मक अध्ययनसहित स्थान निर्धारण नगरी उपयुक्त रूपमा जीवनी, व्यक्तित्व र कृतित्वको मात्र अध्ययन गर्नु प्रस्तुत शोधपत्रको सीमा हो ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्र तयारीका लागि सामग्री सङ्कलन गर्दा क्षेत्रीय अध्ययन र पुस्तकालीय अध्ययन विधि प्रयोग गरिएको छ । यो गोर्खे साइँलोका कृतिहरू तथा उनका बारेमा लेखिएका पत्रपत्रिका र पुस्तकहरूको अध्ययनमा आधारित रहेको छ । गोर्खे साइँलो जीवितै भएको हुँदा प्रश्नावली निर्माण गरी उनीसँग प्रत्यक्ष भेटघाट गरेर लिखित अन्तर्वार्ता तथा अन्य मौखिक जानकारी लिइनुका साथै आवश्यकताअनुसार प्रश्नावली बनाई उनका आफन्त मित्रहरू तथा सम्बन्धित विज्ञहरूद्वारा जानकारीसमेत लिइएको हुनाले क्षेत्रीय विधिको पनि प्रयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यस अध्ययनको मूल पाठलाई विभिन्न परिच्छेदमा निम्नानुसार विभाजन गरिएको छ :

(१) पहिलो परिच्छेद : **शोधपत्रको परिचय**

यस परिच्छेदमा शोधपत्रको परिचय प्रस्तुत गरिएको छ । यसअन्तर्गत शोधविषयको परिचय, शोधसमस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण, शोधको औचित्य र महत्त्व, शोधकार्यको क्षेत्र र सीमा, सामग्रीसङ्कलन र शोधविधि रहेका छन् ।

(२) दोस्रो परिच्छेद : **गोर्खे साइँलोको जीवनी**

यस परिच्छेदमा गोर्खे साइँलोको जीवनी र साहित्यबीचको अन्तरसम्बन्धको अध्ययन प्रस्तुत गरिएको छ । यसअन्तर्गत जन्म र जन्मस्थान, पारिवारिक पृष्ठभूमि, बाल्यकाल, उपनयनसंस्कार, शिक्षादीक्षा, लेखन प्रेरणा र स्वभाव, वैवाहिक-पारिवारिक जीवन, आर्थिक स्थिति, भ्रमण, सामाजिक कार्य तथा पुरस्कार, दु:खद घटना, जीवनदर्शन तथा साहित्यिक धारणा तथा निष्कर्ष रहेका छन् ।

(३) तेस्रो परिच्छेद : **गोर्खे साइँलोको व्यक्तित्व**

यस परिच्छेदमा गोर्खे साइँलोको व्यक्तित्वका विविध पाटाहरूको अध्ययन प्रस्तुत गरिएको छ । यसअन्तर्गत पृष्ठभूमि, बाह्य व्यक्तित्व र आन्तरिक व्यक्तित्वका विविध पाटाहरू साहित्यिक व्यक्तित्व, कवि व्यक्तित्व, गजलकार व्यक्तित्व, लेखकीय व्यक्तित्व, सम्पादक व्यक्तित्व, साहित्यकार व्यक्तित्व, सामाजिक व्यक्तित्व, राजनैतिक व्यक्तित्व तथा निष्कर्ष रहेका छन् ।

(४) चौथो परिच्छेद : **गोर्खे साइँलोको कृतित्व**

यस परिच्छेदमा गोर्खे साइँलोको समग्र कृतित्वको वर्गीकरण, अध्ययन-विश्लेषण प्रस्तुत गरिएको छ । यसअन्तर्गत नेपाली साहित्यमा गोर्खे साइँलोको आगमन, साहित्यिक सृजनाका लागि प्रेरणा र प्रभाव, लेखनको प्रारम्भ, प्रकाशनको थालनी, विकासक्रम, गोर्खे साइँलोका साहित्यिक प्रवृत्तिहरूको अध्ययन, गजलसिद्धान्तको परिचय,

गजलको व्युत्पत्ति, गजलको परिभाषा, गजलको रचनाविधान, गजलको अन्य साहित्यिक विधा-उपविधासँगको सम्बन्ध गजल र कविता, गजल र गीत, गजल र मुक्तक, गजल र लघुकथा, नेपाली गजलको पृष्ठभूमि, नेपाली साहित्यको शृङ्गारिक धाराको प्रभाव र पृष्ठभूमि, नेपाली भाषामा गजललेखनको प्रारम्भ, नेपाली गजललेखनको कालविभाजन - प्राथमिक काल, माध्यमिक काल, नेपाली गजल परम्परामा ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को स्थान निर्धारण, गोर्खे साइँलोको कृतित्वको अध्ययन, पृष्ठभूमि, **मुस्कान** गजलसङ्ग्रहको संरचनागत स्वरूप, काफिया, रदिफ, मतला, मकता, शेर तखल्लुस, मिसरा, निष्कर्ष, गोर्खे साइँलोको गजलकृति **सम्मोहन**को विश्लेषण, संरचना, काफिया, रदिफ, मतला, मकता तखल्लुस, मिसरा, शेर, निष्कर्ष, **सूत्रमाला**को विश्लेषण, संरचना, रदिफ, काफिया, मतला, मकता, मिसरा, तखल्लुस, शेर, निष्कर्ष, **कादम्बरी**को कवितासङ्ग्रहको कविताको सैद्धान्तिक अध्ययन, कविताको परिभाषा, कविताको तत्त्व, **कादम्बरी** कवितासङ्ग्रहको संरचनागत स्वरूप, **कादम्बरी** कवितासङ्ग्रहको सूत्रात्मक विश्लेषण, मूलभाव, शैलीशिल्प र निष्कर्ष प्रस्तुत गरिएको छ ।

(५) पाँचौँ परिच्छेद : **उपसंहार एवम् निष्कर्ष**

यस परिच्छेदमा प्रत्येक अध्यायको सारांश र अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ । यस परिच्छेदमा उपसंहार शीर्षकअन्तर्गत पहिलो परिच्छेदको सारांश, दोस्रो परिच्छेदको सारांश, तेस्रो परिच्छेदको सारांश, चौँथो परिच्छेदको सारांश र अन्तमा समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रका उपर्युक्त पाँच परिच्छेदहरूलाई पनि आवश्यकताअनुसार विभिन्न शीर्षक-उपशीर्षकहरूमा विभाजन गरी साहित्यकार गोर्खे साइँलोको जीवनी, व्यक्तित्व एवम् कृतित्वको अध्ययन गरी मूल्याङ्कनका साथ निष्कर्ष दिइएको छ । यसरी शोधपत्रको अन्तरङ्ग भागलाई पूर्णता दिन पूर्वभागका साथै पश्चभागअन्तर्गत सन्दर्भपुस्तक, पत्रपत्रिका तथा सन्दर्भव्यक्तिहरूको सूची एवं परिशिष्टअन्तर्गत शोधनायकसँग लिइएको अन्तर्वार्ता समाविष्ट गरी सर्वाङ्गपूर्ण शोधपत्र प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद
# साहित्यकार ऋषिप्रसाद लामिछानेको जीवनीको अध्ययन

## २.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिको जीवन यात्राका क्रममा घटित घटनाहरूको शृङ्खलित रूप नै जीवनी हो । जीवनभरिका उकालीओरालीको क्रममा आइपरेका कामकुराको क्रमबद्ध विवरणलाई जीवनी भनिन्छ ।[१] बाँचुन्जेल गरेका कामको बयान वा जीवन चरित्रका रूपमा पनि जीवनीको परिभाषा गरेको छ ।[२] कुनै पनि व्यक्तिको जीवनका आरोह-अवरोह, विभिन्न घुम्ती र मोडहरूमा घटेका घटना नै उसको व्यक्तित्व विकासमा सहायक सिद्ध भएर आएका हुन्छन् । जीवनका आरोह-अवरोहहरू व्यक्तित्वको निर्माण, उत्थान र पतनमा व्यक्तिको जीवनका घटना सन्दर्भहरू परिपूरक भएर आउँछन् । मानव जन्म लिइसकेपछि जीवन दौडानको क्रममा धेरै शृङ्खलाहरूको पार गर्नुपर्छ । यो कथन शाश्वत र यथार्थ पनि हो । जीवन यात्रा पार गर्दै जाँदा कसैको जीवन सार्थक हुन्छ भने कसैको जीवन निरर्थक पनि हुन जान्छ । सार्थक जीवन ने इहलोक र परलोकमा समेत अर्थपूर्ण र फलदायी बन्छ भन्ने हाम्रो सनातन मान्यता रही आएको छ । यस खालको सार्थक जीवन नै विशिष्ट जीवन हुन्छ । सबैको चासो चिन्तन, आदर्श, अनुकरण र श्रद्धाको केन्द्रबिन्दु बन्दछ । यस क्षेत्रमा समाहित व्यक्तित्वहरूको जीवनको भौतिक समाप्तिपछि पनि यिनीहरू सबैका निम्ति प्रातः स्मरणीय र प्रेरणाको मुख्य स्रोत बन्दछन् । यिनै विविध क्षेत्रमध्ये विषयवस्तुको सन्दर्भअनुसार साहित्य क्षेत्रलाई अँगाली सार्थक जीवनको अस्तित्वलाई संवरण गर्ने अनेक व्यक्तिहरूमध्ये ऋषिप्रसाद लामिछाने पनि एक हुन् ।

---

१ शिवहरि कोइराला, **कवि रह शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन, २०६४), पृ. २५ ।

२ रामचन्द्र ढुङ्गाना (सम्पा.), **सङ्क्षिप्त नेपाली कोश**, पाँचौ संस्क., (ललितपुर : साझा प्रकाशन, २०५७), पृ. १८५ ।

मार्गनिर्देशनात्मक अनुकरणीय क्रियाकलापहरूले पछिल्ला पुस्तालाई रचनात्मक जीवन व्यतीत गर्न सदैव घच्घचाइरहेको हुन्छ । उनीहरूका जीवनका विभिन्न शृङ्खलाहरू अविष्मरणीय भई तिनले मानसपटलमा नित्य सन्मार्गमा लम्कने रूपरेखा कोरिरहन्छन् । यसै कोटिमा स्थापित हुन खोजेका चितवनका नवोदित स्रष्टा व्यक्ति साहित्यकार ऋषिप्रसाद लामिछाने हुन् । कुनै खास व्यक्तिको व्यक्तिगत जीवनका आन्तरिक र बाह्य चरित्रको चित्रण गर्नु नै जीवनको मुख्य अभिप्राय भएकोले यसै पृष्ठभूमिमा रहेर साहित्यकार ऋषिप्रसाद लामिछानेको व्यक्तिगत जीवनका विभिन्न उतार-चढावहरूलाई केलाई आन्तरिक र बाह्य चरित्रका रूपमा महत्त्वपूर्ण पक्षका बारेमा प्रस्तुत शोधपत्रमा चर्चा गरिएको छ ।

## २.२ जन्म र जन्मस्थान

ऋषिप्रसाद लामिछानेको जन्मथलो नुवाकोट जिल्लाको साबिक चतुराले गा.वि.स. वार्ड नं. ४, थर्पु गाउँ हो ।[३] माता हिमकुमारी लामिछाने तथा पिता बोधनाथ लामिछानेका एकल पुत्रको रूपमा ऋषिप्रसाद लामिछानेको जन्म वि.सं. २००९ भाद्र १० गते सोमबारका दिन भएको हो ।[४] वास्तविक नाम ऋषिप्रसाद लामिछाने भए पनि यिनले साहित्यमा 'गोर्खे साइँलो'[५] उपनाम लेख्ने गरेको पाइन्छ ।

## २.३ पारिवारिक पृष्ठभूमि

तत्कालीन समयमा भारतको गडुवालबाट ब्राह्मण जातिहरूको नेपाल प्रवेशपछि काली र कर्णाली नदीको तीर हुँदै जुम्लामा बसेका, बसोबास गरेका लामिछाने वंशका सिद्धपुरुष दुल्लभ (दामोदर प्रसाद) लामिछानेलाई श्री ५ पृथ्वीनारायण शाहले आफ्नो राज्य अर्थात् गोर्खाका राज-ज्योतिषका रूपमा गोर्खा ल्याएर धादिङ राज्यमा विजय प्राप्त गरिसकेपछि गोर्खाको धावा र तान्द्राङ क्षेत्र बिर्ता प्रदान गरी बसोबास गराएका थिए । त्यसपछि पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दाका समय गोर्खाबाट नुवाकोट राज्य हमला गरी विजय हासिल गरेपछि युद्धको साइत हेर्ने ज्योतिष दुल्लभ (दामोदर प्रसाद) लामिछानेलाई तत्कालीन राजा पृथ्वीनारायण शाहले नुवाकोटको ब्रबण्डी चतुराले भन्ने स्थानमा सिद्धपुरुष दुल्लभ लामिछानेलाई दिएको बिर्तामा उनले आफूमध्येका परशुराम लामिछानेलाई त्यस स्थानमा बसोबास गराएको पाइन्छ ।[६]

---

३ शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

४ ऐजन ।

५ ऐजन ।

६ ऐजन ।

लामिछानेकै वंशका अर्थात् परशुरामबाट मुकुन्द र मुकुन्दका ५ भाइ छोरामध्ये माइलो छोरा विष्णुकान्ता अनि विष्णुकान्तका तीनभाइ छोरामध्ये कान्छा कुलदीप र उनका चारभाइ छोरामध्ये कान्छा बोधनाथ लामिछाने एवम् माता हिमकुमारी लामिछानेको कोखबाट थर्पु गाउँ भन्ने ठाउँमा तीनभाइ छोराको जन्म भएको भए तापनि जीवितमा ऋषिप्रसाद लामिछाने मात्र रहेको जानकारी पाइन्छ ।[७]

## २.४ बाल्यकाल

ऋषिप्रसाद लामिछानेको बाल्यकाल साबिक चतुराले थर्पु गाउँमा बितेको थियो । उनले पुरानो रहनसहन र पहाडी भेगको गाउँले तामाङ जातिको बढी बाहुल्य भएकोले उनीहरूको र उनीहरूकै सामीप्यमा बाल्यकाल बिताएका थिए ।[८] यस प्रसङ्गमा ऋषिप्रसाद लामिछानेको आत्मस्वीकृति छ 'गाउँमा छँदा ऐसेलु काफल र अम्बा खान वनपाखा डुलिन्थ्यो, तामाङका छोराछोरीसँग हिँड्यो भने बिग्रिन्छ भनेर बुवाले हामीलाई बाहिर डुल्न दिनुहुँदैनथ्यो ।'[९] उनी गाउँका तामाङका छोराछोरीहरूसँग खेल्न मन पराउँथे, गाउँबेसी, उकाली-ओराली गर्थे र कहिलेकाहीँ पिताजीका आँखा छलेर खोलाहरूमा खेल्ने कोसिस गर्थे ।[१०] उनलाई पौडी खेल्ने ठूलो रहर थियो । उनका बाबुले भने छोराले पाखा-गिर डण्डीबियो, पौडी खेलेको र पाठ कण्ठ नगरेको थाहा पाउनासाथ हप्काइहाल्ने गर्दथे ।[११]

ऋषिप्रसाद लामिछानेको उमेर सात वर्ष पुगेपछि वि.सं. २०१६ साल श्रीपञ्चमीका दिन पिता बोधनाथले अक्षर चिनाउन थालेको पाइन्छ र केही देवीदेवताका स्तोत्रहरू पनि घोकाउन सुरु गरेको देखिन्छ । चञ्चल स्वभाव र बढी खेल्न मन पराउने लामिछानेलाई उनका बाबुले खेल्न नदिने, गाली गर्ने भएकोले उनको बाल्यकालमा उनलाई आमाको वात्सल्यले मद्दत गरेको देखिन्छ ।[१२] सबै सफल मानिसको पृष्ठभूमिमा आमा रहेका हुन्छन् । त्यस्तै उनले आफ्नो बाल्यकालको अधिकांश समय आमा हिमकुमारीसँग बिताएको देखिन्छ ।

## २.५ उपनयन संस्कार

ऋषिप्रसाद लामिछानेको उपनयन संस्कार वि.सं. २०१९ सालमा भएको थियो ।[१३] उनी १० वर्षको उमेर भएपछि वैदिक विधिअनुसार बाबु बोधनाथ लामिछानेले घरैमा उनको

७ ऐजन ।
८ ऐजन ।
९ ऐजन ।
१० ऐजन ।
११ ऐजन ।
१२ ऐजन ।
१३ ऐजन ।

व्रतबन्ध संस्कार गरिदिएका थिए । उनका गायत्री गुरु विद्वान् पण्डित हरिहर पन्थ रहेका थिए भने दीक्षा गुरु चाहिँ आफ्नै बाबु रहेका थिए ।[१४]

## २.६ शिक्षादीक्षा

ऋषिप्रसाद लामिछानेको अक्षरारम्भ यिनका बुवाले गराएका थिए । उनी राजधानी काठमाडौँकै करिब ३४ कि.मि. मात्राको दूरी एवम् यातायातको सुविधायुक्त स्थान भए पनि परम्परागत पुरानो रहनसहन र पहाडी भेगको गाउँले परम्परामा हुर्केर नुवाकोट जिल्लाकै साबिक चतुराले-३ र हालको ककनी-३, ढुङ्गेपौवास्थित श्री भवानी राष्ट्रिय प्राथमिक स्कुलमा वि.सं. २०१८ सालसम्म बाह्रखरीदेखि दुई कक्षासम्म र वि.सं. २०१८ सालदेखि साबिक चतुराले-१ स्थित चतुराले बजारमा रहेको साबिकको श्री महेन्द्र रा.प्रा. स्कुलमा कक्षा पाँचसम्म अध्ययन गरेका थिए । वि.सं. २०२० सालमा हाइस्कुलस्तरको शिक्षा हासिल गर्न काठमाडौँको साउनेपाटीस्थित श्री शान्ति शिक्षा मन्दिर हाइस्कुलमा भर्ना भएका थिए ।[१५] उक्त स्कुलमा सातकक्षा पास गरेपछि आठकक्षादेखि काठमाडौँको लैनचौरमा रहेको श्री शान्ति विद्यागृह हाइस्कुलमा भर्ना भएर दस कक्षासम्म पढ्दा-पढ्दै वि.सं. २०२५ साल फागुन २५ गते घरायसी कारणले विवाहबन्धनमा बाँधिन पुगी औपचारिक शिक्षाको अन्त्य भएको पाइन्छ ।[१६]

यसरी औपचारिक शिक्षाको समाप्ति भए तापनि शिक्षाप्रेमी ऋषिप्रसाद लामिछानेले साहित्य-साधना र खोज-अनुसन्धानलाई तीव्र अगाडि बढाई नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।

## २.७ लेखन प्रेरणा र स्वभाव

ऋषिप्रसाद लामिछाने वी.पी. कोइराला, लक्ष्मीप्रसाद देवकोटा एवम् लेखनाथका रचनालाई नै साहित्यिक लेखनको प्रेरणाको स्रोत मान्छन् ।[१७] अनि यिनैले देखाएको मूल धरातलमा रही गजलकारिताको सफल प्रयोग गर्छन् । राष्ट्रियताका सच्चा पहरेदार लामिछाने आफ्नो देशको पाखा-पखेरामा नाच्दै बाँच्न मन पराउने बताएका छन् ।[१८] अनि सिन्की ढिँडो, मूला, मोही, दही, गाउँबस्तीका खानालाई सहरको लामो बसाइमा पनि पटक्कै भुल्न सकेका छैनन् ।[१९] सहरको बसाइलाई र रवाफीपनलाई पटक्कै मन पराउँदैनन् ।[२०] जन्म दिने

१४ ऐजन ।

१५ ऐजन ।

१६ ऐजन ।

१७ ऐजन ।

१८ ऐजन ।

१९ श्रीमती मीनमायासँगको मौखिक अन्तर्वार्ताबाट ।

२० शोधनायकसँगको अन्तर्वार्ताबाट ।

आमाबाबुप्रति एवम् जन्मभूमिप्रति सदा नतमस्तक रहेका ऋषिप्रसाद लामिछानेले छिमेकी मुलुकले गरेको कुकृत्यप्रति सचेत रहन सबै नेपालीलाई आग्रह गरेका छन् ।[२१] साना-ठूला सबैसँग समान व्यवहार गर्ने लामिछाने सरल एवम् मिजासिलो स्वभावका देखिन्छन् । यिनी आफ्नो कार्यप्रति हमेशा उत्तरदायी र मिहिनेती छन् । सबैसँग मीठो बोल्ने लामिछाने सेवा र परोपकारको भावना भएका व्यक्ति हुन् ।[२२] यिनीसँग पहिलो भेटमा नै अभिभावकभन्दा पनि मित्रताको स्नेहपूर्ण सम्बन्धमा जो कोही पनि पुग्न सक्छ । समयलाई अत्यन्तै ख्याल राख्ने ऋषिप्रसाद लामिछाने आफ्नो व्यापार व्यवसायबाट बाँकी रहेको समयलाई साहित्य साधनामा लगाउँछन् । माया नै मायाले भरिएको पारिवारिक जीवनको धेरैले मुक्तकण्ठले प्रशंसा गरेका छन् । ठट्यौलीपारा, खुलस्त चाला, केही हडबड, केही रङ्गीन मिजासका ऋषिप्रसाद लामिछाने इष्टमित्र, साथीभाइ भनेपछि हुरुक्क हुने गर्छन् तर कहीँ कसैको लोलोपोतो राख्दैनन् ।[२३] दु:खसुखका सहभागी अत्यन्तै हितैषी र त्यत्तिकै उदार स्वभावका देखिन्छन् ।[२४] साहित्यमा यिनलाई परिवारका सम्पूर्ण सदस्यको साथ र सहयोग मिलेको पाइन्छ ।[२५]

घमण्डको लेस मात्र पनि नभएका यिनको सौहार्दता, सद्व्यवहारको सर्वत्र प्रशंसा पाइन्छ । लक्ष्मी र सरस्वती दुवैले बराबर माया गरेका ऋषिप्रसाद लामिछाने विनयशील र सौहार्द देखिन्छन् ।

## २.८ वैवाहिक तथा पारिवारिक जीवन

सानै उमेरमा पारिवारिक समस्याले पिरोलिएका ऋषिप्रसाद लामिछानेको विवाह १६ वर्षको कलिलो उमेरमा भएको थियो ।[२६] रसुवा जिल्ला लहरेपौवा माझ गाउँमा मातापिता केदारनाथ रिजाल एवम् रोमकुमारीका कोखबाट वि.सं. २०१५ साल असोज ५ गते जेठी सुपुत्रीका रूपमा जन्मिएकी ११ वर्षीया मीनमाया रिजालका साथ विवाह सु-सम्पन्न भई उनी दाम्पत्य जीवनमा आबद्ध भएका थिए ।[२७]

सन्तानका रूपमा ऋषिप्रसाद लामिछानेका ५ छोरा र तीन छोरीको जन्म भएको र एक छोराको पाँच वर्षमा र एक छोरीको एघार दिनमा निधन भएको थियो । बाँकी ४ छोरा र

२१ ऐजन ।

२२ ऐजन ।

२३ कपिल अज्ञात, *गोर्खेको साहित्यप्रतिको उदारता र सद्भाव*, **आदर्श**, (वर्ष ८, पूर्णाङ्क २६, २०६६), पृ. ५१ ।

२४ ऐजन ।

२५ शोधनायकसँगको अन्तर्वार्ताबाट ।

२६ ऐजन ।

२७ ऐजन ।

२ छोरीमध्ये वि.सं. २०३० साल मङ्सिर २२ गते भरतको जन्म भएको थियो । उनले नारायणगढ पुलचोकमा अनमोल इलेक्ट्रिक सञ्चालन गरिरहेका छन् ।[२८] वि.सं. २०३२ साल माघ २४ गते चितवनमा माइलो छोरा अशोकको जन्म भएको हो । उनले लायन्सचोक नारायणगढमा अवस्थित पुरानो लामिछाने इलेक्ट्रिक बिजुली पसल सञ्चालन गरिरहेका छन् । यसको रेखदेख उनकै आमा मीनमायाले गर्दै आएकी छन् ।[२९] साइँलो छोरा केशवप्रसाद लामिछानेको जन्म २०३३ साल चैत्र २९ गते भएको हो । उनले इन्द्रदेवमार्ग नारायणगढमा चितवन डट कम डिजिटेक एवम् मोबाइल स्टुडियो नामक तीनवटा फर्महरू सञ्चालन गरिरहेका छन् ।[३०] जेठी छोरी सुभद्राको जन्म २०३६ साल जेठ २९ गते भएको हो । उनी हाल मेडिकल कलेज जोरपाटी अत्तरखेल काठमाडौँमा स्टाफ नर्स पदमा कार्यरत छिन् ।[३१] कान्छी छोरीको जन्म वि.सं. २०३८ साल चैत्र ७ गते भएको हो । उनी अहिले वी.पी. क्यान्सर मेमोरियल हस्पिटल कृष्णपुरे चितवनको आकस्मिक कक्षमा स्टाफ नर्स पदमा कार्यरत रहेकी छिन् ।[३२] वि.सं. २०४२ साल चैत्र ६ गते कान्छो छोराको जन्म भयो । उनी अहिले अमेरिकामा सूचना प्रविधिमा चौथो सेमेस्टरमा अध्ययन गरिरहेका छन् ।[३३]

छोराहरूमा भरत, अशोक र केशवको विवाह भइसकेको छ भने जेठी छोरीको पनि विवाह भइसकेको छ । तीन छोरा र जेठी छोरीसमेतबाट चारजना नाति र दुईजना नातिनीको जन्म पनि भइसकेको छ ।[३४]

## २.९ आर्थिक स्थिति

ऋषिप्रसाद लामिछानेको बाल्यावस्था यसै पहाडी भेगमा आमाबाबुको प्राचीन परम्परा र रहनसहनसँगै बितेको थियो । कक्षा ६ देखि काठमाडौँ पुगेका ऋषिप्रसाद लामिछाने पारिवारिक कारणले कक्षा दस पढ्दा-पढ्दै विवाह बन्धनमा बाँधिएका हुन् । पछि श्रीमती, आमा र बुवालाई छाडी चितवन आई विभिन्न दु:ख, कष्ट सहँदै कामको खोजी गर्न थालेको बताएका छन् ।[३५] उनले विगतमा निकै दु:खजेलो गर्नुपरेको थियो । काम र दाम सिलोझैँ खोज्नु परेको थियो ।[३६] यो कुरा उनले भावुक भएर बताएका छन् । हातमुख जोर्न कठिनतम सङ्घर्ष गर्नुपर्दा

---

२८ भरत लामिछानेसँगको मौखिक अन्तर्वार्ताबाट ।

२९ अशोक लामिछानेसँगको मौखिक अन्तर्वार्ताबाट ।

३० केशव लामिछानेसँगको मौखिक अन्तर्वार्ताबाट ।

३१ सुभद्रा लामिछानेसँगको मौखिक अन्तर्वार्ताबाट ।

३२ पवित्रा लामिछानेसँगको मौखिक अन्तर्वार्ताबाट ।

३३ शोधनायकसँगको अन्तर्वार्ताबाट ।

३४ ऐजन ।

३५ ऐजन ।

३६ ऐजन ।

वसन्तले पचासौँपटक पालुवा फेरिसकेको पनि उनलाई पत्तो भएन । मनका भावना मनमा रहे पनि अहिले भने भावनात्मक रूपमा अति सन्तुष्ट देखिएका छन् ।[३७] सहरमा आउँदा आफ्ना मान्छेले समेत नचिनेजस्तो गरेपछि यिनीले अर्काको घरमा रुँदै काम गर्दै दिन बिताएका थिए । यसै क्रममा यिनलाई लिन भनी गाउँबाट बुवा आए पनि यिनी आँखा छली भागेका थिए ।[३८] विवाह बन्धनमा बाँधिए तापनि ऋषिप्रसाद लामिछाने आफ्नी श्रीमतीलाई माइतबाट आफूसँगै ल्याउन सकेका थिएनन् ।[३९]

पीडा र कष्टलाई निरन्तर सहँदै ऋषिप्रसाद लामिछानेले गाडीहरूको खलासी, भाँडा सफा गर्नेजस्ता काममा समेत लागेका थिए ।[४०] वि.सं. २०२५ सालमा विवाह बन्धनमा बाँधिएका ऋषिप्रसाद लामिछाने त्यसको एकवर्षपछि चितवन झरी सङ्घर्षपूर्ण जीवन बिताउँदै जाँदा वि.सं. २०२८ सालमा पहाडबाट आमाबुवा आएपछि अझ वि.सं. २०२९ सालमा श्रीमतीसमेत माइतबाट आएपछि पारिवारिक वातावरण हुन गई केही सुखको अनुभव गर्न पुगेका थिए ।[४१] बिस्तारै यिनी जीवनयापनका निम्ति फुटपाथमा फलफूल र तरकारी व्यापार हुँदै घुम्ती राखी शृङ्गारका सामानसमेत बिक्री गर्न थालेका थिए ।[४२] यसै क्रममा यिनले चस्मा मर्मत तथा बिक्री गर्नेजस्ता काम गर्दागर्दै वि.सं. २०३० सालमा एउटा पुरानो कमान्डर गाडी किनेपछि आर्थिक स्थिति सुधारोन्मुख भएको देखिन्छ ।[४३] वि.सं. २०३२ सालमा मिठाइ पसल पनि खोलेको जानकारी पाइएको छ । यिनले परिवारसँग मिलीजुली बिजुली पसलसमेत चलाएका छन् । यही बिजुली पसल अझै लामिछाने इलेक्ट्रिकका नाउँमा सञ्चालित छ । यसको सञ्चालन माइला छोराले गर्दै आएका छन् ।[४४]

यसरी निम्न आर्थिक अवस्थाबाट सुरु भएको ऋषिप्रसाद लामिछानेको जीवनयात्रा वर्तमानमा सुदृढ अवस्थामा पुगेको छ ।[४५] लामिछानेका सबै सन्तान आ-आफ्ना खुट्टामा उभिन सक्ने भई व्यापार-व्यवसायसमेत सञ्चालन गरिरहेकाले लामिछानेको हाल आयस्रोत मजबुत देखिन्छ ।[४६] व्यस्त सहरमा घरघडेरी, यातायात र अन्य व्यापार-व्यवसायसमेत सञ्चालन गरिरहेका लामिछानेको हाल आएर आर्थिक स्थिति उच्च रहेको कुरा निर्विवाद देखिन्छ ।

---

३७ कपिल अज्ञात, *गोर्खेको साहित्यप्रतिको उदारता र सद्भाव,* **आदर्श**, पूर्ववत्, पृ. ५२ ।

३८ शोधनायकसँगको अन्तर्वार्ताबाट ।

३९ कपिल अज्ञात, *गोर्खेको साहित्यप्रतिको उदारता र सद्भाव,* **आदर्श**, पूर्ववत्, पृ. ५२ ।

४० शोधनायकसँगको अन्तर्वार्ताबाट ।

४१ ऐजन ।

४२ ऐजन ।

४३ श्रीमती मीनमायासँगको मौखिक अन्तर्वार्ताबाट ।

४४ ऐजन ।

४५ ऐजन ।

४६ ऐजन ।

## २.१० भ्रमण

ऋषिप्रसाद लामिछानेले भारतको आसाम त्यसपछि भारतकै वनारस, पटना, अयोध्या, राँची, उज्जैन, मिर्जापुरका साथै साहित्ययात्राको क्रममा नेपालको बाग्लुङ, निजगढ, विराटनगर, बनेपा, पोखरा, धुलिखेल, काठमाडौँ, काँकडभिट्टा, चितवनका हरेक ठाउँ, पाल्पा आदि ठाउँमा भ्रमण गरेका छन् ।[४७]

## २.११ सामाजिक कार्य

मानिस सामाजिक प्राणी भएकोले समाजका सबैसँग मिलेर बस्न रुचाउँछ । समाजमा बस्ने भएपछि समाजका हरेक क्रियाकलापमा चासो राख्नु स्वाभाविकै हो । ऋषिप्रसाद लामिछानेले समाजको जटिलता र विविधतालाई नजिकैबाट नियालेका छन् । न्यायको पक्ष र यथार्थतालाई अँगाल्नु पर्ने कुरामा सधैँ जोड दिन्छन् ।[४८] उनी साहित्यिक सङ्घसंस्थासँग आबद्ध भएर कार्य गरेका छन् । त्यस्तै सामुदायिक सेवासँग पनि सम्बद्ध भएर आफ्नो कार्य गरेका छन् । ऋषिप्रसाद लामिछानेले सामाजिक कार्यमा तन, मन र धनले भ्याएसम्म मरिमेटेर लाग्न चाहेका छन् ।[४९]

यसरी ऋषिप्रसाद लामिछाने कतै कुनै संस्थाको सदस्य, कतै आजीवन सदस्य, कतै कुनै संस्थाको सक्रिया सदस्य, कतै संस्थापक सदस्य भएर उनले कैयौँ संस्थासँग आफूलाई संलग्न राखेका छन् ।[५०] उनी साहित्यका साथै अन्य कैयौँ सामाजिक संस्थासँग पनि उनको सम्बद्धता छ । सामाजिक संस्थामा लामिछाने साहित्यिक प्रतिनिधिको हैसियतले सक्रिय भइरहेका देखिन्छन् ।

## २.१२ साहित्यिक क्षेत्रमा प्रवेश र योगदान

वि.सं. २०२२ सालमा शान्ति शिक्षा मन्दिर साउनेपाटीमा *विद्यार्थीको दुःख* शीर्षक कविताले प्रथम स्थान पाएपछि साहित्यमा प्रवेश गरेका ऋषिप्रसाद लामिछानेका विभिन्न विधाका कृतिहरू एवम् फुटकर रचनाहरू पत्रपत्रिका तथा सञ्चारमा प्रकाशित प्रसारित भइरहेका छन् ।[५१]

---

४७ ऐजन ।

४८ ऐजन ।

४९ ऐजन ।

५० कपिल अज्ञात, *गोर्खेको साहित्यप्रतिको उदारता र सद्भाव,* **आदर्श**, पूर्ववत्, पृ. ५२ ।

५१ शोधनायकसँगको अन्तर्वार्ताबाट ।

लामो समयसम्म जीवन गुजाराका लागि सङ्घर्षरत रहेका लामिछानेको सत्तरीको दशक भने कृति प्रकाशनका दृष्टिले उर्वर देखिन्छ । उनका कृतिहरूलाई निम्न बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

(क) **गजलपथका यात्रीहरू** (संयुक्तलेखन गजलसङ्ग्रह, २०६१)

(ख) **गजलबिम्ब** (संयुक्तलेखन गजलसङ्ग्रह, २०६२)

(ग) **सम्मोहन** (गजलसङ्ग्रह, २०६२)

(घ) **मुस्कान** (गजलसङ्ग्रह, २०६२)

(ङ) **गजलयात्रा** (संयुक्तलेखन गजलसङ्ग्रह, २०६३)

(च) **सूत्रमाला** (गजलसङ्ग्रह, २०६३)

जस्ता गजलसङ्ग्रहहरू प्रकाशित छन् भने कवितातर्फ **समयका स्वरहरू** (संयुक्तलेखन, २०६५), **कादम्बरी** (कवितासङ्ग्रह, २०६३) आदि कविताकृतिहरू सङ्ग्रहका रूपमा प्रकाशित छन् । त्यस्तै निबन्ध, कथा, समालोचना सङ्ग्रहहरू पनि प्रकाशनको तयारीमा लागेका छन् ।[५२]

कला साहित्यले समाजलाई सकारात्मक दिशामा बदल्न सक्छ भन्ने ऋषिप्रसाद लामिछाने विभिन्न साहित्यिक सङ्घसंस्थामा आबद्ध भई क्रियाशील रहेका छन् । लामिछानेका विभिन्न स्मारिकाहरू, साहित्यिक पत्रपत्रिकाहरूमा कविता, गजल, कथा निबन्ध, सस्मरण, समीक्षा एवम् इन्टरनेटमा खोजमूलक लेखरचनाहरू प्रकाशित छन् तापनि विशेषत: गजललेखन र गजलको सैद्धान्तिक शोधखोजमा नै बढी चर्चित हुन पुगेका छन् ।[५३]

ऋषिप्रसाद लामिछानेले साहित्यले चेतनाको विकास गर्दै मानव स्वधर्मको उत्थान गर्छ भनेका छन् ।[५४] मानिसले आफूले देखेगरेको, जानेभोगेको दु:खसुख र मनभित्र गुम्फन भएर गुम्सिदै बसेका शब्दभावहरूलाई काव्य, कथ्य, व्यङ्ग्य आदिका मार्फत् जनसमुदायबीच सन्देश पुऱ्याउन सकिने एउटा कडीको पाटो नै साहित्य हो भनेका छन् ।[५५]

## २.१३ सम्मान तथा पुरस्कार

साहित्यकार ऋषिप्रसाद लामिछानेले साहित्य र साहित्येतर विविध क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउँदै आइरहेका छन् । यसै कारण उनी विभिन्न क्षेत्र एवम् समुदायबाट सम्मानित र पुरस्कृत भई नै रहेका छन् । वि.सं. २०२२ सालमा *विद्यार्थीको दु:ख* शीर्षक कविताले प्रथम स्थान पाएपछि साहित्य लेखनमा लागेका लामिछानेलाई मुख्य रूपमा सम्मानित उपाधि एवम् पुरस्कृत गर्ने सङ्घसंस्थाहरू यी रहेका छन् :

---

५२ ऐजन ।

५३ ऐजन ।

५४ ऐजन ।

५५ ऐजन ।

(क) स्रष्टा सम्मान - २०६३, मितज्यू साहित्य प्रतिष्ठान, चितवन ।

(ख) अभिनन्दन - **धरा** मासिक साहित्यिक पत्रिका, नवलपरासी ।

(ग) मध्यक्षितिज साहित्य सम्मान - २०६५, मध्यक्षितिज प्रतिष्ठान पटिहानी, चितवन ।

(घ) हाम्रो मझेरी साहित्य सम्मान - २०६५, हाम्रो मझेरी साहित्य प्रतिष्ठान, चितवन ।

(ङ) नुवाकोट महोत्सवद्वारा नुवाकोटे साहित्य सम्मान - २०६६, बिदुर, नुवाकोट ।[५६]

यसरी ऋषिप्रसाद लामिछानेले आफ्नो जीवनकालमा पाँचवटा मानसम्मान र पुरस्कारहरू प्राप्त गरेका छन् ।

## २.१४ दुःखद घटना

मान्छेको जीवनयापनका क्रममा अनेक घटनाहरू घट्छन्, जसलाई सम्झँदा पनि डर लाग्ने र बिर्सन पनि नसकिने हुन्छन् । लामो समयसम्म मानसपटलमा रहिरहने घटना धेरै पछिसम्म सम्झँदा पनि कहालीलाग्दो हुन्छ । ऋषिप्रसाद लामिछानेका जीवनमा घटेका दुःखद घटनाहरूलाई यसरी उल्लेख गरिएको छ :

(क) वि.सं. २०१३ सालमा ऋषिप्रसाद लामिछाने ४ वर्षको बालक हुँदा घरको मझेरीमा रहेको अगेनुमा दाहिने खुट्टा पोलिएर तीन महिनासम्म काठमाडौँस्थित वीर अस्पतालमा भर्ना भई उपचार गरेका थिए ।

(ख वि.सं. २०१८ सालमा दाहिने हात भाँच्चिएको तर गाउँघरकै घरेलु उपचारबाट ठीक भएको थियो ।

(ग) वि.सं. २०२१ सालमा विवाहको लागि काठमाडौँ जिल्ला तीनपिप्ले बस्ने एकजना घिमिरे थरकी केटीसँग टीकाटालो गरिसकेको तर टीकाटालो भएको एकहप्ताभित्र सिकिस्त बिरामी परेर लगभग दुईमहिना वीर अस्पतालमा भर्ना भएर उपचार गर्न परेपछि विवाहको कार्यक्रम स्थगित भएको थियो ।[५७]

(घ) वि.सं. २०३७ साल भाद्र महिनामा काइँलो छोराको जन्म भएको तर अचानक ५ वर्षमा नै घरको इनारमा डुबी मृत्यु भएको थियो ।

(ङ) वि.सं. २०४० साल कार्त्तिक महिनामा एउटी छोरीको जन्म भएको तर एघारौँ दिनमा मृत्यु भएको थियो ।

---

५६ ऐजन ।

५७ ऐजन ।

(च) वि.सं. २०४९ सालमा चैतमा बुवाको मृत्यु भएको र त्यसैगरी वि.सं. २०५२ साल माघ १४ गते ममतामयी आमाको पनि मृत्यु भएको थियो ।[५८]

ऋषिप्रसाद लामिछानेले आफ्नो जीवनकालमा कहिले आफ्नै शारीरिक पीडा भोग्नुपरेको थियो भने कहिले पुत्रशोक र कहिले मातापिताको शोकको मर्म भोग्नु परेको थियो । उल्लिखित घटना नै यिनका दु:खद घटना रहेका छन् ।

## २.१५ उपनाम चयन

ऋषिप्रसाद लामिछानेको साहित्यिक नाम गोर्खे साइँलो हो । साहित्य लेखनमा अग्रजहरूले हिजोकै दिनमा प्रशस्त उपनाम प्रयोग गरेको पाइन्छ । त्यही मान्यताअनुसार लामिछाने पनि अछुतो रहन सकेनन् । त्यसैले उनले हाम्रा वीर गोर्खालीहरूको वीरताको कदर गर्दै साइँलो भन्ने शब्द नेपालबाहेक अन्य कुनै पनि राष्ट्रको भाषामा नभेटेको कारण साइँलो शब्दलाई पछ्याएका थिए ।[५९] यसरी उनले 'गोर्खे साइँलो' उपनाम राखेको कुरा प्रस्ट पारेका छन् ।

## २.१६ जीवनदर्शन तथा साहित्यिक धारणा

प्रत्येक मानिसको जीवनसम्बन्धी आफ्नै दृष्टिकोण रहेको हुन्छ । ऋषिप्रसाद लामिछाने एक चिन्तनशील, दु:खमा नआत्तिने र सुखमा नमात्तिने व्यक्ति हुन् ।[६०] जीवनजगत्मा घटेका सामान्य कुराहरूलाई छन्दोबद्ध गर्न सक्ने प्रतिभाका धनी लामिछाने कुनै पनि कुरामा गहिरो सोचिरहने, भावुक, चिन्तनशील, एकाकार र जुनसुकै समयमा पनि साहित्य सृजना गर्ने कवि एवम् गजलकारका रूपमा उनलाई लिन सकिन्छ ।[६१]

जीवन सङ्घर्षमय हुन्छ । जीवनमा केही गरेर देखाउनुपर्छ भन्ने ऋषिप्रसाद लामिछानेको धारणा पाइन्छ ।[६२] उनले आफ्नो अमूल्य समय र रचनात्मक योगदान समाजका लागि हुनुपर्छ भनेका छन् । उनका दृष्टिमा साहित्य भनेको जोसुकै मानिस आफूले देखेभोगेका, जानेगरेका दु:खसुख र मनभित्र गुम्फिँदै बसेका शब्द-भावहरूलाई गद्यमा होस् वा पद्यमा काव्य, हाइकू, मुक्तक, गीत, गजल आदिका माध्यमबाट आम जनसमुदायबीचमा सन्देश पुऱ्याउने एउटा कडीको पाटो हो, यस्तो प्रस्तुति वा अभिव्यक्ति विशिष्ट कलात्मक हुनुपर्दछ ।[६३]

---

५८ ऐजन ।

५९ शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट ।

६० भरत लामिछानेसँगको मौखिक अन्तर्वार्ताबाट ।

६१ ऐजन ।

६२ शोधनायकसँगको अन्तर्वार्ताबाट ।

६३ ऐजन ।

मानिसको वैयक्तिक जीवनमा जीवनयापनकै क्रममा विभिन्न आरोह-अवरोहहरू, सङ्घर्ष, दु:खसुख, सम्झौता, विश्वास, धोका, घात-प्रतिघातजस्ता कुराहरूको क्रम-उपक्रम चलिरहन्छ जसले गर्दा मानिसलाई क्रियाशील बनाउन सहयोग पुऱ्याउँछ । ऋषिप्रसाद लामिछाने एक चिन्तनशील, भावुक, कोमल मनका व्यक्तित्व हुन् ।

ऋषिप्रसाद लामिछाने सकारात्मक परिवर्तनका लागि आफूलाई क्रियाशील बनाइरहने आदर्श समाज सुधारका निम्ति मध्यमार्गी भएर लागिपरिरहने व्यक्तित्वको रूपमा प्रस्तुत भइरहेको पाइन्छ । समाजका पुराना मूल्य-मान्यताहरूलाई फालेर नवीन समाजको निर्माण हुनुपर्छ भन्ने विचार व्यक्त गर्दै नकारात्मक सोचबाट अलग रहेर सृजनात्मक, नकारात्मक काममा लागिपर्नु पर्दछ भन्ने विचार लामिछानेमा पाइन्छ ।[६४]

ऋषिप्रसाद लामिछानेले साहित्य सृजनाका लागि समाजबाट नै प्रेरणा पाएका हुन् र समाजलाई नै केही दिनका लागि साहित्य सृजना गरेको भनेका छन् ।[६५] साहित्य सृजनाको उद्देश्य मनोरञ्जनका साधन मात्र नभएर मनोरञ्जनका छाललले समाजलाई कुनै न कुनै सन्देश दिनु हो र सकारात्मक सामाजिक परिवर्तनप्रति उन्मुख हुनु हो भन्ने ऋषिप्रसाद लामिछानेले साहित्यले सबैको तनमन छुनुपर्छ भनेका छन् ।[६६]

## २.१७ निष्कर्ष

कुनै पनि व्यक्तिको जीवनचक्रमा आएका विभिन्न घुम्ती, मोड, उतार-चढाव, आरोह-अवरोह आदि घटनाहरूको शृङ्खलाबद्ध प्रस्तुति नै जीवनी हो । समाजमा रहेका अनुकरणीय व्यक्तिहरूले समाज र सिङ्गो मानवसमुदायलाई नै विभिन्न प्रकारका उल्लेखनीय र प्रशंसनीय योगदान दिइरहेका हुन्छन् । त्यसैले कुनै पनि व्यक्तिको जीवनीको अध्ययन-अनुसन्धान गर्ने सिलसिलामा उनीहरूबाट भएगरिएका महनीय योगदानको कदर गर्दै उसको जीवनका समग्र पाटाहरूलाई केलाउने, खोजबिन गर्ने र विश्लेषण गर्ने काम गरिन्छ । यसै क्रममा यसै वृत्तमा रहेर यहाँ साहित्यकार ऋषिप्रसाद लामिछानेको जन्मदेखि हालसम्मको सङ्क्षिप्त प्रस्तुत गरिएको छ ।

साहित्यकार ऋषिप्रसाद लामिछानेका पिताहरू भारतको गडुवालबाट ब्राह्मण जातिहरूको नेपाल प्रवेशपछि काली र कर्णाली नदीको तीरतीर हुँदै जुम्लामा बसोबास गरेका थिए । त्यसपश्चात् सिद्धपुरुष दुल्लभ लामिछानेलाई गोरखाका राज-ज्योतिषका रूपमा ल्याएर धादिङ राज्यमा पृथ्वीनारायण शाहले विजय प्राप्त गरेपछि गोरखाको धावा र तान्द्राङ क्षेत्र बिर्ता प्रदान गरी बसोबास गराएका थिए । पृथ्वीनारायण शाहले युद्धको साइत हेर्ने ज्योतिष दुल्लभ लामिछानेलाई नुवाकोटको ब्रवण्डी चतुराले भन्ने स्थानमा बसोबास गराएको पाइन्छ । यसरी पुर्खा देशका विभिन्न भेगमा बसोबास गर्दै आए तापनि ऋषिप्रसाद लामिछानेको पुर्ख्यौली थलो साबिक चतुराले थर्पु गाउँ नै मानिन्छ ।

---

६४ शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट ।

६५ ऐजन ।

६६ ऐजन ।

वि.सं. २००९ साल भाद्र ९ गते नुवाकोट साबिक चतुरालेको भूमिमा जन्म लिएका लामिछानेले आफ्ना बालसखा साथीभाइहरूसँग चतुरालेकै सेरोफेरो, गाउँबेसी, भीरपाखा, वनजङ्गल, खोलानाला, डाँडाकाँडा, देउराली-भञ्ज्याङ, पानीपँधेरो, गाईगोठसँग मितेरी गाँस्दै आफ्नो बाल्यकाल बिताएका थिए । वि.सं. २०२६ सालमा नुवाकोटको चतुराले थर्पु गाउँलाई छाडी हाल चितवनको भरतपुर नगरपालिका-४, लायन्सचोक विशालमार्गमा स्थायी बसोबास गर्दै आएका छन् ।

ऋषिप्रसाद लामिछानेले नुवाकोट साबिक चतुरालेमा सामान्य बाह्रखरी अक्षर चिनेका थिए । उनले औपचारिक रूपमा नुवाकोटको श्री भवानी रा.प्रा. स्कुलमा वि.सं. २०१८ सालमा कक्षा दुईसम्म र कक्षा दुईदेखि पाँचसम्म चतुरालेकै श्री महेन्द्र रा.प्रा. स्कुलमा अध्ययन गरी वि.सं. २०२० सालदेखि साउनेपाटीकै काठमाडौँकै साउनेपाटीमा रहेको श्री शान्ति शिक्षा मन्दिर कक्षा सात पास गरी कक्षा ८ देखि काठमाडौँकै लैनचौरस्थित श्री शान्ति विद्यागृहमा कक्षा १० मा अध्ययन गर्दागर्दै घरायसी कामको कारण विवाह बन्धनमा बाँधिन पुगी औपचारिक शिक्षाको अन्त्य भएको पाइन्छ । यसरी औपचारिक शिक्षाको अन्त्य भएको पाइन्छ । यसरी औपचारिक शिक्षाको समाप्ति भए तापनि ऋषिप्रसाद लामिछानेले साहित्य-साधना र खोजअनुसन्धानलाई तीव्र अगाडि बढाई नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।

वि.सं. २०२५ सालमा वैवाहिक जीवनमा बाँधिएका ऋषिप्रसाद लामिछानेका ४ छोरा, २ छोरी रहेका छन् । सानै उमेरमा विवाह बन्धनमा बाँधिएका लामिछाने चितवनमा आई विभिन्न दु:खकष्ट सहँदै कामको खोजी गर्दा उनले जीवनमा निकै दु:खजेलो गर्नुपरेको थियो, काम र दाम सिलोझैँ खोज्नुपरेको थियो ।

वि.सं. २०२२ सालमा *विद्यार्थीको दु:ख* भन्ने कवितालेखनबाट नेपाली साहित्यको क्षितिजमा उदाएका ऋषिप्रसाद लामिछानेका हालसम्म तीनवटा गजलसङ्ग्रह, संयुक्तलेखन, तीनवटा गजलसङ्ग्रह र एउटा कवितासङ्ग्रह गरी चारवटा कृतिहरू प्रकाशित छन् । त्यस्तै निबन्ध, कथा, समालोचनासङ्ग्रहहरू पनि प्रकाशनको तयारीमा छन् । यसैगरी लामिछानेका एकदर्जनभन्दा बढी फुटकर रचनाहरू पनि विभिन्न पत्रपत्रिकामार्फत् प्रकाशित भएका छन् ।

अन्याय, अत्याचार, बेथिती, गैरजिम्मेवारी क्रियाकलाप पटक्कै देख्न नसक्ने, समाजका विकृति, विसङ्गतिविरुद्ध विद्रोह गरिहाल्ने, समाजमा रहेका निमुखा, दीनहीन वर्गप्रति सहानुभूतिको भाव प्रदर्शन गर्नुका साथै साहित्य र विभिन्न सामाजिक सङ्घसंस्थाहरूमा समेत सेवा पुऱ्याई आफ्नो बहुआयामिक व्यक्तित्वको पाटोलाई अझ उचाइमा पुऱ्याएका छन् । सादा जीवन उच्च विचारका धनी ऋषिप्रसाद लामिछाने देखिएका अपनाइएका असहज क्रियाकलाप र नकारात्मक पक्षहरूलाई औँल्याइहाल्ने एक स्वाभिमानी व्यक्ति पनि हुन् । विभिन्न सामाजिक सङ्घसंस्थाहरूमा सम्बद्ध भएकोले अति व्यस्ततापूर्ण जीवनशैली, घरायसी कामधन्दा, व्यापार-व्यवसाय, पेसाको उत्तरदायित्त्वजस्ता विविध परिबन्द र व्यवधानको बावजुद पनि निरन्तर साहित्य सृजनामा क्रियाशील ऋषिप्रसाद लामिछाने चितवनका कर्मठ, जल्दाबल्दा साहित्यकार हुन् ।

# तेस्रो परिच्छेद

# साहित्यकार ऋषिप्रसाद लामिछानेको व्यक्तित्वको अध्ययन

## ३.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिको वैयक्तिक विशेषता देखाउने वा कुनै व्यक्तिले अरूलाई प्रभावित पार्ने व्यक्ति विशेषमा निहित विशेषता वा व्यक्तिविशेषको निजीपन प्रकट गर्ने शब्दलाई व्यक्तित्व भनिन्छ ।[१] कुनै व्यक्तिमा हुने गुण वा विशेषतालाई व्यक्तित्व भनिन्छ । व्यक्तिले आफ्नो जीवनमा गरेका विभिन्न पक्षहरूका क्रियाकलापबाट उसको व्यक्तित्व निर्माण भएको हुन्छ । व्यक्तिको कार्यक्षेत्र, क्षमता, प्रतिभा, लगनशीलता वा साधना, बौद्धिकता, अनुराग, विचार आदि विविध आधारमा व्यक्तित्वको निर्माण हुन्छ । समाजमा प्रतिष्ठित गराउने गुण, विशेषता नै वास्तवमा व्यक्तित्व हो । कुनै पनि व्यक्तिको व्यक्तित्व बुझ्नका लागि उसको जीवनका विविध परिस्थितिमा भोगेका सुखदु:ख, उकाली-ओराली र बाँचेको सामाजिक वातावरण, सिकेका अनुभवहरूलाई पनि बुझ्नुपर्ने हुन्छ । यसका आधारमा मानिसले सम्बन्धित क्षेत्रमा विशिष्टता प्राप्त गर्दछ । एउटै व्यक्तिको विभिन्न क्षेत्रमा संलग्नता हुन सक्छ । यी क्षेत्रहरू व्यक्तित्वको पाटाहरू हुन् भने मूलरूपमा व्यक्तिको रुचि, प्रतिभा र उसको लगनशीलता नै व्यक्तित्वका निर्धारक तत्त्वहरू हुन् । जुनसुकै व्यक्तिको पनि आन्तरिक र बाह्य दुवै किसिमको व्यक्तित्व हुन्छ । यी दुवै व्यक्तित्व उसको मूलभूत व्यक्तित्व हो । व्यक्तिको आन्तरिक व्यक्तित्व उसको आन्तरिक क्षमताबाट निर्माण हुन्छ । यो नै उसको वास्तविक परिचय पनि हो । कुनै व्यक्तिले कुनै खास विषयमा मात्र विशिष्टता प्राप्त गरे पनि ऊ अनेकौँ व्यक्तित्वको धनी हुन सक्छ । त्यस्ता व्यक्तिहरू नै विशिष्ट कहलाउँछन् । यिनै विशिष्ट व्यक्तिमध्ये एक हुन् कवि एवम् गजलकार ऋषिप्रसाद लामिछाने । लामिछानेको व्यक्तित्वको अध्ययन पनि आन्तरिक बाह्य दुवै प्रकारले गर्न सकिन्छ ।

---

१ बालकृष्ण पोखरेल (नि.), **नेपाली वृहत् शब्दकोश**, (काठमाडौँ : ने.रा.प्र.प्र., २०४०, पुन:मुद्रण, २०५५), पृ. १२४५ ।

## ३.२ बाह्य व्यक्तित्व

बाहिरबाट झट्ट हेर्दा देखिने साङ्गोपाङ्गो जिउडालको भौतिक संरचना नै कुनै पनि मानिसको बाह्य व्यक्तित्व हो भनेर भन्न सकिन्छ ।[२] ऋषिप्रसाद लामिछानेको आन्तरिक व्यक्तित्वसँगै बाह्य व्यक्तित्व पनि निकै आकर्षक देखिन्छ । ६० वर्षको उमेर पाँच फिट, पाँचको उचाइ र लगभग ६५ कि.ग्रा. तौल भएका, शरीर सुहाउँदो ठिक्कको मोटाइ, अग्लो शरीर, गहुँगोरो वर्ण, झिल्के, अनुहार खुलेको, अपरिचितहरूका निम्ति पनि परिचित हुन उत्सुकता जगाउँछन् । चस्मा लगाइरहने भावपूर्ण आँखा, प्राय:जसो कमिज, पाइन्ट, टिसर्ट र साधारण पहिरनमा रहने नम्र, मीठो बोल्ने, गम्भीर, चिन्तनशील स्वभाव, फुर्तिलो ज्यान आदि पक्ष नै ऋषिप्रसाद लामिछानेका शारीरिक परिचायक तत्त्व हुन् ।[३]

बाहिरबाट हेर्दा तन्दुरुस्त र हट्टाकट्टा देखिन्छन् साथै त्यस्तै खालको खासै ठूलो दीर्घरोगबाट पनि आक्रान्त छैनन् ।[४] अरूसँग कुराकानी गर्दा बढी ध्यानपूर्वक सुन्ने अनि बिस्तारै त्यससम्बन्धी आफ्नो कुरा पनि राखिहाल्ने हुनाले जोसुकै पनि ऋषिप्रसाद लामिछानेसँग कुराकानी गर्दा पहिल्यै प्रभावित भइहाल्छ । यसले गर्दा कुनै पनि नयाँ व्यक्तिले उनीसँग कुरा गर्न सङ्कोच मान्नु, हिच्किचाउनु वा सकस मान्नुपर्ने अवस्था देखिँदैन ।

सादा जीवन उच्च विचार राख्ने साहित्यकार ऋषिप्रसाद लामिछाने मुसुमुसु हाँस्ने, उज्यालो चेहराका देखिन्छन् । अरूसँग भलाकुसारीका साथ सरल र मिजासिलो पाराले प्रस्तुत हुने अरूको कुरा ध्यान दिएर सुन्ने र क्रमश: आफ्ना भनाइहरू पस्कँदै जाने प्रवृत्तिको लामिछानेसँग जोसुकै पनि पहिल्यै प्रभावित भइहाल्ने देखिन्छ । त्यस्तै भलाद्मी, शिष्ट, सरल, निष्कपट चारित्रिक विशेषताले गर्दा पनि उनको बाह्य व्यक्तित्व थप प्रशंसनीय देखिन्छ ।

## ३.३ आन्तरिक व्यक्तित्व

व्यक्तिभित्र अन्तर्निहित गुण, प्रतिभा, क्षमता वा विशेषतालाई आन्तरिक व्यक्तित्व भनिन्छ ।[५] समाजमा नै व्यक्तिको व्यक्तिको निर्माण हुने भएकोले समाजमा भोगेका, सुनेका, देखेका र अनुभव गरेका क्रियाकलापहरूबाट जुन अन्तर्बोध व्यक्तिमा जाग्दछ, त्यसकै सेरोफेरोमा उसको व्यक्तित्व बन्दछ । यसै सन्दर्भमा ऋषिप्रसाद लामिछानेको समग्र व्यक्तित्वलाई हेर्दा उनको आन्तरिक व्यक्तित्व बहुमुखी रहेको देखिन्छ । उनका आन्तरिक व्यक्तित्वका पाटाहरूलाई साहित्यिक र साहित्येतर गरी दुईभागमा बाँडी प्रस्तुत गरिएको छ ।

---

२ शिवहरि कोइराला, **कवि रह शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत्, पृ. ३२ ।

३ शोधकर्ताको अवलोकनबाट प्राप्त जानकारीअनुसार ।

४ शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

५ शिवहरि कोइराला, **कवि रह शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत्, पृ. ३३ ।

## ३.३.१ साहित्यिक व्यक्तित्व

हृदयभित्रका तरङ्गहरूलाई लिपिबद्ध रूपमा उतार्नु साहित्य हो र जीवनजगत्मा घट्ने यथार्थपरक घटनासँग घुलमिल भएर समाजमा भएदेखिएका असमानता, व्यभिचार, अत्याचार, उत्पीडन आदिका साङ्ला तोड्नुपर्छ भन्ने विचार ऋषिप्रसाद लामिछानेमा पाइन्छ । वि.सं. २०२२ सालमा *विद्यार्थीको दु:ख* भन्ने कविता प्रतियोगितामा प्रथम पुरस्कार प्राप्त गरी नेपाली साहित्यको क्षितिजमा पदार्पण गरेका लामिछानेका हालसम्म तीनवटा गजलसङ्ग्रह, एउटा कवितासङ्ग्रह गरी चारवटा एकल कृतिहरू प्रकाशित छन् ।[६] त्यसैगरी उनका **गजलपथका यात्रीहरू**, **गजलयात्रा**, **गजलबिम्ब** गजलसङ्ग्रह र **समयका स्वरहरू** कवितासङ्ग्रह संयुक्त कृतिका रूपमा प्रकाशित छन् । ऋषिप्रसाद लामिछानेका कृतिहरूमा देशप्रेम, मुलुकको वर्तमान अवस्थाको चित्रण, प्रेमप्रणयका विविध अभिव्यक्ति, रागात्मक चेतना, वन्यजन्तु, जीवनानुभूति आदि अन्तर्वस्तुका साथै सरल ग्रामीण शब्दहरूको प्रयोग, भावनाको यथार्थ पोखाइ, हार्दिक प्रेमप्रणय संसारको अभिदर्शन, कलानुराग, विषयवैविध्य यिनका रचनाले ग्रहण गरेका उल्लेखनीय पक्ष रहेको छन् ।[७]

साहित्यका विविध विधामा कलम चलाउने ऋषिप्रसाद लामिछानेको साहित्यिक योगदानलाई वैयक्तिक रूपमा हटाइदिने हो भने चितवनको साहित्य अधुरो हुन्छ । कवि, लेखक, गजलकार आदि क्षेत्रमा लामिछानेको साहित्यिक व्यक्तित्व फस्टाएको पाइन्छ । नेपाली साहित्यमा मूलत: कवि एवम् गजलकारका रूपमा ऋषिप्रसाद लामिछानेलाई चिन्न सकिन्छ । भिन्न खालको साहित्यिक व्यक्तित्वले गर्दा समाजमा ऋषिप्रसाद लामिछानेको आफ्नै खालको पहिचान रहेको छ ।

राष्ट्र, राष्ट्रियता र लोकतन्त्रप्रति माया र ममता राख्ने ऋषिप्रसाद लामिछाने वस्तुत: मोतीराम भट्टकै अनुयायी हुन् । कवि कृतिभरि शृङ्गाररसमा नै पोखिएका छन् ।[८] कृतित्वको अध्ययनले के देखाउँछ भने ऋषिप्रसाद लामिछानेको सृजनाको आधारभूमि शृङ्गाररस नै हो भन्न सकिन्छ ।

ऋषिप्रसाद लामिछानेले साहित्यिक पत्राचारलाई पनि अगाडि बढाएका छन् । नव सिकारुदेखि स्थापितसम्मका पत्रहरू पनि उनकै पत्रिकामा प्रकाशित हुने गरेका छन् । मनमा साहित्यिक भावना भएका तर कुनै साहित्यिक विधा पक्रिन नसकेका अनुभूतिशील भावकका भावनात्मक पत्रहरूलाई पनि उनले आफ्ना पत्रिकामा साथ दिने गरेका छन् । उनको मूल

---

६ शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट ।

७ गोविन्दराज विनोदी, *शुभकामनाको एउटा गुच्छा*, **सम्मोहन**, (चितवन : पल्लव साहित्य विविध, २०६३), पृ. भूमिका लेख ।

८ केशवराज आमोदी, *बहरबद्ध सूत्रमालामा दृष्टिपात गरेपछि*, **सूत्रमाला**, (चितवन : पल्लव साहित्य विविध, २०६३), भूमिका लेख ।

उद्देश्य नै समाजमा साहित्यिक गतिविधि बढाएर साहित्यकारहरूको मनोवल उच्च राख्नु हो र सु-संस्कृत जीवनशैलीको अनुसरण गर्नु हो ।[९]

भौतिक ऐसआराम र विलासिताका वस्तुहरूमा खर्च गर्नुभन्दा सरल, सामान्य रहनसहनमा रही सत्य, शिव र सौन्दर्यको मार्ग अवलम्बन गरी साहित्य देवीको पूजा-आराधना गर्नु नै चारधाम गया काशी हो र यही नै जीवनको सार्थकता हो भन्छन् ।[१०] ऋषिप्रसाद लामिछानेको हृदय प्रेमप्रणय हार्दिक सदासयता र मानवीय संवेद्यताले आच्छन्न छ । उनको अनुभूति तीक्ष्ण छ र अभिव्यञ्जनामा सरलता, सरसता प्रभावकारिता छ । लामिछानेको समग्र साहित्यिक व्यक्तित्वलाई विविध विधामा वर्गीकरण गरेर अध्ययन गरिएको छ ।

### ३.३.१.१ कवि व्यक्तित्व

ऋषिप्रसाद लामिछानेले साहित्यलाई जीवनको महत्त्वपूर्ण अङ्ग ठानेका छन् । कवि एउटा स्रष्टा हो । उसले अनुभूति गर्छ त्यसलाई त्यही रूपमा अभिव्यक्त गरी व्यवहारपयोगी बनाउनुपर्छ । जुन कविताले कविको दृष्टिकोण र व्यवहार जनसापेक्ष अनुभूत गराउन सक्षम हुन्छ, त्यो कविता नै कविता हो भन्ने विचार ऋषिप्रसाद लामिछानेमा पाइन्छ ।[११] ऋषिप्रसाद लामिछानेका कविता कृति देशभरिका विभिन्न पत्रपत्रिका एवम् इन्टरनेटहरूमा पनि प्रकाशित देखिन्छन् । कवितासङ्ग्रहका रूपमा **कादम्बरी** मात्र प्रकाशित छ । यसकै आधारमा लामिछानेको कवितासङ्ग्रहमा ६५ वटा कविताहरू रहेका छन् । यी कविताहरूमध्ये सबैभन्दा बढी शार्दूलविक्रीडित् छन्दमा रहेका छन् भने सम्पूर्ण कवितामा पच्चीसवटा छन्दको प्रयोग भएको छ ।[१२] परिष्कृत, परिमार्जित एवम् छन्दमा सलल वर्गका यिनका रचना समसामयिक भावधाराका निरन्तरता हुन पुगेका छन् । आञ्चलिकतालाई पेवा सम्झने लामिछाने राष्ट्रियतालाई पटक्कै भुल्न चाहँदैनन् ।

यसरी विभिन्न कविगोष्ठी, सभा-सेमिनार र साहित्यिक कार्यक्रममा सहभागी रहँदै आएका ऋषिप्रसाद लामिछानेका प्राप्त प्रकाशित फुटकर कविताहरूलाई सरसर्ती हेर्दा उनका कविताहरू कहिले जीवनबोध त कहिले युगबोधको आह्वानतर्फ लम्केका छन् । त्यसरी नै समसामयिक समग्र उदासीनता र त्यसमा अन्तर्निहित मानवताको नग्नतालाई व्यङ्ग्य प्रहार गर्दै खबरदारी गर्न पुगेको पनि देखिन्छ ।

---

९ कपिल अज्ञात, *गोर्खेको साहित्यप्रति उदारता र सद्भाव,* **आदर्श**, पूर्ववत्, पृ. ५३ ।

१० ऐजन ।

११ शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट ।

१२ नारायणप्रसाद खनाल, *कादम्बरीको सौन्दर्य नियाल्न खोज्दा,* **कादम्बरी**, (चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६३), पृ. भूमिका लेख ।

साहित्यकार ऋषिप्रसाद लामिछानेका मन पर्ने कविमा महाकवि लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल रहेका छन् जसका कविताले मानवीय संवेदनशीलतालाई न्यानोपन दिएर जीवनसापेक्षको मागलाई सुसूचित गरेका छन् भन्ने उनको अभिमत रहेको छ । नवीन कृति कादम्बरीमा समसामयिक घटनावलीका साथै राजनैतिक द्वन्द्व, सङ्घर्ष, विद्रोह, खिचातानी, प्रतिगमन, विसङ्गति, राष्ट्र, राष्ट्रियता, जनजीवनका र जीवनजगत्का सूक्ष्मतम बिम्बहरूलाई प्रतिबिम्बित गरे पनि साहित्यकारहरूमा सम्मान, इष्टमित्र र साथीभाइका सुखदु:खका सहभागी, प्रेमप्रणय आदिमा कवि हृदयनिर्मग्न रहेको देखिन्छ ।[१३] समग्र काव्यिक परिवेशलाई नियाल्दा उनी मानवतावादी चेत राख्ने स्वच्छन्दकवि देखिन्छन् भने समसामयिक समग्र असन्तुष्टिप्रति प्रहार गरी समतामुखी जीवन चाहनाको अपेक्षा राख्ने उनको काव्य प्रवृत्ति देखिन्छ ।

### ३.३.१.२ **गजलकार व्यक्तित्व**

माध्यमिककालीन नेपाली साहित्यका प्रणेता मोतीराम भट्ट (वि.सं. १९२३-५२) बाट वि.सं. १९४० देखि प्रारम्भ भएको नेपाली कविताको शृङ्गारिक कालअन्तर्गत नवप्रयोगका रूपमा भित्रिएको गजल आज कविता विधाकै एक उपाधिको रूपमा स्थापित र प्रचलित भइसकेको तथ्य विद्वान् समीक्षकहरूबाट स्पष्टिसकेको छ । उर्दू, फारसीबाट सोभै आयातित भई नेपाली भाषामा लेखिएका गजलहरू उर्दू गजलको रचनाविधानबाट प्रभावित हुँदाहुँदै पनि नेपालीपनमा समायोजित हुनु नेपाली गजलको विशेषता रहेको छ ।[१४] मोतीराम भट्टबाट नेपाली गजलले (वि.सं. १९४०) आजसम्मको लामो समय खर्च गरिसकेको देखिन्छ । यस अवधिमा जति नेपाली कविताले गतिशीलता प्राप्त गऱ्यो, त्यति नेपाली गजलले गर्न सकेन ।

नेपाली गजललाई वि.सं. २०३६ साल माघ महिनाको **रूपरेखा** साहित्यिक मासिक पत्रिकामा प्रकाशित ज्ञानुवाकर पौडेलको नेपाली गजलले वाणी प्रदान गरेपछि पुन:जागृत भएको आधुनिक नेपाली गजललेखन प्रकाशनका दृष्टिले द्रुततर गतिमा अघि बढिरहेको छ ।[१५] नेपाली गजलको विकासक्रमलाई विविध ढङ्गले अध्ययन गरी यसको काल निर्धारण भए पनि पुन:जागृत यस महायज्ञका होमकर्ता ज्ञानुवाकर नै भए पनि वि.सं. २०४०/०४१ तिर ललिजन रावलको उपस्थितिले यो महायज्ञ स्थायित्व प्राप्तितर्फ उन्मुख हुँदै गएको पाइन्छ ।[१६]

---

१३ केशवराज आमोदी, *कवि गोर्खे साइँलोको छन्दानुराग र कादम्बरीको प्रवृत्तिगत अभिरेखाङ्कन,* **कादम्बरी**, (चितवन : पल्लव साहित्य विविध, २०६३), पृ. भूमिका लेख ।

१४ दयाराम श्रेष्ठ 'सम्भव', **नेपाली साहित्यका केही पृष्ठ**, चौँथो संस्क., (ललितपुर : साझा प्रकाशन, २०४८), पृ. ३५ ।

१५ दुबसु क्षेत्री (सम्पा.), **समसामयिक नेपाली गजल**, (काठमाडौँ : बसुन्धरा प्रकाशन, २०५०), पृ. १४० ।

१६ ईश्वर बराल र अन्य (सम्पा.), **नेपाली साहित्यकोश**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५७), पृ. २५५ ।

यसरी पुन:जागृत आधुनिक नेपाली गजललेखन प्रकाशनको क्रममा बाढी नै आए पनि गजलको सैद्धान्तिक मान्यतालाई पचाएर संरचनागत सचेततालाई आत्मसात गरी गजललेखनमा सक्रिय रहेका मुख्य गजलकारहरू ज्ञानुवाकर पौडेल, ललिजन रावल, मनु बाज्राकी त्यस्तै ऋषिप्रसाद लामिछाने पनि स्तरीय गजलकारका रूपमा देखापरेका छन् । गजललाई नै आफ्नो साहित्यिक रचनाको मुख्य स्रोत मान्दै आएका ऋषिप्रसाद लामिछानेका तीनवटा गजलसङ्ग्रहहरू एकल कृतिका रूपमा र तीनवटा गजलसङ्ग्रह संयुक्त कृतिका रूपमा प्रकाशित भएका छन् । फुटकर रचनाका रूपमा पनि थुप्रै रचनाहरू प्रकाशित छन् । ऋषिप्रसाद लामिछानेका गजल साधारत कलिला नवसाधकलाई दृष्टिगत गरी संस्कृत काव्यशास्त्रका पिङ्गल छन्द र गजलमा हुने उर्दू, फारसी इल्मेअरुज (छन्दशास्त्र) बाट शास्त्रीय बहरमा गजल लेखी नेपाली गजलसाहित्यको मन्दिरमा सुगन्धित कोमल सृजना पुष्पअर्पण गरेका छन् ।

बहर वा छन्दमा कलम चलाउनु अत्यन्त कठिन कार्य हो । यसले ऋषिप्रसाद लामिछानेलाई सफलता मिलेको छ । रदिफ, काफिया, रुक्न र अर्कानका बारेमा उनी सचेत देखिन्छन् ।[१७] लामिछानेका गजलहरू भुजङ्गप्रयात, विधाता, स्रग्विणी, प्रिया, माधवमालती, पीयूस वर्ष, तोटक, इन्द्रवज्रा, पञ्चचामर, कनक, सुन्दरी, वसन्ततिलका, इन्द्रावंशा, विद्युन्माला, मत्तमयुर, मन्दक्रान्ता आदि शास्त्रीय पिङ्गल छन्दमा सृजना गरेका छन् ।[१८] गजलकार लामिछानेले कतिपय गजलमा नेपाली भाषाको प्रयोग नगरी नेपाली जनजिब्रोले पचाउनै नसक्ने उर्दू, फारसी शब्दको प्रयोग गरेको पाइन्छ ।[१९]

विशेषगरी ऋषिप्रसाद लामिछानेका गजलहरू पिङ्गल छन्द र इस्लामिक बहरमा रचिएका छन् । शृङ्गाररसको प्रधानता पाइने यिनका गजलहरूमा गैरमुरद्दफको मात्रा पनि उल्लेखनीय रूपमा पाइन्छ । मुसलसल गजल बढी मात्रामा लेख्ने लामिछानेको व्यङ्ग्यकारिता ठिक्कैको देखिन्छ । तखल्लुस प्रयोगमा रुचि देखाउने यिनी आफूलाई राष्ट्रियता र जीवनसम्बन्धी गजललेखनमा पनि उत्तिकै चासो रहेको देखाउँछन् । लामिछानेका रचनामा यदाकदा नग्न चित्रणले काव्यात्मकता नष्ट भएको समेत पाइन्छ । छन्द, गणसङ्केत, बहर एवम् उर्दूका कठिन शब्दार्थलाई उल्लेख गर्नु प्रशंसनीय पक्ष देखिन्छ । त्यसैगरी धेरै गजलमा द्वन्द्वकालीन नेपाली परिवेशको चित्रण गरिएको छ ।

यसरी सुरुसुरुमा स्वतन्त्र लयमा गजलतर्फ लहसिएका ऋषिप्रसाद लामिछाने पछिपछि शास्त्रीय बहरमा फड्का मारी कवितामा पनि शास्त्रीय पिङ्गल छन्दको समेत विशेष अभ्यास गरिसकेका छन् ।

---

१७ विमलप्रकाश देवकोटा, *बहरमा लट्ठिएको गोर्खेको मुस्कान,* **पल्लव साहित्यिक पत्रिका**, (गजलविशेष, वर्ष ४, पूर्णाङ्क १३, २०६४), पृ. १६२ ।

१८ ऐजन ।

१९ ऐजन ।

### ३.३.१.३ व्यङ्ग्यकार व्यक्तित्व

ऋषिप्रसाद लामिछानेको साहित्यिक व्यक्तित्व बहुआयामिक रहेको छ । कवितालेखन र गजललेखनमा आफ्नो छवि बनाइसकेका लामिछानेको अर्को व्यक्तित्व व्यङ्ग्यकार व्यक्तित्व हो । समसामयिक युग जीवनका विषय परिस्थितिहरूमाथि व्यङ्ग्यको झटारो हान्दै लेखिएका उनका हाँस्यव्यङ्ग्यसम्बन्धी थुप्रै लेखरचनाहरू विभिन्न स्थानीय र राष्ट्रिय पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका छन् । देशको राजनैतिक व्यवस्था, अर्थतन्त्र साथै समाजका विकृति, विसङ्गतिहरूमाथि प्रहार गर्दै लेखरचना गर्न सिपालु ऋषिप्रसाद लामिछानेले आफूलाई एक व्यङ्ग्यकारको रूपमा पनि चिनाउने प्रयास गरेका छन् ।

### ३.३.१.४ लेखकीय व्यक्तित्व

समसामयिक विषयवस्तुसँग सम्बन्धित रहेर राष्ट्रिय र स्थानीयस्तरका विभिन्न पत्रपत्रिकाहरूमा धारिला, चोटिला लेखसामग्रीहरू प्रकाशित गराएर आफूलाई एक कुशल लेखकाको रूपमा चिनाउन सफल ऋषिप्रसाद लामिछाने कुशल लेखक पनि हुन् । कुनै पनि विषयमा गम्भीर रहेर लेखनकार्य गर्न सक्ने लामिछानेले व्यङ्ग्यका साथै चिन्तन, विचार, दर्शन, यात्रासंस्मरणका साथै समसामयिक विषयवस्तुमाथि ध्यान केन्द्रित गर्दै धेरै लेखरचनाहरू प्रकाशित गराएका छन् । स्थानीयस्तरका **पारदर्शी**, **चितवन पोष्ट**लगायतका पत्रपत्रिकाहरूमा थुप्रै रचनाहरू प्रकाशित गराएका छन् । लामिछानेका लेखहरूले समाज, राष्ट्र पार गरी अन्तर्राष्ट्रिय जगत्मा समेत विद्यमान विकृतिहरूउपर शब्दवाण प्रहार गरी समाधानको लागि प्रेरित हुनुपर्ने सन्देश प्रवाह गरिरहेका छन् ।

### ३.३.१.५ सम्पादक व्यक्तित्व

आफ्नो जीवनलाई साहित्यमा होमेका ऋषिप्रसाद लामिछानेको सम्पादनलाई ठूलो योगदान देखिन्छ । पाठकवर्गलाई यथार्थ र सत्यतथ्य एवम् सूचनामूलक रुचिपूर्ण सामग्री पस्किएर सूचित पार्नु सम्पादकको धर्म हो । युगानुकूल सृजित विविध विधाका सामग्री पत्रपत्रिकामा समेटी प्रस्तुत गर्ने सचेतता असल सम्पादकमा हुनुपर्दछ । यसकारण सम्पादन एउटा संवदेनशील, जिम्मेवारीपूर्ण, कठिन र श्रमसाध्य कार्य हो ।[२०]

ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' **पल्लव साहित्यिक पत्रिका**का प्रधान सम्पादक एवम् व्यवस्थापक पनि हुन् । आफ्नै अर्धाङ्गिनी मीनमाया लामिछाने एवम् पुत्ररत्न भरतप्रसाद लामिछाने आदिको पारिवारिक सहयोग एवम् अतिथि सम्पादक सीताराम कोइराला र विशेष सम्पादक दीपेन्द्रकुमार जोशी 'निक' प्रभृतिको सहयोग लिएर पल्लव प्रकाशनको सम्पूर्ण

---

२० शिवहरि कोइराला, **कवि रह शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** पूर्ववत्, पृ. ४१ ।

व्यवहार आफैले वहन गरी **पल्लव** अङ्क २ देखि १५ औं अङ्कसम्म प्रकाशन गरिसकेका छन् ।[२१] ओझेलमा परेर रहेका साहित्यकारहरूका सुन्दर रचना एवम् नवउत्साही युवायुवतीका मुना र पालुवाजस्ता कोमल रचना **पल्लव** पत्रिकामा प्रकाशन गरेर पत्रिकाको **पल्लव** नामलाई सार्थक तुल्याएका छन् ।

## ३.३.२ साहित्येतर व्यक्तित्व

कुनै पनि एउटा व्यक्तिभित्र पनि धेरै प्रकारका अभिरुचि, क्षमता, प्रतिभा, सीप र कौशल रहेका हुन्छन् । जसका कारण समाजमा अनेक कार्यक्षेत्रमा उसले आफूलाई संलग्न गराउन सक्छ । यसै परिप्रेक्ष्यमा ऋषिप्रसाद लामिछानेको व्यक्तित्व बहुआयामिक देखिन्छ । साहित्यका साथै साहित्येतर व्यक्तित्व पनि उनमा पाइन्छ । ऋषिप्रसाद लामिछानेको साहित्यिक व्यक्तित्वका बारेमा यसभन्दा अघि नै चर्चा भएकोले यहाँ उनको साहित्येतर व्यक्तित्वका बारेमा प्रकाश पार्ने जमर्को गरिएको छ ।

### ३.३.२.१ सामाजिक व्यक्तित्व

समाजसेवा ऋषिप्रसाद लामिछानेको सानैदेखिको रुचिको क्षेत्र हो ।[२२] लामिछाने सृजनशील केही गरौं भन्ने भावना भएका, समूहमा रुचाउने र अरूको दु:खसुखमा सहभागी हुने खालका व्यक्ति हुन् । कतै कुनै संस्थाको सदस्य, कतै आजीवन सदस्य, कतै कुनै संस्थाको सक्रिय सदस्य र कतै संस्थापक सदस्य भएर उनले कयौं संस्थासँग आफूलाई संलग्न राखेका छन् । यिनी पल्लव साहित्य प्रतिष्ठान, नारायणगढ, चितवनका संस्थापक अध्यक्ष, गजलमञ्च, चितवन, भरतपुरको संस्थापक उपाध्यक्ष, छन्द बचाउ अभियान चितवन-नवलपरासीको संस्थापक उपाध्यक्ष, अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवनको कार्यसमिति सदस्य, चितवन साहित्य परिषद्, भरतपुर, चितवनको (२०६६/६८) कार्यसमिति सदस्य, साहित्य पत्रकार सङ्घ, चितवन (२०६६/६८) को कार्यसमिति सदस्य र नुवाकोट साहित्य परिषद्, बट्टार, नुवाकोट, **कोसिस** साहित्यिक मासिक चितवन, **धरा** मासिक साहित्यिक पत्रिका, नवलपरासी, **गाउँले** अर्धवार्षिक साहित्यिक विविध चितवन, महिला साहित्यिक मञ्च नवलपरासी आदिका सल्लाहकार सदस्यका आफ्नो कार्यभूमिका निर्वाह गर्दै आएको पाइन्छ ।

त्यस्तै गरी वाणी प्रकाशन सहकारी संस्था लि. विराटनगरको आजीवन सदस्य, चितवन साहित्यिक परिषद्, भरतपुर चितवनको आजीवन सदस्य रामेश्वर पुस्तकालय तथा वाचानालय क्षेत्रपुर, चितवनको आजीवन सदस्य, पर्वत साहित्य कुश्मा पर्वतको आजीवन सदस्य, नवमाधुरी

---

२१ कपिल अज्ञात, **स्रष्टाबिम्ब : व्यक्तित्व आरेख**, (चितवन : चितवन साहित्य परिषद्, २०६७), पृ. १२९ ।

२२ शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

साहित्य प्रतिष्ठान कुश्मा पर्वतको आजीवन सदस्य राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठानको आजीवन सदस्य, अभिव्यञ्जना साहित्य प्रतिष्ठान चितवनको आजीवन सदस्य, नुवाकोट प्रतिष्ठान विदुर तीन बारहीमार्ग नुवाकोटको आजीवन सदस्य, नेपाल क्षयरोग निवारण संस्था चितवनको आजीवन सदस्य, वी.पी. क्यान्सर अस्पताल, चितवनको आजीवन सदस्य, नेपाल हृदयरोग निवारण संस्था, भरतपुरको आजीवन सदस्य, भरतपुर नगरपालिका वार्ड नं. ४ २०४९/५४ को वडासमिति सदस्य, विद्युत व्यवसायी उपसमिति, चितवन (२०५१/५३) को सचिव, नेपाल इलेक्ट्रिकल एसोसियसन जि. शाखा, चितवन (२०५२/५८) को कार्यसमिति सदस्य, लामिछाने बन्धु समाज, चितवनको (२०५५/५९) सचिव, यातायात व्यवसायी समिति चितवन (२०५७/६०) को संस्थापक कोषाध्यक्ष, लामिछाने बन्धु समाज, चितवन शाखा २०५९/६० को अध्यक्ष, उद्योग वाणिज्य सङ्घ, नारायणगढको निर्वाचित सदस्य (२०६०/६२), हाल विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लि.को सञ्चालक समिति सदस्य, विजय एफ्.एम्. गैँडाकोट नवलपरासी (२०६४/६७) को सञ्चालक समिति सदस्य, चमेलीदेवी स्कुल भ.न.पा.-४, बेलचोक चितवनको सञ्चालक समिति सदस्य रहेका छन् ।[२३]

यसरी समाजमा आफ्नो कृति राखेर सदा जीवित रहन चाहने ऋषिप्रसाद लामिछाने सामाजिक विचारले ओतप्रोत भएका व्यक्ति हुन् ।[२४] समाजको विकासका लागि उनी हर-हमेशा तल्लीन छन् ।[२५] उनी विभिन्न साहित्यिक सङ्घसंस्थासँग आबद्ध भएर होस् कि साहित्यिक सेवा समाजसँग आबद्ध भएर होस् समाजसेवामा आफ्नो समय खर्च गरिरहेका छन् ।

### ३.३.२.२ **राजनैतिक व्यक्तित्व**

समाजमा कुनै पनि व्यक्ति राजनीतिबाट टाढा रहन सक्दैन । प्रत्यक्ष वा परोक्ष रूपमा जो कसैलाई पनि राजनीतिले प्रभाव पारेकै हुन्छ । ऋषिप्रसाद लामिछाने पनि यसबाट अछुतो रहेनन् । उनी विद्यार्थी अवस्थादेखि नै विद्रोही स्वभावका थिए । लामिछाने नेपाली काङ्ग्रेसका विचारधाराबाट प्रभावित देखिन्छन् ।[२६] यथास्थितिको विरोध, अग्रगामी चेतनाको समर्थन गर्ने लामिछाने कुनै पदमा नरही नि:स्वार्थ भावनाले देश र जनताको सेवामा लाग्नुका साथै कुनै राजनैतिक अस्थिरताको मारमा नपरी एउटै पाटीप्रति जिम्मेवारी र बफादारी बहन गरेर कार्य गरिरहेका छन् ।

### ३.३.२.३ **धार्मिक व्यक्तित्व**

ऋषिप्रसाद लामिछाने हिन्दू धर्मावलम्बी हुन् । उनी धर्मप्रति, ईश्वरप्रति सकारात्मक देखिन्छन् । यस सम्बन्धमा विद्यमान आमधारणाभन्दा उनको धारणा अलि पृथक् देखिन्छ ।

---

२३ शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

२४ श्रीमती मीनमायासँगको मौखिक अन्तर्वार्ताअनुसार ।

२५ ऐजन ।

२६ शोधनायकसँगको अन्तर्वार्ताबाट ।

उनको विचारमा आगोको पोल्ने धर्म भएझैँ मान्छेमा मनुष्यता हुनु धर्म हो, जसलाई धारण गरेपछि मान्छे मान्छे भएर बाँच्न सक्तछ ।[२७] धर्ममा भएका सम्पूर्ण कुरा मान्नै पर्छ भन्ने उनको मान्यता पाइँदैन । उनले धर्ममा भएका असल कुराहरूलाई ग्रहण गर्ने र समयसापेक्ष नभएका असल र अमानवीय प्रसङ्गलाई परिमार्जन गर्नुपर्ने मान्यता राखेका छन् ।[२८]

## ३.४ निष्कर्ष

कुनै पनि व्यक्तिको परिचय नै उसको व्यक्तित्व हो । जीवनका विभिन्न आयामहरू र समाजसँगको सम्बन्धको आधारमा व्यक्तिको व्यक्तित्व निर्माण हुन्छ । एक व्यक्तिमा अनेक व्यक्तिहरू हुन सक्छन् । कुनै पनि व्यक्तिको व्यक्तित्वलाई अध्ययन गर्नुपर्दा उसको बाह्य र आन्तरिक व्यक्तित्वको रूपमा अध्ययन गर्नुपर्ने हुन्छ । साहित्यकार ऋषिप्रसाद लामिछानेको व्यक्तित्वलाई पनि आन्तरिक र बाह्य गरी दुई किसिमले वर्गीकरण गरिएको छ । बाह्य व्यक्तित्वको बारेमा हेर्दा अग्लो कदका गोरो वर्णको उज्यालो मुखमण्डल, भावपूर्ण आँखा, शरीर सुहाउँदो मोटाइ भएका, सरल, नम्र, निष्कपट र मृत्युभाषी व्यक्तिका रूपमा देखिन्छन् । अन्याय, अत्याचार, बेथिति र विकृति पटक्कै नसहने, सत्य र न्यायको लागि जस्तोसुकै चुनौतीको सामना गर्न पछि नपर्ने ऋषिप्रसाद लामिछानेलाई झट्ट हेर्दा-बुझ्दा विद्रोही स्वभावका लागे पनि उनीसँग प्रत्यक्ष कुराकानी गर्दा उनी आसाध्यै कोमल, सहृदयी, एकदमै संवेदनशील र भावुक व्यक्तिका रूपमा प्रकट भएको पाइन्छ ।

प्रेमप्रणयका साथै रूढिवाद, अन्धविश्वास, कुरीति, विकृति, विसङ्गति, शोषण, दमन र भ्रष्टाचारको तीव्र विरोध गर्दै समानता, सामाजिकता, स्वतन्त्रता, राष्ट्रियता र मानवताको पक्षमा आवाज घन्काउने ऋषिप्रसाद लामिछानेका लेखनीमा व्यङ्ग्य-विद्रोह, देशभक्तिपूर्ण भाव र मानवतावादी भावना प्रचुर मात्रामा पाइन्छ । साहित्यकार ऋषिप्रसाद लामिछानेको प्रवृत्तिगत स्वभावको प्रभाव उनका रचनाहरूमा छताछुल्ल भई पोखिएका छन् । उनी आन्तरिक रूपमा जे-जस्ता छन् त्यसको छायाँचित्र उनको साहित्यमा सर्लक्कै उत्रेको पाइन्छ । उनको आन्तरिक व्यक्तित्व विभिन्न क्षेत्रमा प्रवाहित भएको देखिए तापनि काव्य व्यक्तित्व नै सशक्त र प्रभावकारी रूपमा उजिल्लिएको हुन्छ । उनको साहित्येतर व्यक्तित्वअन्तर्गत सामाजिक, सम्पादक, व्यक्तित्वका साथै सामाजिक व्यक्तित्व नै प्रमुख परिचायक ठहरिन्छ ।

साहित्यकार ऋषिप्रसाद लामिछानेका ६० वर्षसम्मको प्राप्ति र उपलब्धीहरूलाई केलाउँदा हालसम्म **गजलपथका यात्रीहरू** (संयुक्तलेखन), **गजलबिम्ब** (संयुक्तलेखन), **गजलयात्रा** (संयुक्तलेखन), **सम्मोहन, मुस्कान, सूत्रमाला**जस्ता गजलसङ्ग्रहहरू प्रकाशित छन् भने

२७ शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

२८ ऐजन ।

कवितातर्फ **समयका स्वरहरू** (संयुक्तलेखन), **कादम्बरी**जस्ता कविता कृतिहरू सङ्ग्रहका रूपमा छन् ।

ऋषिप्रसाद लामिछानेका जम्मा चारवटा कृतिहरू प्रकाशित भएका छन् । यसका अतिरिक्त कविता, गीत, गजल, लेखहरू, विभिन्न पत्रपत्रिका र पुस्तकहरूमा प्रकाशित भएका पाइन्छन् ।

मुख्य गरी लामिछानेका सृजना कृतिहरू राष्ट्रप्रेमी, समाज सुधारक र मानवतावादी भावभूमिमा केन्द्रित रहेका पाइन्छन् । मायाप्रेमका भावहरू अधिकांश रचनामा भए पनि छिटफुट रूपमा सामाजिक, राजनैतिक, विकृति-विसङ्गति, जीवनभोगाइ, आरोह-अवरोह, प्रकृति चित्रण, सामाजिक समानतालाई यिनले आफ्ना रचनाका विषयवस्तु बनाएका छन् । यस हिसाबले हेर्दा यिनका कृतिहरू जे-जति प्राप्त छन्, ती सबै भाव, शैली र सौन्दर्यका दृष्टिले उच्चकोटिका हुन नसके पनि विषयवस्तु प्रतिपादनमा समर्थवान् नै छन् । आफ्ना जीवनका अनुभव, भावना र विचारहरूलाई साहित्य र साहित्येतर दुवै क्षेत्रबाट प्रस्तुतीकरण गरी समाजका निम्ति योगदान दिने साहित्यकार दुवै क्षेत्रबाट प्रस्तुतीकरण गरी समाजका निम्ति योगदान दिने साहित्यकार ऋषिप्रसाद लामिछानेको व्यक्तित्व सफल, प्रतिष्ठित, उदाहरणीय र अनुकरणीय देखिन्छ ।

# चौथो परिच्छेद
# ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को कृतित्व

## ४.१ नेपाली साहित्यमा ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को आगमन

ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को साहित्यको लेखन तथा अध्ययनको प्रारम्भ बाल्यकालदेखि नै रहेको पाइन्छ । उनी पढ्दाको विद्यालयको वातावरण नै साहित्यमय थियो । शुक्रबारे कार्यक्रम, नाचगानका अतिरिक्त गीत, कविता, कथा लेख्ने र वाचन गर्ने प्रतिस्पर्धा हुने गर्दथ्यो । विद्यालयका शिक्षक-शिक्षिकाहरू पनि साहित्यप्रेमी र विद्यार्थीहरूलाई साहित्य रचनाका लागि प्रोत्साहन गर्ने खालका थिए ।

जीवनमा केही गर्नुपर्छ भन्ने विचार भएका गोर्खे साइँलो सानै उमेरदेखि विभिन्न स्वदेशी तथा विदेशी साहित्यकारहरूका कृतिहरू अध्ययन गर्न रुचाउँथे । यसले पनि उनीभित्र रहेका प्रतिभालाई थप टेवा दिएको थियो । सामान्य परिवारमा जन्मिएर बाल्यकालदेखि नै विविध खाले सामन्ती, शोषण, विभेदजस्ता विकृतिहरूको सामना गर्दै हुर्किएका गोर्खे साइँलोमा क्रान्तिकारी सोचसँगै लेखनकला जुर्मुराएको पाइन्छ । फलस्वरूप उनका कृतिहरूमा युगीन दासत्व, छुवाछुत, अन्याय, अत्याचार, प्रेमप्रति अनुरागजस्ता सामाजिक समस्याहरूको चित्रण तथा त्यसप्रतिको विद्रोहपूर्ण भावहरू व्यक्त गरिएको पाइन्छ ।

## ४.२ सृजनाका लागि प्रेरणा र प्रभाव

हरेक व्यक्तिलाई कुनै विशेष कार्य गर्न अभिप्रेरित गर्ने कुनै न कुनै व्यक्ति प्रेरक स्रोत हुन्छ । यसै गरी साहित्यकार व्यक्तित्व पनि आफूभित्रको प्रतिभा अथवा देश-विदेशका प्रसिद्ध साहित्यकार र तिनका कृति आदिबाट प्रेरणा प्राप्त गरी साहित्य सृजनातर्फ अग्रसर हुन पुग्दछन् । गोर्खे साइँलोको साहित्य सृजनकार्यमा पनि यस्तै विभिन्न प्रेरणा र प्रभाव परेको पाइन्छ । गोर्खे साइँलोको साहित्यिक जीवन निर्माणमा उनी जन्मिएको ठाउँ, यहाँको परिवेश र जीवन भोगाइका क्रममा आएका विविध दु:खद क्षणहरूले प्रभाव पारेको उनले बताएका छन् ।

स्कुले उमेरताका हुने साहित्यिक कार्यक्रमहरूमा भाग लिई कथा, कविता लेख्ने र वाचन गर्ने प्रक्रियाले उनलाई साहित्य सृजनामा लाग्न थप उत्साह मिल्नुका साथै स्कुलका गुरु-गुरुआमाबाट पनि उनलाई विशेष प्रेरणा मिलेको देखिन्छ ।

विभिन्न स्वदेशी तथा विदेशी साहित्यकारहरूका साहित्यिक कृतिहरूका अध्ययनले पनि आफ्नो साहित्य यात्रामा अघि बढ्न उनलाई उत्साह मिलेको थियो । विशेषगरी साहित्यकार लक्ष्मीप्रसाद देवकोटा, वी.पी. कोइराला, आदिकवि भानुभक्त आचार्य र युवाकवि मोतीराम भट्ट त्यसै गरी परशु प्रधान, बूँद राना, गोविन्दराज विनोदी, केशवराज आमोदी, हुसैन खाँ, कमलमणि दीक्षित, टीकाराम लामिछानेजस्ता नरम, ओजनदार कवि साहित्यकारहरूका कृतिका अध्ययनबाट आफूलाई थप प्रेरणा मिलेको उनले बताएका छन् ।

## ४.३ लेखनको प्रारम्भ, प्रकाशनको थालनी, विकासक्रम

गोर्खे साइँलोले सानो उमेरदेखि नै साहित्य सृजनामा कलम चलाएको भए तापनि औपचारिक रूपमा उनको लेखन तथा प्रकाशन ढिलो भएको पाइन्छ । वि.सं. २०२२ सालमा लेखिएको *विद्यार्थीको दुःख* भन्ने कविता नै उनको औपचारिक रूपमा प्रथम रचना हो । गोर्खे साइँलोका **गजलपथका यात्रीहरू** (२०६१), त्यसै गरी **गजलबिम्ब** (२०६२) गरी दुईवटा गजलसङ्ग्रहहरू संयुक्तकृतिका रूपमा प्रकाशित भएका छन् । वि.सं. २०२२ सालदेखि २०६८ सालसम्मको ४६ वर्षको उनको साहित्यिक यात्रा अझै निरन्तर क्रियाशील देखिन्छ । यस अवधिको यात्रामा विविध विधाका चारवटा पुस्तककार कृति र सयौँ फुटकर कृतिहरू प्रकाशित भइसकेको र हुने क्रममा रहेका छन् ।

गोर्खे साइँलोको साहित्यिक यात्रालाई सरसर्ती नियाल्दा करिब साठीको दशकपछि मात्र केही बढी तीव्रता आएको देखिन्छ । उनका साहित्यिक यात्रालाई दुईचरणमा विभाजन गरेर अध्ययन-विश्लेषण गर्नुपर्ने हुन्छ ।

(क) वि.सं. २०२२ देखि २०६० सम्म प्रथम चरण

(ख) वि.सं. २०६१ देखि हालसम्म द्वितीय चरण

प्रारम्भिक समयमा उनको लेखन आभ्यासिक रूपमा अगाडि बढेको पाइन्छ । फुटकर कविता, गीता, कथा, निबन्ध आदि सृजना गरे तापनि कतिपय कापीको पानामै सीमित भए भने केही प्रकाशित पनि भए । यस अवधिलाई उनको साहित्यिक लेखनयात्राको लेखन गतिमा तीव्रता आएको पाइन्छ । यस चरणमा उनका चारवटा पुस्तककार कृति र अन्य दर्जनौँ फुटकर कृतिहरू प्रकाशित भएका छन् । लेखनमा स्तरीयता र उच्चता, विषयवस्तुको गहनता तथा गुणात्मकता देखापरेका छन् । गोर्खे साइँलोको आजसम्मको छयालिस वर्षसम्मको लामो साहित्यिक यात्रालाई मोटामोटी रूपमा २०२२ देखि २०६० सम्म प्रथम चरण र २०६१ देखि हालसम्म द्वितीय चरण गरी विभाजन गर्नु औचित्यपूर्ण देखिन्छ ।

**(क) प्रथम चरण वि.सं. २०२२ देखि २०६० सम्म**

गोर्खे साइँलोको साहित्यिक यात्राको यस चरणको अवधिमा उनको साहित्यिक यात्राले कुनै विशेष उपलब्धि हासिल गर्न सकेन । धेरै समय व्यापार-व्यवसाय र घरव्यवहारमा व्यस्त हुनु परेका कारण यस अवधिमा उनले साहित्य लेखनको क्रमलाई त्यति निरन्तरता दिन सकेका थिएनन् । यस चरणमा उनका साहित्यिक रचनाहरू फुटकर रूपमा मात्र प्रकाशित भएका पाइन्छन् । केही कृतिहरू पाण्डुलिपिमै मात्र पनि सीमित रहेका छन् । यसका अतिरिक्त उनका गीत, कविता, कथा, निबन्ध फाट्टफुट्ट रूपमा लेखन तथा प्रकाशन भएको थियो ।[१] यस चरणमा उनले कुनै एउटा विधामा कलम चलाई त्यसमा विशिष्ट उपलब्धि हासिल गर्नुभन्दा बेग्लाबेग्लै विधामा हात हालेको पाइन्छ । समग्रमा भन्नुपर्दा उनको साहित्यिक यात्राको प्रथम चरण अभ्यासकालका रूपमा मात्र सीमित रह्यो । यसले नेपाली साहित्यमा कुनै विशेष योगदान दिन सकेन ।

**(ख) द्वितीय चरण वि.सं. २०६१ देखि हालसम्म**

गोर्खे साइँलोको साहित्यिक यात्रालाई चरणबद्ध रूपमा विभाजन गरेर हेर्दा २०६० सालदेखि हालसम्मको समयावधिलाई द्वितीय चरण भन्न सकिन्छ । यस अवधिको पूर्वार्द्धमा दुईवटा संयुक्त लेखन गरिएको गजलसङ्ग्रह **गजलपथका यात्रीहरू** (२०६१), **गजलबिम्ब** (२०६२) को प्रकाशन भएको छ भने उत्तरार्द्धमा तीनवटा गजलसङ्ग्रह, एउटा कवितासङ्ग्रह गरी चारवटा पुस्तककार कृति प्रकाशित भएका छन् ।[२] यस चरणको उत्तरार्द्धमा गुणात्मक तथा परिमाणात्मक दुवै रूपमा उनको लेखमा परिष्कार र उच्चता आएको पाइन्छ । यस चरणमा उनले गजलकार, कविका रूपमा आफ्नो छवि स्थापित गर्न सफल भएका छन् भने कथा, निबन्धहरू पनि फाट्टफुट्ट रूपमा प्रकाशित भएका छन् ।

यस चरणमा प्रकाशित उनका कविता र गजलले नेपाली समाजमा एउटा बेग्लै अस्तित्व र पहिचान स्थापित गर्न सफल भएको छ । **सम्मोहन**मा शोषित पीडित र विपन्नप्रति अत्यन्त संवेदनशीलतालाई उदाङ्गो पारिएको छ । त्यसै गरी देशको वार्तमानिक द्वन्द्वमय विषम परिस्थितिबाट ढल्केको ज्वाला परिशयन भई त्यसका ठाउँमा शान्तिको कामना गरिएको छ । साथै प्रेमप्रणय, अनुराग वा अनुभूतिले जीवनलाई सिँगार्नुपर्ने कुरा यस गजलसङ्ग्रहमा निकै मार्मिक ढङ्गले चित्रण गरेका छन् ।[३]

---

१ शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

२ ऐजन ।

३ रमेश प्रभात, *चितवनको गजलयात्रा : सङ्क्षिप्त चर्चा,* **गजलसारथि-१**, पूर्ववत्, पृ. ३२ ।

वि.सं. २०६२ सालमा प्रकाशित **मुस्कान** उनको दोस्रो कृति हो । जसमा पूर्णतया शास्त्रीय बहरमा आधारित प्रस्तुत सङ्ग्रहमा प्रत्येक गजलमा प्रयोग भएका शास्त्रीय बहरका रुक्न र अरकानहरूको समेत सङ्केत गरिएकाले शास्त्रीय बहर सिक्न चाहनेहरूलाई सजिलो बनाइएको छ । साथै प्रणयचेतना, सामाजिक जीवनका विविध पक्षहरूको चित्रण, राष्ट्रवादी भाव, व्यङ्ग्यात्मकताजस्ता कृतिलाई मोतीराम भट्टपछिको पहिलो बहरबद्ध गजलसङ्ग्रहका रूपमा लिन सकिन्छ ।[४]

वि.सं. २०६३ मा प्रकाशित **सूत्रमाला** गोर्खे साइँलोको अर्को तेस्रो कृति हो । यसमा शास्त्रीय लयको प्रयोग गर्नुका साथै सूत्रसमेत प्रस्तुत गरिएको यो सङ्ग्रहमा प्रणयचेतना, राष्ट्रवादी भाव, गजलका तत्त्वहरूको चर्चा, व्यङ्ग्य-विद्रोह तथा परिवर्तनको चाहनालाई मूलभाव बनाइएको पाइन्छ ।

यस चरणको उनको चौथो कृति **कादम्बरी** २०६३ सालमा प्रकाशन भएको हो । यसमा विशेषगरी दिवंगत कविहरूप्रतिको भावपूर्ण संस्मरण, श्रद्धान्जलि र सम्झना, राष्ट्रप्रतिको प्रेम, व्यङ्ग्य-विद्रोह र आक्रोशप्रतिको आदर सद्भाव र समवेदना, समसामयिक राजनैतिक फोहोरी खेलप्रतिको अनिच्छा, सङ्कट र विपन्नता, सामाजिक कर्तव्यप्रतिको उत्तरदायित्व, आदर्श र नैतिक शिक्षा आदि जस्ता भावहरू व्यक्त गरिएको पाइन्छ ।[५]

यसप्रकार गोर्खे साइँलोको साहित्यिक लेखन यात्राको विश्लेषण गर्दा प्रारम्भमा त्यति निरन्तरता तथा तीव्रता नभई पछिल्लो समयमा तीव्रता आएको पाइन्छ । लेखनयात्राको पूर्वार्द्ध अभ्यासकालका रूपमा मात्र सीमित रह्यो भने दोस्रो चरणको उनको साहित्यिक यात्राले विभिन्न कृतिहरू उपलब्धिका रूपमा सृजना गर्‍यो । यस चरणमा उनी कवि एवम् गजलकारका रूपमा स्थापित भएका छन् ।

## ४.४ गोर्खे साइँलोको साहित्यिक प्रवृत्ति

गोर्खे साइँलाको वि.सं. २०२२ देखि आजसम्म करिब साढे चार दशकको साहित्यिक यात्राको क्रममा कविता, गजल, यात्रासंस्मरण, लेख, समसामयिक लेख, कथा, गीत, लघुकथा तथा विभिन्न खोज तथा अनुसन्धानमूलक लेखकहरूका माध्यमबाट उनको लेखकीय व्यक्तित्वमा क्रियाशीलता देखिन्छ । हालसम्म उनका चारवटा पुस्तकाकार कृतिहरू प्रकाशित

४ ऐजन ।

५ नारायणप्रसाद खनाल, *'कादम्बरी' को सौन्दर्य नियाल्न खोज्दा,* **समीक्षाका आकारहरू**, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५), पृ. ७५ ।

छन् भने दर्जनौँ कथा, निबन्ध तथा अन्य विधाका लेखहरू विभिन्न पत्रिकाहरूमा छरिएर रहेका छन् । साहित्यकार ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' का साहित्यिक रचनाहरूका आधारमा उनका मूल प्रवृत्तिहरूलाई यसप्रकार प्रस्तुत गरिन्छ :

(क) गोर्खे साइँलो मूलतः सामाजिक यथार्थवादी धरातलमा सामाजिक विसमता, अन्यायका विरुद्ध कलम चलाउने प्रगतिवादी साहित्य सर्जक हुनुका साथै उनका कृतिहरूमा राष्ट्रप्रेम, राष्ट्रियता र सामाजिक-आर्थिक उन्नतिको चाहना व्यक्त गरिएको देखिन्छ ।

(ख) साहित्यकार गोर्खे साइँलोका प्रायः कृतिहरूमा प्रेम-प्रणय, नारीसौन्दर्यजस्ता पक्षहरूमा विशेष जोड दिइएको पाइन्छ ।

(ग) गोर्खे साइँलोका कृतिहरूमा निम्नवर्गीय समाजको चित्रण गरिएको छ । समाजका हुनेखाने, शोषकवर्गले निम्नवर्गीय गरिब जनतालाई शोषण गरेका विविध उदाहरण पनि उनका कृतिहरूमा देख्न सकिन्छ ।

(घ) गोर्खे साइँलोले आफ्ना कृतिहरूमा सरल र सुबोध्य भाषाशैली प्रयोग गरेका छन् । भाषाशैली सहज सम्प्रेष्य भइकन पनि लेखनकला परिपक्व र प्रौढ देखिन्छ ।

(ङ) उनका कृतिहरूमा जीवनप्रतिको सकारात्मक दृष्टिकोण पाइन्छ । प्रत्येक व्यक्तिले जीवनमा विविध उतारचढाव र सङ्घर्षपूर्ण समयको सामना गर्नै पर्दछ । यसो भए तापनि हामीले त्यसको डटेर सामना गर्दै बाँच्नुपर्दछ । ईश्वरीय देनको रूपमा पाइएको मानवजीवन हामीले केही गर्ने उत्साह, जोश र जाँगरका साथ जीवनपथमा अघि बढ्नुपर्छ भन्ने जीवनवादी विचार उनका कृतिहरूमा पाइन्छ ।

(च) साहित्यकार गोर्खे साइँलोका कृतिहरूमा समाजमा विद्यमान विविध विकृति र विसङ्गतिहरूको चित्रण गर्दै मानवता र मानव अस्तित्वको खोजी गरिएको पाइन्छ ।

(छ) साहित्यकार साइँलोले आफ्ना कृतिहरूमार्फत् समाज परिवर्तनका लागि क्रान्तिकारी र सुधारवादी चेत व्यक्त गरेका छन् ।

(ज) गोर्खे साइँलोले आफ्ना कृतिहरूमा प्रायः ग्रामीण निम्नवर्गीय पात्रहरूको प्रयोग गरेका छन् भने उनीहरूले बोल्ने ग्रामीण सामान्य बोलीचालीका भाषाहरूको प्रयोग उनका कृतिहरूमा पाइन्छ ।

## ४.५ साहित्यकार ऋषिप्रसाद लामिछानेको कृतित्वको अध्ययन

### ४.५.१ गजल सिद्धान्तको परिचय

'गजल' अरबी भाषामा जन्मिएर फारसी र उर्दू भाषामा ज्यादै विकसित लोकप्रिय र चर्चाको शिखरमा पुगेको विधाका रूपमा विस्तार भएको पाइन्छ । यो कालान्तरमा हिन्दी अनि नेपालीजस्ता भाषासाहित्यमा पनि भित्रिएको पाइन्छ । गजलमा भावको उचित विन्यास पाइन्छ । यो संरचनाका दृष्टिले लघु हुने भएकाले यसको सन्निकटता मुक्तक र लघुकथाजस्ता विधासँग पनि देखिन्छ । गजललाई खास गरी सङ्गीतचेतनाका आधारमा गीत तथा बिम्ब, प्रतीक उपमाजस्ता क्षेत्रको प्रयोग र सुन्दरताको दृष्टिले कतैकतै कविताको पनि स्वाद दिलाउने साहित्यको विधाका रूपमा पनि लिन सकिन्छ । यस विधाले करिब आठ-नौ सय वर्षको विकसित इतिहासलाई बोकेको छ । समय परिवर्तन हुँदै जाँदा यस विधाले आफ्ना केही संरचक वा घटक वा तत्त्वहरू अगाडिदेखि अहिलेसम्म कायमै राखेको छ, जसको कारण यो विधा अन्य विधाभन्दा पृथक् देखिन्छ । यसले आफ्नो स्वतन्त्र अस्तित्व पनि प्रदान गरेको छ ।

### ४.५.२ गजलको व्युत्पत्ति/उद्भव

अरबी भाषामा जन्मिएर फारसी, उर्दू हुँदै हिन्दी र नेपालीमा भित्रिएको गजल शब्दको व्युत्पत्तिमूलक अर्थलाई विभिन्न विद्वान्ले विभिन्न किसिमले विश्लेषण गर्ने प्रयास गरेका छन् । सबैका आ-आफ्ना मत-अभिमत रहेका छन् । गजलको व्युत्पत्तिमूलक अर्थ लगाएको केही प्रमुख गजलकार र उनीहरूका गजलप्रतिको दृष्टिकोणलाई यहाँ प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

'गजल' अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो ।[६] गजल एउटै शब्द नभएर तीनवटा अरबी शब्दहरू मिलेर बनेको संयुक्त शब्द हो । अरबी भाषामा 'ग' को अर्थ वाणी, 'ज' को अर्थ स्त्री र 'ल' को अर्थ का वा साथ भन्ने हुन्छ । यसप्रकार संयुक्त रूपमा गजलको शाब्दिक अर्थ स्त्रीका साथ प्रयुक्त वाणी अथवा स्वास्नीमानिससित गरिने वार्तालाप हुन्छ ।[७] हुनत यसलाई कसैले प्रेयसीसँगको क्रीडा र कसैले नारीहरूका प्रेम कुरा भन्ने गरेका छन् । मूलतः शृङ्गारिक भाव प्रस्तुतिको अभिव्यक्तिमा जन्मिएको गजलको स्थायी भाव प्रेम मानिए पनि युगानुरूपको समयसँगै आफूलाई अनुकूलित गर्दै आएको वर्तमानसम्मको गजलयुग परिवर्तनका समसामयिक विषय मानव अन्तर्मनको पीडा अभिव्यक्त गर्ने प्रभावकारी माध्यम बनेको हुँदा आज गजल सबैको मुखमा कविता बनेर बसेको छ ।[८]

---

६ महम्मद मुस्ताफा खाँ (सम्पा.), **उर्दू शब्दकोश**, सातौँ संस्क., (लखनऊ : उत्तरप्रदेश हिन्दी संस्थान, १९९२ ई.), पृ. १७७ ।

७ मनु ब्राजाकी, *गजलगाथा*, **समकालीन साहित्य**, (वर्ष ३, अङ्क २, २०५०), पृ. ४९ ।

८ जगन्नाथ, **गजलको शिल्पविधान**, (पटना : पुष्कर प्रकाशन सन् १९४८), पृ. २२ ।

हिन्दीको 'काजल' शब्दबाट 'गजल' भएजस्तै गजल शब्द संस्कृतको कज्जल शब्दको तद्भव रूपमा नेपालीमा आएको हो ।[९] गजल शब्दको प्रथम प्रयोग अरबी भाषामा भएको मानिए तापनि यसको विकास र लोकप्रियता भने फारसी र उर्दू साहित्यमा पुगेर भएको मानिन्छ ।[१०] गजल अत्यन्त संवेदनशील र तीक्ष्ण विधा हो । यसमा सूक्ष्म र तिख्खर अभिव्यक्ति रहेको हुन्छ ।[११] गीत र कविता आ-आफ्नै नाम विशेषता भएका दुई नदी हुन् भने गजल तिनीहरूको सङ्गम हो भन्न सकिन्छ ।[१२] गजललाई गीत वा कविता मात्रै बनाउनु वा भन्नु अनभिज्ञता सिवाय अरू केही होइन । गजल गेयात्मक र सङ्गीतात्मक विधा हो । गजल मात्रिक लय हो, गजल भनेको प्रणय कामना र आन्तरिक पीडाका हार्दिक भावहरूको सुललित अभिव्यक्ति हो ।

अरबी भाषाको 'गिजाला' शब्दबाट गजल बन्दछ । यस गजल शब्दको शाब्दिक अर्थ मृगको शावक वा हरिण शिशु भन्ने हुन्छ ।[१३] यसरी गजल तथा मृगका बच्चाको कारुणिक स्वर अभिव्यक्तिकै अर्थमा गजलको अभिधेयार्थ प्रकट हुन्छ तर पनि लाक्षणिक अर्थमा चाहिँ व्यक्तिको शिशु सुलभ, कोमल हृदयमा चोट वा आघात पुग्दा अनुभूति हुने पीडाको स्वत:स्फूर्त अभिव्यक्ति नै गजल हो ।[१४] यसरी गजल प्रेमिकासँग प्रेमको पीडाबाहेक कुनै पनि प्रकारको पीडा व्यक्त गर्ने शब्द हो ।[१५]

यसरी हरिणशिशुको आर्तनाद वा पीडाकै अभिव्यक्तिका रूपमा गजललाई लिइएको पाइन्छ तापनि गजलको कोमल हृदय वा संवेदशील मनभित्र कुनै किसिमको चोट पुग्दा त्यसबाट प्रकट हुने कारुणिक तरल एवम् आन्तरिक पीडाबाहेक अनुभूतिको भावुक प्रस्तुतिलाई नै गजल मान्न सकिने आधार प्रस्तुत हुन्छ । यसरी गजल अर्थका दृष्टिले एकतामा अनेकता र संरचनागत दृष्टिले अनेकतामा एकता हुने सुललित भाषिक अभिव्यक्ति हो ।

---

९ तोयनाथ सापकोटा, **गजलकार शम्भुप्रसाद ढुङ्गेल**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, काठमाडौं, २०५४), पृ. ७ ।

१० दामोदर रिजाल, **गजलकार भीमनिधि तिवारी**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, काठमाडौं, २०४५), पृ. २२ ।

११ ज्ञानुवाकर पौडेल, *गजल परिचय,* **गजल सिद्धान्त र समालोचना,** देवी पन्थी, (विराटनगर : विविध वाङ्मय प्रकाशन, २०५९), पृ. २ ।

१२ घनश्याम न्यौपाने परिश्रमी, *गजल परिचय,* **गजल सिद्धान्त र समालोचना,** देवी पन्थी, (विराटनगर : विविध वाङ्मय प्रकाशन, २०५९), पृ. २ ।

१३ महम्मद मुस्ताफा खाँ (सम्पा.), **उर्दू शब्दकोश**, पूर्ववत्, पृ. १७८ ।

१४ सतनकुमार वस्ती, **सबेरे आएँ**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, काठमाडौं, २०५३), पृ. ३ ।

१५ मनु ब्राजाकी, *गजलगाथा,* **समकालीन साहित्य**, पूर्ववत्, पृ. ४९ ।

## ४.५.३ गजलको परिभाषा

गजलको उत्पत्तिगत, शब्दगत र कोशगत परिभाषामा विभिन्न विद्वान्हरूले विभिन्न तरिकाले आ-आफ्ना धारणाहरू प्रस्तुत गरेका छन् । गजलको परिभाषा गर्ने विभिन्न विद्वान्हरूका बीच एकरूपता पाइँदैन । सबैका विचारहरू भिन्नभिन्न खालका रहेका छन् । कसैले गजललाई करिब आठसय वर्ष पहिला उत्पत्ति भएको हो भन्छन् । त्यस्तै गजललाई यो अरबी शब्द भएर पनि यसको साहित्यिक विकास र उद्भव अरबी भाषाा नभएको भनेका छन् त कसैले अरबीमा गजल नै प्राप्त नभएको विचारलाई अगाडि सारेका छन् तर पनि अरबी भाषामा जन्मिएको यस विधाले फारसी, उर्दू साहित्यमा केही पाइला सारेको र हिँड्ने तरखरमा लागेको देखिन्छ । यसरी लोकप्रियता हासिल गरेको गजलसाहित्यले नेपाली साहित्यको धर्तीमा पाइला चालेको एक शताब्दीभन्दा बढी भइसकेको छ । साहित्यका अन्य विधाका जस्तै यस विधाका बारेमा पनि धेरै अगाडिदेखि अहिलेसम्म स्वदेशी तथा विदेशी गजलकारहरू र गजलको अनुसन्धान गर्ने विभिन्न व्यक्तिहरूबाट टीका-टिप्पणी गरिएका छन् र यसको परिभाषालाई केलाउने काम पनि विभिन्न व्यक्तिहरूबाट भएको छ । यसरी गरिएका प्रयासहरूले गजलको समग्र स्वरूपलाई प्रस्तुत गर्न सकेका छैनन् । गजलको कुनै पनि पक्ष-विपक्षमा मात्र ती प्रयासहरू सीमित भएका छन् तर पनि यसरी गरिएका विभिन्न प्रयासहरूलाई प्रस्तुत गरेर समग्रमा गजलको एउटा परिभाषामा पुग्ने चेष्टा गरिएको छ ।

उर्दू हिन्दी शब्दकोशमा भनिएको छ – 'गजल' उर्दू र फारसी कविताको एक प्रकार हो, जसमा पाँचदेखि एघारसम्म शेर रहन्छन् । सबै शेर एउटै रदिफ र काफियामा आबद्ध हुन्छन् साथै प्रत्येक शेरको विषयवस्तु अलग रहेको हुन्छ । पहिलो शेरलाई मतला भनिन्छ जसमा दुवै मिसरा अनुप्रासयुक्त हुन्छन् भने अन्तिम शेरलाई मक्ता भनिन्छ जसमा गजलकारले आफ्नो उपनाम प्रयोग गर्छन् । गजलको सङ्ग्रहलाई 'दिवाना' भनिन्छ ।[१६] त्यसै गरी बृहत् हिन्दी शब्दकोशले गजललाई मुक्तकका रूपमा चिनाएको छ । वासुदेव त्रिपाठीले गजललाई कविताको सानो वा लघुरूप मानेका छन् ।[१७] यसै गरी नेपाली शब्दकोशले विशेष गरेर प्रेमका विषयमा शृङ्गाररसका कविता लेख्ने एक प्रकारको फारसी छन्द वा त्यसै छन्दमा लेखिएको कविता भनेर गजललाई चिनाएको छ ।[१८] तर गजल कुनै एउटा छन्द वा त्यसै छन्दमा लेखिएको कविता होइन भन्ने व्यक्तिहरू पनि छन् । यी सबै पक्षका कारणले गजल संरचनामा विभिन्न शास्त्रीय छन्दहरूको प्रयोग गरिएको पाइन्छ । **दि अक्सफोर्ड इङ्गलिस डिक्सनरी**मा विशेषत:

---

१६ महम्मद मुस्ताफा खाँ (सम्पा.), पूर्ववत्, पृ. १७७ ।

१७ वासुदेव त्रिपाठी, *"महाकवि देवकोटा र उनका महाकाव्य" का सम्बन्धमा कुमारबहादुर जोशी,* **महाकवि देवकोटा र उनका महाकाव्य**, तेस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५३), पृ. ४ ।

१८ बालकृष्ण पोखेल (नि.), **नेपाली बहृत् शब्दकोश**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४०), पृ. ३१८ ।

प्रेमसम्बन्धी वर्णन, पुरानो लयात्मक कविताको एक प्रकार साथै सीमित श्लोक वा शेर तथा केही अनुप्रास (काफिया) का आवृत्तिले पश्चिमी पद्यभन्दा फरक रचना भनेर उल्लेख गरिएको छ । गजललाई अङ्ग्रेजीमा गजल, घजेल, घजुल, घसेल भनिने पनि यसले बताएको छ ।

उर्दू फारसी साहित्यकारहरूबाट घायल, हरिण (शावक) को करुण चित्कारसँग र गजल नामक कुनै शायरको सम्झनास्वरूप गजलको भावनात्मक सुकोमलता दाँजिएको यो विधा गीत र कविताको मधुर सङ्गमयुक्त पद्यात्मक काव्य हो अर्थात् गजल एक किसिमको शैली वा भाव प्रकट गर्ने माध्यम हो ।[१९] यसरी गजलसम्बन्धी परिभाषा तथा गजलको परम्परा, विकास एवम् गजलको सैद्धान्तिक स्वरूप वा विधागत संरचनाका आधारमा गजललाई सङ्क्षेपमा यसरी परिभाषित गर्न सकिन्छ :

विलक्षण शैलीमा भावको तीव्र विन्यास विषयको केन्द्रीयता भएको सरल, सुकोमल, सङ्क्षिप्त र प्रभावकारी पङ्क्तिद्वारा बनेको एक किसिमको गेयात्मक, लयात्मक पद्यरचनालाई नै गजल भन्न सकिन्छ ।

## ४.६ गजलको रचनाविधान

गजल मुख्यतया भाषाका माध्यमद्वारा सङ्गीतको सहयोगमा अभिव्यक्त हुने कलाविशेष हो ।[२०] गजल उर्दू वा फारसी भाषामा लेखिएको कविताविशेष भएकोले अन्य विधाझैं यसको पनि आफ्नै शास्त्रीय आधार तथा तत्त्वहरू छन् ।[२१] गजल शेरको समष्टि रूप हो जुन एउटै छन्दमा रचनाबद्ध भई परम्परमा लघुगुरु वर्णक्रम एवम् मात्रात्मक संयोजन साथ दुई पङ्क्तिमा पूर्ण भएका हुन्छन् र शेरलाई गजलको आधिकारिक एकाई पनि भनिन्छ ।[२२] गजलका हरेक शेरहरू अर्थका दृष्टिले आफूमा पूर्ण भई आएका हुन्छन् ।[२३] अर्थात् स्वतन्त्र सम्वाहक भई आएका हुन्छन् । परम्परागत रूपमा गजलमा शेर सङ्ख्या विषम (ताक) हुनुपर्ने अनुरोध पाइए पनि वर्तमानमा त्यसको पूर्ण निर्वाह सम मात्रामा शेरहरू लेखिएको पाइन्छ । काव्यशास्त्रमा यसका बारे किटानी सङ्ख्याको विधान उल्लेख नहुनाले पनि गजल ३।५।७।११।१७ र यसभन्दा बढी शेर सङ्ख्यामा निर्माण गरिँदै आएको देखिन्छ । यद्यपि पाँचदेखि सात शेरसम्मको गजल लेखनलाई उत्कृष्ट मानिन्छ ।[२४] यसैले गजलको आधिकारिक एकाइ भएर आएको शेरहरूलाई कसीमा लगाई चिनाउने उर्दू र फारसीका प्राविधिक शब्दहरूलाई निम्न

---

१९ कृष्णहरि बराल, **संदृष्टि**, (ललितपुर : साझा प्रकाशन, २०५५), पृ. ३२ ।

२० ___________, **गजल सिद्धान्त र परम्परा**, (ललितपुर :साझा प्रकाशन, २०६४), पृ. ८ ।

२१ कृष्णहरि बराल, **संदृष्टि**, पूर्ववत् ।

२२ जगन्नाथ, **गजलको शिल्पविधान**, पूर्ववत्, पृ. २४ ।

२३ ईश्वर बराल र अन्य (सम्पा.), **नेपाली साहित्यकोश**, पूर्ववत्, पृ. २५४ ।

२४ जगन्नाथ, **गजलको शिल्पविधान**, पूर्ववत् ।

क्रममा राखेर अध्ययन गरिएको छ, जुन गजलको रचनाविधानअन्तर्गत आवश्यक अङ्गका रूपमा निरूपित भएका हुन्छन् ।

## ४.६.१ शेर

शेर अरबी भाषाको शब्द हो । विषयवस्तुका दृष्टिले परस्पर सम्बन्धित एउटै लघु गुरु क्रमका दुई पङ्क्तिको स्वरूपलाई शेर भनिन्छ । शेर गजलको आधारतत्त्व हो । गजलका शेरहरू अर्थका दृष्टिकोणबाट आफैँमा पूर्ण हुन्छन् । गजल बन्न शेरहरूको योग हुनुपर्छ र मिसरा वा पङ्क्तिहरूको मिलनबाट शेरको निर्माण हुन्छ । गजल भनेको शेरहरूको समष्टिगत रूप हो ।[२५] शेरमा दुई पङ्क्ति रहेका हुन्छन् । शेरको प्रथम पङ्क्तिलाई 'मिसरा ए उला' र दोस्रो पङ्क्तिलाई 'मिसरा ए सानी' भनिन्छ ।[२६] गजलको प्रत्येक शेरमा एक नयाँ विषयवस्तुले स्थान पाएको हुन्छ । एउटै किसिमको भावमा गजलको निर्माण भएन भने गजलमा प्रभाव आउन सक्दैन गजलमा जति शेर हुन्छन् ती सबैले आ-आफ्ना मान्यता बोकेका हुन्छन् । एउटै गजलभित्रका शेरहरूमा प्रेम, विरह, वेदना, प्रकृति चित्रण, चिन्तन-मनन, सामाजिक एवम् राजनैतिक व्यङ्ग्य, विद्रोही भाव तथा विकृति-विसङ्गतिजस्ता विविध पक्षहरूको प्रतिबिम्बन गर्न गजलकारले पूर्ण रूपमा छुट पाएको हुन्छ ।[२७]

## ४.६.२ काफिया

काफिया अरबी भाषाको शब्द हो । सरदार मुजावरले विनय वाइकरको स्रोत प्रयोग गरेर यसको शाब्दिक अर्थ पछिपछि हिँड्ने वा बारम्बार आउने हुन्छ भनेका छन् ।[२८] काफियाको शाब्दिक अर्थचाहिँ अन्त्यानुप्रास, अनुप्रास वा तुक भन्ने हुन्छ । गजलमा काफियाको अत्यन्तै महत्त्व रहेको हुन्छ । काफियाबिना गजल बन्न नै सक्दैन ।[२९] काफियाको शुद्ध र समुचित प्रयोगले नै गजललाई जीवन्त बनाएको हुन्छ ।[३०] काफियामा स्वर मात्राको समता हुनुपर्दछ । काफिया र रदिफभन्दा पहिले प्रयोग हुन्छ । यसरी हरेक शेरको अन्त्यमा वा रदिफभन्दा सिर्जना गर्नुको साथै गजललाई उच्चकोटिको संरचनासमेत प्रदान गर्दछ ।

---

२५ घनश्याम न्यौपाने 'परिश्रमी', **गजलको स्वरूप र बहरहरूको चिनारी तथा नेपाली गजलपरम्पराको सङ्क्षिप्त अभिरेखाङ्कन**, (ने.रा.प्र.प्र. तथा भेरी साहित्य समाज, नेपालगञ्जको संयुक्त तत्त्वावधानमा आयोजित कार्यक्रममा प्रस्तुत अप्रकाशित कार्यपत्र, २०६२), पृ ५१ ।

२६ ऐजन ।

२७ ऐजन ।

२८ कृष्णहरि बराल, **गजल सिद्धान्त र परम्परा**, पूर्ववत्, पृ. २९ ।

२९ घनश्याम न्यौपाने 'परिश्रमी', **गजलको स्वरूप र बहरहरूको चिनारी तथा नेपाली गजलपरम्पराको सङ्क्षिप्त अभिरेखाङ्कन**, पूर्ववत्, पृ. ६ ।

३० ऐजन ।

## ४.६.३ रदिफ

रदिफ अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो । यसको शाब्दिक अर्थ पछि-पछि हिँड्ने हुन्छ ।[३१] हरेक शेरमा अन्त्यमा जति शब्द बारम्बार आउँछन्, तिनलाई नै रदिफ भनिन्छ । गजलमा काफिया अनिवार्य रूपमा हुनुपर्ने भए पनि रदिफको चाहिँ त्यस्तो अनिवार्य उपस्थिति चाहिँदैन । यो ऐच्छिक रूपमा आउन सक्छ ।[३२] काफिया र रदिफ दुवैको समन्वितिले गजललाई आकर्षण र मधुर तुल्याएको हुन्छ ।[३३] रदिफको प्रयोगले गजललाई गायनमा श्रुतिमधुर बनाउँछ जसका कारण अधिकांश गजलकारहरूले यसलाई त्यागेका हुँदैनन् । कसै-कसैले रदिफलाई अनिवार्य माने पनि यो ऐच्छिक हो ।

## ४.६.४ मतला

गजलमा दुई-दुई पङ्क्तिको श्लोक रहन्छ । प्रत्येक श्लोकलाई शेर भनिन्छ । कुनै पनि गजलको प्रथम शेरलाई मतला भनिन्छ ।[३४] मतलालाई गजलको टाउको मान्न सकिन्छ । मतलाको शाब्दिक अर्थ प्रारम्भ भन्ने बुझिनुले पनि यसलाई पुष्टि गर्दछ । मतलाका दुवै मिसरामा काफिया र रदिफको प्रयोग हुन्छ । मतलाको समायोजनले गजललाई श्रुतिमधुर बनाउनका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।[३५] गायकले गजल गाउँदाखेरी प्रत्येक शेरहरूपछि मतलाको पुनरावृत्ति गर्दछन् । यसबाट गजल राम्रो सुनिन्छ । काफिया र रदिफ दुवै मिसरामा सन्तुलित रूपमा प्रयोग भएको मतला हुनु गजलका लागि आवश्यक नै ठान्नु उपयुक्त हुन्छ ।[३६]

## ४.६.५ मक्ता

कुनै पनि गजलको अन्तिम शेरलाई मक्ता भनिन्छ ।[३७] यस शब्दले समाप्ति र टुङ्गिएको भन्ने अर्थलाई बुझाउँछ । गजललाई टुङ्ग्याउने महत्त्वपूर्ण अङ्गका रूपमा

३१ कृष्णहरि बराल, **गजल सिद्धान्त र परम्परा**, पूर्ववत्, पृ. ३८ ।

३२ टीकाराम उदासी, **गजल सिद्धान्त र नेपाली गजलको इतिहास**, (दाङ : अतिरिक्त प्रकाशन, २०५९), पृ. १४ ।

३३ घनश्याम न्यौपाने परिश्रमी, गजलको स्वरूप र बहरहरूको चिनारी तथा नेपाली गजलपरम्पराको सङ्क्षिप्त अभिरेखाङ्कन, पूर्ववत्, पृ. ७ ।

३४ देवी पन्थी, **गजल सिद्धान्त र समालोचना**, (विराटनगर : विविध वाङ्मय प्रकाशन, २०५९), पृ. १० ।

३५ घनश्याम न्यौपाने 'परिश्रमी', **गजलको स्वरूप र बहरहरूको चिनारी तथा नेपाली गजलपरम्पराको सङ्क्षिप्त अभिरेखाङ्कन**, पूर्ववत्, पृ. ७ ।

३६ ऐजन ।

३७ देवी पन्थी, **गजल सिद्धान्त र समालोचना**, पूर्ववत्, पृ. १० ।

मक्तालाई लिइन्छ । मक्ताको मिसरामा लेखकले आफ्नो तखल्लुस पनि प्रयोग गर्ने गर्दछन् । त्यसकारण तखल्लुसलाई पनि यहाँ छुट्टै स्थान दिनु उपयुक्त देखिन्छ ।

## ४.६.६ तखल्लुस

तखल्लुस अरबी भाषाको पुलिङ्गी शब्द हो । यसको अर्थ कविले आफ्नो रचनामा लेख्ने नाम वा उपनाम भन्ने हुन्छ ।[३८] यो गजलसंरचनाको अनिवार्य तत्त्व नभएर एउटा प्रचलन मात्र हो । तखल्लुस गजलमा मात्र प्रयोग नगरिएर अन्य विधामा पनि प्रयोग गर्ने गरेको पाइन्छ । नेपाली गजललेखनका प्रवर्तक मोतीराम भट्टले पनि आफ्ना अधिकांश गजला तखल्लुसको प्रयोग गरेको पाइन्छ । गजलमा तखल्लुसको प्रयोगले यसको अर्थमा उत्कृष्टता ल्याउन सकिन्छ ।

## ४.६.७ बहर

बहर उर्दू शब्द हो । यसको अर्थ छन्द हुन्छ । पद्यसाहित्यमा छन्द अथवा बहरहरूको ठूलो महत्त्व रहेको हुन्छ । गजल रचना गर्दा बहरलाई अतिवार्य तत्त्वकै रूपमा स्वीकार गर्नुपर्ने देखिन्छ । यदि गजलमा बहरहरूको सही प्रयोग हुन सकेन भने त्यो फजल हुन पुग्छ । गजल छन्दोबद्ध हुनुपर्छ ।[३९] छन्दले भावलाई गतिशील र तीव्रतर बनाउने हुँदा यसलाई गजलको आन्तरिक तत्त्व मानिन्छ ।[४०]

उर्दू वा फारसीमा छन्दलाई बहर भनिन्छ भने यसको निर्माण रुक्न (गण) हरूको पुनरावृत्ति गरिन्छ । संस्कृत पिङ्गल शास्त्रकै आधारमा उर्दू वा फारसी गजलका तत्त्वहरू छन्दहरू निर्माण भएका हुन्छन् भन्ने कुरा देखाइएको छ । हिन्दी नेपाली साहित्यमा पनि संस्कृत छन्दशास्त्रकै आधार लिएर केही जस्ताको तस्तै र केही आफ्नै भाषिक विशेषताअनुकूल सरल हुनेगरी मौलिक छन्द निर्माण गरिएको छ । उर्दू साहित्यमा धेरै बहर छन् । सबैले बहरको प्रयोग एकरूपतामा गरेका हुँदैनन् । वर्तमानमा उर्दू वा फारसी गजलहरू प्राच्य छन्दको प्रयोगमा सीमित नरही समयानुकूल नवछन्दको प्रयोगसाथ रचिन थालेका अवस्थामा यसको प्रभाव अन्य भाषाका गजलका अतिरिक्त नेपाली गजलमा पनि परेकोले नेपाली गजलमा लोकलयको विशेषता पाइन्छ ।

---

३८ कृष्णहरि बराल, **गजल सिद्धान्त र परम्परा**, पूर्ववत्, पृ. ४३ ।
३९ मनु ब्राजाकी, *गजलगाथा,* **समकालीन साहित्य**, पूर्ववत्, पृ. २६ ।
४० ऐजन ।

## ४.७ गजलको अन्य साहित्यिक विधा–उपविधासँगको सम्बन्ध

गजल एउटा साहित्यिक भेद भएकाले यसको सम्बन्ध साहित्यका अन्य भेदहरूसँग रहनु पनि स्वाभाविकै हो । गजलको सम्बन्ध गीत, मुक्तक, कविता, लघुकवितासँग निकट रहेको पाइन्छ । यहाँ साहित्यका अन्य विधाहरूलाई गजलको निकट विधाका रूपमा प्रस्तुत गरेर ती साहित्यिक विधासँग गजलको समानता र असमानतालाई पस्किने प्रयास गरिएको छ ।[४१]

### ४.७.१ गजल र कविता

गजल र कविता दुवै साहित्यका पद्यविधा हुन् । त्यसकारण यी दुवैका बीच धेरै समानताहरू रहेका छन् र केही असमानताहरू पनि ।

**(क) समानता**

अ. गजल र कविता दुवै साहित्यका पद्यविधा हुन् ।

आ. दुवैका लागि लय अपरिहार्य छ ।

इ. दुवै विधा छन्दोबद्ध हुन्छन् ।

ई. दुवै विधामा बिम्ब, प्रतीक, उपमा र रूपकको प्रयोग गरिएको हुन्छ ।

उ. दुवैमा भावको केन्द्रीयता रहेको हुन्छ ।

**(ख) असमानता**

अ. कविता पद्यविधा भएकोले यो गद्यमा पनि लेख्न सकिन्छ तर गजलमा गद्यविधा हुन सक्दैन ।

आ. गजलमा रदिफ, काफिया, मक्ता, मतलाजस्ता पङ्क्तिपुञ्जद्वारा शेरको निर्माण गरिएको हुन्छ भने कवितामा त्यस्तो हुँदैन ।

इ. कविता लामो पनि हुनसक्छ भने गजल प्राय: छोटो हुन्छ ।

ई. कविताभन्दा गजल कसिलो र सङ्क्षिप्त हुन्छ ।

उ. गजलको शीर्षक प्राय: गजल नै राखिन्छ तर धेरैजसो कविताको शीर्षक कविता राखिँदैन ।

---

४१ टीकाराम उदासी, **गजल सिद्धान्त र नेपाली गजलको इतिहास**, पूर्ववत्, पूर्ववत्, पृ. २३ ।

यसरी गजल र कविता दुवै साहित्यका पद्यविधा हुन् तर यी दुवैमा केही समानता त्यसै गरी केही असमानताहरू पाइएको छ । दुवै छन्दोबद्ध हुन्छन् । गजल गद्यमा लेख्न सकिँदैन भने कविता पद्यविधा भए पनि गद्यमा लेख्न सकिन्छ । गजलको शीर्षक प्राय: गजलै राखिन्छ तर कविताको शीर्षक कविता नै राखिँदैन । यसरी केही समानता केही भिन्नता पाइन्छ ।

## ४.७.२ गजल र गीत

गजल र गीत दुवै पद्यविधा भएकोले यी दुईका बीच धेरै समानता र केही असमानताहरू पनि छन् । दुवै गेयविधा भए पनि दुवैको स्वरूप एउटै हुँदैन ।

**(क) समानता**

अ. दुवै साहित्यका पद्यविधा हुन् ।

आ. दुवै गेयविधा भएकोले लय र सङ्गीत दुवैमा आवश्यक छ ।

इ. भावको विन्यास दुवैमा हुन्छ ।

ई. सरल, सुकोमल शब्द दुवैमा आवश्यक छ ।

उ. दुवै विधा भावनात्मक संरचनामा संरचित हुन्छ ।

**(ख) असमानता**

अ. गजलमा रदिफ, काफिया, मक्ता र मतलाहरूको प्रयोग गरिन्छ तर गीतमा त्यस्तो हुँदैन ।

आ. गीत संसारका धेरै भाषामा प्रचलित छन् भने गजल थोरै भाषामा मात्र ।

इ. गीत विभिन्न किसिमका हुन्छन् भने गजल एकै किसिमका ।

ई. गीतमा प्राय: एउटै मूल कुराहरूलाई पछिसम्म लम्ब्याइन्छ तर गजलको प्रत्येक शेर आफैँमा पूर्ण हुन्छन् ।

गीत र गजल पनि साहित्यका पद्यविधा हुन् । दुवैमा लय र सङ्गीत आवश्यक मानिन्छ तर गजलमा गजलका तत्त्व जस्तै: रदिफ, काफिया, मतला, मक्ता आदिको प्रयोग गरिएको हुन्छ, आवश्यक मानिन्छ तर गीतमा त्यस्तो हुँदैन । यसै गरी गीतमा प्राय:जसो एउटै मूल कुराहरूलाई पछिसम्म लम्ब्याइन्छ तर गजलको प्रत्येक शेर आफैँमा पूर्ण हुन्छ । यसरी गीत र गजलमा केही समानता पाइन्छ भने केही भिन्नता पनि पाइन्छ ।

## ४.७.३ गजल र मुक्तक

गजल र मुक्तक दुवै पद्य तथा लघुविधा भए तापनि यी दुवैमा केही समानता र केही असमानताहरू रहेका छन् ।

**(क) समानता**

अ. दुवैमा लयविधान आवश्यक छ ।

आ. दुवैमा अनुप्रासको प्रयोग हुन्छ ।

इ. साहित्यका लघुविधाभित्र दुवै पर्छन् ।

ई. दुवैमा विषयको केन्द्रीयता रहेको छ ।

उ. संरचना दुवैको कसिलो हुन्छ ।

**(ख) असमानता**

अ. गजलमा सङ्गीतको आवश्यकता पर्छ तर मुक्तकमा पर्दैन ।

आ. गजलभन्दा मुक्तक केही छोटो हुन्छ ।

इ. गजलका प्रत्येक शेर आफ्नै अर्थमा अडिएका हुन्छन् तर मुक्तकमा त्यस्तो हुँदैन ।

ई. गजल छन्दमा लेखिन्छ तर मुक्तक लेखिँदैन ।

उ. गजलका जस्ता आवश्यक तत्त्वहरू मुक्तकलाई चाहिँदैनन् ।

गजल र मुक्तक दुवै पद्यविधा हुन् । लय, अनुप्रास, विषयको केन्द्रीयता दुवैमा हुन्छ तर गजलमा सङ्गीतको आवश्यकता परेको हुन्छ भने मुक्तकमा पर्दैन । त्यस्तै गजल छन्दमा लेखिन्छ भने मुक्तक छन्दमा लेखिँदैन । यसरी मुक्तक र गजलमा केही समानता केही असमानता रहेका छन् ।

## ४.७.४ गजल र लघुकथा

गजल र लघुकथा आकारका दृष्टिले केही समानता देखिए पनि पद्यविधा गजल र गद्यविधा लघुकथाका बीच समानता र असमानताहरू विद्यमान छन् ।

**(क) समानता**

अ. दुवै सङ्क्षेपमा लेखिन्छ ।

आ. दुवैमा भावको केन्द्रीयता रहेको हुन्छ ।

इ. दुवैमा बिम्ब र प्रतीकको प्रयोग हुन्छ ।

ई. दुवैले कसिलो संरचनामा आफूलाई उभ्याएका हुन्छन् ।

उ. दुवैले छोटोमा धेरै कुरा व्यक्त गर्छन् ।

**(ख) असमानता**

अ. गजल पद्य हो भने लघुकथा गद्य ।

आ. गजलमा लय र सङ्गीतको आवश्यकता पर्छ भने लघुकथामा पर्दैन ।

इ. गजलमा पात्रको प्रयोग हुँदैन तर लघुकथामा हुन्छ ।

ई. गजलमा संवादको प्रयोग हुँदैन भने लघुकथामा गर्न सकिन्छ ।

उ. गजल अरबी र फारसी साहित्यको देन हो भने लघुकथा अङ्ग्रेजी साहित्यको ।

ऊ. गजल गाइन्छ तर लघुकथा पढिन्छ ।

ऋ. गजलले आन्तरिक कुरालाई बढी उठाउँछ तर लघुकथाले बाह्यलाई ।

गजल र लघुकथा दुवै पद्यविधा हुन् दुवैमा भावको केन्द्रीयता, बिम्ब, प्रतीकको प्रयोग गरिएको हुन्छ तर गजलमा संवादको प्रयोग, पात्रको प्रयोग हुँदैन भने लघुकथामा यसको प्रयोग अनिवार्य हुन्छ । त्यसै गरी गजल अरबी र फारसी साहित्यको देन हो भने लघुकथा अङ्ग्रेजी साहित्यको देन हो । यसरी गजल र लघुकथा दुवै साहित्यका विधा हुन् ।

## ४.८ नेपाली गजलको पृष्ठभूमि र प्रारम्भ

नेपाली गजलले एक शताब्दीभन्दा लामो यात्रा तय गरिसकेको छ । हुनत एक शताब्दी कुनै एक साहित्यिक विधाको लागि त्यति लामो यात्रा होइन तर पनि नेपाली साहित्यको इतिहासमा गजलको समयावधि धेरै उल्लेखनीय महत्त्वपूर्ण तवरले स्थापित भएको छ । यस दौडानमा नेपाली गजलले आफ्नो यात्राका राम्रा-नराम्रा पक्षहरूलाई आत्मसात् गर्दै निरन्तर अगाडि बढ्ने अवसर प्राप्त गऱ्यो । आफ्नो यात्रालाई निरन्तरता दिँदै विभिन्न उतारचढावहरूलाई पार गर्दै नेपाली साहित्यको इतिहासमा गजल आफ्नो स्थान प्राप्त गर्न सफल भयो । नेपाली साहित्यमा छोटो समयमा नै पाएको सफलताले यो विधा साहित्यको अति महत्त्वपूर्ण विधाका रूपमा स्थापित हुन पुग्यो । नेपाली गजललाई यस अवस्थामा निरन्तर सहयोग गरी नेपाली गजलकारहरूले अविस्मरणीय योगदान पुराए । नेपाली गजललाई मलजल

गर्ने क्रममा गजलकारका रूपमा विभिन्न गजलकृति, गजलसङ्ग्रह, फुटकर गजल एवम् विभिन्न साहित्यिक पत्रपत्रिकाका गजलविशेषाङ्कहरूको योगदान पनि अविष्मरणीय रहन पुग्यो । अहिलेको परिवेशमा पनि नेपाली गजलले आफ्ना चुनौतीहरूलाई पन्छाउँदै र भविष्यका दरिला आशाहरूलाई आत्मसात् गर्दै निरन्तर आफ्नो यात्रामा लम्किरहेको छ । यसरी साहित्यको एक विधाका रूपमा स्थापित गजलले नेपाली साहित्यको एक पाटो बन्ने अवसर प्राप्त गरिसकेको छ । नेपाली साहित्यको समग्र यात्रामा नेपाली गजलको उपस्थिति, यात्रा, लगनशीलता र निरन्तरता उल्लेख्य तरिकाले अगाडि बढिरहेको प्रतीत हुन्छ । नेपाली गजललेखनको पृष्ठभूमि र प्रारम्भलाई यहाँ छुट्टाछुट्टै प्रस्तुत गरेर गजलविधालाई एक स्तरीय र उच्चकोटिको बनाउने प्रयत्न गरिएको छ ।

## ४.८.१ नेपाली गजललेखनको पृष्ठभूमि

साहित्यलाई समाजको ऐना मानिन्छ । साहित्य समग्रमा समाजकै देन हो भन्दा पनि फरक पर्दैन । समाज र व्यक्तिमा हुने परिवर्तनसँगै साहित्यमा पनि परिवर्तन आउँछ । यो प्रक्रिया मानव समाजमा निरन्तर चलिरहने भएकाले साहित्यको क्षेत्रमा उतारचढाव आउनु स्वाभाविकै हो । समाजको निरन्तर परिवर्तनका कारण विश्व साहित्यका क्षेत्रमा कतिपय पुराना विधा र उपविधा लोप भएका वा हुने अवस्थामा पुगेका र कतिपय नवीन विधाहरू लोकप्रिय भएर अस्तित्वमा समेत आइसकेका छन् । अरबी, फारसी, उर्दू र हिन्दी साहित्यका क्षेत्रमा लामो यात्रा पार गरिसकेको गजलविधाले नेपाली भाषासाहित्यमा धेरैपछि मात्र आफ्नो रूपलाई प्रस्तुत गरेको हो । नेपाली साहित्यमा गजलको आगमन त्यत्तिकै भएको होइन । यसका पछाडि विविध क्रियाकलापहरू पृष्ठभूमिका रूपमा कार्य गरेका छन् । यस आधारमा नेपाली गजललेखनको पृष्ठभूमिलाई केलाएर हेर्दा विभिन्न कुराहरूलाई प्रस्तुत गर्नुपर्ने हुन्छ । अन्य भाषाभाषी धेरै पहिले यस विधाले आफूलाई स्थापित गराएको भए पनि नेपाली साहित्यको क्षेत्रमा यसको उपस्थितिलाई पछि मात्र प्रवेश गरायो । यस विधाले नेपाली साहित्यमा प्रवेश पाउनुको पृष्ठभूमिका रूपमा धेरै कुराहरूलाई औंल्याउनु पर्ने हुन्छ ।

## ४.८.२ नेपाली भाषामा भन्दा अरू भाषामा बढी गजल लेखिनु

अरबी भाषालाई विश्वका उत्कृष्ट भाषामध्ये एक मानिन्छ । यसको साहित्य विश्वका पुराना राम्रा साहित्यमध्येको एक हो । पश्चिमी एसियाको ठूलो क्षेत्रमा फैलिएर रहेका अरबी भाषाहरू धेरै राज्यमा विभाजित थिए र अहिलेसम्म पनि छन् । यी सबै कारणले अरबी भाषालाई कुनै एउटा देशको मात्र उपज नभएर युरोप र संयुक्त राज्य अमेरिकालगायत विभिन्न

देशका लेखक-कविहरूद्वारा विकासका क्षेत्रमा आएको भाषाका रूपमा लिइन्छ । हुनत भाषागत दृष्टिकोणबाट ईशापूर्व सातौँ शताब्दीदेखि ईशापश्चात् चौथो शताब्दीसम्मका अभिलेखहरू महत्त्वपूर्ण छन् तर साहित्यिक दृष्टिले यिनको छैन ।[४२] धेरै लामो समयदेखि विद्यमान विभिन्न लोकसाहित्यिक सामग्री पाइए पनि अरबीमा लिखित साहित्यको उठान छैटौँ शताब्दीमा आएर मात्र भएको हो ।[४३] सातौँ शताब्दीमा नै यसले स्वर्णयुगमा प्रवेश गरेको भए तापनि छैटौँ शताब्दीको आरम्भदेखि मात्र अरबीमा लिखित साहित्यिक मूल्यका कृतिहरू देखिएका हुन् ।[४४] गजलविधाको उत्पत्ति कहिले भएको थियो भन्ने जिज्ञासाको यथेष्ट समाधान अझै हुन नसकेको भए तापनि यसको उत्पत्ति अरबी भाषासाहित्यमा भएको हो[४५] भन्ने कुरामा कुनै शङ्का छैन । अरबी मुलुकहरूमा कुनै बखत इस्लाम धर्म धेरै प्रचलित थियो । कालान्तरमा अरबी विजेताहरूसँगै यसले इरानमा प्रवेश गरेको हो । त्यसपछि नै गजलविधाले फारसी भाषामा प्रवेश गर्ने अवसर प्राप्त गरेको देखिन्छ ।[४६] तत्कालीन इस्लाम धर्मका अनुयायी इरानी शासकहरूले अरबी काव्यका अन्य विधाका साथै गजलविधालाई पनि प्रोत्साहित गरे ।[४७] फारसी भाषामा आएर गजलले यति वैविध्यपूर्ण उत्कर्ष प्राप्त गर्‍यो जसले गर्दा आज भ्रमवश कसैले यस विधालाई फारसीमा जन्मिएको समेत भनेको पाइन्छ ।[४८]

फारसी संसारका श्रेष्ठ भाषाहरूमध्ये एउटा महत्त्वपूर्ण भाषा हो । यसमा साहित्यको इतिहास बोकेको फारसी भाषामा विदेशी संस्कृतिले झन् मौलाउने अवसर प्राप्त गरेको थियो । दरबारमा सुरासुन्दरीको आगमन व्यापक हुन थालेको थियो । राणाहरू ती सुन्दरीहरूको सुन्दरताबाट मात्र सन्तुष्ट नभएर शृङ्गारिक साहित्यमा उनीहरूले बढी ध्यान दिएका थिए । विभिन्न शृङ्गारिक साहित्यको अनुवादकका साथै उर्दू, हिन्दी, फारसी, गजल, थिएटर आदि शृङ्गारिक सामग्री तथा कलाकारहरूलाई नेपालमा राणाहरूले बोलाएका थिए । यसै परिप्रेक्ष्यमा गजलले पनि नेपाली भाषामा प्रवेश पाएको थियो । त्यतिखेर सबैको माझ गजल एउटा अनुकूल विधाका रूपमा स्थापित भएको थियो । यसरी नेपाली साहित्यमा गजलको आगमनमा तत्कालीन नेपालको सामाजिक र सांस्कृतिक पृष्ठभूमिले ठूलो सहयोग पुर्‍यो र यस विधाले नेपाली भाषामा स्थान पाएको थियो ।

---

४२ पूर्ववत्, पृ. ८४ ।

४३ ऐजन ।

४४ मनु ब्राजाकी, **आधुनिक नेपाली गजलको विषय र स्वरूप**, पूर्ववत्, पृ. १६ ।

४५ ऐजन ।

४६ ऐजन ।

४७ ऐजन ।

४८ घनश्याम न्यौपाने परिश्रमी, **घामको छाहारीमा**, (काठमाडौँ : पम्फा नेपाल, २०५३), पृ. ४ ।

## ४.८.३ नेपाली साहित्यको शृङ्गारिक धाराको प्रभाव र पृष्ठभूमि

नेपाली साहित्यको माध्यमिक काल शृङ्गारिक कालका रूपमा परिचित छ । यस कालमा अन्य विधाले भन्दा शृङ्गारिक विधाले बढी मौलाउने अवसर प्राप्त गर्‍यो । राणाहरूको विलासी प्रवृत्तिले माध्यमिक काललाई शृङ्गारिकतातर्फ बढी उन्मुख बनायो । माध्यमिककालीन साहित्यका धेरै विधाले शृङ्गारिकतालाई बढी अगाडि बढाए ।

अरबी भाषामा जन्मिएर फारसी उर्दूमा हुर्किएको गजलविधा नेपाली साहित्यको माध्यमिक कालमा अत्यन्त सफल विधाका रूपमा स्थापित हुन पुग्यो । शृङ्गारिक भावधारामा गजलले आफ्नो एउटा गरिमामय परम्परा स्थापित गरिसकेको सन्दर्भमा शृङ्गारिक रूपमा रहेको नेपाली साहित्यको माध्यमिक कालखण्डमै गजलको प्रवेश हुनु आफैँमा एउटा महत्त्वपूर्ण घटना हो ।[४९] यसरी नेपाली भाषामा गजलको प्रादुर्भाव र विस्तार हुनुका पछाडि नेपाली साहित्यको शृङ्गारिक धाराको प्रभाव र पृष्ठभूमिले उल्लेखनीय भूमिका निर्वाह गरेको स्पष्ट हुन्छ ।[५०]

यसरी नेपाली साहित्यमा विभिन्न उतारचढावहरूलाई आत्मसात् गर्दै नेपाली गजल लेखनको पृष्ठभूमि र प्रारम्भ भएको कुरालाई बुझ्न सकिन्छ ।

## ४.८.४ नेपाली भाषामा गजल लेखनको प्रारम्भ

नेपाली भाषामा गजल लेख्ने प्रचलन कहिले र कसबाट भयो भन्नेबारे विभिन्न विद्वान्हरूबीच भिन्न मत आइरहेका छन् । कसैले जङ्गबहादुरको पालादेखि अनुमान लगाएका छन् । जङ्गबहादुरको पालामा केही गीत-गजलहरू गाउन थालिएको भए पनि नेपाली साहित्यमा स्तरीय तरिकाले गजलविधा मोतीरामबाट नै भित्रिएको अनुमान धेरैले गरेका छन् । मनु ब्राजाकीले चाहिँ नेपालीमा मोतीराम भट्टपूर्व नै गजल लेखिने र गाइने गरिएको भए पनि त्यो कोठे नर्तकीहरूमा मात्र सीमित थियो भन्दै यसलाई नेपाली भाषामा साहित्यिक प्रतिष्ठाका साथ जनताका सामु ल्याउने श्रेय मोतीराम भट्टलाई नै प्राप्त भएको हुँदा उनलाई नै नेपाली गजल प्रणयनका आदिपुरुष मान्नु सर्वथा उचित हुने धारणा प्रकट गरेका छन् ।[५१] यसै गरी घनश्याम न्यौपाने 'परिश्रमी' ले मोतीारम भट्टपूर्वका कुनै पनि कवि-साहित्यकारले नेपाली भाषामा गजलको रचना गरेको भरपर्दो प्रमाण फेला नपरेको कुरा उल्लेख गरेका छन् ।[५२] यसबाट परिश्रमीले पनि मोतीरामद्वारा नै नेपाली गजललेखनको सुरुवात भएको कुरालाई

---

४९ पूर्ववत्, पृ. ३४ ।

५० ऐजन ।

५१ मनु ब्राजाकी, **आधुनिक नेपाली गजलको विषय र स्वरूप**, पूर्ववत्, पृ. १८ ।

५२ घनश्याम न्यौपाने परिश्रमी, **घामको छाहारीमा**, पूर्ववत्, पृ. ५ ।

स्वीकार गरेका छन् ।[५३] शिव रेग्मीले १९१० को दशकपछि नै यहाँ भारतीय गजलगायकहरूको आवागमन पनि सुरु भएको तथा दरबारमा गजलगायन र हिन्दी उर्दूका नाटककारहरूको प्रतियोगिता हुने गरेको उल्लेख पाइएकोले नेपाली समाजमा गजलगायनको परम्परा मोतीराम भट्टले गजल लेख्नभन्दा समकालीन कविहरूले गजलविधामा आफ्नो सक्रियता र पूर्ण सचेतताका साथ कलम चलाएको पाइन्छ । मोतीरामले प्रारम्भ गरेको गजल रचनाको यात्रालाई निरन्तरता दिने काममा महत्त्वपूर्ण योगदान आसुकवि शम्भुप्रसाद ढुङ्गेलको पनि अविस्मरणीय नै देखिन्छ । यसै गरी भीमनिधि तिवारी, उपेन्द्रबहादुर जिगरले ठूलो योगदान पुऱ्याए । उनीहरूले त एक-एक गजलसङ्ग्रह दिएर नेपाली गजलको विकासमा महत्त्वपूर्ण योगदानसमेत पुऱ्याए । मोतीरामद्वारा सूत्रपात भएको यस विधाले उपेन्द्रबहादुर जिगरसम्म आएर वि.सं. १९९६ देखि विश्राम लिएको प्रतीत हुन्छ । मोतीरामदेखि जिगरसम्मका गजलहरू विशेषत: प्रेमविषय र शास्त्रीय बहरले युक्त देखिन्छन् । यसरी जिगरसम्मको गजलको विकासक्रमलाई प्राथमिक कालको रूपमा मान्नु उपयुक्त हुन्छ । जिगरपछि चार दशकसम्म प्राय: सुषुप्त रहेको गजललाई वि.सं. २०३६ मा गजलकार ज्ञानुवाकर पौडेलले ब्युँझाउने कार्य गरे । पौडेलपछि ललिजन रावल, मनु ब्राजाकी, धर्मोगत शर्मा 'तुफान' जस्ता गजलकारले यसलाई अगाडि बढाउने कार्य गरे । चालिसको दशकको उत्तरार्धदेखि नेपाली गजललेखनमा बाढी नै आयो । यस बाढीदेखि कोही किनारा लागिसके भने कोही आधोपरान्त यसमा लागिरहेका छन् । नयाँ पुस्ताका गजलकारहरू पनि निकै उदाएका छन् । यसरी अहिले गजलविधा नेपाली साहित्यको एक विशिष्ट र लोकप्रिय विधाका रूपमा विकसित भएको छ । नेपाली साहित्यिक पत्रिका र विभिन्न खबरमूलक पत्रपत्रिकामा यसको महत्त्वपूर्ण स्थानले गर्दा यसको विकासक्रम ज्यादै तीव्रतर गतिमा अगाडि बढेको जोकोहीले पनि अनुमान लगाउन सकिन्छ ।

## ४.८.५ नेपाली गजल लेखनको कालविभाजन

नेपाली साहित्यमा वर्तमानाम अति लोकप्रिय विधाका रूपमा स्थापित गजललाई नेपाली साहित्यमा भित्र्याउने कार्य प्रमाणिक रूपमा मोतीराम भट्टबाट भएको हो र यसलाई अगाडि बढाउने कार्यमा शुम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी, उपेन्द्रबहादुर आदिले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । चार दशकसम्म सुषुप्त अवस्थामा रहेको गजललाई वि.सं. २०३६ मा ज्ञानुवाकर पौडेलले बिउँझाउने कार्य गरे र त्यसपछि ललिजन रावल, मनु ब्राजाकी, धर्मोगत शर्मा 'तुफान' जस्ता गजलकारले यसलाई अगाडि बढाए । साथै अहिले नवपुस्ताका व्यक्तिहरूले यस विधालाई एक स्तरीय विधाका रूपमा स्थापित गराएका छन् । यसमा घनश्याम न्यौपाने 'परिश्रमी', अमर त्यागीलगायतका गजलकारहरू पर्छन् । गजलले यसरी एकपछि अर्को फड्को

---

५३ ऐजन ।

मारेको छ । यसमा गजलका ज्ञाताहरूले विभिन्न तरिकाले कालविभाजन गरेका छन् । कसैको एकमत नदेखिएकोले यहाँ केही ज्ञाताहरूका मत दिएर एउटा निष्कर्षमा पुग्ने चेष्टा गरिएको छ । तीमध्ये केही स्रष्टाका विचारहरूलाई यहाँ उल्लेख गरिएको छ :

नेपाली गजललाई ललिजन रावलले **समकालीन नेपाली गजल** (२०४७) को भूमिकामा दुई कालमा विभाजन गरका छन् :

(क) प्राथमिक काल : वि.सं. १९४१ देखि १९९६ सम्म

(ख) पुनर्जागरण काल : वि.सं. १९४० देखि हालसम्म ।[५४]

रावलले वि.सं. १९९६ देखि वि.सं. २०४० बीचको अवधिलाई कुनै पनि कालमा समेटेका छैनन् । यसै गरी दुबसु क्षेत्रीले **समसामयिक नेपाली गजल** (२०५०) को भूमिकामा नेपाली गजलको कालविभाजन यसरी गरेका छन् :

(क) प्राथमिक काल : वि.सं. १९४० देखि १९९२ सम्म

(ख) माध्यमिक काल : वि.सं. १९९३ देखि २०३५ सम्म

(ग) आधुनिक काल : (वि.सं. २०३६ देखि हालसम्म ।[५५]

यसका साथै क्षेत्रीले प्राथमिक काललाई मोतीराम युग, माध्यमिक काललाई भीमनिधि युग र आधुनिक काललाई ज्ञानुवाकर युग भनी नामकरण गरेका छन् ।[५६]

त्यस्तै घनश्याम न्यौपाने 'परिश्रमी' ले वि.सं. १९४० देखि १९९६ सम्मका कालखण्डलाई नेपाली गजलको प्राथमिक काल तथा वि.सं. २०३६ देखि हालसम्मको नेपाली गजललाई आधुनिक कालका रूपमा विभाजित गर्न उपयुक्त हुने बताएका छन् ।[५७] यिनले पनि वि.सं. १९९६ देखि २०३५ सम्मको अवधिलाई कुनै पनि कालमा समावेश गरेका छैनन् ।

त्यसै गरी दामोदर रिजालले **गजलकार भीमनिधि तिवारी** नामको आफ्नो स्नातकोत्तर शोधपत्रमा तिवारीपूर्वको नेपाली गजलपरम्पराअन्तर्गत मोतीराम भट्टलाई नेपाली गजलको प्रथम प्रयोक्ताका रूपमा प्रस्तुत गर्दै भट्टका समकालीन अन्य गजलकारहरूलाई प्रयोगकालीन गजलकारका रूपमा चर्चा गरेका तथा शम्भुप्रसाद ढुङ्गेललाई नेपाली गज लका उत्थापक र उनीपश्चात् भीमनिधिको आगमनपूर्वका गजलकारहरूलाई उत्थानकालीन गजलकार भनेका छन् ।[५८] रिजालले गजलको यात्रालाई कालविभाजनका रूपमा चर्चा गरेका छैनन् ।

---

५४ ललिजन रावल (सम्पा.), **समकालीन नेपाली गजल**, (काठमाडौँ : बगर प्रकाशन, २०४७), पृ. ६ ।

५५ दुबसु क्षेत्री (सम्पा.), **समसामयिक नेपाली गजल**, (काठमाडौँ : बसुन्धरा प्रकाशन, २०५०), पृ. १३४ ।

५६ ऐजन ।

५७ घनश्याम न्यौपाने परिश्रमी, **घामको छाहारीमा**, पूर्ववत्, पृ. ७ ।

५८ दामोदर रिजाल, **गजलकार भीमनिधि तिवारी**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., केन्द्रीय नेपाली विभाग, कीर्तिपुर, २०४५), पृ. ३३ ।

सनतकुमार वस्तीले आफ्नो **सवेरै आएँ** भन्ने स्नातकोत्तर सिर्जनापत्रमा नेपाली गजललाई यसरी दुई चरणमा विभाजन गरेका छन् :

(क) पहिलो चरण : मोतीरामदेखि म.वी.वी. शाहसम्म

(ख) दोस्रो चरण : ज्ञानुवाकरदेखि हालसम्म ।

तोयनाथ सापकोटाले आफ्नो स्नातकोत्तर शोधपत्र **गजलकार शम्भप्रसाद ढुङ्गेल** र नीलमणि खनालले आफ्नो स्नातकोत्तर शोधपत्र **गजलकार मोतीराम भट्ट**मा वस्तीकै धारणा व्यक्त गरेका छन् ।

घनश्याम न्यौपाने 'परिश्रमी' ले **हिन्दी और नेपाली गजलका विश्लेषणात्मक अध्ययन** शीर्षकको विद्यावारिधिको शोधपत्रमा नेपाली गजलको कालविभाजन यसरी गरेका छन् :

(क) प्राथमिक काल : वि.सं. १९४० देखि १९९६ सम्म

(ख) पुनर्जागरण काल : वि.सं. २०३६ देखि २०४० सम्म

(ग) विकसित चरण : वि.सं. २०४५ देखि हालसम्म ।[५९]

यसरी गजलको चरण वा कालविभाजन गर्ने सम्बन्धमा विभिन्न गजलज्ञाताहरूले विभिन्न धारणाहरू प्रस्तुत गरेका छन् । विभिन्न गजलकारहरूको कालविभाजनलाई अध्ययन गरेर गजलको प्रवृत्तिगत परिवर्तनका आधारमा समग्र नेपाली गजललाई दुई चरणमा विभाजन गरेर हेर्नु सान्दर्भिक देखिएकाले त्यसैअनुसार गरिएको छ ।

(क) पहिलो चरण : वि.सं. १९४० देखि वि.सं. २०३४ सम्म

(ख) दोस्रो चरण : वि.सं. २०३५ देखि हालसम्म ।

### ४.८.५.१ प्रथम चरण

नेपाली साहित्यको एक सशक्त विधा गजलको प्रथम चरण मोतीराम भट्टबाट प्रारम्भ भएको हो । मोतीराम भट्टले नेपाली भाषामा गजल भित्र्याउने कार्य गरेर आफ्ना समकालीन साहित्यकारहरू मोतीमण्डली, शम्भुप्रसाद ढुङ्गेल हुँदै भीमनिधि तिवारी र उपेन्द्रबहादुर जिगरसम्म पुगेर उनको यस गतिले विश्राम लिन पुगेको पाइन्छ । यस चरणमा गजललेखनले जन्मिएर युवावस्थाको रूप धारण गर्न सक्षम भएको देखिन्छ । यस चरणमा विभिन्न विद्वान्हरूबाट गजल रचना गरिएको चर्चा जहींतहीं भए तापनि त्यतिखेर लेखेका धेरै लेखकहरूका रचना गजल नभएर प्रभावस्वरूप गजल सम्झाउने खालका छन् । केही

५९ घनश्याम न्यौपाने परिश्रमी, **हिन्दी और नेपाली गजलोंका विश्लेषणात्मक अध्ययन**, (अप्रकाशित विद्यावारिधि शोधपत्र, लंगट सिंह कालेज, वाराणासी, २००० ई.), पृ. ४८ ।

कविताहरूलाई कसै-कसैले गजल भने तापनि त्यस्ता रचनाहरूलाई गजल मान्न अहिलेका गजलविज्ञहरू तयार छैनन् । प्रथम चरणमा गजललेखनको मात्रात्मकतालाई हेर्दा धेरै कम गजल रचिएका थिए । यसरी नेपाली साहित्यमा गजललाई भित्र्याएर स्थापित गराई प्रतिष्ठित र विकसित तुल्याउनमा प्रमुख भूमिका खेल्ने र आफ्नो समयलाई गजलसृजनामा नै व्यतीत गर्ने यस चरणका उल्लेख्य गजलकारहरूमा मोतीराम भट्ट र उनका समकालीन कवि शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी एवम् उपेन्द्रबहादुर जिगर नै प्रमुख हस्तीका रूपमा देखापर्छन् ।

वि.सं. १९४० देखि वि.सं. २०३४ सम्मको प्रथम चरणको समयावधि गजलयात्रामा निकै लामो देखिए पनि त्यस बीचमा भएका गजल लेखनीमा सामान्य प्रवृत्तिगत परिवर्तनका सङ्केतबाहेक चरणलाई नै पल्टाउने खालका परिवर्तनहरू भएनन् तर जब ज्ञानुवाकर पौडेलको आगमन भयो तब नेपाली गजल स्पष्टत: आफ्नो परिवर्तित स्वरूप र प्रवृत्तिहरू लिएर अहिलेसम्मको आफ्नो यात्रामा क्रियाशील रहेको छ ।

मोतीराम भट्टले रचना गरेका गजलहरू **सङ्गीत चन्द्रोदय** (१९६३)[६०] का अतिरिक्त **मोती ग्रन्थावली** (२०४५ भाद्र)[६१] मा सङ्कलित छन् । यसै गरी प्रयोगकालीन गजलकारहरू नरदेव पाण्डे 'सुधा', लक्ष्मीदत्त पन्त 'इन्दु', गोपीनाथ लोहोनी 'नाथ गजव', रत्नलाल 'रत्न' र मियाँ अन्जान हुसेनका गजलसँगै नेपाली गजलका उत्थापक शम्भुप्रसाद ढुङ्गेलका प्रारम्भिक दुई गजलहरू पनि **सङ्गीत चन्द्रोदय** (१९६३) मा सङ्कलित रहेको देखिन्छन् ।[६२] मोतीराम भट्टपछि नेपाली गजललाई महत्त्वपूर्ण गतिशीलता प्रदान गर्न शुम्भप्रसाद ढुङ्गेलको देन उल्लेखनीय रहेकाले उनलाई नेपाली गजलको उत्थापकका रूपमा लिइएको छ ।[६३] शम्भुबाट रचना भएका असङ्ख्य गजलहरू उनकै विभिन्न नाटक, काव्य र गद्यख्यानहरूका कृतिहरूमा प्रसङ्गअनुकूल भएर आएका देखिन्छन्[६४] भने एकसयभन्दा बढी गजलहरू **शम्भु भजनमाला** (१९८३) मा सङ्गृहीत भएको पाइन्छ ।[६५] ढुङ्गेलपछि नेपाली गजलमा आफ्नो सबल उपस्थिति लिएर आएका यस चरणका उल्लेख्य गजलकारहरूमा भीमनिधि तिवारी र उपेन्द्रबहादुर 'जिगर' देखिन्छन् । नेपाली गजलको विकासमा भीमनिधिले आफ्नो किशोरावस्था र युवावस्थाका प्रशस्त समय खर्च गरेको देखिन्छ[६६] तर भीमनिधिका गजलभन्दा सौन्दर्य र लयात्मकताका दृष्टिले उपेन्द्रबहादुर जिगरका गजललाई स्तरयुक्त मानिएको पाइन्छ ।[६७] यी दुवैको गजलहरू क्रमश:

---

६० दामोदर रिजाल, **गजलकार भीमनिधि तिवारी**, पूर्ववत्, पृ. ३४ ।

६१ रमा शर्मा (सम्पा.), **मोती ग्रन्थावली**, (काठमाडौं : राष्ट्रिय युवा सेवा कोष, २०४७), पृ. १० ।

६२ दामोदर रिजाल, **गजलकार भीमनिधि तिवारी**, पूर्ववत्, पृ. ४६ ।

६३ ऐजन ।

६४ ऐजन ।

६५ तोयनाथ सापकोटा, **गजलकार शम्भुप्रसाद ढुङ्गेल**, पूर्ववत्, पृ. ३५ ।

६६ दामोदर रिजाल, **गजलकार भीमनिधि तिवारी**, पूर्ववत् ।

६७ ललिजन रावल (सम्पा.), **समकालीन नेपाली गजल**, पूर्ववत्, पृ. ८ ।

**बयासी र बीस गजल मेरी** (१९९३) एवम् **एक सय एक** गजलसङ्ग्रह (१९९६) मा सङ्कलित छन् ।[६८]

यसरी पहिलो चरणमा देखापर्ने अन्तिम प्रभावकारी गजलकार उपेन्द्रबहादुर जिगर नै हुन् तर उनीपछि पनि कतैकतै फाटफुट गजलहरू देखापरेका हुनाले उनीसँगै नेपाली गजलको पहिलो चरण समाप्त नभएको स्पष्ट हुन्छ ।

मोतीराम भट्टबाट बीजारोपण भएको नेपाली गजलले २०३५ सालमा ज्ञानुवाकर पौडेलको आगमन भएपछि मात्र नयाँ आयाम वा चरण प्राप्त गर्न सफल भएको हो भन्न सकिन्छ । गजल लेख्न थालिएको वि.सं. १९४० देखि २०३४ सम्मको नेपाली गजलयात्राको समय ठूलो देखिए तापनि त्यसबीचमा गजललेखनको सामान्य प्रवृत्तिगत परिवर्तनका सङ्केतहरूबाहेक कुनै ठूलो मूलभूत परिवर्तन भएको देखिँदैन । ज्ञानुवाकरको आगमनपछिको नेपाली गजल आफ्नो स्पष्टत: परिवर्तित स्वरूप र प्रकृति लिई अगाडि बढेर अहिलेसम्म पनि क्रियाशील रहेको छ । यसरी मोतीराम भट्टदेखि ज्ञानुवाकरको आगमनपूर्वको समग्र नेपाली गजललाई पहिलो चरणमा राख्नु सान्दर्भिक हुने देखिन्छ । प्रथम चरणमा प्रयोगावस्थाको रूपमा विभिन्न मोडहरू पार गर्दै अगाडि बढेको नेपाली गजलमा उर्दू र संरचनापद्धतिको प्रभाव परे पनि नेपाली परिवेश सुहाउँदो भावना प्रस्फुटन हुनु यस कालको मुख्य विशेषता हो । यस चरणका रामप्रसाद सत्याल, प्रभुनाथ अधिकारी, लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, गुरुप्रसाद मैनाली, पारसमणि प्रधान, म.वी.वी. शाह, तुलसीमेहर श्रेष्ठ र देव शमशेर, मोतीराम भट्ट, लक्ष्मीदत्त पन्त, नरदेव पाण्डे, गोपीनाथ लोहनी, रत्नलाल, मियाँ अमजद हुसैन गजब, शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी, उपेन्द्रबहादुर जिगर आदि उल्लेख्य गजलकारहरू हुन् । अन्य फाटफुट गजल लेख्नेहरूमा वीरेन्द्र केशरी अर्याल, भुवनप्रसाद ढुङ्गाना, केदार शमशेर थापा, पहलमान सिंह स्वाँर, तीर्थप्रसाद आचार्य, बखतबहादुर श्रेष्ठ, कृष्णप्रसाद रेग्मी, चन्द्रनाथ शर्मा, शम्भुनाथ उपाध्याय, नरबहादुर भारती, नारायणभक्त माथेमा, हरिनारायण दाहालगायतका छन् ।

यसप्रकार पहिलो चरणका नेपाली गजलको गम्भीर खोज तथा अध्ययन पूरा हुन नसकेको अनुभूति हुन्छ । जे-जति गजलकार र गजलरचनाहरू प्राप्त भएका छन्, ती रचनाका आधारमा हेर्दा यस चरणको यात्रा लामो भए तापनि यसले निरन्तर रूपमा अगाडि बढ्ने अवसर प्राप्त गर्न सकेन । मोतीरामदेखि ज्ञानुवाकरपूर्वसम्मको ९५ वर्षको लामो अवधि ओगटेको प्रथम चरणका गजलले अनेक उतारचढाव पार गर्दै आफ्नो यात्रालाई जेनतेन अगाडि बढाएको पाइन्छ ।

---

६८ ऐजन ।

## ४.८.५.२ दोस्रो चरण

मोतीराम भट्टले नेपाली साहित्यमा पाइला टेकाएको साहित्यको प्रतिष्ठित विधा गजलको प्रथम चरण उपेन्द्रबहादुर जिगरसम्म आएपछि अवरुद्ध भयो । यसरी अवरुद्ध हुन पुगेको गजल लगभग चार दशकसम्म प्राय: सुषुप्त अवस्थामा रहन पुग्यो । त्यसबीचको चार दशकको समयमा गजलस्वरूपका कविताजस्ता फाट्टफुट्ट गजलबाहेक गजलकृति नपाएको अवस्थालाई तोड्दै वि.सं. २०३६ को **रूपरेखा** पत्रिकामा गजल प्रकाशित गरेर तन्द्रित अवस्थाको गजललाई ब्युँझाएर पुनर्जागरणको लहर ल्याउने महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सफल भएकोले ज्ञानुवाकर पौडेललाई दोस्रो चरणका प्रारम्भकर्ता मान्नुपर्ने हुन्छ । यसरी गजल अहिले उत्कर्षताको बिन्दुतिर पाइला चाल्दै गरेको अनुभूति हुन्छ । हराएर जान लागेको गजललाई मलजल प्रदान गर्ने पौडेल गजलक्षेत्रका महान् व्यक्तित्व मानिन्छन् । यसरी पौडेलले अगाडि बढाएको यात्रालाई थप ऊर्जा प्रदान गर्न वि.सं. २०४०/४१ तिर गजलक्षेत्रमा उत्रिएका ललिजन रावलको उपस्थितिलाई निकै राम्रोसँग मूल्याङ्कन गर्नुपर्ने हुन्छ । यसबीचको समयलाई समेट्दै वि.सं. २०४०/४१ पछिको नेपाली गजलको विकासक्रमलाई पुनर्जागरणकालका रूपमा हेनुपर्ने देखिन्छ । यसपछि गजलयात्रालाई निरन्तरता दिने मनु ब्राजाकी, धर्मोगत शर्मा 'तुफान', रवि प्राञ्जल एवम् घनश्याम न्यौपाने 'परिश्रमी' जस्ता व्यक्तित्वहरू नेपाली गजलको पुनर्जागरण कालका आधारस्तम्भका रूपमा रहेका छन् । त्यस्तै नेपाली गजललाई अगाडि बढाउने वियोगी बुढाथोकी, बूँद राना, कृष्णहरि बराल, मुना पौडेल, यज्ञविक्रम शाही, खगेन्द्रविक्रम बस्यालजस्ता उल्लेखनीय गजलकारहरूको सहायताले गजलक्षेत्रलाई थप ऊर्जा प्रदान गरेको छ ।

ज्ञानुवाकर पौडेलको आगमन र ललिजन रावलको सबल उपस्थितिले नेपाली गजल विभिन्न प्रवृत्तिबाट उम्केर मानवीय अन्तरपीडाका विविध भावहरू पोख्न स्वतन्त्र हुनसकेको छ । आजको गजल विभिन्न शैल्पिक चमत्कार, नयाँ मूल्य र मान्यता तथा उन्नतिका पक्षहरू लिएर उर्वर बन्दै गइरहेको छ । अहिलेको परिप्रेक्ष्यमा गजलरचना र प्रकाशन मात्र होइन, यसका सैद्धान्तिक चिनारी, संरचनागत जानकारी तथा वर्तमान अवस्थाका गजललाई राम्ररी अगाडि बढाउन विभिन्न विद्वतवर्गका समीक्षात्मक लेखहरू पनि धमाधम प्रकाशित भइरहेका छन् । यसबाट गजलको सही पहिचान र नेपाली गजलको विकासमा केही महत्त्वपूर्ण जानकारी प्राप्त गर्न सकिन्छ ।

नयाँ जोश र उत्साहका साथ वि.सं. २०३६ पश्चात् पुनर्जागृतिको शङ्खघोष गर्दै अगाडि बढेको आधुनिक नेपाली गजलसाहित्यमा धेरै गजलसङ्ग्रहहरू प्रकाशित हुन पुगेका छन् । आधुनिक गजललाई जागृत बनाउने ज्ञानुवाकर पौडेलदेखि नयाँ पुस्ताका विभिन्न व्यक्तित्वका गजलकृतिहरू प्रकाशित भइसकेका छन् । अहिलेको गजललाई स्तरीयता प्रदान

गर्दै दिशाबोध गराउने उल्लेख्य गजलकारहरूमा ज्ञानुवाकर पौडेल, ललिजन रावल, मनु ब्राजाकी धर्मोगत शर्मा 'तुफान', रवि प्राञ्जल, घनश्याम न्यौपाने 'परिश्रमी', वियोगी बुढाथोकी, बूँद राना, कृष्णहरि बराल, मुना पौडेल, यज्ञविक्रम शाही तथा गोविन्दराज विनोदी मुख्य मानिन्छन् ।

ज्ञानुवाकर पौडेलका गजलहरूमा संरचनापक्षभन्दा भावपक्ष नै गाह्रो देखिन्छ ।[६९] पौडेलका गजलले युगको वास्तविकता र मानिसको मनस्थितिको उतारचढावलाई केलाउने काम गरेको पाइन्छ । यसै गरी ललिजन रावलका गजलमा संरचना र भाव दुवै पक्षको कलात्मक मिश्रण पाइन्छ । उनका गजलले समग्र जीवनको उतारचढावलाई प्रतीकात्मक प्रस्तुतिद्वारा अभिव्यञ्जित गर्दै कलात्मक सौन्दर्य प्राप्त गरेको छ ।[७०] यसरी नै मनु ब्राजाकीका गजलमा शिल्पसौन्दर्य र भावको मञ्जुल सामाञ्जस्यता देखिन्छ । मनवीय जीवनका यथार्थता र अन्तर्द्वन्द्व, सामाजिक र सांस्कृतिक मूल्य एवम् मान्यतामा देखिएका विचलन र विकलाङ्गता अनि व्यक्ति अन्तर्मनका हृदयस्पर्शी भावहरूलाई अति मार्मिकतापूर्ण तरिकाले प्रस्तुत गर्ने ब्राजाकीका गजलहरू कलात्मक देखिन्छन् ।[७१] यसै गरी धर्मोगत शर्मा 'तुफान' का गजलमा भावशिल्प र छताको नवीनता भेटिन्छ । यही नवीन विशेषताअन्तर्गत उनका गजलले मानवीय अन्तर्वेदना र मूल्यलाई सुम्सुम्याउँदै समताबोधको अपेक्षा गरेको देखिन्छ ।[७२] यसरी नै घनश्याम न्यौपाने 'परिश्रमी' का गजलमा संरचनात्मक सतर्कता, भावपक्षको कलात्मक परिश्रम र शैल्पिक मोहकता भेटिन्छ । मानवीय समाजमा बिझिएर बसेका ह्रासोन्मुख मूल्यहरू, सांस्कृतिक र सामाजिक विचलनका छेस्काहरू केलाउँदै उनका गजलहरू समतामुखी र मानवतामुखी सद्भाव एवम् राष्ट्रप्रेमका आस्थाहरू प्रतिस्थापनातर्फ बढी ढल्किएका देखिन्छन् ।[७३] यसरी नै रवि प्राञ्जलका गजलहरू पनि रचनागत र छन्दगत कुशलताको निर्वाहसाथ मर्मस्पर्शी भावाभिव्यञ्जनको प्रस्तुतिमा सफल देखिन्छ ।[७४]

यसरी आ-आफ्नो पक्षबाट नेपाली गजलको विकासमा आफ्नो सक्रिय सहभागिता प्रदर्शित गरी निजी वैशिष्ट्य कायम गर्न प्रयासरत गजलकारहरूमध्ये वियोगी बुढाथोकी युगीन चेतनाको प्रतिबिम्ब लिएर, बूँद राना प्रगतिवादी चेत लिएर, कृष्णहरि बराल मनका हार्दिक

---

६९ अर्जुनप्रसाद पौडेल, **घनश्याम न्यौपाने 'परिश्रमी' को जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०५७), पृ. ८० ।

७० अमर त्यागी, *नेपाली गजलको परम्परा र प्रवृत्ति,* **मधुपर्क,** (वर्ष ३१, पूर्णाङ्क ४, २०५५ भाद्र), पृ. १४३ ।

७१ मनु ब्राजाकी, **गजलगङ्गा**, (ललितपुर : साझा प्रकाशन, २०५१), पृ. क-ठ ।

७२ अमर त्यागी, *नेपाली गजलको परम्परा र प्रवृत्ति,* पूर्ववत्, पृ. १४३ ।

७३ घनश्याम न्यौपाने परिश्रमी, **घामको छाहारीमा**, पूर्ववत्, पृ. ४-८ ।

७४ अमर त्यागी, *नेपाली गजलको परम्परा र प्रवृत्ति,* पूर्ववत् ।

भावहरू लिएर, मुन पौडेल युगीन चेतनाको प्रतिबिम्बमा मानवीय संवेदनालाई लिएर हार्दिकता प्रदान गर्दै सरल, तरल, लयात्मक एवम् कलात्मक गजल लिएर र यज्ञविक्रम शाही समसामयिकताको वस्तुतथ्यलाई हृदयङ्गम गर्दै प्रेमभावलाई आफ्ना गजलद्वारा सान्त्वनाको सन्देश लिएर वर्तमान नेपाली गजलमा दृढविश्वासका साथ देखापरेका छन् ।[७५] यसरी नै विभिन्न गजलको सङ्ग्रह **निर्मम निर्मम घडीहरू** (२०५६) लिएर देखापरेका गजलकार गोविन्दराज विनोदी संरचनात्मक सतर्कता, भावगत सघनता, प्रभावोत्पादक क्षमता, शिल्पगत विशेषता र लयात्मक एवम् गेयात्मक गुणसम्पन्न क्षमतायुक्त गजल लिएर अगाडि बढेका छन् । विनोदीका गजलको अध्ययन गर्दा उनी एक स्थापित गजलकारका रूपमा देखापरेका भन्न सजिलै सकिन्छ ।[७६] यसै गरी उपयुक्त गजलकारहरूसँग गजलसङ्ग्रह लिएर अगाडि बढेका दोस्रो चरणदेखि अहिलेसम्मका गजलकारहरूमा ज्ञानुवाकर पौडेल, दिव्य गिरी, ललिजन रावल, धर्मोगत शर्मा 'तुफान', मनु ब्राजाकी, बद्रीलाल निराश, रवि प्राञ्जल, वासुदेव अधिकारी, खगेन्द्रप्रसाद बस्याल, घनश्याम न्यौपाने 'परिश्रमी', बूँद राना, विजय सुब्बा, मुन पौडेल, वियोगी बुढाथोकी, चन्द्र पोखरेल, प्रभातविक्रम शाही, पूर्ण भण्डारी, पंकजकुमार शिशिर, टीराम उदासी, रोशनकुमार राजभण्डारी, श्रेष्ठ प्रिया 'पत्थर', राममान तृषित, के.बी. उदय, निमेश नेवा:, प्रेमप्रकाश मल्ल मधुकर, गोवर्द्धन पूजा, खड्गसेन ओली, विजयभक्त उपाध्याय, जगत नवोदित, गोविन्द नेपाल, कालीप्रसाद रिजाल, जैनेन्द्र जीवन, धर्म प्रधान 'अकिञ्चन', गोविन्दराज विनोदी, आर.बी. फलेम, काशीराम विरस, राजेश्वर रेग्मी, अमर त्यागी, कृष्णमान बस्याल, मधु साश्रु, दिव्यसागर साउद, रामलाल जोशी, उदय जी.एम., नवीन विभाव, रामप्रसाद शाह, बबी थापा आदि प्रमुख छन् ।

त्यस्तै नेपाली गजलको दोस्रो चरणमा पुस्तकाकार गजलकृति प्रकाशित गर्ने गजलकारहरूका अतिरिक्त विभिन्न पत्रपत्रिकाका गजलसङ्कलन र गजलविशेषाङ्कहरूमा आफ्ना फुटकर गजल प्रकाशित गर्ने गजलकारहरूको सङ्ख्या अत्यधिक छ । नेपाली गजलको यस नवीन यात्रामा ती फुटकर गजल लेख्ने गजलकारहरूले पुऱ्याएको योगदान अत्यन्त महत्त्वपूर्ण छ । तिनीहरूमा प्रमुख गरेर ध्रुव मधुकर्मी, गोविन्द गिरी 'प्रेरणा', हरि अधिकारी, रत्न प्रजापति, सानुराजा श्रेष्ठ 'अञ्जान', उज्ज्वल जि.सी., विवश पोखरेल, प्रमोद स्नेही, अमीर निशाचर, ब्याकुल पाठक, पदम गौतम, सुविद गुरागाईं, कविराज पोखरेल, नेत्र एटम, कृष्णहरि बराल, सतनकुमार स्वती, चङ्की श्रेष्ठ उदास, प्रेम ओझा, कृष्णराज चौधरी सर्वदारी, कृसु क्षेत्री, युवराज नयाँघरे, बलराम बञ्जारा, दुबसु क्षेत्री, प्रकाश घायल, धीरेन्द्र मल्ल, धीरेन्द्र

---

७५ अर्जुनप्रसाद पौडेल, **घनश्याम न्यौपाने 'परिश्रमी' को जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत्, पृ. ८१ ।

७६ गोविन्दराज विनोदी, **निर्मम निर्मम घडीहरू**, (चितवन : चितवन साहित्य परिषद्, २०५६), पृ. १-४४ ।

प्रेमर्षी, प्रकाश बस्नेत गफाडी, प्रकट पगेनी, शिव गुलाब खेतान, हरिशरण थापा, भरत भारद्वाज, रमेश क्षितिज, पूर्ण रञ्जितकार, पुष्कर माथेमा, इन्द्रकुमार श्रेष्ठ सरित, विप्लव ढकाल, माधवप्रसाद काफ्ले, विजय बजिमय, लव गाउँले, ध्रुवचन्द्र गौतम, पुष्पहरि क्याम्पा राई, रमेश खकुरेल, राकृत सुनिल पुरी, शान्ति प्रिय, सविना मिश्र, रमेशप्रसाद सागर, नरेन्द्रप्रसाद प्रसाईं, रामकृष्ण काफ्ले, बागियान शर्मा, सतनकुमार आचार्य, रामकृष्ण शर्मा, भीम विराग, वसन्त खनाल, सोहन थापा, गोपा पौड्याल, कपिल अज्ञात, साम्ब ढकाल, धर्मेन्द्र भट्टराई, उत्सव खरेल, देवी पन्थी, जुन क्षेत्री, रामेश्वर जलन, ईशाहक हुसेन, सञ्जय शाह, शीतल गिरी, अच्युत खनाल, रामप्रसाद खनाल आदि प्रमुख रहेका छन् ।

दोस्रो चरणमा गजल प्रकाशित गर्नुको साथै गजलकार र गजलका विविध पक्षलाई लिएर विभिन्न विद्वान्का समालोचकीय दृष्टिकोणहरू पनि प्रकाशित भएका छन् । यसरी समालोचकीय धारणाबाट गजलका राम्रा-नराम्रा पक्षलाई केलाउनेहरूमा सर्वश्री हरिभक्त न्यौपाने, रमा शर्मा, भरतराज शर्मा, घटराज भट्टराई, केदार न्यौपाने, दयाराम श्रेष्ठ 'सम्भव', शिव रेग्मी, शरदराज शर्मा, अभि सुवेदी, मनु ब्राजाकी, घनश्याम न्यौपाने 'परिश्रमी', कृष्ण गौतम, ललिजन रावल, दुबसु क्षेत्री, गोपीकृष्ण शर्मा, तुलसी भट्टराई, कृष्ण प्रधान, शैलेन्द्र प्रकाश, वियोगी बुढाथोकी, रमेश गोर्खाली, धर्मेन्द्र भट्टराई, रोशन थापा 'नीरव', विजय सुब्बा, रामप्रसाद ज्ञवाली, पदम गौतम, माधवप्रसाद काफ्ले, मधुसुदन गिरी, अमर त्यागी र कृष्णहरि बराल आदि उल्लेखनीय रहेका छन् ।

त्यस्तै गरेर आज नेपाली साहित्यमा गजललाई स्थापित गराउनमा केही पत्रपत्रिका वा संस्थाहरूले पनि धेरै ठूलो सहयोग गरेका छन् । **मधुपर्क, गरिमा, मिर्मिरे, आरोहण, विजय, गजल, वसुन्धरा, कविता, नवप्रज्ञापन, झरना, वन्दना** र द्वैमासिक गोजी पत्रिका **मूर्च्छना**ले पनि नेपाली गजलको वास्तविकतालाई अगाडि ल्याउन सहयोग गरेका छन् । त्यस्तै दुबसु क्षेत्री र ललिजन रावलबाट सम्पादित पुस्तकहरू **समकालीन नेपाली गजल** (२०४७) र **समसामयिक नेपाली गजल** (२०५०) यस कालका महत्त्वपूर्ण उपलब्धि मानिन्छन् ।[७७] यसरी नै वियोगी बुढाथोकीद्वारा सम्पादित तथा प्रकाशित **शिवपुरी सन्देश** (साहित्यिक त्रैमासिक, २०५७, वैशाख-आषाढ) गजल विशेषाङ्कले पनि यस क्षेत्रमा प्रशंसनीय कार्यको थालनी गरेको देखिन्छ ।

आजका धेरै स्थापित र नवोदित गजलकारहरूका गजलमा संरचनागत सचेतता र भावगत सुकोमलता एवम् कलात्मक प्रस्तुतिको अभाव खट्किए पनि यस चरणमा व्यक्ति स्वन्त्रताको चाहना, मानवतामुखी स्वर, प्रजातान्त्रिक मूल्य र मान्यताको स्थापना एवम् यसमा

७७ अमर त्यागी, *नेपाली गजलको परम्परा र प्रवृत्ति,* पूर्ववत्, पृ. १४२ ।

आएको ह्रास, क्रान्तिचेतनाको अभिव्यक्ति, किसान, मजदुर र सर्वहारावर्गको पक्षमा गुन्जिएका सूक्ष्म राजनैतिक समर्थन, शृङ्गारपरक अभिव्यक्ति, मानवतावादी जीवनदृष्टि, नागरजीवनप्रतिको रोष र वितृष्णा, सामाजिक, सांस्कृतिक, शैक्षिक विचलन र विकृति एवम् विसङ्गतिप्रति तीक्ष्ण व्यङ्ग्यजस्ता प्रवृत्तिहरू मुख्य रूपमा देखिएका छन् ।[७८]

आज मुलुकका विभिन्न स्थानमा रहेका स्थानीय रेडियो (एफ.एम.) हरूले गजलसम्बन्धी कार्यक्रम सञ्चालन गरेर गजलको प्रचारप्रसारमा महत्त्वपूर्ण सहयोग पुऱ्याएका छन् । त्यस्तै गजलमञ्च नेपाल, गजलसन्ध्या (पोखरा), गजल गुड (कलैया), गजलगृह (काठमाडौँ), गजलसागर (बुटवल), सुदूरपश्चिमाञ्चल गजलमञ्च (धनगढी) जस्ता संस्थाहरू स्थापित भई क्रियाशील हुनाले यस विधाको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।[७९] नेपाली गजल एकातिर आज निकै ठूलो सङ्घर्ष गर्दै अगाडि बढेको छ र यससम्बन्धी विभिन्न खोज-अनुसन्धान र शोधकार्यहरू पनि हुँदैछन् । एम.ए. नेपाली विषयमा कतिपय विद्यार्थीले नेपाली गजल तथा गजलकारहरूलाई विषय बनाएर शोधपत्रहरू लेखेका छन् र कतिपयले लेख्दै गरेका छन् । यसरी यस विधामा विस्तारै शोध-अनुसन्धानका ढोकाहरू खोलिनुले यसको भविष्यलाई ठूलो टेवा दिन्छ ।

## ४.९ नेपाली गजलपरम्परामा ऋषिप्रसाद लामिछानेको स्थान निर्धारण

नेपाली साहित्यको माध्यमिक कालदेखि अति नै लोकप्रिय विधाका रूपमा रहेको गजलविधामा माध्यमिककालीन समयका युवा साहित्यकार मोतीराम भट्टको विशेष भूमिका रहेको छ । आफू पनि साहित्य सृजना गर्ने र अरूलाई पनि लेखनकार्यमा सक्रिय गराउने मोतीराम भट्टले आफ्ना थुप्रै समकालीन साथीहरूलाई पनि गजलकारको पगरी गुथाइदिएका छ । मोतीराम भट्टको अवसानसँगै केही ओझेलमा परेको गजलविधामा फाट्टफुट्ट कृतिहरू प्रकाशित रहिरहे पनि देशमा प्रजातन्त्रको पुनर्स्थापना र विभिन्न सञ्चारमाध्यमको विकास र रेडियो स्टेसनहरूको स्थापनाले झनै गजलसाहित्यमा रुचि देखाएको छ । हाल युवापुस्ताहरू गजल भनेपछि हुरुक्कै हुन्छन्, कतिपयले त अरूको देखासिकी गरी जानी-नजानी कलम तिखारेको पाइन्छ भने केही स्थापित साहित्यकारहरूले गजलका सैद्धान्तिक धर्महरूलाई अक्षरांश पालना गरेर गजल सृजना गरेको पाइन्छ । गजलको भेलमा केही साहित्यकारहरूले सफलता पाएका

---

७८ अर्जुनप्रसाद पौडेल, **घनश्याम न्यौपाने 'परिश्रमी' को जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत्, पृ. ८२ ।

७९ घनश्याम न्यौपाने परिश्रमी, **गजलको स्वरूप र बहरहरूको चिनारी तथा नेपाली गजलपरम्पराको सङ्क्षिप्त अभिरेखाङ्कन**, पूर्ववत्, पृ. २० ।

छन् भने केही सिकारु साहित्यकारहरू गन्तव्यमा नपुगी बीचबाटै हराएको पाइन्छ । त्यसै गरी गजलका सैद्धान्तिक धर्महरूलाई अक्षारांश: पालना गर्दै गजल सृजना गर्ने ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' एक सफल गजलकारका रूपमा परिचित छन् ।

गजलको विकासमा आधुनिक काल मानिएको हालको समयमा यस विधाको शिष्ट एवम् शालीन रूपमा अनुकरण गर्दै प्रयोगशील गजल लेख्नु वर्तमान समयको माग हो । गजलमा देखिएका नराम्रा प्रवृत्ति नै गजललाई विधाका रूपमा स्वीकार नगर्नेहरूका लागि प्रेरक कारक बन्न पुग्दछ । गजलमा देखिएका यस्ता अन्यौललाई चिर्दै यो विधालाई सशक्त एवम् मर्यादित बनाउनु यो विधामा लागेका साहित्यकारहरूको जिम्मेवारी हुन आउँछ । वर्तमान नेपाली गजलले असीमित विषयक्षेत्रलाई समेट्दै आफ्नो क्षेत्र विस्तार गर्दै छ । ऋषिप्रसाद लामिछाने गजलको समकालीन गजलकारका रूपमा स्थापित प्रतिभा रहेको कुरा यिनका कृतिहरूलाई नियाल्दा छर्लङ्ग हुन आउँछ । गजलमा देखिएका विघ्न र विकृति वा धमिलोपनलाई चिरेर आधुनिक गजललाई सङ्ल्याउने प्रयास गरिरहेका गोर्खेलाई **सूत्रमाला**को अन्तिम कवरपृष्ठमा बूँद रानाले लेखेको शेर यस प्रकार रहेको छ :

गजलमा रुघा-खोकी अब लाग्दैन कि ?
धूलो-मुलो छिर्ने दुलो थुने साइँलोले ॥

यसरी समकालीन नेपाली गजलमा बाढी आएको देख्ने साहित्यकारहरूलाई अबको गजल हिउँनदीको कल्‌कलाउँदो सङ्गीतसँग पवित्र पानी बन्न सक्ने गुञ्जायस यिनका गजलको अध्ययनपछि स्पष्ट हुन आउँछ । समयसापेक्षता र भावगत विविधता मात्र नभएर शैलीमा देखिएको नवीनताले यिनलाई आधुनिक गजलकारको अग्रपङ्क्तिमा उभ्याएको छ । व्यङ्ग्यचेतना, विकृति र विसङ्गतिको चित्रण, शृङ्गारिकता, प्रगतिशील चिन्तन, सहरी सभ्यताप्रतिको वितृष्णाजस्ता समकालीन नेपाली गजलमा ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' आफ्नो स्थान पक्का गरेका छन् । यो कुराको पुष्टिका लागि गोर्खे साइँलोको गजलकारिताको चर्चा गर्दै केशवराज आमोदी लेख्छन् – 'गजलको रूपविधानमा आदि गजलकार मोतीराम भट्टकै शृङ्गारिक शैलीको अनुकरणलाई समसामयिक यथार्थको प्रत्यङ्कन गर्नु गजलकारको वैशिष्ट्य हो ।'[८०]

यसप्रकार गजलकार गोर्खे साइँलो शृङ्गारदेखि लिएर राष्ट्र र राष्ट्रियताको अनेकानेक विषयमा आफ्नो हार्दिक र बौद्धिक क्षमता प्रस्तुत गर्ने समकालीन वा आधुनिक गजलकारका रूपमा भुल्न नसकिने प्रतिभा हुन् ।

---

८० केशवराज आमोदी, *गोर्खेको मुस्कान र बहरको चर्चा,* **नवमाधुरी,** (वर्ष २, अङ्क २, २०६३), पृ. ६–८ ।

# ४.१० ऋषिप्रसाद लामिछानेको कृतित्वको अध्ययन

## ४.१०.१ पृष्ठभूमि

गजल आफ्नै संरचनात्मक सिद्धान्त भएको स्वतन्त्र विधा हो । यसकारण कुनै पनि रचनाले गजल बन्नका लागि विशेष सर्तहरूको पालना गरेको हुनुपर्छ । गजल आन्तरिक एवम् बाह्य तत्त्वहरूलाई गजलरचनामा आत्मसात् गर्नुपर्दछ । बाह्यरचना गजलको आवरण भएकोले पनि पाठक, समीक्षकले सर्वप्रथम यसैलाई ध्यान दिएको हुन्छ । अत: यसलाई परिष्कारपूर्ण एवम् सुगठित बनाउन गजलकारले विशेष ध्यान दिनुपर्दछ । गजललाई अन्य विधाबाट छुट्याउने बाह्य तत्त्वहरूमा काफिया, रदिफ, मतला, मक्ता, तखल्लुस, मिसरा, शेर आदि पर्दछन् । त्यस्तै गजलका आन्तरिक तत्त्वहरूलाई गजलसमीक्षकहरूको भाषामा इवारत (भाव वा सारतत्त्व), इसारत (बिम्ब, प्रतीक वा सङ्केत) एवम् अदा (शिल्प वा कला) भनिन्छ । यस परिच्छेदमा गजलसङ्ग्रहहरूलाई बाह्यतत्त्वहरूका आधारमा समीक्षा गरिन्छ ।

## ४.१०.२ 'मुस्कान' गजलसङ्ग्रहको संरचनागत स्वरूप

**मुस्कान** गजलसङ्ग्रह गोर्खे साइँलोको वि.सं. २०६३ सालमा प्रकाशित कृति हो । यस कृतिका गजलहरू शास्त्रीय छन्दमा आधारित छन् । यसभित्र जम्मा चौसठ्ठीवटा गजलहरू समावेश गरिएका छन् । सबै गजलहरू पाँच शेरमा संरचित छन् । गजलकार साइँलोले **मुस्कान**भित्र गजलहरूमा पूर्ण तथा आंशिक अनुप्रासयुक्त शब्दलाई काफियाका रूपमा प्रयोग गरेका छन् । रदिफ प्रयोगका दृष्टिले गोर्खे साइँलोका गजलहरू मुरद्दफ र गैरमुरद्दफ दुवै वर्गमा पर्दछन् । गैरमुरद्दफ वर्गमा पर्ने गजलको सङ्ख्या बाह्रवटा छ भने अन्य गजलहरू मुरद्दफ वर्गमा परेका छन् । गजलकारले आफ्ना गजलमा तखल्लुसका रूपमा चौवालिसवटा गजलहरूमा गोर्खे शब्दको प्रयोग गरेका छन् भने छवटा गजलहरूमा साइँलो शब्दको प्रयोग भएको छ ।

### ४.१०.२.१ 'मुस्कान' गजलसङ्ग्रहमा काफिया

काफियाको प्रयोग प्रत्येक शेरको मिसरा-ए-सानी खण्डमा हुन्छ भने मतलाका चाहिँ दुवै मिसरामा हुन्छ । काफिया अनुप्रासिक हुन्छ । यो गजलको निर्विकल्प तत्त्व भएकाले काफियाबिना गजलको कल्पनासम्म गर्न सकिँदैन । समीक्षकहरूले काफियालाई पूर्ण, आंशिक, एकाक्षरी तथा मिलित गरी चार प्रकारमा बाँडेका छन् । **मुस्कान** गजलसङ्ग्रहमा काफियाका यी चारै भेद पाइन्छन् ।

### ४.१०.२.१.१ **पूर्ण काफिया**

स्वर र व्यञ्जनका आधारमा श्रुतिसमानार्थक शब्दलाई पूर्ण काफिया भनिन्छ । काफियाको सर्वोत्कृष्ट प्रकारका रूपमा मानिने पूर्ण काफियाले गजलका मोहकतालाई अझ आकर्षण थपेको हुन्छ । ऋषिप्रसाद लामिछानेले 'गोर्खे साइँलो' ले स्वकीय गजलसङ्ग्रह **मुस्कान**मा यसको प्रभावकारी ढङ्गले प्रयोग यसरी गरेका छन् :

जब खेल्छ बहर तब हुन्छ गजल

मनमै छ रहर तब हुन्छ गजल ।

(गजल-१५)

मुस्कानको नाता लिएँ साहित्यकी रानीसित

कादम्बरी प्याली पिएँ साहित्यकी रानीसित ।

(गजल-१७)

माथिका शेरहरूमा प्रयुक्त बहर/रहर, लिएँ/पिएँ पूर्ण काफियाका उदाहरण हुन् । लामिछानेका गजलमा सहज रूपमा काफियाको प्रयोग भएको देखिन्छ । उनी आफ्ना गजलमा काफियाका निम्ति भाव निर्माण गर्दैनन् बरु भावका अनुकूल काफियाको प्रकारलाई आत्मसात् गर्दछन् । **मुस्कान** गजलसङ्ग्रहभित्र करिब सोह्रवटा गजलमा यसखाले काफियाको प्रयोग पाइन्छ । भावलाई प्रभावकारी बनाउन मात्र हैन गेयात्मक, साङ्गीतिक एवम् लयात्मकता गजललाई कलकलाउँदो बनाउन यसखाले काफियाको महत्त्वपूर्ण भूमिका हुन्छ जसमा ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' निकै दरिला देखिन्छन् । यिनले प्रयोग गरेका **मुस्कान** गजलसङ्ग्रहभित्रका यसखाले काफियामा भावको बोझलाई सहज रूपमा धान्न सकेको पाइन्छ ।

### ४.१०.२.१.२ **आंशिक काफिया**

स्वर र व्यञ्जनमध्ये कुनै एक मात्रलाई ख्याल गरी निर्माण गरिएको काफियालाई आंशिक काफिया भनिन्छ । भावलाई गहिराइमा एवम् रसलाई तरलतामा धकेल्न निरन्तर प्रयत्नशील ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' काफियाका पूर्ण र आंशिक भेदमा निरपेक्ष देखिन्छन् । अर्थात् यिनी काफियाका यी दुवै प्रकारमा बराबर सहज रूपमा कलम चलाउँछन् । विवेच्य सङ्ग्रहभित्रका करिब सत्ताइसवटा गजलहरूमा आंशिक काफियाको प्रयोग यसप्रकार गरिएको पाइन्छ :

उदाऊ रातमा

रसाऊ साथमा ॥

(गजल–७४)

दर्पनीमा के छ है त्यो खोकिलामा देखिएला

चुम्न आजै सामु आए दर्द मेरो मेटिएला ॥

(गजल–६०)

माथिका शेरहरूमा आएका रातमा/साथमा, देखिएला/भेटिएला आदि आंशिक काफियाका उदाहरणहरू हुन् । लामिछाने आफ्नो **मुस्कान** गजलसङ्ग्रहभित्र धेरैजसो आंशिक काफियामा रमाएको पाइन्छ । त्यसमा पनि कतिपय गजलमा त उनी रदिफविहीन (गैरमुरद्दफ) मा पनि देखिन्छन् । यस किसिमका गजलमा काफियाको विशेष भूमिका हुन्छ । एउटा शिल्पीको हातमा परेका हरेक कुरामा राम्रो आकार ग्रहण गरेझैँ यस सङ्ग्रहभित्र ऋषिप्रसाद लामिछाने काफिया निर्माणमा सफलप्राय देखिन्छन् । यस सङ्ग्रहका आंशिक काफियाले साङ्गीतिक मधुरतालाई समातेका मात्र छैनन् । भावगत गहिराइमा समेत कुनै असर गरेका छैनन् ।

### ४.१०.२.१.३ **एकाक्षरी काफिया**

एउटा अक्षरबाट मात्र निर्माण भएका काफियालाई एकाक्षरी काफिया भनिन्छ अर्थात् काफियामा प्रयोग भएको शब्दको अन्तिममा रहेको एउटा अक्षरले मात्र काफियाको भूमिका खेलेमा त्यसलाई एकाक्षरी काफिया भनिन्छ । काफिया प्रयोगकर्ता ऋषिप्रसाद लामिछानेले यस किसिमका काफियामा विवेच्य सङ्ग्रहभित्र आंशिक रूपमा यसरी कलम चलाएका छन् :

प्यासले तड्पिँदा के थियो साथमा,

भोको भोकमा के थियो साथमा ॥

(गजल-४९)

रसायौ खिफाई प्रभाती बनेझैँ

सुखन्वर जमाई अजादी बनेझैँ ॥

(गजल-५०)

यसरी यस सङ्ग्रहमा करिब १३ वटाको सङ्ख्यामा एकाक्षरी काफिया प्रयोग गर्ने ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' यस किसिमका काफिया प्रयोगमा त्यति सचेत नभएको पाइन्छ । तथापि यिनले काफियाको मर्मलाई लत्याएका भने छैनन् । एकाक्षरी काफिया गजलका लागि त्यति उत्कृष्ट नमानिए तापनि यसको सिद्धिका लागि लामिछाने प्रयासरत देखिन्छन् ।

### ४.१०.२.१.४ मिश्रित काफिया

शब्द समायोजनमा चतुर ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' काफियाका सबै प्रकारका प्रयोग गरेका छन् । गजलका समीक्षकहरूले मिश्रित वा मिलित भनी टुङ्गो लगाएको काफिया प्रकारमा पनि लामिछानेले आफ्नो सचेतता यसरी देखाएका छन् :

बैन्डबाजा बज्न थाल्यो मेरो मनको मझेरीमा
खेल्न देऊ हर्ष मानी वृन्दावनको मझेरीमा ॥

(गजल-७३)

विलासी जवानी भिकारी बनाई
भुलाएर होकी गल्यो शून्यतामा

नदेखेर गोर्खे झुकायौ अगाडि
सधैँको उराठी छ यो शून्यतामा ॥

(गजल-६२)

उस्तै शब्द भए तापनि अक्षरको घटबढले नै पूर्ण काफियासँग यो काफिया अलगिन्छ । ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' ले काफिया प्रयोग गर्दा सिकारु गजलकारले जस्तो न विषयवस्तुलाई खल्बल्याउँछन् न भावलाई नै बरु प्रयोगमा स्वत:स्फूर्तता यिनका काफियाका धर्म हुन् । यसरी काफियाको धर्म र मर्म ज्ञेयताले लामिछाने अग्रपङ्क्तिमा नै देखिन्छन् । **मुस्कान** गजलसङ्ग्रहका करिब छवटा गजलमा यसखाले काफियाको प्रयोग देखिन्छ ।

प्रस्तुत सङ्ग्रहमा काफियाका समग्र रूपलाई आत्मसात् गरिएको भए तापनि कतैकतै काफिया प्रयोगमा अन्यौल, अस्पष्टता देख्न सकिन्छ भने कतै काफिया नै नभएको पनि पाइन्छ । रदिफविहीन काफियाको प्रयोगमा समेत रुचि राख्ने ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' ले कतै शब्दलाई मोडेर समेत काफिया निर्माण गर्न कस्सिएका छन् भने कतै इस्लामिक गजलमा काफिया प्रयोगमा पाइने छुटलाई अपनाई दोषबाट बच्न खोजेका छन् कि भन्ने बुझिन्छ । त्यस्तै कतै नवीन प्रयोगलाई पो जोड दिएका हुन् किन भनेर दोष लुकाउने ठाउँ भेटिन्छन् । 'माधुरीको साथ' गजल-६५ मा साथ, माथ सँग मात् प्रात र अन्त्यमा सौगात त्यस्तै 'चिनजान मेरो' गजल-६२ मा भयो, गयो सँग छल्यो, गल्यो, लग्यो हुँदै छ यो इत्यादि गजलमा पूर्ण, आंशिक हुँदै अन्त्यमा मिश्रितबाट पनि एकाक्षरी, काफियामा गजलको टुङ्गो लागेको देखिन्छ । त्यस्तै 'प्यासले तड्पिँदा' गजल-४९ मा तड्पिँदा, भोकमा, जोसमा, झोकिँदा, गोत्यता जस्ता एकाक्षरी काफियाका साथ बेसरी भन्ने अकाफियाको प्रयोग पाइन्छ । त्यस्तै 'नचाही बिगार्‍यौ'

गजल-२७ मा जमाना, रमाना, दिवाना, निशाना, तराना जस्ता आंशिक काफियाका साथ 'विरानो' भन्ने अकाफिया प्रयोग देखिन्छ । 'बेयाम वर्षात् भाछ' गजल-४१ मा खोज्नु, बोक्नु, खोक्नु, रोज्नु, बकोक्नु, खोत्नु, फेक्नु, टोक्नु जस्ता क्रमश: निम्नकोटिका काफिया प्रयोग हुँदै गएको देखिन्छ । यस्ता केही काफियागत त्रुटिहरूका बीच पनि 'दबिन्छ गुणीको दोष गुणको दोष, गुणका रसमा परी' भनेझैँ सरल, सहज एवम् स्वत:स्फूर्त काफियाका माझमा त्रुटिहरू निस्तेज देखिन्छन् ।

## ४.१०.२.२ '**मुस्कान**' गजलसङ्ग्रहभित्र रदिफ

काफियापछि दोहोरिएर आउने शब्द वा शब्दसमूह नै रदिफ हो । रदिफ गजलको अनिवार्य तत्त्व मानिँदैन । गजललाई सङ्गीतात्मक बनाउनमा रदिफको ठूलो भूमिका हुन्छ । रदिफ प्रयोग नभएको गजललाई गैरमुरद्दफ भनिन्छ भने रदिफको प्रयोग भएको गजललाई 'मुरद्दफ' भनिन्छ । **मुस्कान** गजलसङ्ग्रहभित्र बाह्रवटा गैरमुरद्दफ गजल भए पनि कतिपय गजलमा आन्तरिक अनुप्रासिकता बाक्लो भएकाले गेय शक्ति क्षीण देखिँदैन । यसरी हेर्दा ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' ले गजलमा आफ्नो प्रभुत्व स्थापनार्थ 'गैरमुरद्दफ' गजललेखनमा यसरी रुचि राखेका छन् :

राम्रो छ माला करमा उठाऊ
सस्तो छ बाला वनमा उदाऊ ॥

(गजल-१८)

गाऊँ सब धानी
स्रष्टा बन रानी ॥

(गजल-५४)

यसरी गजलहरू गैरमुरद्दफ नै भए पनि भाव गाम्भिर्य एवम् अभिव्यक्ति कौशलताका कारण प्रभावकारी देखिन्छन् । यस किसिमका रचनाहरूले रदिफको अनिवार्यतामा जोड दिने विद्वान्वर्गमा चुनौती मात्र दिँदैनन् मुरद्दफ गजललाई उच्चकोटिमा राखिने समूहलाई समेत प्रश्न खडा गर्छन् । जे भए तापनि लामिछाने गैरमुरद्दफ गजल रचनामा आशक्त मात्र छैनन् सफलीभूत पनि भएका छन् । समीक्षकहरूले रदिफलाई पदमूलक, पदावलीमूलक एवम् वाक्यात्मक गरी वर्गीकरण गरेका छन् । आफूले आत्मसात् गरेका कुरामा सफलता पाएरै छाड्ने ईच्छाशक्ति बोक्ने लामिछाने यी सबै रदिफका प्रकारमा आफ्नो लेखनी दौडाउँछन् ।

### ४.१०.२.२.१ **पदमूलक रदिफ**

काफियापछि एकमात्र पदको प्रयोग भएमा त्यसलाई पदमूलक रदिफ भनिन्छ । **मुस्कान** गजलसङ्ग्रहमा पदमूलक रदिफ प्रशस्त मात्रामा प्रयोग भएको छ । विवेच्य सङ्ग्रहका करिब २६/२७ वटा गजलमा पदमूलक रदिफको प्रयोग पाइन्छ । स्वभावैले गजललाई लयात्मकता एवं गेयात्मकता प्रदान गर्छ नै, त्यसमा पनि पदमूलक रदिफ यसरी तीव्र प्रभावकारी भएको पाइन्छ :

अल्पायुमै छोड्यौ बाबा
व्यर्थै पीडा जोड्यौ बाबा ।

(गजल-७१)

कुबाटो घुमायौ फुकाएर लाज
मलाई फसायौ झुकाएर लाज ॥

(गजल-५५)

प्रस्तुत शेरहरूका अन्त्यमा आएका बाबा, लाज जस्ता पदहरू पदमूलक रदिफका उदाहरण हुन् । विवेच्य सङ्ग्रहमा गजलकार यस किसिमका रदिफ प्रयोगमा सफल देखिन्छन् ।

### ४.१०.२.२.२ **पदावलीमूलक रदिफ**

काफियाका पछि दुई वा सो भन्दा बढी पदहरू रदिफका रूपमा प्रयोग भएमा त्यसलाई पदावलीमूलक रदिफ भनिन्छ । विवेच्य गजलसङ्ग्रहमा २०/२१ को सङ्ख्यामा यसखाले रदिफको प्रयोग देखिन्छ । प्रयोगका हिसाबले निकै कठिन मानिने रदिफको यस किसिमका गजलकार आफ्नो प्रभावोत्पादक क्षमतालाई चलाखीपूर्ण तरिकाले यसरी प्रयोग गरेका छन् :

कटारी चलायौ तिमीले मलाई
कसोरी फकायौ तिमीले मलाई ॥

(गजल-२८)

पुजारी लुटायौ कसोरी नि देवा
कि जगतै पिटायौ कसोरी नि देवा ॥

(गजल-३३)

माथिका शेरहरूमा आएका तिमीले मलाई, कसोरी नि देवा जस्ता पदावलीहरू पदावलीमूलक रदिफका उदाहरण हुन् । पदावलीको समुचित प्रयोग नभएमा यस किसिमका

रदिफले भाव एवम् विचारलाई नै खल्बल्याउन सक्छ तथापि यस समस्याबाट विवेच्य सङ्ग्रह सतर्क देखिन्छ । पदावलीमूलक रदिफको प्रयोगमा गजलकार सचेत देखिन्छन् ।

### ४.१०.२.२.३ वाक्यात्मक रदिफ

काफियाका पछि आउने रदिफका रूपमा एउटा वाक्य नै आएमा त्यसलाई वाक्यात्मक रदिफ भनिन्छ । योग्य हस्तीलाई यस्ता रदिफ प्रयोग गर्न सहज भए तापनि भाव एवम् विचारका दृष्टिमा यो निकै संवेदनशील हुन्छ । यसको प्रयोग गर्न त्रुटिविहीन गजलकार यसरी सचेत रहेका देखिन्छन् :

गलेर हुन्न ह्युसरी जमेर बस्न सक्छ को
जलेर हुन्न जिन्दगी गमेर बस्न सक्छ हो ।

(गजल-७६)

प्यासले तड्पिँदा के थियो साथमा
भोको भोकमा के थियो साथमा ॥

(गजल-४९)

उपर्युक्त शेरहरूका बस्न सक्छ को, के थियो साथमा जस्ता वाक्यहरू वाक्यात्मक रदिफका रूपमा प्रयोग भएका छन् । यस सङ्ग्रहभित्र ४/५ वटा गजलका रदिफहरू यस किसिमका छन् । यी रदिफहरू सहज उच्चार्य एवम् श्रुतिमधुर रहेका छन् ।

### ४.१०.२.३ 'मुस्कान' गजलसङ्ग्रहमा मतला

भावका हिसाबले नेतृत्वदायी भूमिका मतलाले खेलेको हुनु जरुरी छ भने विषय एवम् प्रसङ्गका दृष्टिले सुरुवात वा प्रारम्भिकताको सङ्केत मतलाले गरेको हुन्छ । वाचनका हिसाबले त भनै यो खण्ड आकर्षण हुनु जरुरी छ । गजल वाचनको समाप्तिपछि अर्थात् मक्तापछि पनि यसलाई वाचन गर्ने मात्र होइन, प्रत्येक शेरपछि पनि वाचन गर्ने गरेको पाइन्छ । यस कारणले पनि गजलमा मतलाको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ । एउटा गजलले यदि कसैलाई आकर्षित गर्छ भने त्यहाँ मतलाको उपस्थिति भएको हुन्छ । अभ्र भनौँ एउटा गजल कोही सुनेर जान्दछ या त अनायासै गुन्गुनाउन पुग्छ भने त्यसले पनि मतला नै गुन्गुनाउँछ । यसकारण मतला गजलको सुन्दर अनुहारका रूपमा आउनुपर्छ । केही व्यक्तिलाई चिन्दा उसको अनुहारलाई नै याद गरिएझैँ गजलको परिचय मतलामा हुनु अनिवार्य छ । विषयको उठान र अवतरणको कार्यकारण शृङ्खलामा बाँधिनु मतलाको अर्को महत्त्वपूर्ण

दायित्व हो । यस आधारमा पनि विवेच्य सङ्ग्रह सफल देखिन्छ । मतलाको प्रयोग यसप्रकार भएको छ :

मन साथ भए अझ बल्छ हिरा
अलि रात परे तब जल्छ हिरा ॥

(गजल-१६)

प्रस्तुत शेरमा प्रेम, माया, स्नेहको प्रतीकका रूपमा हिरा शब्द आएको छ । हिरालाई विकसित एवम् जाज्वल्य गराउन मन चाहिन्छ भन्ने भाव गजलकारले यस गजलमा व्यक्त गरेका छन् । प्रेमी-प्रेमिकाहरूमा पवित्र मनको शीतल प्रकाशले प्रकाशित भएमा प्रेम, स्नेह घनीभूत हुँदै जाने र एकअर्कामा तादात्म्यता सिर्जना गर्ने मात्र नभई परस्परको प्रेम हिराजस्तै पारदर्शी एवम् अखण्डेय बन्ने विश्वासको भाव यस गजलमा व्यक्त देखिन्छ । त्यस्तै मिसरा-ए-सानीमा 'रात पर्नु' भन्ने बिम्बले मनमा मैले हुनु अर्थात् असल माया नहुनु भन्ने बुझिन्छ यसर्थ जल्छ हिरा भन्नुले प्रेमको नाश हुने कुरा सङ्केत गर्दछ । प्रेम र स्नेहमा नै अडेको यो संसारमा मन नै शक्तिशाली भएको कुरा यहाँको मूल कथ्य बनेर आएको छ । यस प्रकार प्रस्तुत गजलको सार मक्ताले ग्रहण गरेको कारण यो गजलको नेतृत्व यसै शेरबाट भएको देखिन्छ :

न बोले छौ न हाँसेछौ अभागी नै बनाएछौ
मलाई नै भुलाएरै महारात्री मनाएछौ ॥

(गजल-२५)

प्रस्तुत शेरलाई मक्ताको उठान र वितरणका दृष्टिले हेर्न सकिन्छ । यहाँ मिसरा-ए-उलामा नायक आफ्नी प्रेमिका आफूसित नबोलेको र नहाँसेकोले आफूलाई अभागी ठान्दछ । यहाँ नायिकाले नायकसँग बोल्न र हाँस्न छाड्नुको कारण के हो त ? पाठकको उत्सुकताको विषय हो । यसको निवारण गर्दै मिसरा-ए-सानीमा नायिकाले नायकलाई छकाएर अर्कै उपनायकसँग यौनआनन्द वा सम्भोगमा डुबी उनैसँग प्रेमसमेत गर्न थालेको तथ्य खुलेको छ । यहाँ महारात्री मनाउनु भन्नु बिम्बले यौनक्रीडाको अर्थ ग्रहण गरेको छ । यसरी नै यो मिसराले उत्सुकताको निवारण गरेको छ । अत: प्रस्तुत गजलले मिसराको दायरालाई पकडमा पार्न सफल देखिन्छ । गजलको अन्तर्मनलाई राम्ररी बुझेका गजलकार ऋषिप्रसाद लामिछाने प्रयोगमा धेरै हदसम्म सक्षम देखिए तापनि कतैकतै भने यसरी रैखिक गतिमा सलल बगेको समेत पाइन्छ :

बिहारमा तिमीसितै रमाउने छु साथमा
उडी-उडी हावा सरी समाउने छु साथमा ॥

(गजल-६६)

यसरी **मुस्कान** गजलसङ्ग्रहका मतलाहरू सामान्य त्रुटिका बीच पनि गेय पेय गुणले भरिएका दरिला एवम् झरिला देखिन्छन् र पाठक-श्रोताका हृदयसमक्ष प्राय: सहज सम्प्रेष्य देखिन्छन् ।

### ४.१०.२.४ '**मुस्कान**' गजलसङ्ग्रहमा मक्ता

मक्ता शब्दको अर्थ अन्त्य हुनु हो । गजलको अन्तिम शेरलाई मक्ता भनिन्छ । एउटी युवती सुन्दरी बन्नका लागि सम्पूर्ण शारीरिक अवयवहरूको उत्तिकै भूमिका रहेजस्तै गजल पनि सफल र सशक्त बन्न मतलादेखि मक्तासम्मको सम्पूर्ण तत्त्वहरू उत्तिकै कलापूर्ण एवम् भावपूर्ण हुनु जरुरी छ । विवेच्य सङ्ग्रहमा मतलाले यसको अर्थ यसरी ग्रहण गर्न सकेको छ :

नता रमाउने नता बसाउने तितो किन ?
गएर गर्नु के तिमी रुके त मन पराउँछन् ॥

(गजल-५१)

जसरी पहिले शिरमा चुमिछौ
रस सागर नै तरिछौ सरिता ॥

(गजल-३५)

जति लियौ तनाव यो मनै उती विकार भो
विवाहकै सजाइमा घुमाउने छु साथमा ॥

(गजल-६६)

माथिका शेरहरू ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' का तखल्लुसविहीन मक्ताहरू हुन् । **मुस्कान** गजलसङ्ग्रहभित्र तेह्रवटा गजलका मक्ताहरू यस किसिमका छन् । अन्य सबै गजलका मक्ता खण्डमा सार्थक-निरर्थक तखल्लुसको प्रयोग गरिएको छ । गजलकारको यो रुचिले यिनी कतै 'तखल्लुसबिना मक्ता बन्न सक्दैन' भन्ने मान्यताका पक्षपाती हुन् कि भन्ने प्रश्न उठे पनि यी तेह्रवटा गजलले यसलाई सत्य ठहरिन दिँदैन :

छ निर्दोष 'गोर्खे' मतायौ रसैमा
छ माया कि अन्तै लगायौ तिमीले ॥

(गजल-२९)

कि 'गोर्खे' समाई कमायौ खजाना
नपारी बिचैमा तराना कसैको ॥

(गजल-२७)

नमान्ला कि 'गोर्खे' बताऊ जमेरै

निशानी रियाई डटेर गएछन् ॥

(गजल-५३)

माथिका शेरहरू मक्ता खण्डका हुन् । यी शेरहरूमा तखल्लुसको प्रयोग देखिन्छ । मुस्कान गजलसङ्ग्रहका एकाउन्नवटा गजलमा तखल्लुस मक्ताहरू छन् ।

### ४.१०.२.५ 'मुस्कान' गजलसङ्ग्रहमा तखल्लुस

गजलमा गजलकारले आफ्नो नाम वा उपनामको प्रयोग गरेको हुन्छ । मक्ता खण्डमा प्रयोग उक्त नाम वा उपनामलाई तखल्लुस भनिन्छ । गजलमा तखल्लुस द्वैयार्थक हुनु आवश्यक छ । **मुस्कान** गजलसङ्ग्रहभित्र ऋषिप्रसाद लामिछाने आत्मकेन्द्रित स्वर प्रस्तुत गर्नमा बढी नै रुचि देखाउँछन् । यस सङ्ग्रहमा कतै गोर्खे, कतै साइँलो, त कतै ऋषि तखल्लुसको रूपमा आएका छन् तथापि सार्थक प्रयोग यसरी भने कमै रूपमा मात्र देख्न सकिन्छ :

ल 'गोर्खे' हतायौ दिवाना बनाई

अगाडि नआई लठायौ तिमीले ॥

(गजल-४८)

कि 'गोर्खे' तपाईं दुखेको छ छाती

मलाई नरोकी अगाडी बढेकी ॥

(गजल-५९)

छ 'गोर्खे' अगाडी खुवाऊ बसेर

नबोली बसेकी नखाने सरी लौ ॥

(गजल-३८)

यहाँ वीरमता र सुरताको ऐतिहासिक बिम्बका रूपमा रहेको 'गोर्खे' शब्दले स्पष्ट रूपमा द्वैयार्थकता ग्रहण गर्न सकेको छैन । व्यञ्जनाका हिसाबले भने चित्त बुझाउने स्थिति देखिन्छ । तखल्लुसको प्रयोगमा सफल हुन सकेमा गजलले त उचाइ प्राप्त गर्न सक्छ नै यसले गजलकारलाई समेत अमर बनाउँछ । **मुस्कान** गजलसङ्ग्रहभित्र एकाउन्नवटा गजलमा उपनाम प्रयोग गर्ने गजलकार तेह्रवटा गजल मात्र तखल्लुसविहीन लेख्छन् ।

ऋषिप्रसाद लामिछानेले प्रयोग गरेका तखल्लुसले कतै भने गलत अर्थ ग्रहण गरेको देखिन्छ । जस्तै:

बनाऊ 'साइँलो'

बसाऊ काखमा ॥

(गजल-७५)

'साइँलो' पाउँदा

मातले रेलिए ॥

(गजल-६३)

प्रस्तुत शेरहरूमा आएको साइँलो शब्दले साइँलो प्रेमी वा पति भन्ने अर्थबोध हुनसक्ने अवस्था देखिन्छ । त्यस्तै लामिछाने कुनै ठाउँमा तखल्लुसको सार्थक रूपमा प्रयोग गरी आफ्नो वैशिष्ठ्यता स्थापना गर्न उद्दत देखिन्छन् ।

समग्रमा हेर्दा गजलकार तखल्लुसको सार्थक प्रयोगप्रति आकर्षित बन्ने क्रममा साधनारत देखिन्छन् । चाँडै सफलतामा पुग्ने ईच्छाशक्ति पालेका लामिछाने असफलताबाट भने धेरै दसम्म माथि उक्लिएको देखिन्छ । आगामी दिनहरूमा ऋषिप्रसाद लामिछाने तखल्लुस प्रयोगमा सफल हुनेछन् भन्ने कुरामा आशा मात्र नभई नि:सन्देह विश्वास गर्न सकिन्छ ।

### ४.१०.२.६ 'मुस्कान' गजलसङ्ग्रहमा मिसरा

गजलमा प्रयुक्त सम्पूर्ण हरफ वा पङ्क्तिलाई मिसरा भनिन्छ । एउटा शेर निर्माणका लागि दुईवटा मिसराको आवश्यकता पर्दछ । शेरको पनि पहिलो पङ्क्तिलाई मिसरा-ए-उला तथा दोस्रो पङ्क्तिलाई मिसरा-ए-सानी भनिन्छ । यो क्रम गजलभरि नै कार्यकारण बाँधिएर रहेको हुन्छ । मतला खण्डको दुवै मिसरामा काफिया र रदिफको प्रयोग गरिनुपर्छ भने अन्य शेरहरूमा मिसरा-ए-सानी खण्डमा मात्र काफियाको प्रयोग हुन्छ । ऋषिप्रसाद लामिछानेका गजलका शेरहरूमा मिसराको प्रयोग गसरी भएको छ :

सुसेली लताको नमागे हुने

नभेटी बिहानै नभागे हुने ।

(गजल-५२)

प्रातमा देखियौ साथ माधुरी

मस्त बैंसको माथ माधुरी ॥

(गजल-५६)

प्रस्तुत गजलका अंशहरू मतला खण्डका हुन् । यी दुवै शेरमा काफिया र रदिफ सफल रूपमा उभिएका छन् । जसले मिसराको महत्त्वलाई बढावा दिएका छन् ।

मुटु छेउ बस्यौ मन शान्त भयो
दिलमै रस तेल घसी रहु है ।

(गजल-३६)

मरे घर्का सबै मान्छे दु:खी एक्लै बाँचेको छु
परे मेरा भए भर्का मरे यो हात खाली भो ॥

(गजल-४०)

यहाँ शेरहरूले आलङ्कारितालाई ग्रहण गरे पनि शेरभित्र हुने मिसराहरूबीचको पालना गर्नुपर्ने धर्मलाई छाडेको देखिन्छ । सानातिना गल्तिहरूका बीच पनि गजलका धनी ऋषिप्रसाद लामिछाने मिसरा प्रयोगमा गम्भीर देखिन्छन् । मिसराहरूले दिने आनान्दानुभूतिबाट भने पाठक-श्रोता यस सङ्ग्रहबाट विचलित हुनुपर्ने अवस्था देखिँदैन ।

### ४.१०.२.७ 'मुस्कान' गजलसङ्ग्रहमा शेर

शेर गजलको आवश्यक तत्त्व हो । गजलमा दुई मिसराको योगबाट शेरको निर्माण हुन्छ । गजलको सौन्दर्यतामा शेरको महत्त्वपूर्ण भूमिका हुन्छ । सुस्पष्ट रूपमा खँदिलो गरी आफूले व्यक्त गर्ने विषय एवम् भावलाई सरल तरिकाबाट शेरले आत्मसात् गर्नुपर्दछ । यो कुरालाई गजलका धनी ऋषिप्रसाद लामिछानेले यसरी शेरको प्रयोग गरेका छन् :

देखाई खाऊ सबको अगाडी
दसाई देऊ कसिलो जवानी ॥

(गजल-१९)

प्रस्तुत शेरमा प्रथम पङ्क्तिले सबैको अगाडि देखाएर खाने वा भोग गर्ने भन्ने आग्रह गरेको छ तर के कुरा भन्ने रहस्यमै छ, जसलाई दोस्रो हरफले 'दसाई देऊ कसिलो जवानी' यहाँ एकपटक मात्र आउने जवानीलाई कतै लुकाएर दुरुपयोग गर्ने होइन बरु स्पष्ट व्यवहार गर्दै आफ्नो शारीरिक आकर्षणलाई जोगाएर जवानीलाई अझ कसिलो बनाउन आग्रह गर्दै रहस्योद्घाटन यसरी गरिएको छ :

चल्यौ सधैँ रसिक भै घुमी के बिचारी
बित्यो कि रात खुसीले बिहानी रमायो ॥

लागेछ मात मनमा नपाएर साथी
भन्दै छ फेरि मनले जवानी रमायो ॥

(गजल-२१)

यसरी अर्थ गौरवताका दृष्टिले मात्र यी शेरहरू सफल छैनन् रस एवम् भावका दृष्टिले समेत स्तुत्य देखिन्छन् । 'फरक-फरक थुँगाहरूले निर्मित मालाजस्तै फरक-फरक विषयहरूले स्थान पाएका गैरमुसलसल गजललाई खास गरी गजलको आफ्नोपनलाई ग्रहण गर्दछ भन्ने गजलवेत्ताहरूको ठहऱ्याई छ । गजलमा शीर्षकको अभाव पनि गजलको यही संरचनात्मक स्वरूपलाई आत्मसात् गर्ने अर्थमा परिभाषित गरिन्छ । गजललाई अनन्तसम्म शक्ति सम्पन्न बनाउने माध्यम विषयगत बहुलता पनि हो । यो गजलको पहिचान मात्र नभएर गजलकारको क्षमताको कसी पनि हुन आउँछ । पाठकलाई विषयगत स्थिरतामा नराखी विषयगत विविधतामा धकेल्ने यस खाले गजलमा विवेच्य सङ्ग्रहका रचनारले यसरी सफलता देखाएका छन् :

हिम पर्वतका परखाल ढले
मन मन्दिरका हिमताल गले ।

सुखियाहरू नै वनबास गए
सब सुन्दर मौसम याम जले ।

बरसात हुरी पनि अन्त भयो
जब बादलमा तकरार चले ।

किन बन्द भयो मनको लहरी
किन चारतिरै रिसराग फले ।

मनकी रसिया पनि दूर भइन्
दिलले दिलका सब प्रीत छले ।

(गजल-७८)

प्रस्तुत गजलको प्रथम शेरमा मन-मस्तिष्कमा स्थायी रूपमा रहेको माया, प्रेम क्षीण भएको, दोस्रो शेरमा गृहयुद्धले सुखियाहरूसमेत जङ्गल पस्न बाध्य भएको स्थिति, तेस्रोमा प्रकृतिको विषम रूप भएको अवस्था, चौथो शेरमा हार्दिकता एवम् प्रेम नासिन गई रिसराग एवम् ईर्ष्याले मानवीयता ओझेलमा परेको, पाँचौं शेरमा स्नेह र प्रेममा आएका ह्रासको कारण परस्परमा प्रेम नासिएको वा मायाको प्रतीक मन-मुटु नै पर्खाल साबित भएको मार्मिक भाव प्रकट भएको प्रसङ्गलाई जोडिएको छ । यहाँ विषयको विभिन्नता, रदिफ, काफिया एवम् बहरको धागोले उनिएर एउटा प्रशंसनीय शेरको निर्माण भएको छ । गजलको शेर निर्माणमा ख्यागु यस सङ्ग्रहका सङ्ग्रहकार सफल प्राय: देखिन्छन् ।

### ४.१०.२.८ निष्कर्ष

सिर्जनाको सम्बन्ध अनुभूति वा भावनात्मक पक्षसँग हुन्छ । त्यसैले सिर्जना सिकेर होइन स्वत:स्फूर्त रूपमा जन्मिने कुरा हो भन्ने गरिन्छ । अन्य विधाका तुलनामा गजल बढी सैद्धान्तिक र अनुशासित विधा हो त्यसैले यसका लागि सैद्धान्तिक जानकारी आवश्यक देखिन्छ ।

गजल अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो । विशेषत: अरबीमा यसको अर्थ प्रेमिकासँगको संवाद वा भलाकुसारी हुन्छ । यसैकारण गजलमा प्रणयका कुरा प्रणका रूपमा उठेका हुन्छन् । यहाँ प्रेमिकाको सन्दर्भ, त्यो पनि प्रेमालाप सन्दर्भ उठ्नेबित्तिकै के अनुमान गर्न सकिन्छ भने गजलमा शब्दगत सरलता, हार्दिकता, समर्पण, त्याग, भावको गहिराइजस्ता सारा कुराहरू हुनुपर्दछ ।

गजल व्युत्पत्तिका धेरै सन्दर्भहरू आएका छन् । गजल शब्दको व्युत्पत्तिको सन्दर्भमा नेपाली गजलकार मनु ब्राजाकीले भने वर्णका आधारमा यसको व्युत्पत्तिको सन्दर्भलाई कोट्याएका छन् । उनका अनुसार गजल ग + ज + अल हो । अरबी भाषामा 'ग' को अर्थ वाणी, 'ज' को अर्थ नारी र 'अल' को अर्थ बोलचाल हो । त्यसैले गजलको अर्थ 'नारीसँगको बोलचाल' वा नारीसँगको संवाद भन्ने बुझिन्छ । गजलको व्युत्पत्ति सम्बन्धमा जे-जसरी व्याख्या-विश्लेषण गरिए पनि हरेक विश्लेषणबाट के चाहिँ थाहा पाउन सकिन्छ भने गजल एउटा अत्यन्त लोकप्रिय काव्यविधा हो ।

गजलका परिभाषा गर्ने विभिन्न विद्वान्हरूका बीच एकरूपता पाइँदैन । सबैका विचार भिन्न-भिन्न छन् । गजलको परिभाषालाई केलाउने काम पनि विभिन्न व्यक्तिहरूबाट भएको छ । यसरी गरिएका प्रयासहरूले गजलको समग्र स्वरूपलाई प्रस्तुत गर्न सकेका छैनन् । यसरी गरिएका विभिन्न प्रयासहरूलाई प्रस्तुत गरेर समग्रमा गजलको एउटा परिभाषामा पुग्ने चेष्टा गरिएको छ ।

गजलका परिभाषा अध्ययन गर्दा खास गरी के भन्न सकिन्छ भने गजल आफैँमा न कविता हो न त गीत नै यसका बारेमा विभिन्न शब्दकोशहरूले यसरी परिभाषा दिएका छन् :

**बृहत् नेपाली शब्दकोश**ले प्रेमका विषयमा शृङ्गाररसका कविता लेखिने एक प्रकारको फारसी छन्द हो भनेका छन् । **हिन्दी साहित्यकोश**ले नारीहरूका प्रेमका कुरा भनी व्याख्या गरेको छ । त्यसै गरी मनु ब्राजाकीले प्रणयकामना र आन्तरिक पीडाका हार्दिक भावहरूको सन्तुलित अभिव्यक्तिलाई गजल भनिन्छ भनेका छन् ।

यसरी गजलसम्बन्धी परिभाषा तथा गजलको परम्परा, विकास एवम् गजलको सैद्धान्तिक स्वरूप वा विधागत संरचनाको आधारमा गजललाई सङ्क्षेपमा यसरी परिभाषित गर्न सकिन्छ – विलक्षण शैलीमा भावको तीव्र विन्यास विषयको केन्द्रीयता भएको सरल, सुकोमल, सङ्क्षिप्त र प्रभावकारी पङ्क्तिहरूद्वारा बनेको एक किसिमको गयात्मक, लयात्मक, पद्यरचनालाई नै गजल भन्न सकिन्छ । साहित्यका अन्य विधाझैँ गजलको पनि आफ्नै रचनाविधान भएकाले गजल विश्लेषणका क्रममा यसको रचनाविधानले आवश्यक मानेका आधारभूत तत्त्वहरू शेर, मिसरा, मतला, मक्ता, रदिफ, काफिया, तखल्लुस रहेका छन् । यिनै तत्त्वहरूका आधारमा गजलको विश्लेषण गरिएको छ ।

**मुस्कान** (वि.सं. २०६२) बहरबद्ध शास्त्रीय सूत्रसहितको गजलसङ्ग्रहको रूपमा दोस्रो कृति मानिन्छ । गजलकृतिका निम्ति शृङ्गारिकको झलक दिने **मुस्कान** शीर्षकको सार्थक देखापरेको छ । **मुस्कान** गजलसङ्ग्रहका गजलहरू शास्त्रीय छन्दमा आधारित छन् । यसभित्र उनका जम्मा चौसट्ठीवटा गजलहरू रहेका छन् । सबैजसो गजलहरू पाँच शेरमा, संरचित छन् । गजलकार गोर्खे साइँलोले **मुस्कान**भित्रका गजलहरूमा पूर्ण तथा आंशिक अनुप्रासयुक्त शब्दलाई काफियाको रूपमा प्रयोग गरेका छन् । चौसट्ठीवटा गजलमध्ये सैँतीसवटा गजलमा पूर्ण काफियाको प्रयोग गरिएको छ भने सत्ताइसवटा गजलमा आंशिक काफियाको प्रयोग पाइन्छ । रदिफ प्रयोगका दृष्टिले गोर्खे साइँलोका गजलहरू मुरद्दफ र गैरमुरद्दफ दुवै वर्गमा परेका छन् । गैरमुरद्दफ वर्गमा पर्ने गजलहरूको सङ्ख्या बाह्रवटा छ भने अन्य गजलहरू मुरद्दफ वर्गमा परेका छन् ।

गजलकारले आफ्ना गजलमा तखल्लुसका रूपमा चौवालिसवटा गजलहरूमा 'गोर्खे' शब्दको प्रयोग गरेका छन् । त्यस्तै एउटा गजलमा वास्तविक नाम 'ऋषि' पनि तखल्लुसका रूपमा प्रयोग भएको छ । यसरी गजलकार ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' ले **मुस्कान** गजलसङ्ग्रहमा प्रेम प्रणयका गजलहरूलाई मुख्य स्थान दिएका छन् । केही गजलहरू देशमा चलेको आन्तरिक द्वन्द्व, जिन्दगीप्रतिको धारणा आदि विषयमा आधारित भएर पनि लेखिएका छन् । विचार, विषय, भावको त्रिकोणात्मक सम्मिलन भएका गजलकार साइँलोले सूत्रसहित

शास्त्रीय छन्दमा लेखिएको गजलहरूले सिद्धान्तलाई परिपालन गर्ने प्रशस्त प्रयास गरेका छन् तर केही गजलहरूमा आंशिक त्रुटि भने रहेको देखिन्छ ।

## ४.१०.३ ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को गजलकृति 'सम्मोहन' को विश्लेषण

**सम्मोहन** गजलसङ्ग्रह ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को वि.सं. २०६२ सालमा प्रकाशित पहिलो कृति हो । यस गजलसङ्ग्रहमा असीवटा गजलहरू समेटिएका छन् । लामिछानेको गजलसङ्ग्रहमा लोकलयको अनुकरण गरी स्वनिर्मित लयमा रचना गरिएका छन् ।[८१]

### ४.१०.३.१ संरचना

**सम्मोहन** गजलसङ्ग्रहभित्रका असीवटा गजलमध्ये, त्रिचालिसवटा गजलमा बराबर अक्षर सङ्ख्या भएका पूर्ण काफियाको प्रयोग गरिएको छ भने बाँकी गजलमा आंशिक काफियाको प्रयोग गरिएको छ । प्राय: गजलहरू रदिफ प्रयोगका सन्दर्भमा सङ्ग्रहका असीवटा गजलमध्ये चारवटा गजलमात्र गैरमुरद्दफ वर्गमा पर्दछन् भने अन्य गजलहरू मुरद्दफ वर्गमा पर्दछन् । तखल्लुस प्रयोगका सन्दर्भमा यिनले गोर्खे र साइँलो शब्दको प्रयोग गरेका छन् । तखल्लुसको सार्थक प्रयोग भने ज्यादै कम मात्रामा प्रयोग भएको पाइन्छ ।

प्राय: गजलहरू लामा खालका छन् । गजल २, ४५, ५०, ५५ र ५७ भने छोटा खालका छन् । हरेक गजल पाँच-पाँच शेरमा उभिनुले संरचना पक्ष राम्रो देखिएको छ । प्रस्तुत सम्मोहन गजलसङ्ग्रहमा सङ्गृहीत गजलहरूमा प्राय: प्रेम-प्रणयसम्बन्धी विविध प्रसङ्गहरूलाई मुख्य विषय बनाइएका छ भने यसका अतिरिक्त देशको वर्तमान स्थिति मानवतावादी भावना, राष्ट्रवादी चेतना पनि पाइन्छ ।

यस सङ्ग्रहका प्राय: सबै गजलमा लोकलय ढाँचा भएको छ । अधिकांश गजलमा सोह्र अक्षरको पालना गरिएको छ । केही गजल मात्र सोह्रभन्दा घटी सोह्रभन्दा बढी अक्षरको विभिन्न बिम्ब तथा प्रतीकको प्रयोग गरिएको यस गजलसङ्ग्रहमा भावगत गहिराइ ज्यादै कम पाइन्छ ।

### ४.१०.३.२ 'सम्मोहन' गजलसङ्ग्रहमा काफियाको प्रयोग

काफिया अरबी भाषाको पुलिङ्गी शब्द हो । सरदार मुजावरले विनय वाइकरको स्रोत प्रयोग गरेर यसको शाब्कि अर्थ पछि-पछि हिँड्ने वा बारम्बार आउने हुन्छ भनेका छन् ।

८१ रमेश प्रभात, *गोर्खे साइँलोको गजलकारिता,* **पल्लव साहित्यिक पत्रिका**, (गजलविशेष, वर्ष ४, अङ्क १३, २०६४), पृ. १४४ ।

यसको साहित्यिक अर्थचाहिँ अनुप्रास, अन्त्यानुप्रास वा तुक भन्ने हुन्छ ।[८२] गजलमा अन्त्यानुप्रास, काफिया वा उपान्त अनुप्रासका अतिरिक्त यसको पङ्क्तिमा आन्तरिक अनुप्रास प्रयोग गरिनुपर्दछ ।[८३]

गजलमा काफिया वा अन्त्यानुप्रास वा उपकाफिया गजलको शक्ति हो । काफियाले गजलको विधागत पहिचान गराउँदै भाव र शिल्पपक्षलाई समेत अत्यन्त रोचक बनाएको हुन्छ तर काफियाको उचित प्रयोग भने जरुरी देखिन्छ । काफियाको सही प्रयोग भएन भने गजलको सौन्दर्यमा ह्रास त आउँछ नै अझ यो गजल नै बन्न सक्दैन । विभिन्न गजलकारहरूले काफियाको रूपमा प्रयोग गरेका शब्दको बनोट र स्वर व्यञ्जनवर्णका आधारमा काफियालाई निम्न प्रकारमा विभाजन गर्न सकिन्छ :

(क) पूर्ण काफिया
(ख) आंशिक काफिया
(ग) मिलित काफिया
(घ) एकाक्षरी काफिया

**(क) पूर्ण काफिया**

स्वर र व्यञ्जनका आधारमा श्रुतिसमान शब्दलाई पूर्ण काफिया भनिन्छ ।

तिमीलाई भेटन म आउँदैमा तर्सिएकी किन
अत्तालिनु थियो भने मलाई पर्खिएकी किन ?

(*तिमीलाई भेट्न*, पृ. ६)

अमृतसरी तिमी पियारो थियौ
जीवनमरणको तगारो थियौ ।

माथिका शेरहरूमा आएका तर्सिएकी, पर्खिएकी, हात, मात जस्ता अनुप्रासयुक्त शब्दरू पूर्ण काफियाका उदाहरणहरू हुन् । **सम्मोहन** गजलसङ्ग्रहभित्र त्रिचालिसवटा गजलमा पूर्ण काफियाको प्रयोग गरेका छन् ।

**(ख) आंशिक काफिया**

एउटा पूर्ण शब्द नभएर त्यस शब्दका केही वर्णमात्रै काफियाको रूपमा आएका छन् भने त्यसलाई आंशिक काफिया भनिन्छ । यसप्रकारको स्वर वा व्यञ्जनमध्ये कुनै एउटा वर्णलाई मात्र ख्याल गरिएको हुन्छ ।

---

८२ कृष्णहरि बराल, **गजल सिद्धान्त र परम्परा**, पूर्ववत्, पृ. २९ ।
८३ पूर्ववत्, पृ. ३७ ।

सम्झनाको नासो पाएँ
तिर्सनाको हाँसो पाएँ ।

(*सम्झनाको*, पृ. ५५)

हृदयमा खाली छ ठाउँ पिरतीको
आफैँले लेख प्रिय नाउँ पिरतीको ।

(हृदय, पृ. ४५)

माथिका शेरहरूमा आएका हाँसो, नासो, ठाउँ, नाउँ आंशिक काफियाका उदाहरणहरू हुन् । यस गजलसङ्ग्रहमा जम्मा-जम्मी सैतिसवटा गजलमा आंशिक काफियाको प्रयोग गरिएको पाइन्छ ।

### ४.१०.३.३ 'सम्मोहन' गजलसङ्ग्रहमा रदिफको प्रयोग

गजलको पहिलो शेरमा दुवै पङ्क्तिमा तथा अन्य शेरमा दोस्रो पङ्क्तिमा काफियापछि दोहोरिने शब्द वा शब्दसमूह रदिफ हो । पूरै गजलमा रदिफ एउटै हुन्छ । जुन गजलमा रदिफ हुँदैन त्यस्तो गजललाई गैरमुरद्दफ गजल भनिन्छ ।[८४] रदिफ प्राय: एक शब्ददेखि तीन शब्दसम्म भएको राम्रो मानिन्छ ।[८५]

रदिफ प्रयोगका सन्दर्भमा **सम्मोहन** गजलसङ्ग्रहका असीवटा गजलहरूमध्ये चारवटा गजल मात्र गैरमुरद्दफ वर्गमा पर्दछन् भने बाँकी छयहत्तरवटा गजलहरू मुरद्दफ वर्गमा पर्दछन् । गजल गुरुहरूले शब्दप्रयोगका आधारमा रदिफलाई तीन प्रकारले बाँडेका छन् :

(क) पदमूलक रदिफ
(ख) पदावलीमूलक रदिफ
(ग) वाक्यात्मक रदिफ

**(क) पदमूलक रदिफ**

काफियापछि एउटा पदमात्र रदिफका रूपमा आएको छ भने त्यसलाई पदमूलक रदिफ भनिन्छ ।

घर सम्पत्ति पैह्रो लाग्यो, कतातिर, सर्ने साहुजी
गन्तव्यकै टुङ्गो छैन कुन हो गङ्गा तर्ने साहुजी ।

(*घर सम्पत्ति*, पृ. ३७)

---

८४ कृष्णहरि बराल, **गजल सिद्धान्त र परम्परा**, पूर्ववत्, पृ. ३८ ।
८५ गोर्खे साइँलो, *हुसैन खाको डायरीभित्र लहरिँदा*, **पल्लव साहित्यिक पत्रिका**, (गजलविशेष, वर्ष ४, पूर्णाङ्क १३, २०६४), पृ. ५२ ।

अमृतसरी तिमी पियारो थियौ

जीवनमरणको तगारो थियौ ।

(*अमृतसरी,* पृ. ३९)

यस गजलमा काफियाका रूपमा प्रयोग भएका सर्ने, तर्ने, पियारो, तगारो पछाडि आएका साहुजी, थियौ जस्ता शब्दहरू एउटा मात्र पद भएका रदिफका रूपमा आएको छ त्यसैले यो पदमूलक रदिफ हो ।

**(ख) पदावलीमूलक रदिफ**

काफियापछि दुई वा दुईभन्दा बढी शब्द रदिफका रूपमा आएका छन् भने त्यसलाई पदावलीमूलक रदिफ भनिन्छ ।

शरीर मेरो माटोको मूर्ति देखेर के हुन्छ र

यो हृदयभित्र तिम्रो नाम लेखेर के हुन्छ र ?

(शरीर मेरा, पृ. ४)

मुटुभित्र मलाइ पनि बस्न देऊ ज्ञानु

पिरतीको पोखरीमा बस्न देऊ ज्ञानु ।

(*मुटुभित्र मलाई,* पृ. ३)

यहाँ देऊ ज्ञानु, के हुन्छ र जस्ता पदावलीहरू रदिफका रूपमा आएका हुनाले यो पदावलीमूलक रदिफ हो ।

**(ग) वाक्यात्मक रदिफ**

एउटा वाक्य नै रदिफका रूपमा प्रयोग भएको छ भने त्यो वाक्यात्मक रदिफ हो ।

तारिदिन्छु भन्थेउ जिज्ञा थाहा छैन कहाँ तार्‍यौ

हारिदिन्छु भन्थेउ जिज्ञा थाहा छैन कहाँ हार्‍यौ ।

(*तारिदिन्छु भन्थ्यौ,* पृ. ५)

यस गजलमा थाहा छैन कहाँ तार्‍यौ वाक्य रदिफका रूपमा आएको छ । त्यसैले यो वाक्यात्मक रदिफ हो । यस गजलसङ्ग्रहभित्र एउटा मात्र वाक्यात्मक रदिफका उदाहरण पाइएको छ ।

### ४.१०.३.४ 'सम्मोहन' गजलसङ्ग्रहमा मक्ताको प्रयोग

अरबी भाषाको 'मक्तूअ' बाट विकसित मकतालाई मक्ता वा मकतअ पनि भनिन्छ । यसको अर्थ काटिएको भन्ने हुन्छ । गजलमा यसले रचना सकिएको सङ्केत गर्छ ।[८६] यसरी गजलको तखल्लुसयुक्त अन्तिम शेरलाई मक्ता भनिन्छ । त्यसैले गजलको अन्तिम शेर ज्यादै महत्त्वपूर्ण हुन्छ । यो गजलकारको व्यक्तिगत विवरणमा आधारित हुन्छ । यसमा कविले आफ्नो धार्मिक विश्वास प्रस्तुत गर्न सक्छ, प्रेमिकाको प्रार्थना गर्न सक्छ र आफ्नै प्रशंसाद्वारा सन्तुष्टि पनि लिन सक्छ ।

कतिपय लेखकहरूले जुन शेरमा तखल्लुस प्रयोग भएको छ त्यसलाई मात्र मक्ता भनेको पाइए तापनि मक्ता शब्दको अर्थ नै अन्त्य भएकाले तखल्लुस प्रयोग भए पनि नभए पनि गजलको अन्तिम शेरलाई मक्ता भनिन्छ ।

धिक्कार छ भाग्य मेरो
अल्लारेमै टाँसो पाएँ ।

(*सम्झनाको*, पृ. ५५)

यसरी ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' मक्ता प्रयोगमा सबल देखिएका छन् । सबैजसो गजलमा लामिछानेले मक्ताको सुन्दर प्रयोग गरेको पाइन्छ ।

### ४.१०.३.५ 'सम्मोहन' गजलसङ्ग्रहमा तखल्लुसको प्रयोग

स्रष्टाले गजलमा आफूलाई सङ्केत गर्ने नाम वा उपनाम प्रयोग गर्न सक्छ । गजलमा प्रयोग गरिने स्रष्टको यही नाम वा उपनामलाई तखल्लुस भनिन्छ । तखल्लुस गजलको अनिवार्य तत्त्व भने होइन । तखल्लुस विशेषत: मक्तामा प्रयोग गरिन्छ तर तखल्लुस प्रयोग नगरीकन मक्ता हुँदैन भन्ने मान्यता सत्य होइन । तखल्लुसको प्रयोगले गर्दा द्वैध अर्थ आउने गरी प्रयोग गरिनु राम्रो मानिन्छ तर लामिछानेका गजलमा यसको प्रयोग कमै पाइन्छ । कतिपय लेखकहरूले आफ्नो नाम राख्नकै निम्ति मात्रै रहरले तखल्लुसको प्रयोग गरेका हुन्छन्, यदि गजलमा दुई अर्थ आउने गरी तखल्लुसको प्रयोग भएको पाइँदैन भने त्यो लेखकको नाम राख्ने रहर सिवाय केही हुँदैन । तखल्लुसको यस प्रयोगलाई सही मान्न सकिँदैन ।

ज्ञानी छौ 'गोर्खे' को तिमीसँगै मन रमाउँछ
सु-स्वास्थ्य कामना दिन तन फालेर आउँला ।

(*समयले साथ दिए*, पृ. ३३)

---

८६ कृष्णहरि बराल, **गजल सिद्धान्त र परम्परा**, पूर्ववत्, पृ. २५ ।

यसले शेरमा प्रयोग गरिएको 'गोर्खे शब्द लेखकको नामका रूपमा मात्र आएको छ । यसले अन्य कुनै अर्थ दिएको पाइँदैन । यसैले तखल्लुसको सार्थक प्रयोग भएको पाइँदैन । यसरी ऋषिप्रसाद लामिछानेले तखल्लुस प्रयोगका सन्दर्भमा 'गोर्खे, साइँलो' शब्दको प्रयोग गरेका छन् । यस गजलसङ्ग्रहमा ७९ वटा उपनाम प्रयोग गर्ने गजलकार एउटा गजलमा मात्र तखल्लुसको प्रयोग देखिँदैन ।

### ४.१०.३.६ **'सम्मोहन' गजलसङ्ग्रहमा मिसराको प्रयोग**

शेरका हरेक पङ्क्तिलाई मिसरा भनिन्छ । मिसरालाई उचित संयोजन गरेपछि एउटा पूर्ण शेर बन्दछ । यसले अन्य कुनै अर्थ दिएको पाइँदैन । गजलमा समेटिने भिन्न खालका भावहरूलाई मिसराहरूले उचित संयोजन गरेका हुन्छन् । **सम्मोहन** गजलसङ्ग्रहमा मिसराको स्थिति सामान्य देखिन्छ ।

### ४.१०.३.७ **शेर**

केही नियमबद्ध शेरहरूको समष्टिगत रूप नै गजल हो । गजलका प्रत्येक दुई मिसरालाई शेर भनिन्छ । शेरको माथिल्लो मिसरालाई मिसरा-ए-उला र तल्लो मिसरालाई मिसरा-ए-सानी भनिन्छ । मिसरा-ए-उलाले भावको उठान गर्छ भने मिसरा-ए-सानीले त्यसको पुष्टि गर्छ ।[८७] गजलमा यति नै शेर हुनुपर्दछ भन्ने छैन । न्यूनतम तीन शेरदेखि बाइस शेरसम्मका गजलरचना गरिएका छन् तर पाँच शेरसम्मका गजलरचना गर्नु उचित मानिन्छ । गजलका शेरको सङ्ख्या निर्धारण गजललेखनका सन्दर्भमा सम्वेगात्मक प्रस्तुतिमा भर परेको हुन्छ । सम्वेगात्मक प्रस्तुतिबिनाको रचना कोरा वर्णन मात्र हुने भएका कारण रहरले मात्र गजललाई लम्ब्याउन सकिँदैन ।[८८]

शेरहरूमा प्रयुक्त विषयवस्तुका हिसाबले गजलका शेरहरू स्वतन्त्र एवम् आफैँमा पूर्ण हुनुपर्दछ । एउटा शेरले अर्को शेरसँग सम्बन्ध राख्नु जरुरी हुँदैन । गजलका शेरहरू आफैँमा स्वतन्त्र भएपछि हरेक शेरमा विषयवस्तुको विविधता पाउन सकिन्छ ।

यसरी गजलको सुन्दरतामा शेरको महत्त्वपूर्ण भूमिका हुन्छ । स्पष्ट रूपमा खँदिला गरी आफूले व्यक्त गर्ने विषय भावलाई सरल तरिकाबाट शेरले आत्मसात् गर्नुपर्दछ । यो कुरालाई गजलकार गोर्खे साइँलोले यसरी प्रस्तुत गरेका छन् :

तिम्रो बैंसले भरिएको माधुर्यता
वनविहारमा सनसनायौ आज ।

---

८७ पूर्ववत्, पृ. १३ ।

८८ ऐजन ।

प्रस्तुत शेरमा प्रथम पङ्क्तिले माधुर्यताले भरिएको बैंस, बैंसले परिपूर्ण भएको माधुर्यताको व्याख्या गरिएको छ भने के-के कुरा भन्ने रहस्यमय छ । जसलाई दोस्रो हरफले वनविहारमा सनसनायौ आज भनेर यहाँ शारीरिक आकर्षणका व्याख्याका साथै एकपटकमा आउने बैंसलाई लुकाएर दुरुपयोग गर्ने होइन बरु स्पष्ट पार्दै बरु बैंसलाई जोगाएर अझ कसिलो बनाउन आग्रह गर्दै रहस्योद्घाटन गरिएको छ ।

दर्शन भयो मृगनयनी पवित्रता छ मरे पनि
लामो बाटो दुरी घटेछ थुप्रै नदी तरे पनि ।

तिर्सनाका बिरुवाहरू सारेर गयौ
खोली दर्पण बैंसको मलाइ हारेर गयौ ।

प्रस्तुत शेरमा प्रेम-प्रणय अनुराग वा अनुरक्तिले जीवनलाई सिँगार्नुपर्ने कुरामा गजलकार विश्वस्त छन् । गजलमा जति रागात्मकताको उपादेयता छ उति नै प्रेम-प्रणयनीतिको अन्तर-अनुरञ्जनको अन्वेषण पनि छ साथै नवयौवनाप्रतिको सौहार्द विनोदात्मकता छ । गजलकार गोर्खे साइँलोले आफ्नो अभिव्यक्तिलाई सफलतापूर्वक नै यसरी प्रस्तुत गरेका छन् ।

### ४.१०.३.८ **निष्कर्ष**

ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को वि.सं. २०६२ सालमा प्रकाशित **सम्मोहन** गजलसङ्ग्रह पहिलो गजलकृति रहेको पाइन्छ । गोर्खे साइँलोको **सम्मोहन** गजलसङ्ग्रहमा असीवटा गजलहरू सङ्गृहीत रहेका छन् । सबै गजलमा पाँच शेरको प्रयोग भएको छ । सङ्ग्रहभित्रका असीवटा गजलमध्ये ४३ वटा गजलमा बराबर अक्षर सङ्ख्या भएका पूर्ण काफियाको प्रयोग भएको छ भने बाँकी गजलमा आंशिक काफियाको प्रयोग भएको छ । रदिफ प्रयोगका सन्दर्भमा यस सङ्ग्रहका असीवटा गजलमध्ये चारवटा गजलमात्र गैरमुरद्दफ वर्गमा परेका छन् भने अन्य गजलहरू मुरद्दफ वर्गमा परेका छन् । तखल्लुसको सार्थक प्रयोग भने ज्यादै कम मात्रामा पाइन्छ ।

प्रस्तुत **सम्मोहन** गजलसङ्ग्रहमा सङ्गृहीत गजलहरूमा प्राय: प्रेम-प्रणयसम्बन्धी विविध प्रसङ्गहरूलाई मुख्य विषय बनाइएको छ भने यसका अतिरिक्त वर्तमान देशको स्थिति मानवतावादी भावना, राष्ट्रवादी चेत पनि पाइन्छ । यस सङ्ग्रहका प्राय: सबै गजलहरूमा लोकलय ढाँचाको प्रयोग गरिएको छ । केही गजलमा मात्र १६ भन्दा घटी र १६ भन्दा बढी अक्षरको प्रयोग गरिएको छ ।

## ४.१०.४ ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को गजलकृति 'सूत्रमाला' को विश्लेषण

**सूत्रमाला** ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को वि.सं. २०६३ सालमा प्रकाशित तेस्रो गजलसङ्ग्रह हो । सूत्रसहित प्रस्तुत गरिएको यस गजलकृतिका गजलहरू शास्त्रीय छन्दमा आधारित छन् । जम्माजम्मी पैसठ्ठीवटा गजलहरू सङ्कलित प्रस्तुत गजलसङ्ग्रहमा पनि बहरहरूको पूर्ण पालना गरिएको छ । शास्त्रीय लयका प्रस्तुत गजलहरूमा अघिल्ला सङ्ग्रको तुलनामा केही बढी निखार आएको पाइन्छ ।

### ४.१०.४.१ संरचना

**सूत्रमाला** गजलसङ्ग्रहका अधिकांश गजलहरू मझौला खालका १०-१२ अक्षरका छन् । गजल ४, ६, ८, १०, १२, १४, १६, १८, ४७ मा जम्मा ६-६ अक्षरका विविध छन्दहरू प्रयोग गरिएका छन् भने गजल ३० मा २० अक्षर भएको सबैभन्दा लामो हरगीतिका छन्दको प्रयोग गरिएको पाइन्छ । उर्दू फारसीमा प्रचलित १४ वटा बहरहरू र संस्कृत पिङ्गल छन्दका १४ वटा छन्दको प्रयोग गरिएको प्रस्तुत सङ्ग्रहमा सबैभन्दा बढी भुजङ्गप्रयात छन्द अर्थात् बहरे मुतकारिव मुसम्मन सालिमको प्रयोग ८ वटा गजलहरूमा भएको छ भने १७ वटा छन्दहरूका एक-एकवटा गजलहरू रहेका छन् । लय प्रयोगका सन्दर्भमा यो सङ्ग्रह सफल रहेको छ ।

### ४.१०.४.२ 'सूत्रमाला' गजलसङ्ग्रहमा काफियाको प्रयोग

काफियालाई गजलको निर्विकल्प तत्त्व मानिन्छ । काफियाको प्रयोग प्रत्येक शेरको मिसरा-ए-सानी खण्डमा हुन्छ भने मतलाका चाहिँ दुवै मिसरामा हुन्छ । काफियाविना गजलको कल्पनासम्म गर्न सकिँदैन । समीक्षकहरूले काफियालाई पूर्ण, आंशिक, एकाक्षरी तथा मिलित गरी चार प्रकारमा बाँडेका छन् । यसको सङ्क्षिप्त विश्लेषण तल प्रस्तुत गरिएको छ :

**(क) पूर्ण काफिया**

पूर्ण शब्दको प्रयोगलाई पूर्ण काफिया भनिन्छ । काफियाको सर्वोत्कृष्ट प्रकारका रूपमा मानिने पूर्ण काफियाले गजलको मोहकतालाई अझ आकर्षण थपेको हुन्छ । गोर्खे साइँलेले यसको प्रयोग यसरी गरेका छन् :

नुहाकोटे उकालीमा हराउथ्यो अरे 'गोर्खे'
जमानामा मलाई नै चराउथ्यो अरे 'गोर्खे' ॥

(गजल-५)

सधैँ नेपालमा तारा सबैको यो सगरमाथा
उचाइ देशको नारा सबैको यो सगरमाथा ॥

(गजल-२७)

घरबारको अझ छैन सार, विकार भो अब जिन्दगी
सरकारको त भएन पार, विकार भो अब जिन्दगी ॥

(गजल-३०)

माथिका शेरहरूमा आएका हराउथ्यो, चराउथ्यो, तारा, नारा, सार, पार पूर्ण काफियाका उदाहरणहरू हुन् । **सूत्रमाला** गजलसङ्ग्रहभित्र २६ वटा गजलमा यस खाले काफियाको प्रयोग पाइन्छ ।

**(ख) आंशिक काफिया**

शब्दको अन्तिमका केही अक्षरहरूका क्रियाको रूपमा प्रयोग भएका छन् भने त्यस्ता शब्दलाई आंशिक काफिया भनिन्छ ।[८९]

बाँच्ने इच्छा हुँदा देशको शानमा
ज्यानै फ्याँक्न तयारी छु सम्मानमा ॥

(गजल-१)

खाना नखाई किन साथ राखौँ
मागेर भिक्षा अब रात बाँचौँ ॥

(गजल-६५)

प्रेमिका देखियौ
प्यारले भेटियौ ॥

(गजल-१८)

माथिका शेरहरूमा आएका सानमा, सम्मानमा, साथ, रात, राखौँ, बाँचौँ, देखियौ, भेटियौ आंशिक काफियाका उदाहरण हुन् । यसरी उनी **सूत्रमाला** गजलसङ्ग्रहभित्र धेरैजसो आंशिक काफियामा रमाएको पाइन्छ ।

## ४.१०.४.३ 'सूत्रमाला' गजलसङ्ग्रमा रदिफको प्रयोग

गजलको पहिलो वा मतलाको दुवै पङ्क्तिको अन्त र अन्य सरेका दोस्रो-दोस्रो पङ्क्तिको अन्त्यमा भएका दोहोरिरहने शब्द वा पदावलीलाई रदिफ भनिन्छ ।[९०] गजललाई सङ्गीतात्मक बनाउनमा रदिफको ठूलो भूमिका हुन्छ । रदिफ प्रयोगका हिसाबले ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' का गजलहरू मुरद्दफ र गैरमुरद्दफ दुवै वर्गमा पर्दछन् । उनका

---

८९ गोर्खे साइँलो, *हुसैन खाँको डायरीभित्र लहरिँदा*, **पल्लव साहित्यिक पत्रिका**, पूर्ववत् ।
९० कृष्णहरि बराल, **गजल सिद्धान्त र परम्परा**, पूर्ववत्, पृ. ३८ ।

धेरैजसो गजलहरू मुरद्दफ वर्गमा नै पर्दछन् । **सूत्रमाला** गजलसङ्ग्रहका करिब ३३ वटा गजल रदिफयुक्त (मुरद्दफ) छन् भने बाँकी गजलहरू गैरमुरद्दफ वर्गमा पर्दछन् । गजलज्ञाताहरूले रदिफलाई पदमूलक, पदावलीमूलक एवम् वाक्यात्मक गरी विभाजन गरेका छन् ।

**(क) पदमूलक रदिफ**

काफियापछि एकमात्र पदको प्रयोग भएमा त्यसलाई पदमूलक रदिफ भनिन्छ । यस **सूत्रमाला** गजलसङ्ग्रहमा पदमूलक रदिफको प्रयोग प्रशस्त मात्रामा भएको पाइन्छ ।

मलाइ मनैमा लुकाएर राख
जवानी रसैमा डुबाएर राख ॥

(गजल-९)

तपाईं दिलासा उठेकी पियारी
अभावै नपारी जुटेकी पियारी ॥

(गजल-१५)

म चल्नै नसक्ने चलायो उसैले
बसेको म मान्छे उठायो उसैले ॥

(गजल-१७)

माथिका शेरहरूका अन्त्यमा आएका राख, पियारी, उसैले जस्ता पदहरू पदमूलक रदिफका उदाहरण हुन् । यस गजलसङ्ग्रहमा गजलकार आफ्नो क्षमतालाई चलाखीपूर्ण तरिकाले प्रयोग गरेका छन् ।

**(ख) पदावलीमूलक रदिफ**

काफियापछि दुई वा सोभन्दा बढी पदहरू रदिफका रूपमा प्रयोग भएमा त्यसलाई पदावलीमूलक रदिफ भनिन्छ ।

सधैं नेपालमा तारा सबैको यो सगरमाथा
उचाई देशको नारा सबैको यो सगरमाथा ॥

(पृ. २७)

माथिका शेरहरूमा आएका सबैको यो सगरमाथा जस्ता पदावलीहरू पदावलीमूलक रदिफका उदाहरण हुन् । पदावलीमूलक रदिफका प्रयोगमा गजलकार सचेत देखिन्छ ।

**(ग) वाक्यात्मक रदिफ**

एउटा वाक्य नै दोहोरिएर आएमा त्यसलाई वाक्यात्मक रदिफ भनिन्छ । जस्तैः

घरको अझै छैन सार, विकास भो अब जिन्दगी
सरकारको त भएन पार, विकार भो अब जिन्दगी ॥

(गजल-३०)

माधुरीले नै मताउँदा, जवानी यो गयो
प्रेमले धेरै सताउँदा, जवानी यो गयो ॥

(गजल-३४)

तिमी जन्मेको याम, मलाइ न्यानो लाग्छ है
तिमीले लेख्ने नाम, मलाइ न्यानो लाग्छ है ॥

(गजल-३८)

उपर्युक्त शेरहरूका 'विकार भो अब जिन्दगी जवानी यो गयो, मलाई न्यानो लाग्छ लाग्छ है' जस्ता वाक्यहरू वाक्यात्मक रदिफका रूपमा प्रयोग भएका देखिन्छन् । **सूत्रमाला** गजलसङ्ग्रहभित्र ४, ५ वटा गजलहरू वाक्यात्मक रदिफहरू रहेका छन् ।

### ४.१०.४.४ 'सूत्रमाला' गजलसङ्ग्रहमा मक्ताको प्रयोग

गजलको अन्तिम शेरलाई मक्ता भनिन्छ[९१] तर उक्त शेरमा तखल्लुस छैन भने त्यस शेरलाई मक्ता नभनी अन्तिम शेर नै भन्नुपर्दछ भन्ने शास्त्रीय मान्यता पाइन्छ । गजलको अन्तिम शेर ज्यादै महत्त्वपूर्ण हुन्छ, यो गजलकारको व्यक्तिगत विवरणमा आधारित हुन्छ ।

दुखेको छ घाउ
निको पार नानी ।

(गजल-२७)

बनी ज्यान पानी
लडे पोल मिठो ॥

(गजल-६)

९१ पूर्ववत्, पृ. २५ ।

तरुलको परिकार पकाउँदै

भुलिरहेँ म उतै वनबासमा ॥

(गजल-५६)

माथिका शेरहरूमा ऋषिप्रसाद लामिछानेका तखल्लुसविहीन मक्ता हुन् । **सूत्रमाला** गजलसङ्ग्रहभित्र ७ वटा गजलका मक्ताहरू यस किसिमका छन् :

गोर्खे सँगैमा अझ साथ देऊ

जागेर इच्छा अनि हुन्छ प्यारी ॥

(गजल-६५)

पछाडी बसेको विनाकाम भैगो

नपाएर गोर्खे हटायौ छटाई ॥

(गजल-१३)

माथिका यी शेरहरू मक्ता खण्डका हुन् । यी शेरहरूमा तखल्लुसको प्रयोग देखिन्छ । यस गजलसङ्ग्रहभित्र ५८ वटा गजलमा तखल्लुसयुक्त मकताहरूको प्रयोग पाइन्छ ।

### ४.१०.४.५ 'सूत्रमाला' गजलसङ्ग्रहमा तखल्लुसको प्रयोग

कविले आफ्नो रचनामा प्रयोग गर्नका लागि अर्थपूर्ण र त्यसमा पनि विभिन्न अर्थ आउने शब्द वा पदावलीयुक्त नाम चयन गरेको हुन्छ र कसै-कसैले चाहिँ अर्थपूर्ण नभए पनि आफ्नो नामको अघिल्लो वा पछिल्लो कुनै भागलाई प्रयोग गर्ने गर्दछन् ।

कविता वा गजलमा तखल्लुस प्रयोग गर्नुको कारण कविले आफ्नो परिचय दिनु पनि हो भने आफ्नो कौशल देखाउनु पनि हो । **सूत्रमाला**मा ऋषिप्रसाद लामिछाने कतै गोर्खे, कतै साइँलो तखल्लुसको रूपमा आएका छन् ।

रमेन 'गोर्खे' मन प्यार साथी

उखेल्न खोज्यौ अनि मासिएको ॥

(गजल-४२)

अभाव जे हुँदैछ, खोज है त पाइने गरी

उमङ्गमा छ 'साइँलो' तिमी बसाउ है ॥

(गजल-४६)

यसरी तखल्लुसको प्रयोगमा सफल हुन सकेमा गजलले त उचाइ प्राप्त गर्न सक्छ नै यसले गजलकारलाई सचेत, अमरसमेत बनाउँछ । यस गजलसङ्ग्रहभित्र ५८ वटा गजलमा उपनाम प्रयोग गर्ने गजलकार ७ वटा गजलमा मात्र तखल्लुसविहीन लेखेका छन् ।

### ४.१०.४.६ 'सूत्रमाला' गजलसङ्ग्रहमा मिसराको प्रयोग

गजलमा रहेका पङ्क्तिहरूलाई मिसरा भनिन्छ । एउटा शेर निर्माण गर्न दुईवटा मिसराको आवश्यकता पर्दछ ।

नेपालको माटो आमा
रोजगारको पाटो आमा ॥

(गजल-३९)

पिएँ झोल मीठो
तिरेँ मोल मीठो ॥

(गजल-७६)

प्रस्तुत गजलांशहरू मतला खण्डका हुन् । यी दुवै शेरका काफिया र रदिफ सफल रूपमा उभिएका छन् । जसले गर्दा मिसराको महत्त्वलाई बढावा दिएको पाइन्छ । **सूत्रमाला** गजलसङ्ग्रहमा मिसराको स्थिति सामान्य देखिन्छ ।

### ४.१०.४.७ शेर

एउटै लय वा छन्दमा बाँधिएका दुई पङ्क्तिको योगबाट शेरको निर्माण हुन्छ । यसमा निश्चित प्रकारको अनुप्रासको व्यवस्था पनि हुन्छ ।[९२] गजलमा दुई मिसराको योगबाट शेरको निर्माण हुन्छ । प्रत्येक शेरको पहिलो मिसरालाई मिसरा-ए-उला र दोस्रो मिसरालाई मिसरा-ए-सानी भनिन्छ । गजलमा भएका शेरहरूका मिसराहरूमध्ये पहिलो शेरमा भएका मिसराले कुनै तथ्य वा समस्यालाई प्रस्तुत गरेका छन् भने अन्य शेरमा चाहिँ मिसरा-ए-उलामा भएको अपूरो भनाइ वा समस्यालाई दोस्रो मिसरा अर्थात् मिसरा-ए-सानीले पूरा गर्ने तथा समाधान गर्ने गरेका छन् ।

गजलका शेरहरू पनि खास गरी दुई किसिमका हुन्छन् । एउटै विषयमा निर्मित गजललाई मुसलसल गजल भनिन्छ भने फरक-फरक विषयको प्रस्तुति भए त्यस्ता गजललाई गैरमुसलसल भनिन्छ । गजलका यी दुवै प्रयोग गोर्खे साइँलोले गरेका छन् । **सूत्रमाला** गजलसङ्ग्रहमा यी दुवैखाले गजलमा बराबर प्रौढता प्रस्तुत गरेका छन् ।

---

९२ पूर्ववत्, पृ. १० ।

### ४.१०.४.८ **निष्कर्ष**

ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को अर्को गजलसङ्ग्रह **सूत्रमाला** २०६३ सालमा प्रकाशित कृति रहेको छ । प्रस्तुत **सूत्रमाला** बहरबद्ध गजलसङ्ग्रहका रूपमा लिइन्छ । लगभग २९ बहरको परिचयसहित ६५ वटा गजलमध्ये २८ वटा गजलमा बराबर सङ्ख्या भएका पूर्ण काफियाको प्रयोग भएको छ भने बाँकी गजलमा आंशिक काफियाको प्रयोग रहेको पाइन्छ । त्यस्तै रदिफ प्रयोगका सन्दर्भमा सङ्ग्रहका ६५ वटा गजलमध्ये २५ वटा गजल गैरमुरद्दफ वर्गमा परेका छन् भने बाँकी गजलहरू मुरद्दफ वर्गमा परेका छन् । तखल्लुसको प्रयोगका रूपमा गजलकारले 'गोर्खे' र 'साइँलो' शब्दको प्रयोग गरेका छन् । यिनका ५८ वटा गजलहरूमा तखल्लुसको प्रयोग भएको छ ।

प्रस्तुत **सूत्रमाला** गजलसङ्ग्रहमा सङ्गृहीत गजलहरूमध्ये गजलकारले प्रणयचेतनालाई मुख्य विषय बनाएका छन् । यसका अतिरिक्त देशभक्ति, देशमा चलेको द्वन्द्व, राजनैतिक विसङ्गति, जीवनका आरोह-अवरोह, प्रकृतिचित्रणलाई समेत विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत सङ्ग्रहका ६५ वटै गजलहरूमा शास्त्रीयलयको पालना गरिएको छ ।

## ४.१०.५ 'कादम्बरी' कवितासङ्ग्रहको अध्ययन

### ४.१०.५.१ कविताको सैद्धान्तिक अध्ययन

कविता साहित्यको एउटा सशक्त एवं सर्वश्रेष्ठ विधा हो । सङ्गेय पक्षलाई आफ्नो मूलधर्म र मर्म बनाई गीति प्रारूप हुँदै आविर्भाव भएको यो विधा सबैभन्दा जेठो भनिन्छ । मानवीय क्रान्तिकारी कदम मानिने भाषाको उत्पत्तिसँगसँगै कविताको पनि उत्पत्ति भएको हो भन्नेबारेमा अधिकांश विद्वान्हरू समत देखिन्छन् । लोकजीवन र लोकगाथालाई मूल आधार बनाई यो विधा क्रमश: हुर्किंदै झ्याँङ्गिदै गयो । जीवनका घामछाया अथवा सुखदु:खलाई जतिबेला जनमानसले लयबद्ध रूपमा भावात्मक अभिव्यक्ति दियो, त्यतिबेलादेखि नै यो कविताविधा अस्तित्वमा आयो । जीवनका उज्याला-अँध्यारा पक्षलाई कवितात्मक रूपमा अभिव्यक्त गर्ने यो विधा मौखिक कथ्य हुँदै लिपिको आविष्कार भएपछि मात्र लेख्यभाषाको रूपमा प्रवाहित भएको हो ।

लोकसाहित्यका रूपमा कविताको लेख्य रूप वेदबाट नै प्राप्त भएको हो । संसारका सर्वप्राचीन लेख्यग्रन्थका रूपमा **ऋग्वेद**लाई मानिन्छ । **ऋग्वेद**का कतिपय सूक्तमा प्रशस्त मात्रामा काव्यात्मक अनुगुञ्जन पाइएको छ ।[९३] यसमा हाम्रा प्राचीन महर्षिहरूले आफ्नो हृदयगत अनुभूतिको अभिव्यञ्जना प्रस्तुत गरेका छन् । यसपछि **वैदिकसंहिता**, **उपनिषद्** र **पुराण**हरूको जन्म हुन्छ । यी ग्रन्थहरूमा काव्यात्मक अभिलक्षणहरू देखापरेका छन् । **उष:सूक्त, नासदीयसूक्त, पृथ्वीसूक्त** आदि काव्यात्मक मूल्यका दृष्टिले महत्त्वपूर्ण मानिन्छन् ।

---

९३ गोपीकृष्ण शर्मा, **संस्कृत साहित्यको रूपरेखा**, (काठमाडौं : अभिनव प्रकाशन, २०५६), पृ. २२ ।

वैदिक साहित्यपछि लौकिक साहित्यको अस्तित्व प्रकट हुन्छ । वाल्मीकिद्वारा नै प्रथम कविताको प्रस्फुटन भएको भन्ने विचार पूर्वीय विद्वान्हरूको रहेको पाइन्छ । कविता र यसका स्वरूपका बारेमा पूर्वमा जस्तै पश्चिममा पनि होमरका **इलियड** र **ओडिसी** महाकाव्यात्मक कृतिका रूपमा लेखिएको पाइन्छ । साहित्य नैतिक प्रयोजनका निम्ति हुनुपर्छ भन्ने प्लेटो र कलालाई प्रकृतिको अनुकरण ठान्ने अरिस्टोटलदेखि नै पश्चिममा काव्यचिन्तन सुरु भएको देखिन्छ । होमरपछि भर्जिल, गेटे, शेली, किट्स, वाइरन, इलियट आदिजस्ता महान् कविका महान् र प्रसिद्ध कविताहरूले प्राचीन र आधुनिक कवितालाई हराभरा बनाउँदै आएका छन् ।

पूर्वका भामह पश्चिमका एरिस्टोटलले काव्यका बारेमा जेजस्ता चिन्तन-मनन गरे त्यसैको सेरोफेरोमा आबद्ध भई निरन्तर रूपमा आजसम्म पनि कविताको बारेमा चिन्तन-मनन गर्ने प्रक्रिया जारी रहँदै आएको छ । यसै सिलसिलामा विभिन्न वाद, प्रणाली र सम्प्रदायहरू जन्मँदै र विकसित हुँदै आएका छन् । काव्यलेखन परम्परालाई सिंहावलोकन गर्दा काव्यमा दुईवटा धारा देखापर्दछन् । एकथरी चिन्तनले कविताको रूपपक्षलाई बढी जोड दिएको पाइन्छ भने अर्काथरी चिन्तनले भावपक्षलाई जोड दिएको पाइन्छ । कविताको समग्र अध्ययनका लागि पूर्वीय पाश्चात्य तथा नेपाली कवि एवम् तिनका कवितासम्बन्धी चिन्तनका मत-मतान्तरलाई केलाउँदै कुनै एउटा निष्कर्षमा पुग्नु आवश्यक देखिन्छ ।

### ४.१०.५.२ कविताको परिभाषा

कवि शब्द संस्कृतको 'कवृ वर्णने' धातुबाट बनेको मानिन्छ ।[९४] वैदिक साहित्यमा कविलाई सर्वज्ञ तथा सर्वद्रष्टाको रूपमा लिएको छ । **शुक्लयजुर्वेद**मा कविलाई 'मनीषी', 'परिभू' र 'स्वयम्भू' आदि भनिएको छ ।[९५] मनीषीको अर्थ विद्वान्, परिभूको अर्थ चारैतिरबाट घेर्ने र स्वयम्भूको अर्थ आफैँ उत्पन्न भएको हो । वैदिक साहित्यमा कवि, द्रष्टा र ऋषिलाई समानार्थी शब्दको रूपमा व्यवहार गरिएको पाइन्छ ।[९६] भागवत्मा ब्रह्मालाई आदिकवि मानिएको छ । उनका मुखबाट चारै वेद उत्पन्न भएकोले उनलाई यो उपाधि दिएको हो ।[९७] कविता के हो ? भन्ने यकिन गर्नका लागि विभिन्न विद्वान्हरूद्वारा व्यक्त गरिएका धारणालाई एकत्रित गरी निष्कर्षमा पुग्नुपर्ने हुन्छ । पूर्वमा भामह र पश्चिममा प्लेटोदेखि नै कवितासम्बन्धी चिन्तनहरू सुरु भएको पाइन्छ तापनि कविताकले अहिलेसम्म सर्वमान्य परिभाषा प्राप्त गर्न सकेको पाइँदैन । पूर्वीय तथा पाश्चात्य साहित्यका केही विद्वान्हरूको परिभाषा तल प्रस्तुत गरिएको छ । पूर्वीय साहित्यमा काव्य वा साहित्यचिन्तनको थालनी भरतमुनिबाट भए पनि कविताको

---

९४ केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, चौथो संस्क., (ललितपुर : साझा प्रकाशन, २०३०), पृ. ६ ।

९५ हिमांशु थापा, **साहित्य परिचय**, पाँचौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०५०), पृ. ३३ ।

९६ पूर्ववत्, पृ. ३४

९७ केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, पूर्ववत् ।

परिभाषाको औपचारिक परम्परा भामहबाट सुरु भएको मानिन्छ । आचार्य भामहले 'शब्दार्थौ सहितौ काव्यम्' हो भनेका छन् । नराम्रो कुरा पनि अलङ्कारमय शब्दार्थले भनियो भने राम्रो हुन्छ भन्ने आशय उनमा पाइन्छ ।

**अग्निपुराण**मा पनि अलङ्कार र गुणले युक्त दोषमुक्त भएको र सङ्क्षेपमा व्यक्त गरिएको पदावलीलाई कविता मानिएको छ । मम्मटले कविताको परिभाषाका सन्दर्भमा 'तददोषौ शब्दार्थौ सगुणावनलङ्कृती पुन: क्वापि' अर्थात् दोषरहित गुणसहित शब्दार्थ काव्य हो, यसमा कहीँ अलङ्कार हुन्छ, कहीँ अलङ्कार नभए पनि काव्यतत्त्वमा हानि पुग्दैन भनेका छन् । दोष नभएको र गुण तथा अलङ्कार भएको शब्दार्थलाई मम्मटले काव्यको रूपमा लिएका छन् । विश्वनाथले 'वाक्यं रसात्मकं काव्यम्' भनेका छन् । रसले युक्त वाक्य नै काव्य हो भन्ने उनको धारणा छ । उनी रसवादी कवि भएकोले रसलाई मात्र सर्वाधिक महत्त्व दिएका छन् । सबैभन्दा पछिल्ला पूर्वीय आचार्य जगन्नाथको 'रमणीयार्थप्रतिपादक: शब्द: काव्यम् भनेका छन् ।'[९८] रमणीय अर्थ प्रतिपादन गर्ने शब्द नै काव्य हो भनी कविताको परिभाषा दिएका छन् । यस्तै आनन्दवर्धनले ध्वनिमा, कुन्तकले वक्रोक्तिमा, क्षेमेन्द्रले सादृश्यवस्तुको योगमा, विश्वनाथले रसात्मक वाक्यमा साथै विशिष्ट पदविन्यासमा, दण्डीले इष्ट अर्थयुक्त पदावलीमा र जगन्नाथले रमणीय अर्थ शब्दमा विशेष जोड दिएको पाइन्छ ।

यसप्रकार रस, अलङ्कार, ध्वनि, गुण, रीति औचित्य आदिलाई काव्यका अपरिहार्य तत्त्वका रूपमा स्वीकार्ने विभिन्न सम्प्रदाय देखापर्दछन् र ती सम्प्रदायका विभिन्न विद्वान्हरूले आ-आफ्नै किसिमले आ-आफ्नै सम्प्रदायगत चिन्तनमा केन्द्रित भएर परिभाषा गरेको पाइन्छ । पूर्वमा **ऋग्वेद**लाई आदिग्रन्थ मानिएझैँ पश्चिममा होमरको **इलियड** र **ओडिसी**लाई आदिग्रन्थ मानिएको पाइन्छ । ई.पू. ८०० देखि १५०० सम्मका होमरका **इलियड** र **ओडिसी** आदिबाटै पाश्चात्य साहित्यचिन्तनको पृष्ठभूमि बन्दै गएको कुरा विद्वान्हरूले स्वीकार गरेका छन् । पाश्चात्य साहित्यका मर्मज्ञ अरिस्टोटलले आफ्नो **काव्यशास्त्र**मा कला प्रकृतिको अनुकरण हो भनेका छन् ।[९९] कवि प्रकृति वा वस्तुजगत् जस्तो छ त्यस्तै अनुकरण नगरी त्यसका कमी-कमजोरीलाई पूर्णता दिँदै वस्तु जस्तो हुनुपर्दछ त्यस्तै प्रस्तुत गर्दछ भन्ने अवधारणा उनमा पाइन्छ । जेन्सनको विचारमा कविता छन्दोबद्ध रचना हो, यो बुद्धिको सहायताले कल्पनाको आह्वानद्वारा आनन्दलाई सत्यसित जार्ने कला हो । यस परिभाषाले छन्द, कल्पना, सौन्दर्यचेत आह्वलादजस्ता कविताका प्रकृतिलाई समावेश गरेको छ । वर्डस्वर्थले कविता सशक्ति अनुभूतिको निरवच्छिन्न उच्छलन हो । यो शान्त क्षणमा पुन: सङ्कलित वा स्मृत संवेगबाट जन्मन्छ । वर्डस्वर्थको कथनले भावपक्षमा जोड दिएको पाइन्छ । त्यस्तै अङ्ग्रेजी कवि सेलीले

---

९८ केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, पूर्ववत्, पृ. १४ ।

९९ वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, (ललितपुर : साझा प्रकाशन, २०३६), पृ. ३३ ।

तीव्रतम् दु:खको कथा नै सबभन्दा मीठो गीत (कविता) हो भनेका छन् । म्याथ्यु आर्नल्डले कवितालाई जीवनको समालोचनाको रूमा लिएका छन् ।[१००]

आर्नल्डले कवितालाई जीवनको समालोचना भनेर थोरैमा धेरै भनेका छन् ।

हिन्दी कवयित्री महादेवी बर्माका विचारमा कविता कविविशेषका भावहरूको चित्रण हो र त्यो चित्रण यतिसम्म ठीक छ कि त्यसलाई उस्तै नै भावहरू कुनै अर्काको हृदयमा आविर्भाव हुन्छन् ।[१०१] यस कवितामा सम्प्रेषण क्षमता वा साधारणीकरण र रसमयतालाई ध्यान राखिएको देखिन्छ । कलरिजले कविता उत्तम क्रममा सजिएका उत्तम शब्दहरूबाट बन्छ भनेका छन् ।[१०२]

पाश्चात्य काव्यचिन्तनको यस किसिमको परम्परा विभिन्न युग र धारा हुँदै आजसम्म आइपुग्ने क्रममा अतिवैयक्तिकता, सौन्दर्य, जटिलता, दुरुहता, अबोधगम्यता र क्लिष्टताजस्ता तत्त्वहरूबाट काव्यकविता प्रभावित भएको देखिन्छ । यही क्रममा विभिन्न वाद, दर्शन, मान्यता एवम् मनोविज्ञान, भाषाविज्ञान सौन्दर्यशास्त्र, भूगर्भशास्त्र आदिको पनि प्रभाव कविताका क्षेत्रमा परेको देखिन्छ ।

नेपाली साहित्यका नाट्यसम्राट बालकृष्ण समको भनाइअनुसार कविता भावनाको बौद्धिक कोमलता हो । लक्ष्मीप्रसाद देवकोटा कविताका बारेमा यस्तो धारणा व्यक्त गर्दछन् – 'कविलाई त्यहाँबाट बोल्न मन लागोस् जहाँ मानव आँसुहरू प्राकृतिक भावमा पग्लिन्छन् । जहाँ सत्यको आमन्त्रण आत्मामा सुन्दरताको ध्वनिमा स्पष्टीकृत हुन्छ, कवि बोलोस् जसरी चराहरू बोल्दछन् न कि जसरी वस्तादहरू कसरत गर्दछन् । हृदयले हृदयलाई बोलाओस्, कवितामा सोझा, सच्चा, नाङ्गा पहाडको महत्त्व होस्, कविता जसबाट नालाहरू अफसेआफ भुलभुलाउँदै उठ्छन् ।[१०३] देवकोटा कवितालाई विवेकको नियन्त्रणबाट मुक्त गर्नुपर्छ, कविता भावनाको स्वत:स्फूर्त वस्तु हो यसको सिर्जन प्राकृत हुन्छ, नियमको परिधिमा कवितालाई बाँध्न हुँदैन भन्ने धारणा राख्दछन् । कविवर माधव घिमिरेका अनुसार 'शब्द र सङ्गीत, अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो ।' प्रस्तुत परिभाषामा शब्द, सङ्गीत, अर्थ र अभिप्रायलाई कविताको कलापक्ष र अनौठो अनुभूतिलाई भावपक्षको रूपमा लिएको देखिन्छ । प्रसिद्ध कवि तथा वरिष्ठ समालोचक वासुदेव त्रिपाठीका विचारमा मानवमनका अनुभूतिहरूको लयात्मक, भाषिक, कलात्मक कथन नै कविता हो ।[१०४]

---

१०० हिमांशु थापा, पूर्ववत्, पृ. ४१ ।

१०१ टङ्कप्रसाद न्यौपाने, **साहित्यको रूपरेखा**, (ललितपुर : साझा प्रकाशन, २०४९), पृ. ७० ।

१०२ पूर्ववत्, पृ. ७२ ।

१०३ लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मीनिबन्ध सङ्ग्रह**, आठौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०३९), पृ. २५ ।

१०४ वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग ४, दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०४७), पृ. २ ।

यस प्रकारले पूर्वीय तथा पाश्चात्य समीक्षकहरूले कवितासम्बन्धी बेग्लाबेग्लै विचार प्रकट गरेको पाइन्छ । कविता भावुकताको वस्तु र अमूर्त वस्तु भएकोले पनि ठोस रूपमा चिनाउन सक्ने गरी परिभाषा दिन कठिन भएको हो । समयका अनेकौं खुड्किलाहरू पार गर्ने क्रममा यसका मूल्य, मान्यता र अवधारणामा फेरबदल भइरहन्छन् । कविताले अन्तर्मनमा पार्ने प्रभावलाई मापन गरी यही हो भनी ठोकुवा गर्न नसके पनि कविता बौद्धिक कसरत मात्र पनि होइन र हृदयको निरवच्छिन्न उच्छलता मात्रै होइन । कविता भावना र कल्पनाका सहायताद्वारा सिर्जना गरिने भएकोले होला प्रमाणिक रूपमा कविताको परिभाषा गर्न नसकिएको । कवितालाई श्रुतिसुखद बनाउने मात्र नभएर गद्यविधा (कथा, नाटक, उपन्यास, निबन्ध आदि) बाट भेदकरेखा खिची स्वसत्ता कायम गराउनमा लय वा छन्दको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । कविता अमूर्त र लयात्मक अभिव्यक्ति हो । यसमा सत्यम्, शिवम् र सुन्दरम्को भावना रहेको हुन्छ । कवितामा रस, ध्वनि, अलङ्कार, बिम्ब, प्रतीक, भावना, विचार आदि घोलिएका हुन्छन् । त्यसैले जीवनका उकालीओरालीहरूमा देखापर्ने घामघायाहरू अनुभूति र कल्पनाका माध्यमबाट भाव र विचारका रूपमा सौन्दर्यपूर्ण लयात्मक अभिव्यक्तिद्वारा प्रकट हुनु नै कविता हो भन्न सकिन्छ ।

### ४.१०.५.३ **कविताका प्रमुख तत्त्व**

साहित्यका अन्य विधामा जस्तै संरचनाका लागि आवश्यक पर्ने आफ्नै प्रकारका तत्त्वहरू रहेका छन् । कविताका प्रमुख तत्त्वका रूपमा भाषाशैली, भाव र लयात्मकतालाई लिन सकिन्छ तापनि कविताका अन्य तत्त्व पनि रहेका छन् । वासुदेव त्रिपाठीका अनुसार कविताका मुक्तकदेखि महाकाव्यसम्मको स्वरूपलाई ध्यानमा राख्दा कविताका निम्न तत्त्व देखापर्छन्[१०५] :

(क) शीर्षक

(ख) संरचना

(ग) लयविधान

(घ) भाषाशैली

(ङ) कथनपद्धति

(च) केन्द्रीय कथ्य

(छ) बिम्बविधान तथा अलङ्कार प्रविधि

(ज) व्यञ्जना ।

---

१०५ पूर्ववत्, पृ. १७ ।

### ४.१०.५.३.१ शीर्षक

कुनै विषयको परिचय गराउन लेख वा ग्रन्थका अगाडि लेखिने शब्द, शब्दसमूह वा वाक्यलाई शीर्षक भनिन्छ ।[१०६] कविताको आङ्गिक संरचनाभित्र शीर्षकको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । शीर्षक कविताकृतिको नामकरण मात्र नभई कृतिको सारभूत भावविचारको सूचक सङ्केत वा उद्‌घाटनसमेत हो । कवितामा देखापर्ने आन्तरिक संरचना, बाह्यसंरचना र यसको भाषाशैलीले बहन गरेको सम्पूर्ण विषयवस्तुको केन्द्रीय कथ्यलाई शीर्षकले व्यक्त गरेको हुनुपर्छ । सरल, सहज र पारदर्शी शीर्षक नै कविताकृतिका लागि अपेक्षित हुन्छ । यसरी शीर्षक चयन गर्दा कविताको समग्र सारतत्त्व, भाव समेटिने खालको शीर्षक हुनुपर्छ र विषयवस्तु एवम् शीर्षकका बीच अन्तःसङ्गतिसमेत हुनुपर्छ ।

### ४.१०.५.३.२ संरचना

आदिभागदेखि मध्यभाग हुँदै अन्त्यभागसम्मको समस्त बनोट र बुनोटप्रक्रिया नै कविताको संरचना हो । संरचना दुई प्रकारको हुन्छ : बाह्य र आन्तरिक ।

बाह्यसंरचनाअन्तर्गत कविताकृतिको शीर्षक, भाव, शैली, शब्दसंरचना, पङ्क्ति, श्लोक, अनुच्छेद, सर्गयोजना, अनुप्रासमय पदावली आदि पर्दछन् । कविताको लघुतम रूपमा संरचनाको आवश्यकता पर्दैन किनभने यस रूपमा संरचना स्वतःस्फूर्त रूपमा रहेको हुन्छ । लघुतम रूपबाट जब कविता मध्यम, बहृत् र बृहत्तर रूप प्राप्त गर्न पुग्दछ तब कविताले बाह्यसंरचना प्राप्त गर्दछ ।

बाह्यसंरचना कविताको शरीर हो भने आन्तरिक संरचना कविताको मुटु हो । केन्द्रीय कथ्य, भाव, विचारको उठान, त्यसको विकास र अन्तिम रागात्मक परिणतिलाई नै कविताको आन्तरिक संरचना भनिन्छ । आन्तरिक संरचनाले विषयवस्तुको अनुभूति, भाव, विचार वा उद्देश्यलाई अन्तर्लयात्मक नादमा घोलेर प्रारम्भ, विस्तार र अन्तिम परिणतिको बिन्दुसम्म पुर्‍याउने काम गर्दछ ।

### ४.१०.५.३.३ लयविधान

कवितालाई साहित्यका अन्य विधाबाट छुट्याउने तत्त्व नै साङ्गीतिकता अथवा लयात्मकता हो । लयविधान कविताको सबैभन्दा महत्त्वपूर्ण तथा प्रमुख तत्त्व हो । लय वा छन्दका वार्णिक, मात्रिक र मुक्त रूप पाइए तापनि मुख्यतः कवितामा दुई प्रकारका लय रहेका देखिन्छन् । ती हुन् – आन्तरिक लय, बाह्यलय । आन्तरिक लयमा पङ्क्तिस्तरमा पाइने अनुप्रासीयता, अन्त्यानुप्रासीयताबाट छन्द अझ मीठो हुन्छ भने बाह्यलयमा गण र मात्राको

---

१०६ भोजराज ढुङ्गेल तथा दुर्गाप्रसाद दाहाल, **नेपाली कविता र काव्य**, (काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, २०६०), पृ. ६ ।

मिलनद्वारा स्वत:स्फूर्त रूपमा आउने लयात्मकता पर्दछ । यसरी कवितामा लयका माध्यमबाट भावहरूको संयोजन गर्ने गरिन्छ ।[१०७]

### ४.१०.५.३.४ **भाषाशैली**

कविताको अर्को महत्त्वपूर्ण तत्त्व भाषाशैली हो । कवितामा भाषाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले काल्पनिक अनुभूतिले सिर्जना भएको भावतरङ्गलाई मिठास दिने काम भाषाशैलीले गर्दछ । कवितालाई बिम्ब, प्रतीक र विभिन्न अलङ्कारले सौन्दर्यमय बनाउँछन् । कवितामा माधुर्य, सुकुमारता र लालित्यको अपेक्षा गरिन्छ । सरलता, सुकुमारता, सहजता, प्रवाहशीलताजस्ता तत्त्वले गर्दा काव्यमा कलात्मक सौन्दर्य सौष्ठव प्राप्त हुन्छ । यसैका माध्यमबाट काव्यकविता जीवन्त र अमर बन्न सक्छ ।

### ४.१०.५.३.५ **कथनपद्धति**

कथनपद्धति भन्नाले अभिव्यक्ति गर्ने तरिका भन्ने बुझिन्छ । कविताको क्षेत्रमा भाषिक लयात्मक कथनपद्धतिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कवितामा कवि आफैँ सिधै कुनै कवितात्मक कथन गर्दछ भने त्यस्तो कथनलाई कवि प्रौढोक्ति भनिन्छ । कवि काव्य वा कवितामा आफैँ उपस्थित आफ्ना अनुभूति भाव कुनै पात्रको रूपमा उपस्थित गराएर श्रोता वा पाठकको समक्ष प्रस्तुत गर्दछ भने त्यस्तो कथनपद्धतिलाई कविनिबद्ध प्रौढोक्ति भनिन्छ ।

### ४.१०.५.३.६ **केन्द्रीय कथ्य**

कविताको मूल तत्त्व भाव हो[१०८] अथवा यसलाई अर्को शब्दमा केन्द्रीय कथ्य भन्ने गरिन्छ । जीवनजगत्का समग्र विषयवस्तु मानवचेतनाको अनुभव र कल्पनाहरू नै केन्द्रीय कथ्यका रूपमा रहेका हुन्छन् । प्रकृति, समाज, ज्ञान, विज्ञान, दर्शन, इतिहास, भूगोल, पुराकथा, संस्कृति जुनसुकै कुराको पनि कवितामा कथन गर्न सकिन्छ । जीवनजगत्का यावत विषयवस्तु कविताका लागि चाहिने कच्चासामग्री हुन् ।

कविताको कच्चासामग्रीका रूपमा रहेको केन्द्रीय कथ्यलाई कविले काव्य हेतुका रूपमा रहेका प्रतिभा, व्युत्पत्ति र अभ्यासका माध्यमबाट निरन्तरता प्रदान गर्दै कलात्मक कविता वा सार्थक कविताको रूपमा प्रस्तुत गर्न सक्छ । केन्द्रीय कथ्यलाई आन्तरिक र बाह्यसंरचनाले कलात्मक रूपान्तरण गर्दै बिम्ब, प्रतीक, अलङ्कार, लय र भाषाशैलीका माध्यमबाट कविताको उत्कृष्ट रूप प्राप्त गर्न सकिन्छ ।

---

१०७ ईश्वरीप्रसाद गैरे तथा कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली नाटक र फुटकर कविता**, (कीर्तिपुर : न्यु हीरा बुक्स इन्टरप्राइजेज्, २०५९), पृ. ३३४ ।

१०८ ऐजन ।

### ४.१०.५.३.७ बिम्बविधान तथा अलङ्कार प्रविधि

कविताकृतिमा प्रतिच्छायाका रूपमा आउने अर्को सहवर्ती अर्थलाई बिम्ब भनिन्छ ।[१०९] यसबाट कवितामा कलात्मक सौन्दर्यको वृद्धि हुन्छ । जीवनजगत्का विविध सन्दर्भ र सामग्रीबाट बिम्बविधानको सिर्जना हुनसक्छ । कवितामा बिम्ब र प्रतीकले अनुभूति र प्रभावको व्यापकतामा तीव्रता ल्याउन मद्दत गर्दछ । कुनै बिम्ब पूरै कविताव्यापी बृहत् बिम्ब पनि हुने गर्दछन् । यी व्यञ्जनाधर्मी हुन्छन् । कविताकृतिका ठाउँठाउँमा आउने स्थानीय बिम्ब भने कृतिको त्यस अंशकै सौन्दर्य सम्बर्धक हुन्छन् । वक्रोक्ति र अतिशयोक्तिद्वारा सिर्जना गरिएका बिम्ब तथा अलङ्कारले कवितालाई विशेष चमत्कृत तुल्याउँछ ।

### ४.१०.५.३.८ व्यञ्जना

शब्द र अर्थ दुवैका कारणले उक्ति, कथन वा कृतिमा प्रस्तुत वा कथितभन्दा अप्रस्तुत वा अकथित अर्थ जब पारदर्शकतासाथ झल्कन्छ त्यो स्थिति व्यञ्जना हो । कवितामा सोझो अर्थ लाग्ने भाषा मात्र प्रस्तुत गर्नु हुँदैन । यसमा त व्यञ्जनाले बुझाउने वाच्यार्थ लक्ष्यार्थपछिको व्यञ्जना अर्थप्रकट गराउन सक्नुपर्छ अनि मात्र कविता उत्कृष्ट बन्छ ।[११०] कविताकृतिमा व्यञ्जना स्थानीय स्तरमा वा पूरै कृतिभर व्याप्त पनि हुनसक्छ । जब कविताको आन्तरिक संरचनामा अर्थका एकभन्दा बढी तरेलीहरू रहेको भावकले अनुभव गर्दछ त्यस व्यञ्जनावृत्तिले कृतिको कलात्मक प्रभाव र मूल्यलाई बढाउँछ । यसरी यिनै तत्त्वहरूको आधारमा **कादम्बरी** कवितासङ्ग्रहको अध्ययन गरिन्छ ।

## ४.१०.६ 'कादम्बरी' कवितासङ्ग्रहको संरचनागत स्वरूप

**कादम्बरी** कवितासङ्ग्रह ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को चौथो कृतिका रूपमा रहेको छ । साहित्यिक लेखनमा निरन्तर जुटिरहने स्रष्टा गोर्खे साइँलो सूत्रसहितको छन्दोबद्ध कवितासङ्ग्रह **कादम्बरी** लिएर पद्यपोखरीमा देखापरेका छन् । पाँच दर्शनभन्दा बढी कविता अन्वित प्रस्तुत कवितासङ्ग्रहा विमोह छन्ददेखि स्रग्धरा छन्दसम्मका पच्चीसवटा छन्द अटाएका छन् । पञ्चचामर, शिखरिणी, शार्दूलविक्रीडित, अनुष्टुप् र उपजातिजस्ता चलनचल्तीका छन्दलाई कविको व्युत्पत्ति प्रतिभा र साधनाले सरल तर प्रभावकारी पाराले उठान गरेका छन् ।[१११]

---

१०९ वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग ४, पूर्ववत्, पृ. २० ।

११० ईश्वरीप्रसाद गैरे तथा कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली नाटक र फुटकर कविता**, पूर्ववत्, पृ. ३३५ ।

१११ ऋद्धिरमण घिमिरे, *कादम्बरीको सुगन्ध,* **गरिमा**, (वर्ष २५, अङ्क १०, २०६४), पृ. १२०-१२१ ।

प्रस्तुत कवितासङ्ग्रहले मानवतावादी स्वर मुखरित गर्दै कर्मशीलताको यशोगान गाएकी छ । मङ्गलाचरण प्रतीत हुने *वन्दना* कविताबाट आरम्भ यस सङ्ग्रहले काव्यिक छलकका साथ आगत-विगतको सम्मोहन, प्रेम र प्रणय-लीला, सुन्दरी र श्रीमती, वियोग र संयोग, मृत्यु र जन्म, गृहस्थी र गुनगान, बिदाई र वेदना, घटना र दुर्घटना यावत पाटाहरूलाई व्यक्तिगत अवधारणाका आधारमा समेटेको छ ।

### ४.१०.६.१ कादम्बरी कवितासङ्ग्रहको सूत्रात्मक विश्लेषण

| क्रम | कविताको शीर्षक | लयविधान | संरचना | केन्द्रीय कथ्य | कथनपद्धति |
|---|---|---|---|---|---|
| १. | वन्दना | शास्त्रीय छन्द वसन्ततिलका बाह्य लय | चार पङ्क्तिका पाँच श्लोक | त्रिशक्तिदेवीसँग र छन्द कवितासङ्ग्रहहरूको प्रार्थना | कवि प्रौढोक्ति |
| २. | दसैं | विद्युन्माला छन्द बाह्य लय | चार पङ्क्ति पाँच श्लोक | सांस्कृतिक महत्त्व | कवि प्रौढोक्ति |
| ३. | नुहाकोट | शार्दूलविक्रीडित छन्द बाह्य लय | चार पङ्क्ति पाँच श्लोक | जन्मथलोको महिमा | कवि प्रौढोक्ति |
| ४. | सुन्दरी | इन्द्रवज्रा छन्द | चार पङ्क्ति पाँच श्लोक | सौन्दर्यप्रतिको अनुराग | कवि प्रौढोक्ति |
| ५. | मेला र चितवन | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति पाँच श्लोक | चितवनमा कृषि, उद्योग मेलाको परिचय | कवि प्रौढोक्ति |
| ६. | भानुको सम्झना | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति पाँच श्लोक | भानु जन्म ठाउँको बयान | कवि प्रौढोक्ति |
| ७. | कादम्बरी | वसन्ततिलका छन्द | चार पङ्क्ति पाँच श्लोक | कादम्बरी फूल र मदिरालाई प्रेयसीसँग तुलना | कवि प्रौढोक्ति |
| ८. | भई पियारी | उपजाति छन्द | चार पङ्क्ति पाँच श्लोक | जीवनसङ्गीको महत्त्व | कवि प्रौढोक्ति |
| ९. | त्रसित | छाया छन्द बाह्य लय | चार पङ्क्ति पाँच श्लोक | देशको राजनैतिक अवस्था, भाइ-भाइबीचको खिचातानीको व्याख्या | कवि प्रौढोक्ति |
| १०. | प्रसवपीडा | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति पाँच श्लोक | प्रसवपीडालाई कविताकाव्य सिर्जनासँग समीकरण | कवि प्रौढोक्ति |
| ११. | अतिथि | स्वागता छन्द | चार पङ्क्ति पाँच श्लोक | अतिथि सत्कारको चाहना | कवि प्रौढोक्ति |

| | | | | | |
|---|---|---|---|---|---|
| १२. | कर्मको फल | हरिणी छन्द<br>बाह्य लय | चार पङ्क्ति<br>पाँच श्लोक | युद्ध छाडी शान्तिको पक्षमा प्रस्तुत हुन विद्रोही पक्षलाई आग्रह | कवि प्रौढोक्ति |
| १३. | प्रेमपीडा | भुजङ्गप्रयात छन्द<br>बाह्य लय | चार पङ्क्ति<br>पाँच श्लोक | प्रेम बिलौना<br>तिरस्कारको अनुभव | कवि प्रौढोक्ति |
| १४. | निम्तो | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति<br>पाँच श्लोक | साहित्यिक निम्तो<br>पाएपछिको अनुभूति | कवि प्रौढोक्ति |
| १५. | स्नेह | उपेन्द्रवज्रा छन्द | चार पङ्क्ति<br>पाँच श्लोक | पितृशोक | कवि प्रौढोक्ति |
| १६. | लक्ष्मी तिमी | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति<br>पाँच श्लोक | लक्ष्मीप्रसिाद देवकोटा र उनको कृतिको व्याख्या | कवि प्रौढोक्ति |
| १७. | जिन्दगानी | उपेन्द्रवज्रा छन्द | चार पङ्क्ति<br>पाँच श्लोक | जिन्दगीका उतारचढाव | कवि प्रौढोक्ति |
| १८. | मोती र गजल | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति<br>पाँच श्लोक | मोतीराम भट्टका साथै मोतीमण्डलीके व्याख्या | कवि प्रौढोक्ति |
| १९. | बाल्यकाल | स्वागता छन्द | चार पङ्क्ति<br>पाँच श्लोक | बाल्यकालका साथै वैवाहिक जीवनको महत्त्व | कवि प्रौढोक्ति |
| २०. | मित्रलाई पितृशोक | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति<br>पाँच श्लोक | मानवतावादी स्वर सद्भाव र समवेदना | कवि प्रौढोक्ति |
| २१. | कवि र पुस्तक | स्रग्विणी छन्द | चार पङ्क्ति<br>पाँच श्लोक | | कवि प्रौढोक्ति |
| २२. | बिदाई | अनुष्टुप् छन्द | चार पङ्क्ति<br>पाँच श्लोक | प्रेयसीको गुणगानका साथै धार्मिकस्थलको बयान | कवि प्रौढोक्ति |
| २३. | परिवार | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति<br>पाँच श्लोक | पारिवारिक महत्त्व | कवि प्रौढोक्ति |
| २४. | जुवा | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति<br>पाँच श्लोक | जुवातासप्रति घृणा, मानवतावादी स्वर, लक्ष्मीपूजाको बयान | कवि प्रौढोक्ति |
| २५. | कवि र साहित्य | हरिगीतिका छन्द | चार पङ्क्ति<br>पाँच श्लोक | कवि साहित्यमो महिमा | कवि प्रौढोक्ति |

| | | | | | |
|---|---|---|---|---|---|
| २६. | नारी जाग | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति पाँच श्लोक | नेपाली समाजमा नारीको यथार्थ चित्रणका साथै नारी जागरणको सन्देश | कवि प्रौढोक्ति |
| २७. | प्रेम | मणिमाला छन्द | चार पङ्क्ति पाँच श्लोक | प्रेम प्राप्तिको आशा | कवि प्रौढोक्ति |
| २८. | मनको बिलौना | भुजङ्गप्रयात छन्द | चार पङ्क्ति पाँच श्लोक | आत्मपीडा | कवि प्रौढोक्ति |
| २९. | मित्रश्रीमा मातृशोक | शिखरिणी छन्द | चार पङ्क्ति पाँच श्लोक | शोकाकुल मित्रहरूप्रति भावुक अभिव्यक्ति | कवि प्रौढोक्ति |
| ३०. | मरेसरी भैगयो | पञ्चचामर छन्द | चार पङ्क्ति पाँच श्लोक | राजनैतिक व्यङ्ग्य | कवि प्रौढोक्ति |
| ३१. | केबुलकारको यात्रा मनकामनाको दर्शन | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति पाँच श्लोक | प्रकृतिचित्रण | कवि प्रौढोक्ति |
| ३२. | यी क्षण | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति पाँच श्लोक | दायित्व र कर्तव्यबोध | कवि प्रौढोक्ति |
| ३३. | कविको गुनासो | तोटक छन्द | चार पङ्क्ति पाँच श्लोक | मोह र जिज्ञासा | कवि प्रौढोक्ति |
| ३४. | जीवनै गयो | वंशस्थ छन्द | चार पङ्क्ति पाँच श्लोक | आत्मपीडा | कवि प्रौढोक्ति |
| ३५. | जीवन | चम्पकमाला छन्द | चार पङ्क्ति पाँच श्लोक | जीवनभोगाइ | कवि प्रौढोक्ति |
| ३६. | मेरी जुरेली चरी | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति पाँच श्लोक | जीवनसङ्गिनीको महत्त्व | कवि प्रौढोक्ति |
| ३७. | कस्तो होली | अनुष्टुप् छन्द | चार पङ्क्ति पाँच श्लोक | राष्ट्रिय चेतना प्रवाह, राजनैतिक व्यङ्ग्य | कवि प्रौढोक्ति |
| ३८. | हर्षित मन | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति पाँच श्लोक | धार्मिकस्थलको व्याख्या साथै समसामयिक राजनैतिक फोहोरी खेलप्रति अनिच्छा | कवि प्रौढोक्ति |
| ३९. | गौमाता | स्रग्धरा छन्द | चार पङ्क्ति पाँच श्लोक | हिन्दूजगत्मा गाईको महत्त्व | कवि प्रौढोक्ति |
| ४०. | घाटका मालिक | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति पाँच श्लोक | श्रीरामको गुणगान साथै पुत्रशोक, सौतेनी आमाको कुनीतिको व्याख्या | कवि प्रौढोक्ति |

| | | | | | |
|---|---|---|---|---|---|
| ४१. | गरिद्यौ बिदाई | मन्दक्रान्ता छन्द | चार पङ्क्ति पाँच श्लोक | भाइ-भाइबीचको खिचातानी, राष्ट्रिय चेतना प्रवाह, उपदेशात्मकता | कवि प्रौढोक्ति |
| ४२. | दोषी चिन्ता | उपजाति छन्द | चार पङ्क्ति पाँच श्लोक | आत्मपीडा, नैतिक सन्देश | कवि प्रौढोक्ति |
| ४३. | धोका | मन्दक्रान्ता छन्द | चार पङ्क्ति पाँच श्लोक | नारीप्रतिको अनुराग, माया, विश्वासघात | कवि प्रौढोक्ति |
| ४४. | देवाट | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति पाँच श्लोक | देवघाट प्रकृतिचित्रण, धार्मिकस्थलको बयान | कवि प्रौढोक्ति |
| ४५. | सम्झना | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति पाँच श्लोक | आफन्तप्रतिको आदर सत्कार | कवि प्रौढोक्ति |
| ४६. | नाता लुटेरै लग्यो | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति पाँच श्लोक | पितृशोक | कवि प्रौढोक्ति |
| ४७. | साहित्यिक गोष्ठी | अनुष्टुप् छन्द | चार पङ्क्ति पाँच श्लोक | पल्लव साहित्यिक गोष्ठीको साथै आमन्त्रित साहित्यकारहरूको व्याख्या | कवि प्रौढोक्ति |
| ४८. | हार्दिक समवेदना | अनुष्टुप् छन्द | चार पङ्क्ति पाँच श्लोक | दिवङ्गत कविहरूप्रतिको भावपूर्ण संस्मरण, श्रद्धाञ्जलि, सम्झना | कवि प्रौढोक्ति |
| ४९. | नेपाल छाडे भयो | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति पाँच श्लोक | सम्पूर्ण नेपाली भाइ-भातृत्वको कामनाका साथै राजदरबारमा भएको हत्याकाण्डप्रति घोर विद्रोह | कवि प्रौढोक्ति |
| ५०. | वधू | वसन्ततिलका छन्द | चार पङ्क्ति पाँच श्लोक | बाल्यकालीन आत्मरतिको स्मृति | कवि प्रौढोक्ति |
| ५१. | झूटो आश्वासन | उपेन्द्रवज्रा छन्द | चार पङ्क्ति पाँच श्लोक | आत्मपीडा, प्रेमप्रति वितृष्णा | कवि प्रौढोक्ति |
| ५२. | अवस्था | कनकसुन्दरी छन्द | चार पङ्क्ति पाँच श्लोक | देशमा भएको काटमार, मनमरी शासन, मानिसहरूको बेइमानी मनप्रति विद्रोह साथै शान्तिको कामना | कवि प्रौढोक्ति |

| | | | | | |
|---|---|---|---|---|---|
| ५३. | अनुनय-विनय | स्रग्विणी छन्द | चार पङ्क्ति पाँच श्लोक | जीवनलाई प्रेमको फूलसँग समीकरण | कवि प्रौढोक्ति |
| ५४. | उनी र म | पञ्चचामर छन्द | चार पङ्क्ति पाँच श्लोक | प्रेमिकाप्रति अनुरागको भावना | कवि प्रौढोक्ति |
| ५५. | आमन्त्रण | उपेन्द्रवज्रा छन्द | चार पङ्क्ति पाँच श्लोक | प्रेयसी प्रेमिकालाई आमन्त्रण | कवि प्रौढोक्ति |
| ५६. | टाढाको मन | उपेन्द्रवज्रा छन्द | चार पङ्क्ति पाँच श्लोक | प्रेम-प्रणयको प्रकटन | कवि प्रौढोक्ति |
| ५७. | गरिबी | इन्द्रवज्रा छन्द | चार पङ्क्ति पाँच श्लोक | देशमा भएका गरिबी, मानवतावादी स्वर, गरिबीका यथार्थ चित्रण साथै आफ्नो अधिकार खोज्न आग्रह | कवि प्रौढोक्ति |
| ५८. | कर्म नै जीवन | विमोह छन्द | चार पङ्क्ति पाँच श्लोक | राजनैतिक व्यङ्ग्य साथै उपदेश | कवि प्रौढोक्ति |
| ५९. | सान्त्वना | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति पाँच श्लोक | मोह र जिज्ञासा | कवि प्रौढोक्ति |
| ६०. | स्वार्थीपनाको मन | उपजाति छन्द | चार पङ्क्ति पाँच श्लोक | प्रेयसीबाट तिरस्कृत | कवि प्रौढोक्ति |
| ६१. | स्रष्टा र सम्मान | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति पाँच श्लोक | साहित्यिक स्रष्टाको सम्मान, सत्कार्यको अनुरोध, उपदेशात्मकता | कवि प्रौढोक्ति |
| ६२. | मेरो देश | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति पाँच श्लोक | राष्ट्रिय व्यङ्ग्य, प्रकृतिचित्रण, सत्मार्गको खोजी | कवि प्रौढोक्ति |
| ६३. | कुटुम्ब | वितान छन्द | चार पङ्क्ति पाँच श्लोक | आफन्तप्रति सद्भाव, आदर | कवि प्रौढोक्ति |
| ६४. | चेली | शार्दूलविक्रीडित छन्द | चार पङ्क्ति पाँच श्लोक | छोरी, चेलीबेटीप्रतिको महत्त्व, आफन्तजनप्रति आदर-सत्कार र समवेदना | कवि प्रौढोक्ति |
| ६५. | शुभकामना | प्रमिताक्षरा छन्द | चार पङ्क्ति पाँच श्लोक | नयाँ वर्षको आगमनका साथै सु-स्वास्थ्य, दीर्घायुको कामना | कवि प्रौढोक्ति |

यसरी प्रस्तुत कवितासङ्ग्रहमा पैसठ्ठीवटा सबैभन्दा बढी शार्दूलविक्रीडित छन्दका रहेका छन् भने सम्पूर्ण कवितामा पच्चीसवटा छन्दको प्रयोग भएको छ ।[११२] लामिछानेले विविध छन्दको प्रयोग गरेर शास्त्रीय छन्दज्ञाताको सीमा पनि विस्तृत बनाएका छन् ।[११३] प्रस्तुत कवितासङ्ग्रहभित्र विशेषगरी यहाँ कुनै दिवङ्गत कविहरूप्रतिको भावपूर्ण संस्मरण, श्रद्धाञ्जलि र सम्झना, राष्ट्रप्रतिको प्रेम, व्यङ्ग्य, विद्रोह र आक्रोश, प्रेयसीसँगको अनुरागपूर्ण माया, ममता र स्नेह, आफन्तसँगको आदर, सद्भाव र समवेदना, समसामयिक राजनीतिक फोहरी खेलप्रतिको अनिच्छा, सङ्कट र विपन्नता, सामाजिक कर्तव्यप्रतिको उत्तरदायित्व, आदर्श र नैतिक शिक्षा, विघटित शान्तिक्षेत्रप्रति अनुरक्ति, अपचलन, भविष्यप्रतिको आशा, बाल्यकालीन आत्मरतिको स्मृति, मोह र जिज्ञासा, नारीजागृतिको आह्वान, शोकाकुल मित्रहरूप्रति भावुक अभिव्यक्ति, समवेदना र शान्तिको कामना आदि जस्ता कुराहरू पाइन्छ । यसरी कविले प्रस्तुत कवितासङ्ग्रहमा आफ्नो जन्मथलोको पनि गुणगान गाएको पाइन्छ । अत्यन्त पवित्र आत्मा भएका गाउँले जीवन र उनीहरूको सहयोग, सद्भाव, मिलनसारपनलाई प्रस्तुत गरेका छन् । गरिब जनताको कथाव्यथालाई पनि लामिछानेले स्पष्ट पारेका छन् । यस कवितामा देशमा भएको विकृति-विसङ्गति र यस देशका नेतागण तथा सांसदहरूको चालामाला र उनीहरूले गरेका कुकृत्यहरूको भण्डाफोर पनि गरिएको छ ।

### ४.१०.६.२ **मूलभाव**

जीवनभोगाइका क्रममा प्राप्त विभिन्न भाव, विचार र अनुभूतिविशेषको तीव्र सम्पूर्ण अभिव्यक्ति नै कविता हो ।[११४] त्यसैले कवितामा कविका आफ्ना विचार र समाजमा भए-गरेका यथार्थ विषयवस्तुहरूलाई साङ्केतिक रूपमा प्रस्तुत गरिएको हुन्छ । कविलाई जीवनमार्गका क्रममा जुन भाव या विषयवस्तुले अन्तरमनमा गहिरो प्रभाव पार्दछ, त्यसैको केन्द्रीयतामा कविता सिर्जना गरिन्छ । कवि अथवा गजलकार गोर्खे साइँलोले आफ्नो जीवनभोगाइका आरोह-अवरोहहरूलाई र त्यसबाट प्राप्त अनुभूतिलाई आफ्नो कविताको मूल विषयवस्तु बनाएका हुन्छन् ।

विषयवस्तु कविताको महत्त्वपूर्ण तत्त्व हो । स्रष्टाले सृजना गर्ने कुनै पनि कविताबाट विषयवस्तु सामाजिकजीवनमा भएका यथार्थ घटनाभोगाइलाई प्रस्तुत गरिएको हुन्छ । गोर्खे

---

११२ नारायणप्रसाद खनाल, *'कादम्बरी' को सौन्दर्य नियाल्न खोज्दा,* **कादम्बरी**, गोर्खे साइँलो, (चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६३), भूमिका लेख ।

११३ ऐजन ।

११४ नारायणप्रसाद खनाल, *'मेरो वर्तमानता' का कवि विनादीलाई शुभकामना दिन खोज्दा,* **मेरो वर्तमानता**, गोविन्दराज विनोदी, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४७), भूमिका लेख ।

साइँलोले पनि यस सङ्ग्रहभित्र सङ्कलित कवितामा समाजबाट नै विषयवस्तु टिपेर यसलाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । लामिछाने कविताहरूमा जीवनपक्षका आशा-निराशा, कुण्ठा-विसङ्गति, विवशता, नैराश्यता, जनजीविका र जीवनजगत्का सूक्ष्मतम् बिम्बहरूलाई प्रतिबिम्बित गरे पनि साहित्यकारहरूमा सम्मान, इष्टमित्र र साथीभाइका सुखदुःखमा सहभागिता, प्रेम-प्रणयको प्रकटन आदिमा कविहृदय निमग्न छ । कवि लामिछानेका प्रस्तुत **कादम्बरी** कवितासङ्ग्रहमा राष्ट्रियताको भाव यसरी पोखेका छन् :

पड्क्यो बन्दूक ल मन डराई रहेछन् जसोरी
राष्ट्रै नास्यौ धन-जन कराई रहेछन् कसोरी
पापै बोक्यौ सकलजनको नाश भो सम्पत्ति नै
के पायौ लौ भन ल उसकी लास भो दम्पत्ति नै ।

(*गरिद्यौ बिदाई*, पृ. ४१)

यसरी सच्चा जागरुक मानवताकै कारणले कविलाई केही क्रान्तदर्शी र केही प्रजापति आदि उपाधि दिइएको पाइन्छ । यिनीहरू आफ्नो अस्तित्वको लागि आफ्नो र अरूको अस्तित्व संरक्षणका लागि केन्द्रबिन्दुभित्र घुमेका हुन्छन् । जबसम्म राष्ट्रप्रतिका गर्व, राष्ट्रप्रेम, राष्ट्रनिर्माणको बोध प्रत्येक नेपालीमा हुँदैन तबसम्म राष्ट्रप्रेम अधुरो, अपूरो नै रहन्छ । लामिछानेभित्र राष्ट्रनिर्माणको लक्ष्य ज्यादै चर्को भएर उर्लेको पाइन्छ ।

**(क) ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' का कवितामा प्रकृतिचित्रण**

प्रकृति भनेपछि कविको मन असाध्यै लोभिन्छ । उनीहरूले प्रकृतिको इता, मनोरम दृश्यको आनन्दानुभूति व्यक्त गर्न ज्यादै मन पराउने हुन्छन् । त्यसैले आफ्ना देश गाउँका पाखा-पखेरा, खोलानाला, झरना र छहराको सौन्दर्यको गान कविताका माध्यमबाट व्यक्त गरेका हुन्छन् । कविहरू प्रकृतिमा रम्छन् त्यसैले लामिछानेले आफ्ना गाउँको चित्रण यसरी गरेका छन् :

माटो नै मलिलो पवित्र जननी फल्दै छ खेती पनि
छाडी व्यर्थ गएँ निराश मनले रुन्थेँ म जाँदा पनि ।
मेरो प्रेम सधैँ यहीँ बसिरहोस् टाढा भए तापनि
जप्दै नाम सधैँ रमेर मनले मेरै नुहाकोट नि ॥

(*मेरो नुहाकोट*, पृ. ३)

**(ख) आत्मपीडा**

कविले जीवनका उकाली ओरालीहरूमा प्राप्त गरेका अनुभव-अनुभूतिहरूलाई आफ्ना कवितामार्फत् व्यक्त गर्न पुगेका छन् । उनी झूटो आशा देखाएर टाढिएकी प्रेयसीलाई कविताका माध्यमबाट यसरी झटारो हानेका छन् :

दुखाई साथी किन व्यर्थ पार्नु
हुनेछ भन्दै किन बोल बोल्नु ।
भुलाइ नाता सब तोडिएरै
फुटेछ लावा तल मोडिएरै ॥

(*झुटा आश्वासन,* पृ. ५१)

**(ग) मानवतावादी स्वर**

कविले आफ्ना कवितामा मानवताको अपहेलना र उनीहरूप्रति गरेको दमनप्रति तिखो व्यङ्ग्य प्रहार गरेका छन् । यसका उदाहरणका लागि केही पङ्क्तिहरूलाई यसरी राख्न सकिन्छ :

भोकै र प्यासै भर जिन्दगानी
छाप्रो छ बस्ने तर झर्छ पानी ।
छोरा र छोरी सब भोक-भोकै
तातो न छारो दिन-रात शोकै ॥

(*गरिबी,* पृ. ५७)

**(घ) साहित्यकारको सम्मान**

कवि एवम् गजलकार गोर्खे साइँलोले साहित्यकारको सम्मान र सम्झना गर्दै उनीहरूको साहित्यिक योगदानको प्रशंसा गरेका छन् :

नेपाली कविका विचार हुनगै ल्याएर नेपालमा
मोतीले सुरु नै गरे गजलको विस्तार भैगो यहाँ ।
मोतीमण्डलीमा भए जति सबै लेख्थे तथा गाउँथे
सोही कारणले अडेछ गजलै लेखेर छाप्दै गरे ॥

(*मोती र गजल,* पृ. १८)

**(ङ) राजनैतिक व्यङ्ग्य**

कवि एवम् गजलकार गोर्खे साइँलोले नेताहरूको सत्तालिप्सा, भ्रष्टाचार, नातावाद, कृपावादले देश दिन प्रतिदिन अधोगतिमा गएको विषयवस्तु तर उनीहरूको दिन दुगुना र रात चौगुनाले भएको प्रगति र उन्नतिप्रति अति कठोर बन्दै यसरी व्यङ्ग्य गरेका छन् :

दुष्टको चालले
जिन्दगी भासियो ।
राज्यका लोभले
चाल नै बिग्रियो ॥

कुर्चिको मोहमा
नैतिकै बेचियो ।
शक्ति उन्मादले
स्वाभिमानै ढल्यो ॥

(*कर्म नै जीवन*, पृ. ५८)

**(च) उपदेशात्मकता**

ऋषिप्रसाद लामिछानेका कविताहरूमा विनाशभन्दा उपदेश बढी रहेको पाइन्छ । सही र सत्य उपदेशले उसको जीवनमा समेत नयाँपन आउन सक्छ भन्ने कुरा यसरी राखिएको छ :

छोडीदेऊ नगर ल लडाइ यि दाजै र भाइ
सम्झाइदेऊ सव नरनारी ति दाजै र भाइ ।
के प्राप्ति हुन्छ त रगतको तालमा नै डुबाई
बिन्ती मेरो ल नगर लडाइँ गरिद्यौ बिदाइ ॥

(*गरिद्यौ*, पृ. ४१)

### ४.१०.६.३ **शैलीशिल्प**

साहित्यिक रचनामा विषयाका साथसाथै शैलीको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कविको भावलाई लयात्मक रूपमा प्रस्तुत गर्ने माध्यम नै भाषाशैली हो । त्यसैले कविताको अध्ययनमा शैलीशिल्पको पनि अध्ययन आवश्यक हुन्छ । शैलीशिल्पका आधारमा कवि ऋषिप्रसाद लामिछानेका कवितासङ्ग्रहलाई निम्नअनुसार अध्ययन गर्न सकिन्छ :

**(क) भाषाशैली**

कविता बौद्धिक र विचारोत्तेजक भएकाले स्वाभाविक रूपमा विचार तत्त्वमा प्रयोग गरिने भाषा सरल, सहज र सुबोध्य हुनु आवश्यक छ । यस कवितासङ्ग्रहमा लेखिएका सबै कविताहरू पद्यशैलीमा लेखिएका छन् । कविताको भाषा अत्यन्त सरल छ । कविले आफ्ना अन्तरमनमा उठेका भाव-प्रभावलाई गति दिन कवितामा तत्सम र तद्भव शब्दको उचित संयोजन गरी भाषाशैली निर्माण गरेका छन् । व्यङ्ग्यात्मक शैलीमा लेखिएका थुप्रै कविताहरूमा झर्रा शब्दहरूको पनि प्रयोग भएको पाइन्छ ।

तत्सम शब्द – जननी, गौमाता, विद्वान्, कविता, स्रष्टा, शास्त्रीय, प्रसव, अतिथि ।

झर्रा शब्द – छुमछुम, चटक्क, सरक्क, छामछुम

आगन्तुक शब्द – मदिरा, भगुवा, सिकायत, जेल

प्रश्नचिह्न –

बनेर आयौ किन आज घाती ?
बोलाउँछ्यौ किन बारबार ?

**(ख) अलङ्कारको प्रयोग**

जसरी एउटी महिलालाई आभूषणले सिँगार्दछ ठीक त्यसै गरी उपमा आदि अलङ्कारले काव्यलाई आभूषित गरी आकर्षक पारेको हुन्छ ।[११५] यसरी अलङ्कार भन्नाले भूषण गर्ने वस्तु भन्ने बुझिन्छ ।[११६] कवितालाई पठनीय, आकर्षक, मधुर बनाउन अलङ्कारले ठूलो भूमिका खेलेको हुन्छ । प्रस्तुत कवितासङ्ग्रह **कादम्बरी**का कविताहरूमा भावलाई प्रभावपूर्ण बनाउन कविले ठाउँ-ठाउँमा विभिन्न अलङ्कारको प्रयोग गरेका छन् ।

*(अ) उपमा अलङ्कार*

दुई पदार्थका बीच भिन्नता भएर पनि समानता स्थापना गरियो भने उपमा अलङ्कार हुन्छ ।[११७] उपमा उपर मा का योगबाट बनेको हुन्छ ।

---

११५ फणिन्द्रराज काफ्ले, **साहित्यका केही सैद्धान्तिक पक्ष**, (काठमाडौँ : स्वयम् प्रकाशन, २०४६), पृ. ३१ ।

११६ विष्णुप्रसाद पौडेल, *अलङ्कारको परिभाषा र तात्पर्य*, **संस्कृत काव्यशास्त्र,** (काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०५७), पृ. ६८ ।

११७ कृष्णविलास पौड्याल, **साहित्यशास्त्र र नेपाली समालोचना**, (काठमाडौँ : नवीन प्रकाशन, २०५८), पृ. ६५ ।

उपमा अलङ्कार अलङ्कारमा दुई पदार्थलाई निकट राखेर एक-अर्काका साथ समानता स्थापना गराइन्छ । उपमेय र उपमानमा कुनै प्रकारले सधर्मताका कारण सादृश्य देखाइन्छ ।[११८] उपमा अलङ्कारको एक नमुना यसप्रकार छ :

साथी म बिजोडीजस्तै घर छोडी
आएर बसैँ जिज्ञासा सब तोडी ।
नारी र जवानी एकै हुन सक्छ
चाहने अरू प्रेमैले त भनिन्छ ॥

(*प्रेम*, पृ. २७)

यो अलङ्कार प्रयोग सौन्दर्यवर्द्धक बनेको छैन ।

*(आ) रूपक अलङ्कार*

उपमेयमा उपमानको निषेधरहित आरोपलाई रूपक अलङ्कार भनिन्छ ।[११९] यसमा उपमेयमा उपमानका आरोप गरिन्छ ।[१२०] रूपको आरोप गर्नु रूपक हो । रूपक अलङ्कारमा एउटा पदार्थमा अन्य पदार्थको आरोप लगाएर दुवैमा एकरूपता स्थापना गरिन्छ ।

जस्ले चिनेन महुवा मदिरा पिएर
राम्री भनीकन झिकेर हिरै दिएर
लठ्ठै भएर कविता पढिदेऊ साथी
कादम्बरी बनि किताब पढाउ साथी ॥

(*कादम्बरी*, पृ. ७)

यहाँ कादम्बरीमा साथीको आरोप छ तर यो पनि सौन्दर्यवर्द्धक छैन ।

**(ग) छन्दको प्रयोग**

अक्षर-अक्षरको सङ्ख्या एवम् क्रम, मात्रा, मात्राको गणना तथा यति, गति आदिसँग सम्बन्धित विशिष्ट नियमबाट नियोजित पद्यरचनाविशेषलाई छन्द भनिन्छ ।[१२१] संस्कृतको छद् धातुबाट छन्दको व्युत्पत्ति भएको पाइन्छ । यसको

---

११८ ऐजन ।

११९ ऐजन ।

१२० फणिन्द्रराज काफ्ले, **साहित्यका केही सैद्धान्तिक पक्ष**, पूर्ववत्, पृ. ३३ ।

१२१ कृष्णविलास पौड्याल, **साहित्यशास्त्र र नेपाली समालोचना**, पूर्ववत्, पृ. ७३ ।

अर्थ आवृत्त गराउने वा रक्षित गर्नेका साथै प्रसन्न गराउने पनि हुन्छ । वेदका छ अङ्गमा छन्द पनि एक अङ्ग हो ।[१२२]

कवितामा छन्दको प्रमुख भूमिका हुन्छ । कवितालाई लयबद्ध बनाउने काम छन्दले गरेको हुन्छ । कवि ऋषिप्रसाद लामिछानेले आफ्ना कविताहरूलाई लोकलय छन्दमा तयार पारेका छन् । छन्दहरू वार्णिक, मात्रिक र लोकलय गरी विभाजन गरिएका हुन्छन् । लोकलयमा भाका हाल्न मिल्ने खालका कविताहरू यसमा संरचित छन् । नियमबद्ध भएर, शास्त्रीय छन्दमा लेखिएका कविता मानक भाषाको प्रयोगका दृष्टिले शुद्ध पारेका कविताहरू यसमा कमै छन् । लामिछानेले भावको माध्यमबाट पाठकवर्गलाई रोमाञ्चक, रमाइलो तथा चेतनामूलक भावनाहरू सम्प्रेषण गरेका छन् ।

### (घ) रसविधान

कवितालाई आकर्षक र मीठो बनाउन रसको अति नै ठूलो भूमिका रहन्छ । साहित्यशास्त्रमा चर्चा-परिचर्चा भएका नवरसमध्ये प्रमुख रसहरू यस कवितासङ्ग्रहमा समावेश भएका छन् । केही उदाहरण तल प्रस्तुत गरिएको छ :

*(अ) करुणरस*

प्रियजनको वियोग तिनको विपत्ति देखेर वा सुनेर वा विनाश देखेर मनमा उत्पन्न हुने विकलताबाट करुणरस उत्पन्न हुन्छ ।[१२३] यसरी यसमा रुवाइ, चिन्ता र पीडाको अनुभूति हुन्छ । यस्तै कविता यो रहेको छ :

सखा सबै विनाश भो तिमी त सौखमा थियो
बचेर के भयो तिमी बिकार कालको सियो ।
मरे घरै सबैजना सखाप एकचोटिमा
गुणी थिए तिनी निकै स्वदेश औ विदेशमा ॥

(*मरेसरी भैगयो,* पृ. ३०)

यहाँ कालले विनाश गरेको कुराको स्मृतिले शोकभाव जागृत भई करुणरसको अभिव्यञ्जना भएको छ ।

---

१२२ ऐजन ।
१२३ पूर्ववत्, पृ. २५ ।

(ङ) **बिम्ब प्रतीकको प्रयोग**

भाषाको माध्यमबाट कुनै पनि वस्तुले मानव मस्तिष्कमा पार्ने छाया बिम्ब हो । बिम्बले प्रतीकले जस्तै मूर्त वस्तुको सहयोग नलिई अमूर्ततालाई मूर्तता दिने काम गर्दछ । बिम्बले भाषालाई ओजिलो, मीठो र रसास्वादन लायक बनाउँदछ । बिम्ब प्रतीकका हिसाबले ऋषिप्रसाद लामिछानेका कविताहरूले कमै सफलता पाएको देखिन्छ ।

## ४.७.१० निष्कर्ष

कवि ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' नेपाली कविताको समसामयिक धाराअन्तर्गत बीसको दशकको मध्यबाट नेपाली साहित्यमा प्रवेश गरेका हुन् । उनको एकमात्र कवितासङ्ग्रह **कादम्बरी** २०६३ सालमा प्रकाशित भएको देखिन्छ । प्रस्तुत कृति नेपाली कविताका क्षेत्रमा र त्यसमा पनि गद्यकविताका क्षेत्रमा एउटा महत्त्वपूर्ण उपलब्धि हो । करिब तीनदशक अगाडिदेखि रचना गरिएका यस सङ्ग्रहभित्रका कविताहरूमा सहज र स्वाभाविक रूपमा नेपाली जीवनका कष्टपूर्ण भोगाइहरूको यथार्थमूलक चित्रण, विकृत सामाजिक मूल्य-मान्यता, महङ्गी, अत्याचार, शोषण, संवेदनशीलता, हिंसा, आतङ्क, सन्त्रास, विघटित सन्त्रास, विघटित मानवीय मूल्यप्रति असन्तुष्टिजस्ता विषयवस्तु समेटिएका छन् ।

# पाँचौं परिच्छेद
# उपसंहार तथा निष्कर्ष

## ५.१ पृष्ठभूमि

**साहित्यकार ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको यस शोधपत्रको पाँचौं परिच्छेदमा पहिलो, दोस्रो, तेस्रो र चौथो परिच्छेदमा सारांशहरू र अन्तमा समग्र निष्कर्षसमेत प्रस्तुत गरिएको छ ।

### ५.१.१ पहिलो परिच्छेदको सारांश

यस परिच्छेदमा यसै शोधपत्रको परिचय एवम् रूपरेखा प्रस्तुत गरिएको छ । यसअन्तर्गत शोधशीर्षक, शोधपरिचय, शोधसमस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण, शोधको औचित्य र महत्त्व, शोधकार्यको क्षेत्र र सीमा, सामग्रीसङ्कलन र शोधविधि, शोधपत्रको रूपरेखा शीर्षक रहेका छन् ।

### ५.१.२ दोस्रो परिच्छेदको सारांश

यस परिच्छेदमा ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को जीवनीको अध्ययन-विश्लेषण गरिएको छ । नुवाकोट जिल्लाको साबिक चतुराले गा.वि.स., वडा नं. ४, थर्पुगाउँ भन्ने स्थानमा पिता बोधनाथ लामिछाने र माता हिमकुमारी लामिछानेका कोखबाट वि.सं. २००९ साल भाद्र १० गतेका दिन ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को जन्म भएको हो । प्राथमिक शिक्षा जन्मस्थानमा पूरा गरे पनि कक्षा दसमा पढ्दापढ्दै वि.सं. २०२५ साल फागुन २५ गते घरायसी कारणले विवाह बन्धनमा बाँधिन पुगी औपचारिक शिक्षाको अन्त्य भएको पाइन्छ । उनका चारजना छोरा र दुईजना छोरी छन् । जसमध्ये तीनजना छोरा र दुई छोरीको घरजम भइसकेको छ । सानै उमेरमा वैवाहिक जीवनमा होमिन पुगेका ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' का श्रीमती, आमा, बुवालाई छाडी चितवन आई विभिन्न दु:खकष्ट सहँदै कामका खोजी गर्न थालेका हुन्छन् । हातमुख जोर्न कठिनतम सङ्घर्ष गर्नुपर्दा वसन्तले पचासौं पटक

पालुवा फेरिसकेको पनि उनलाई पत्तो भएन । पीडा र कष्टलाई निरन्तर सहँदै ऋषिप्रसाद लामिछाने गाडीको खलासी, भाँडा सफा गर्नेजस्ता काममा समेत लाग्न बाध्य भएका थिए ।

यसरी निम्न आर्थिक अवस्थाबाट सुरु भएको ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को जीवनयात्रा वर्तमानमा सुदृढ अवस्थामा पुगेको छ । सबै सन्तान आ-आफ्ना खुट्टामा उभिन सक्ने भई व्यापार-व्यवसायसमेत गरिरहेकाले लामिछानेको हाल आयस्रोत अथवा व्यापार-व्यवसायबाट आएको आम्दानी नै ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को मुख्य आजीविकाको स्रोत रहेको छ । हाल लामिछाने साहित्य सृजनामा व्यस्त छन् । पुरस्कार र सम्मानको मोहबाट टाढा रहेका साहित्यकार लामिछानेको प्रतिभाको स्वदेशमा उचित मूल्याङ्कन हुन सकेको छैन ।

## ५.१.३ तेस्रो परिच्छेदको सारांश

यस परिच्छेदमा ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को व्यक्तित्व पक्षको अध्ययन गरिएको छ । उनी बहुमुखी व्यक्तित्वका धनी देखिन्छन् । उनलाई साहित्यिक व्यक्तित्वमा कवि, गजलकार, व्यङ्ग्यकार, सम्पादक, लेखकीय व्यक्तित्वको रूपमा चिन्न सकिन्छ भने साहित्येतर व्यक्तित्वमा सामाजिक, राजनैतिक, धार्मिक व्यक्तित्व प्रमुख रहेको छ ।

## ५.१.४ चौथो परिच्छेदको सारांश

आधुनिक नेपाली साहित्यको क्षेत्रमा पाँच दशकको अन्त्यतिर देखापरेका गोर्खे साइँलोले वि.सं. २०२२ देखि हाल २०६८ सम्म लगभग छयालिस वर्षे लामो साहित्यिक यात्रा पूरा गरिसकेका छन् । यस अवधिमा उनले तीनवटा गजलसङ्ग्रहलगायत फुटकर रूपमा कविता, कथा, निबन्ध र अनुसन्धानमूलक लेखहरू प्रकाशित गरेका छन् । उनको उक्त छयालिस वर्षे साहित्यिक यात्रालाई लेखन निरन्तरता, पुस्तककार तथा फुटकर कृति प्रकाशन र प्रवृत्तिका आधारमा निम्नलिखित दुई चरणमा विभाजन गर्नु उपयुक्त ठहर्दछ :

(क) प्रथम चरण वि.सं. २०२२-२०६० सम्म

(ख) द्वितीय चरण वि.सं. २०६१ - हालसम्म

उनको साहित्यिक यात्रालाई नियाल्दा दोस्रो चरणमा आएर मात्र लेखनमा तीव्रता आउनुका साथै प्रथम चरणका तुलनामा साहित्यिक लेखनमा परिपक्वता, परिष्कार र चिन्तनशीलताको गहिराइ भेटिन्छ । प्रवृत्तिगत रूपमा उनका रचनाहरूमा राष्ट्र–राष्ट्रियता र सामाजिक, आर्थिक उन्नतिको चाहना, भाषिक सहजता, प्रौढता, जीवनप्रतिको सकारात्मक दृष्टिकोण, मानवता र मानव अस्तित्वको खोजी, क्रान्तिकारी र सुधारवादी चेत आदि पाइन्छ ।

## ५.२ समग्र निष्कर्ष

करिब पाँच दशकदेखि साहित्य साधनारत गोर्खे साइँलो गजलकार, कवि आदि व्यक्तित्वका रूपमा परिचित छन् । बागमती अञ्चलको नुवाकोटस्थित साबिक चतुराले भन्ने ठाउँमा वि.सं. २००९ भाद्र १० गतेका दिन पिता बोधनाथ लामिछाने, माता हिमकुमारी लामिछानेका एकल सुपुत्रका रूपमा जन्मिएका गोर्खे साइँलोको बाल्यकाल गाउँ, भीरपाखामा खेल्दै, रमाउँदै बितेको पाइन्छ । कक्षा ९ सम्मको पढाइ जन्मस्थलमा नै पूरा गरी विविध कारणवश त्यसपछिको उनको शिक्षादीक्षा रोकियो । यसरी उनको औपचारिक शिक्षा आर्जन गर्ने क्रम अगाडि बढ्न सकेन । तत्पश्चात् उनी कामको सिलसिलामा चितवन आइपुग्छन् । घरपरिवार, श्रीमतीलाई गाउँमा नै राखी मिहिनेतका साथ काममा लाग्छन् । 'मिहिनेतको फल मीठो हुन्छ' भनेजस्तै उनको आर्थिक स्थितिमा केही सुधार आएपछि परिवारका सबैजना चितवनमा आई बसोवास गर्न थालेको पाइन्छ । हाल गोर्खे साइँलोको पारिवारिक स्थिति सबल देखिन्छ । गोर्खे साइँलो बहुमुखी व्यक्तित्वका धनी पनि देखिन्छन् । उनलाई साहित्यिक व्यक्तित्वमा गजलकार, कवि, व्यङ्ग्यकार, लेखक, सम्पादक अनि साहित्येतर व्यक्तित्वमा एक कुशल राजनीतिज्ञ तथा सामाजिक, धार्मिक व्यक्तित्वका रूपमा चिन्न सकिन्छ । यिनी आफ्ना रचनाहरूका माध्यमबाट एक प्रगतिवादी, साहित्यकारका रूपमा परिचित छन् । उनी विभिन्न साहित्यिक सङ्घसंस्थाबाट सम्मानित छन् तैपनि प्रतिनिधि साहित्यकारका रूपमा उनले दिएको योगदानको उचित कदर र मूल्याङ्कन हुन सकेको छैन ।

वि.सं. २०६१ मा प्रकाशित **गजलपथका यात्री** गजलसङ्ग्रह त्यसैगरी २०६२ सालमा प्रकाशित **गजलबिम्ब** गजलसङ्ग्रहजस्ता संयुक्त लेखनका कृतिहरूको प्रवेशले नै उनको औपचारिक रूपमा साहित्यिक यात्रा सुरु गरेको देखिन्छ । वि.सं. २०६२ सालमा प्रकाशित **सम्मोहन** गजलसङ्ग्रह उनको प्रथम प्रकाशित कृति हो । कवितालेखनबाट आफ्नो साहित्यिक यात्रा सुरु गरे पनि उनी गजलविधाका माध्यमबाट नै आफूलाई स्थापित गराएका छन् । उनका साहित्यिक रचनाहरूमा नेपाली समाजमा व्याप्त अन्याय, अत्याचार, सामन्ती, शोषण, वर्गीय विभेदजस्ता विकृति र विसङ्गतिहरूको विश्लेषण गरिएको छ । नेपाली जनजीवनका कष्टपूर्ण भोगाइहरूको यथार्थ चित्रण गर्ने गोर्खे साइँलोका कृतिहरू शैलीशिल्पका दृष्टिले सरल र सहज पाइन्छन् । वि.सं. २०६२ सालमा प्रकाशित गोर्खे साइँलोको पहिलो गजलकृति **सम्मोहन**मा मूलत: शृङ्गारिक भाव देखिनुका साथै प्रणयकामना, प्रेम, क्रीडा, प्रणयको नग्न चित्रण, प्रेमी-प्रेमिकाका गुनासाहरू आदिजस्ता भावहरू देख्न सकिन्छ । यसैगरी गजलकार गोर्खे साइँलोको दोस्रो गजलसङ्ग्रहका रूपमा रहेको **मुस्कान** (२०६२) पूर्णतया शास्त्रीय बहरमा आधारित रहेको पाइन्छ । शास्त्रीय बहरका रुक्न र अरकानहरूको समेत सङ्केत गरिएकाले शास्त्रीय बहर

सिक्न चाहनेहरूलाई सजिलो बनाइदिएको छ । प्रणय चेतना, सामाजिक विविध पक्षहरूको चित्रण, राष्ट्रवादी भाव, व्यङ्ग्यात्मकताजस्ता विविध भावहरू व्यक्त गरिएको छ । वि.सं. २०६३ सालमा प्रकाशित **सूत्रमाला** त्यसैगरी वि.सं. २०६३ सालमा प्रकाशित **कादम्बरी** यी दुईवटै कृतिहरूमा प्रणयचेतना, राष्ट्रवादी भाव, गजलका तत्त्वहरूको चर्चा, व्यङ्ग्य-विद्रोह तथा परिवर्तनको चाहनालाई मूलभाव बनाइएको पाइन्छ ।

समग्रमा भन्नुपर्दा आधुनिक नेपाली साहित्यको समाजवादी-यथार्थवादी धारामा केन्द्रित रहेर विविध साहित्यिक विधाहरूमा कलम चलाउँदै आएका गोर्खे साइँलो बीस दशकको प्रारम्भबाट साहित्यका फाँटमा अवतरण गरेका हुन् । गोर्खे साइँलोका हालसम्म **सम्मोहन** (गजलसङ्ग्रह, २०६२), **मुस्कान** (२०६२), **सूत्रमाला** (२०६३), **कादम्बरी** (२०६३) गरी जम्मा चारवटा पुस्तकाकार कृति प्रकाशित छन् । उनी नेपाली साहित्यका क्षेत्रमा यथार्थवादी साहित्यकारका रूपमा स्थापित व्यक्तित्व हुन् । हाम्रो समाजमा सयौँ वर्षदेखि जरो गाडेर बसेका विकृति, विसङ्गति र कुसंस्कारको अन्त्यका लागि सबै वर्ग, जाति र धर्मका मानिसहरू एकजुट भई क्रान्तिको पथमा अघि बढ्नुपर्दछ तब मात्र सुनौलो नवयुगको आगमन हुन्छ भन्ने सन्देश उनका रचनाहरूमा पाइन्छ ।

# सन्दर्भग्रन्थसूची

## (क) सन्दर्भपुस्तक


अज्ञात, कपिल, **स्रष्टाबिम्ब : व्यक्तित्व आरेख**, (चितवन : चितवन साहित्य परिषद्, २०६७) ।

आमोदी, केशवराज, *कवि गोर्खे साइँलोको छन्दानुराग र कादम्बरीको प्रवृत्तिगत अभिरेखाङ्कन,* **कादम्बरी**, गोर्खे साइँलो, (चितवन : पल्लव साहित्य विविध, २०६३), भूमिका लेख ।

_______________, *बहरबद्ध सूत्रमालामा दृष्टिपात गरेपछि,* **सूत्रमाला**, गोर्खे साइँलो, (चितवन : पल्लव साहित्य विविध, २०६३), भूमिका लेख ।

उपाध्याय, केशवराज, **साहित्यप्रकाश**, चौँथो संस्क., (ललितपुर : साझा प्रकाशन, २०३०) ।

उदासी, टीकाराम, **गजलसिद्धान्त र नेपाली गजलको इतिहास**, (दाङ : अतिरिक्त प्रकाशन, २०५९) ।

काफ्ले, फणिन्द्रराज, **साहित्यका केही सैद्धान्तिक पक्ष**, (काठमाडौँ : स्वयम् प्रकाशन, २०४६) ।

क्षेत्री, दुबसु, **समसामयिक नेपाली गजल**, (काठमाडौँ : वसुन्धरा प्रकाशन, २०५०) ।

खनाल, नारायणप्रसाद, *'मेरो वर्तमानता' का कवि विनोदीलाई शुभकामना दिन खोज्दा,* **मेरो वर्तमानता**, गोविन्दराज विनोदी, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४७), भूमिका लेख ।

_______________, *कादरम्बरीको सौन्दर्य नियाल्न खोज्दा,* **कादम्बरी**, गोर्खे साइँलो, (चितवन : पल्लव साहित्य विविध, २०६३), भूमिका खण्ड ।

_______________, **समीक्षाका आकारहरू**, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५) ।

खाँ, महम्मद मुस्ताफा (सम्पा.), **उर्दू–हिन्दी शब्दकोश**, सातौं संस्क., (लखनऊ : उत्तरप्रदेश हिन्दी संस्थान, ई. १९९२) ।

गैरे, ईश्वरीप्रसाद तथा आचार्य, कृष्णप्रसाद, **नेपाली कविता**, (कीर्तिपुर : न्यु हीरा बुक्स इन्टरप्राइजेज, २०५९) ।

गोर्खे साइँलो , **मुस्कान**, (चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६२) ।

_________, **सम्मोहन**, (चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६२) ।

_________, **कादम्बरी**, (चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६३) ।

_________, **सूत्रमाला**, (चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६३) ।

जगन्नाथ, **गजलको शिल्पविधान**, (पटना : पुष्कर प्रकाशन, सन् १९४८), पृ. २२ ।

ढुङ्गाना, रामचन्द्र (सम्पा.), **सङ्क्षिप्त नेपालीकोश**, पाँचौ संस्क., (ललितपुर : साझा प्रकाशन, २०५७) ।

ढुङ्गेल, भोजराज तथा दाहाल, दुर्गाप्रसाद, **नेपाली कविता र काव्य**, (काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, २०६०) ।

त्रिपाठी, वासुदेव, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, (ललितपुर : साझा प्रकाशन, २०३६) ।

___________, **सिहांवलोकन**, (ललितपुर : साझा प्रकाशन, २०३६) ।

___________ र अन्य (सम्पा.), **नेपाली कविता, भाग–४**, दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०४७) ।

___________, *महाकवि देवकोटा र उनका महाकाव्यका सम्बन्धमा,* **महाकवि देवकोटा र उनका महाकाव्य**, कुमारबहादुर जोशी, तेस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५३) ।

थापा, हिमांशु, **साहित्य परिचय**, पाँचौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०५०) ।

देवकोटा, लक्ष्मीप्रसाद, **लक्ष्मीनिबन्ध सङ्ग्रह**, आठौँ संस्क., (ललितपुर : साझा प्रकाशन, २०३९) ।

न्यौपाने, घनश्याम 'परिश्रमी', **घामको छाहारीमा**, (काठमाडौँ : पम्फा नेपाल, २०५३) ।

न्यौपाने, टङ्कप्रसाद, **साहित्यको रूपरेखा**, (ललितपुर : साझा प्रकाशन, २०४९) ।

पन्थी, देवी, **गजल सिद्धान्त र समालोचना**, (विराटनगर : वाङ्मय प्रकाशन, २०५९) ।

पोखेल, बालकृष्ण, (नि.), **नेपाली बृहत् शब्दकोश**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४०) ।

पौडेल, विष्णुप्रसाद, **संस्कृत काव्यशास्त्र**, (काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०५७) ।

पौड्याल, कृष्णविलास, **साहित्यशास्त्र र नेपाली समालोचना**, (काठमाडौँ : नवीन प्रकाशन, २०५०) ।

बराल, ईश्वर र अन्य (सम्पा.), **नेपाली साहित्यकोश**, (ललितपुर : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५५) ।

बराल, कृष्णहरि, **सुदृष्टि**, (ललितपुर : साझा प्रकाशन, २०५५) ।

__________, **गजल सिद्धान्त र परम्परा**, (ललितपुर : साझा प्रकाशन, २०६४) ।

ब्राजाकी, मनु, **गजलगङ्गा**, (ललितपुर : साझा प्रकाशन, २०५१) ।

रावल, ललिजन (सम्पा.), **समकालीन नेपाली गजल**, (काठमाडौँ : बगर प्रकाशन, २०४७) ।

विनोदी, गोविन्दराज, **मेरो वर्तमानता**, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४७) ।

__________, **निर्मम–निर्मम घडीहरू**, (चितवन : चितवन साहित्य परिषद्, २०५६) ।

__________, *शुभकामनाको एउटा गुच्छा,* **सम्मोहन**, गोर्खे साइँलो, (चितवन : पल्लव साहित्य विविध, २०६३), भूमिका लेख ।

शर्मा, गोपीकृष्ण, **संस्कृत साहित्यको रूपरेखा**, तेस्रो संस्क., (काठमाडौँ : अभिनव प्रकाशन, २०५६) ।

शर्मा, रमा (सम्पा.), **मोती ग्रन्थावली**, (काठमाडौँ : राष्ट्रिय युवाकोश, २०४७) ।

श्रेष्ठ, दयाराम 'सम्भव', **नेपाली साहित्यका केही पृष्ठ**, चतुर्थ संस्क., (ललितपुर : साझा प्रकाशन, २०४८) ।

## (ख) सन्दर्भपत्रिका

अज्ञात, कपिल, *गोर्खेको साहित्यप्रतिको उदारता र सद्भाव,* **आदर्श**, (वर्ष ८, पूर्णाङ्क २६, २०६६) पृ. ५१ ।

अज्ञात, कपिल, *गोर्खेको गजलमा उठेका नारा,* **पल्लव साहित्यिक पत्रिका**, (आलोचना विशेष, वर्ष ५, पूर्णाङ्क १४, २०६६), पृ. ३१ ।

अनुपम, *गजलको आकाशमा सम्मोहन,* **मितेरी**, (वर्ष १, अङ्क २), पृ. ५ ।

अभागी, सदानन्द, *गोर्खे साइँलो तिमीलाई अभिनन्दन,* **मध्यबिन्दु राष्ट्रिय साप्ताहिक**, (वर्ष १, अङ्क २९, २०६४), पृ. ६ ।

आमोदी, केशवराज, *गोर्खेको मुस्कान र बहरहरूको चर्चा,* **नवमाधुरी**, (वर्ष २, अङ्क २, २०६४), पृ. ६-८ ।

घिमिरे, ऋद्धिरमण, *कादम्बरीको सुगन्ध,* **गरिमा** (वर्ष २५, अङ्क १०, पूर्णाङ्क २९८, २०६४) पृ. १२०-१२१ ।

त्यागी, अमर, *नेपाली गजलको परम्परा र प्रवृत्ति,* **मधुपर्क**, (वर्ष ३१, पूर्णाङ्क ४, २०५५), पृ. १४३ ।

न्यौपाने, घनश्याम 'परिश्रमी', *गजलविशेषमा दृष्टिपात,* **पल्लव साहित्यिक पत्रिका**, (आलोचनाविशेष, वर्ष ५, पूर्णाङ्क १४, २०६६) पृ. १७ ।

देवकोटा, विमलप्रकाश, *बहरमा लड्िएको गोर्खेको मुस्कान,* **पल्लव साहित्यिक पत्रिका**, (गजलविशेष, वर्ष ४, पूर्णाङ्क १३, २०६४) पृ. १६२ ।

देवकोटा, विमलप्रकाश, *पल्लव परिक्रमा र तेह्रौँ अङ्क एक दृष्टि,* **पल्लव साहित्यिक पत्रिका**, (आलोचनाविशेष, वर्ष ५, पूर्णाङ्क १४, २०६६) पृ. ४७ ।

प्रभात, रमेश, *गोर्खे साइँलोको गजलकारिता,* **पल्लव साहित्यिक पत्रिका**, (गजलविशेष, वर्ष ४, पूर्णाङ्क १३, २०६४), पृ. १४४ ।

प्रभात, रमेश, *चितवनको गजलयात्रा : सङ्क्षिप्त चर्चा,* **गजलसारथि**, (वर्ष १, अङ्क १, २०६५) पृ. ३२ ।

ब्राजाकी, मनु, *गजलगाथा,* **समकालीन साहित्य**, (वर्ष ३, अङ्क २, २०५०) पृ. ४९ ।

वियोगी, बुढाथोकी, *तीन कृति एक दृष्टि,* **शिवपुरी सन्देश**, (वर्ष १३, पूर्णाङ्क ३७, २०६४) पृ. २९-३६ ।

शर्मा, सरस्वती 'जिज्ञासु', *भलाकुसारी,* **नवमाधुरी**, (लोकतान्त्रिक : गजलविशेष, वर्ष ४, अङ्क ४, २०६५) पृ. ४१-४९ ।

सिग्देल, देवी, *शास्त्रीय बहरका गजलहरू,* **मधुपर्क**, (वर्ष ४०, अङ्क ७, पूर्णाङ्क ४६२, २०६४) पृ. १५ ।

## (ग) सन्दर्भ–शोधप्रबन्ध

कोइराला, शिवहरि, **कवि रह शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६४ ।

गिरी, शोभा, **चितवनका प्रतिनिधि गजलकार र तिनका गजलकृतिहरूको विश्लेषण**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६६ ।

न्यौपाने, घनश्याम 'परिश्रमी', **गजलको स्वरूप र बहरहरूको चिनारी तथा नेपाली गजलपरम्पराको सङ्क्षिप्त अभिरेखाङ्कन**, (ने.रा.प्र.प्र. तथा साहित्य समाज नेपालगञ्जको कार्यक्रममा प्रस्तुत अप्रकाशित कार्यपत्र), २०६२ ।

न्यौपाने, घनश्याम 'परिश्रमी', **हिन्दी और नेपाली गजलोंका विश्लेषणात्मक अध्ययन** (अप्रकाशित विद्यावारिधि शोधपत्र), बाबा साहेब भीम राव अम्बेडकर विश्वविद्यालय, लङ्गट सिंह कालेज, वाराणसी, ई. २००० ।

पौडेल, अर्जुनप्रसाद, **घनश्याम न्यौपाने 'परिश्रमी' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०५७ ।

रिजाल, दामोदर, **गजलकार भीमनिधि तिवारी**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०४५ ।

सापकोटा, तोयनाथ, **गजलकार शम्भुप्रसाद ढुङ्गेल**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५४ ।

## (घ) सन्दर्भव्यक्तिहरूको परिचय

अशोकप्रसाद लामिछाने (शोधनायकका माहिलो छोरा), भ.न.पा.-४, लायन्सचोक, नारायणगढ, चितवन ।

केशवप्रसाद लामिछाने (शोधनायकका साहिँलो छोरा), भ.न.पा.-४, लायन्सचोक, नारायणगढ, चितवन ।

पवित्रा लामिछाने (शोधनायककी कान्छी छोरी), भ.न.पा.-३, पुल्चोक, नारायणगढ, चितवन ।

भरतप्रसाद लामिछाने (शोधनायकका जेष्ठ सुपुत्र), भ.न.पा.-२, क्षयरोगचोक, लीलाचोक, नारायणगढ, चितवन ।

मीनमाया लामिछाने (शोधनायककी श्रीमती), भ.न.पा.-४, लायन्सचोक, नारायणगढ, चितवन ।

सुभद्रा लामिछाने (शोधनायककी जेठी छोरी), सिनामङ्गल, काठमाडौँ ।

# परिशिष्ट खण्ड

## परिशिष्ट : १
## शोधनायकसँग लिएको अन्तर्वार्ता

प्रस्तुत शोधपत्रका निमित्त शोधार्थी दुर्गा जोशीद्वारा शोधनायक ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' सँग साहित्यिक सेरोफेरोमा केन्द्रित रहेर लिइएको अन्तर्वार्ता :

१. **स्वागत छ यहाँलाई यहाँकै जीवनी चर्चाका लागि ।**

धन्यवाद, दुर्गा जोशी बहिनीलाई !

२. **तपाईंको जन्म मिति र जन्म स्थान बताई दिनुहोस् न !**

मेरो जन्म पश्चिम १ नं. नुवाकोट जिल्लाको साबिक चतुराले-४, थर्पुगाउँ भन्ने ठाउँमा वि.सं. २००९ साल भाद्र १० गते सोमबार पञ्चमी तिथिमा भएको हो ।

३. **यहाँको साहित्यिक यात्रा कहाँ र कहिलेबाट सुरु भएको थियो ?**

यो प्रसङ्ग मजस्तै अन्य साहित्यका विद्यार्थीहरूलाई हरेक पत्र-पत्रिकाका भलाकुसारीमा सोधिने प्रश्न हो । यस विषयले धेरै पाठकहरूको मन छुन सक्छ ! मेरो साहित्यिक यात्रा २०२२ सालमा शान्ति शिक्षा मन्दिर साउनेपाटी, काठमाडौँमा *विद्यार्थीको दुःख* भन्ने कवितामा प्रथम पुरस्कार प्राप्त गरेपछि लेखनकार्य अगाडि बढेको हो ।

४. **तपाईंको विचारमा साहित्य भनेको के हो ?**

मेरो छोटो अध्ययनमा साहित्य भनेको समाजलाई सुधार्ने एउटा ऐना हो । आफूले देखे-गरेका, जाने-भोगेका दुःख-सुख र मनभित्र गुम्फन भएर गुम्सिदै बसेको शब्द-भावहरूलाई काव्य, कथ्य, व्यङ्ग्य, हाइकु, मुक्तक, गजल, निबन्ध वा गीतिलय आदिको माध्यमबाट आम जनसमुदायबीच सन्देश पुऱ्याउन सकिने एउटा बौद्धिक कडीको पाटो हो साहित्य । तसर्थ यसले सबै मानिसमा आ-आफ्नै शैलीमा साहित्यिक चेतनाको विकासमा अभिवृद्धि गर्न जोड दिन्छ र मानवीय स्वधर्मको उत्थान गर्दछ ।

**५ तपाईं आफूले केलाई प्रेरणाको स्रोत मान्नु हुन्छ ?**

मेरो जीवनमा साहित्यप्रतिको झुकाव र प्रेरणा प्रदान गर्ने कार्य स्व. वी.पी. कोइरालाका साहित्यिक लेख-रचनाहरू र लक्ष्मीप्रसाद देवकोटा एवम् लेखनाथ पौडचालका लेख-रचनाहरूले मलाई साहित्यिक गोरेटोमा डोऱ्याएको हो ।

**६. तपाईंका प्रकाशित कृतिहरू कति छन् र के के हुन् ?**

मेरो कृति प्रकाशनको सुरुवात **गलजपथका यात्रीहरू** (संयुक्त २०६१) बाट भएको हो । तत्पश्चात् हालसम्म **गजल बिम्ब** (संयुक्त, २०६२), **बहरमाला** (शास्त्रीय बहरमा आधारित संयुक्त-लेखन गजलसङ्ग्रह, २०६३), **गजलयात्रा** (संयुक्त-लेखन गजलसङ्ग्रह, २०६३), **सम्मोहन** (गजलसङ्ग्रह, २०६२), **मुस्कान** (सूत्रसहित शास्त्रीय बहरमा आधारित गजलसङ्ग्रह, २०६२), **कादम्बरी** (सूत्रसहित शास्त्रीय छन्दमा आधारित कवितासङ्ग्रह, २०६३), **सूत्रमाला** (सूत्रसहित शास्त्रीय बहरमा आधारित गजलसङ्ग्रह, २०६३) एवम् स्वदेश तथा विदेशका विभिन्न स्मारिका, साहित्यिक पत्र-पत्रिकाहरूमा कविता, कथा, गजल, निबन्ध, संस्मरण र समीक्षाहरू प्रकाशित भएका छन् ।

**७. साहित्यले तपाईंलाई के दियो र के दिन सकेन ?**

म एउटा विशुद्ध व्यापारमा आस्था र विश्वास राख्ने प्राणी भएर पनि नेपाली भाषा-साहित्यको सेवा गर्ने प्रबल इच्छा र आकाङ्क्षा बोकेको मानिस भएको हुनाले नेपाली वाङ्मयको फराकिलो फाँटमा नाच्न, हाँस्न र रमाएर बाँच्न पाइरहेको छु । नेपाली भाषा-साहित्यले मलाई सोचेभन्दा बढी माया-ममता, स्नेह र सामीप्यता प्रदान गरेको महसुस मैले गरेको छु । देशभित्र र बाहिर रहनु भएका प्राय:जसो बौद्धिक व्यक्तित्व र नेपाली वाङ्मय मै अग्रणी भूमिका निर्वाह गरिरहनु भएका अग्रजहरूबाट पनि मैले मनग्य माया पाएको छु । अझ दीपेन्द्रकुमार जोशी 'निक' भन्ने भाइको प्राविधिक एवम् साहित्यिक सहयोगमा मैले **पल्लव साहित्यिक ई–पत्रिका** (पल्लव डट कम डट एन पी अर्थात् www.pallawa.com.np भन्ने विशुद्ध नेपाली साहित्यिक अनलाइन पत्रिकाको सुरुवात गरेपछि त देश-विदेशबाट साहित्यिक भावकहरूबाट मायाको ओइरो नै लागेको छ । यसैले म खुसी र सुखी छु ।

**८. चितवनमा साहित्यको स्थिति कस्तो देख्नु भएको छ ?**

मेरो कर्मथलो चितवन । मैले यहाँको स्थिति नराम्रो छ भनेर भन्न मिल्दैमिल्दैन र भन्नु पनि हुँदैन ! तर पनि राजधानीभन्दा बाहिरी भू-भागमा उभिएर विश्लेषण गर्ने हो भने विराटनगर र पोखरापछिको साहित्यिक उर्वर भूमि भनेको चितवन नै हो भनेर ठोकुवा गर्न सकिन्छ ।

९. **तपाईं साहित्य क्षेत्रमा लागेर कति सन्तुष्ट हुनुहुन्छ ?**

साहित्यिक यात्राको सिलसिलामा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म, यु.के., बङ्गलादेश तथा भारतका दार्जलिङ, सिक्किम, आसाम र अन्य केही अरबियन देशहरूबाट अत्यधिक माया-ममता र हौसला पाएको छु । जसको कारणले गर्दा मैले सोचेभन्दा बढी सन्तोष प्राप्त गरेको छु ।

१०. **तपाईं 'पल्लव साहित्य प्रतिष्ठान' को संस्थापक अध्यक्ष पनि हुनुहुन्छ र 'पल्लव साहित्यिक पत्रिका' १६ औं अङ्कसम्म निरन्तर प्रकाशन गर्नुका साथै 'पल्लव साहित्य प्रतिष्ठान' बाट झन्डै डेढ दर्जनभन्दा बढी विभिन्न अग्रज स्रष्टाहरूका कृतिहरू प्रकाशन एवम् सम्पादन गर्दै आउनु भएको छ । यस्ता कार्यहरू गर्दा के-कस्ता कठिनाइहरू झेल्नुभएको छ ? केही बताइदिनुहोस् न ।**

धन्यवाद बहिनी ! काठमाडौंभन्दा बाहिर अर्थात् मोफसलमा बसेर पत्रिका प्रकाशन गर्नु भनेको असाध्यै गाह्रो काम हो अर्थात् फलामको च्युरा चपाउनु जस्तै हो । यसैकारणले गर्दा चितवाबाट प्रकाशन हुँदै आएका थुप्रै साहित्यिक पत्रिकाहरू प्रकाशन हुन नसकेर थन्किएका पनि छन् । यस्तो अवस्थामा पनि देशभरि छरिएर रहनु भएका विभिन्न मेरा अग्रज स्रष्टा सर्जकहरूको माया र सहयोगले गर्दा बिस्तारै-बिस्तारै कछुवागतिमा भए पनि घिस्रँदै छु । यसै क्रममा हाल म **पल्लव साहित्यिक पत्रिका**को सत्रौं अङ्क प्रकाशन गर्ने तरखरमा जुटिरहेको छु । सोही अवसरमा अन्य चारजना स्रष्टाहरूका चारवटा कृतिहरू पनि प्रकाशन र सम्पादनमा जुटिरहेको छु । यसरी सरस्वतीपुत्रहरूका वाणिक सेवा गर्न पाउनुमा म आफूलाई भाग्यमानी सम्झेको छु ।

११. **तपाईंले साहित्य क्षेत्रमा लागेर सबैभन्दा मीठो र नमीठो अनुभूति के-कस्ता बटुल्नुभयो होला बताइदिनु हुन्छ कि ?**

नेपाली भाषा र साहित्यसेवी हुन पाउँदा अति नै हर्षित छु । मेरो साहित्यिक यात्रामा सबैभन्दा मीठो दिन २०२२ सालमा *विद्यार्थीको जीवनमा पर्ने दु:ख* शीर्षकको कवितामा प्रथम पुरस्कार प्राप्त गरेको दिन थियो । जसको हौसलाबाट मेरो साहित्य लेखन अघि बढेको हो भने नमीठो अनुभूति पनि नभएका होइनन् । जसको उल्लेख गरेर साध्य नै छैन । समग्रमा भन्नुपर्दा साहित्यिक मित्रहरूबाट नै खुट्टा तान्ने प्रवृत्ति देखाइनु नै प्रमुख नमीठो अनुभूति हो भन्न सकिन्छ ।

१२. **वर्तमान देशको स्थिति देख्दा तपाईंलाई कस्तो लागेको छ ?**

धेरै नेपाली जनताका सपुतहरूको बलिदानबाट देशमा लोकतान्त्रिक सङ्घीय गणतन्त्र आएको छ । यो हामी सबै नेपालीले गौरव मान्नुपर्दछ । यसका साथै नेताज्यूहरूले पनि जनताको रगत र पसिनाको मूल्याङ्कन गर्न बिर्सनु हुँदैन ।

**१३. साहित्यले समाज र देशको राजनीतिमा कस्तो भूमिका खेल्छ ?**

कुनै पनि देशमा जब राजनैतिक उथलपुथल हुन्छ तब साहित्यिक सर्जकहरूका हातमा कलम नाच्न थल्छ र विविध विकृति-विसङ्गतिप्रति साहित्यिक रेसाहरू कोरिन थाल्दछ । जसको ज्वलन्त उदाहरणका रूपमा विगत १२ वर्षसम्म नेपालमा चलेको राजनीति द्वन्द्वमा विभिन्न स्रष्टाहरूबाट प्रस्फुटित भएर बाहिरिएका गीत, गजल, कविता, निबन्ध आदिलाई लिन सकिन्छ ।

**१४. चितवनमा साहित्य उत्थानका लागि गर्न सकिने पहलहरू ?**

चितवनको साहित्य उत्थानमा पुऱ्याउनु पर्ने योगदानहरू धेरै छन् । सर्वप्रथम त अग्रज स्रष्टाहरूलाई आदर सत्कार र अनुजहरूमा स्नेहपूर्वक साहित्यिक शिक्षा प्रदान गरी सबैले एकसाथ हातेमालो गर्न अति आवश्यक पर्दछ ।

**१५. साहित्य उत्थानमा सञ्चारमाध्यमको भूमिका ?**

तपाईंले राम्रो कुरा कोट्याउनु भयो । साहित्य उत्थानमा सञ्चारमाध्यमको भूमिका अति नै महत्त्वपूर्ण हुन्छ । जसको उदाहरणको रूपमा आजको मितिमा दिन दुगुना रात चौगुना फस्टाएको गजललाई लिन सकिन्छ । जसलाई अकाशे तरङ्गले गर्दा देशको कुना-काप्चा, जताततै पुऱ्याएको पाइन्छ । यसको पहिलो धन्यवाद देशभरि हरेक ठाउँका स्थानीयस्तरमा खोलिएका एफ.एम. रेडियोहरूलाई दिनुपर्दछ ।

**१६. साहित्य क्षेत्रमा समर्पित हुन चाहने व्यक्तिहरूलाई के भन्न चाहनुहुन्छ ?**

साहित्यबिनाको जीवन सम्भव छैन ! कुनै न कुनै रूपले प्रत्येक मानिसको जीवनमा साहित्य समाहित रहेको हुन्छ । मृगले आफैँमा निहित कस्तुरीको पहिचान गर्न नसकेर कस्तुरी खोज्दै भौँतारिएझैँ आफैँभित्र भएको स्रष्टा व्यक्तित्व चाल नपाएर भौँतारिरहेको हुन्छ । तसर्थ नहतारिएर संयमता अपनाई साहित्यका कुनै पनि विधामा रम्न/रमाउन उचित हुन्छ भन्न चाहन्छु ।

**१७. अन्त्यमा साहित्यका प्रिय पाठकहरूलाई के सन्देश दिन चाहनुहुन्छ ?**

नेपाली साहित्यका पुस्तक पत्रपत्रिकाहरू पढिदिने र जे-जस्तो अनुभूति हुन्छ त्यो नै जस्ताको तस्तै पाठक प्रतिक्रिया दिएर लेखक-स्रष्टाहरूको हौसला बढाई नेपाली वाङ्मयको सेवामा समर्पित भइदिनु हुन विशेष अनुरोध गर्दछु । साथै मेरो मनमा लागेका तीता-मीठा शब्दहरू यो अन्तर्वार्ताको रूपमा विभिन्न पाठकसमक्ष पुऱ्याउन कोसिस गर्नुहुने तपाईं दुर्गा जोशीलाई पनि हार्दिक धन्यवाद दिँदै तपाईंको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्न चाहन्छु । धन्यवाद !

# परिशिष्ट : २
# गोर्खे साइँलोका फुटकर रचनाहरूको कालक्रमिक तालिका

**(क) कविता**

| क्र.सं. | शीर्षक | पत्रिका | प्रकाशित समय |
|---|---|---|---|
| १. | आफू लामिछाने बनौँ | बन्धु स्मारिका | २०५६ |
| २. | शान्तिको कामना | पल्लव साहित्यिक पत्रिका | २०५९ |
| ३. | माटो | प्रहरी द्वैमासिक साहित्यिक पत्रिका | २०६१ |
| ४. | मलाई शान्ति देऊ | शब्दाङ्कुर साहित्यिक मासिक | २०६२ |
| ४. | त्यो काख खाली | कैलाश | २०६२ |
| ५. | यी क्षण | वागीश्वरी | २०६२ |
| ६. | वादीको आवेग | पल्लव साहित्यिक पत्रिका | २०६३ |
| ७. | गरिछौ विदाइ | नवमाधुरी | २०६३ |
| ८. | उनको जन्मदिन | वाटिका | २०६३ |
| ९. | निम्तो | सञ्जिवनी | २०६३ |
| १०. | भानुको सम्झना | कैलाश | २०६३ |
| ११. | मेला र चितवन | चितवन महोत्सव स्मारिका | २०६३ |
| १२. | मातृशोक | कैलाश | २०६३ |
| १३. | अवस्था | प्रभात सिर्जना | २०६३ |
| १४. | कविको गुनासो | सञ्जिवनी | २०६३ |
| १५. | नावालक | दिव्यमुहार | २०६३ |
| १६. | नेपाल छाडे भयो | कालीको सुसेली | २०६३ |
| १७. | मायाबिनाकी तिमी | कैलाश | २०६४ |
| १८. | छन्द नै मीठो | वागीश्वरी | २०६४ |
| १९. | दसैं | गोधुली | २०६४ |
| २०. | धोका दिँदै छ्यौ तिमी | वाटिका | २०६४ |
| २१. | मेरो नुवाकोट | युगान्तर | २०६४ |
| २२. | नप्ताहरू | कैलाश | २०६४ |
| २३. | गौमाता | अकाल कुसुम त्रैमासिक | २०६४ |
| २४. | पाल्पा दर्शन | अभिव्यक्ति दुईमहिने साहित्यिक पत्रिका | २०६५ |
| २५. | मेरो नुवाकोट | महामण्डल | २०६५ |
| २६. | सहित र नेता | गरिमा | २०६५ |

| | | | |
|---|---|---|---|
| २७. | वाधा मलाई भयो | वागीश्वरी | २०६५ |
| २८. | आँखा दुवै बन्द हुन्छ | मध्यक्षितिज | २०६५ |
| २९. | प्रेमी पागल | जागृति | २०६६ |
| ३०. | वाधा मलाई भयो | नवमाधुरी | २०६६ |

## (ख) गजल

| क्र.सं | शीर्षक | पत्रिका | प्रकाशित समय |
|---|---|---|---|
| १. | झुक्किएर | मधुश्री | २०६० |
| २. | पारि तर्न टाढा रै'छ | सिरेटो | २०६० |
| ३. | हलचल बन्द छ | नारायणी टुडे | २०६० |
| ४. | पुगेछु हजुरको सामु | स्मारिका | २०६० |
| ५. | निराश भई बस्छ्यौ | गन्तव्य | २०६० |
| ६. | नरमाइलो साल देखें | शान्ति समाज स्मारिका | २०६० |
| ७. | वादल छायो | कोसिस | २०६० |
| ८. | धेरैदिन भयो | कोसिस | २०६० |
| ९. | जवाफ | छहारी | २०६० |
| १०. | पाएँ | निकुञ्ज | २०६० |
| ११. | हिन्दी गजल मै प्रभावी बन गया | पल्लवी सन्देश | २०६१ |
| १२. | घरसम्पत्ति पहिरो लाग्यो | स्रष्टा चौमासिक | २०६१ |
| १३. | काखमा छिन् | अभिलाषा | २०६१ |
| १४. | ज्ञान पिएर आऊ | युगान्तर | २०६१ |
| १५. | किन धाउनु पर | रत्न वाटिका | २०६१ |
| १६. | खरानीको | सम्प्रेषण | २०६१ |
| १७. | गासबासको | नवमाधुरी | २०६२ |
| १८. | माली हुन्छ | रहस्य | २०६२ |
| १९. | मोती नै जलाएर | कालीको सुसेली | २०६२ |
| २०. | नम्बरी सुनजस्ती | स्रष्टा चौमासिक | २०६२ |
| २१. | खाना पोषिलो चितवनको | मारुनी | २०६२ |
| २२. | तातेर आयौ प्यारी | दीपिन | २०६२ |
| २३. | पाइतालाको धुलो ठान्यौ | वागीश्वरी | २०६२ |
| २४. | दुई गजल | रचना | २०६२ |
| २५. | सधैं हाँसिरहुँ | रहस्य | २०६२ |

| | | | |
|---|---|---|---|
| २६. | अभागिनी बनाएछौ | ॠतुरङ्ग | २०६२ |
| २७. | सुन्तलाका दाना देखे | समपर्ण | २०६२ |
| २८. | देखेर के हुन्छ र ? | हाम्रो मझेरी | २०६२ |
| २९. | रक्ताम्मे पार्छ | जनक ज्योति | २०६३ |
| ३०. | दिने काम थियो | हाम्रो मझेरी | २०६३ |
| ३१. | मनै भुल्ने भए पो | गरिमा | २०६३ |
| ३२. | प्यारमै हेलियौ | इन्दू | २०६३ |
| ३३. | साँचो भनिदेऊ | पर्वतमाला | २०६३ |
| ३४. | मानिसको लास सडी रस्तीगस्ती गनाइरहेछ | रत्नराधिका | २०६३ |
| ३५. | रागमा हेलियौ | मधुपर्क | २०६३ |
| ३६. | सजिलो जवानी | कैलाश | २०६३ |
| ३७. | वनको | मारुनी | २०६३ |
| ३८. | मुस्कानको नाता | नौलो किरण | २०६४ |
| ३९. | जतातते | सञ्जिवनी | २०६४ |
| ४०. | नजानी रमायो | समकालीन नेपाली गजल | २०६४ |
| ४१. | लाज थोरै लागिरा'छ | गजल-उत्सव | २०६४ |
| ४२. | लुकाएर राख | कैलाश | २०६४ |
| ४३. | होली उस्तैउस्तै | शुक्ला प्रवाह | २०६४ |
| ४४. | माधुरीको | गजलपराग | २०६४ |
| ४५. | शान्ति हेर्ने नेपालको रहर घटेको छैन | अविरल साहित्य | २०६४ |
| ४६. | फुकाएर लाज | नवरस | २०६४ |
| ४७. | उम्रियो लोकतन्त्र | गजलयात्रा | २०६४ |
| ४८. | छ आशा उसैको | नवमाधुरी | २०६५ |
| ४९. | चढेको जवानी | कैलाश | २०६५ |
| ५०. | नजाऊ भनेको | पुष्प सन्देश | २०६५ |
| ५१. | वनमा कसरी | प्रस्फुटन | २०६५ |
| ५२. | थाहा छैन कहाँ नार्यौ | इन्दू | २०६५ |
| ५३. | म जन्मेर | अभिव्यक्ति | २०६५ |
| ५४. | सद्भावना कायम गर | मधुपर्क | २०६५ |
| ५५. | राफियाँ साथी | गजलसारथी | २०६५ |
| ५६. | जाऊ तिमी | मधुलिका | २०६५ |
| ५७. | माया देखाऊ | दियालो | २०६५ |

| | | | |
|---|---|---|---|
| ५८. | वनमा कसरी | प्रस्फुटन | २०६५ |
| ५९. | सजेनौ दिलैमा | हाम्रो पाइला | २०६५ |
| ६०. | रात पैमको साथ पाइन | कैलाश | २०६५ |
| ६१. | म जन्मेर | रचना | २०६५ |
| ६२. | तिम्रो माया | सम्प्रेषण | २०६५ |

## (ग) कथा

| क्र.सं | शीर्षक | पत्रिका | प्रकाशित समय |
|---|---|---|---|
| १. | हाकिम साहेब | हाम्रो मझेरी | २०६० |
| २. | त्यो गोज्याङ्ग्रो | कालीको सुसेली | २०६० |
| ३. | रगतको प्रतीक आउनेछ | अन्नपूर्ण स्मारिका | २०६१ |
| ४. | अधुरो सपना | निहारिका | २०६१ |
| ५. | हाल-बेहाल | सम्प्रेषण | २०६१ |
| ६. | परदेश यात्राको फल | जागृति | २०६२ |
| ७. | कस्तो परिवर्तन | कालीको सुसेली | २०६२ |
| ८. | म नेपाल फर्कन्न | दायित्त्व | २०६२ |
| ९. | साहसी बोली रातो चोली | अक्षर | २०६२ |
| १०. | बेहुली | गाउँसहर | २०६२ |
| ११. | नियती | सरोजिनी | २०६२ |
| १२. | ऋषिप्रसाद लामिछानेको पत्र नेताज्यूहरूलाई | पल्लव साहित्यिक पत्रिका | २०६२ |
| १३. | अप्रस्फुटित अनुभूति | वाटिका | २०६३ |

## (घ) लेख

| क्र.सं | शीर्षक | पत्रिका | प्रकाशित समय |
|---|---|---|---|
| १. | नेपाली गजल पिङ्गल छन्द र बहरको छोटो चर्चा | | २०६४ |
| २. | गजल अतीत विधा नै हो त ? | | २०६४ |
| ३. | गजलभित्रका आंशिक अपभ्रंशहरू | | २०६५ |
| ४. | नेपाली गजल र छोटो चर्चा | | २०६५ |
| ५. | गजलनगरी चितवन सान्दर्भिकता र चुनौती | | २०६५ |
| ६. | गजलको लहरमा बहरको प्रभाव | | २०६५ |
| ७. | हुसैन खाँको डायरीभित्र लहरिँदा | | २०६६ |

## परिशिष्ट : ३

# शोधनायक ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' को छायाचित्र



# परिशिष्ट : ४

# शोधनायक ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' ले प्राप्त गरेका सम्मान-पत्रका प्रतिलिपिहरू



"नव आगन्तुक स्रष्टालाई स्वागत र स्थापित स्रष्टालाई सम्मान गरौं "

मितज्यू साहित्य प्रतिष्ठान

भरतपुर मितेरीमार्ग

सम्मान-पत्र

आदरणीय ऋषिप्रसाद लामिछाने 'गोर्खे साइलो'

लामो समयदेखी विभिन्न साहित्यिक संघसस्थामा आबद्ध रहि साहित्य तथा समाजसेवामा अतुलनिय तथा अविष्मरणीय योगदान पुऱ्याउनु भएकोमा मितज्यू स्रष्टा सम्मान-२०६३ बाट सम्मानित गरिएको छ ।

बेद राना
प्रमुख अतिथि

मितिः २०६३ भाद्र ३१ गते शनिवार

अनुपराज कडेल
अध्यक्ष

# सहिद दिवस समारोह समिति-२०६४

पिठौली-१, नवलपरासी



## सम्मान-पत्र

समादरणीय वरिष्ठ कवि,
गजलकार एवम् साहित्यकार **श्री गोर्खे साइँलोज्यू,**
'पल्लव साहित्य प्रतिष्ठान', नारायणगढ, चितवन

तपाईंले पाँच दशक अघिदेखि अविच्छिन्न रूपमा शास्त्रीय छन्द, वार्णिक छन्द, स्वच्छन्दतावादी, राष्ट्रप्रेमी, हृदयस्पर्शी, सरल, सरस, माधुर्य कविताकाव्य, गजल रचनाद्वारा नेपाली साहित्यमा पुऱ्याउनु भएको गरिमामय योगदानको कदर गर्दै **'धरा साहित्यिक समूह'** बाट कदरस्वरूप स-अभिनन्दन **सम्मान-पत्र** अर्पण गरिएको छ ।

यहाँको सुयस, सुस्वास्थ्य, दीर्घायुको लागि हार्दिक शुभकामना !

| | | |
|---|---|---|
| (दीपक सोती) | (धनराज गिरी) | (गोविन्दराज विनोदी) |
| आयोजक | अध्यक्ष | प्रमुख अतिथि |
| 'धरा' साहित्यिक समूह | शुभ मिति : २०६४ माघ १६ गते । | |

दर्ता नं. १०८/०६३/६४

तमसो मा ज्योतिर्गमय

# मध्यक्षितिज वाङ्मय प्रतिष्ठान

पटिहानी, चितवन, नेपाल ।

## सम्मान-पत्र



समादरणीय वरिष्ठ गजलकार श्री गोर्खे साइँलोज्यू (ऋषिप्रसाद लामिछाने),
विशालमार्ग, नारायणगढ, चितवन ।

विगत लामो समयदेखि साहित्यिक पत्रकारिता, सामाजिक सेवा र साहित्य-सिर्जनामा निरवच्छिन्न रूपमा सक्रिय रहँदै नेपाली कविता, गीत, गजल, मुक्तक, हाइकु, कथा, निबन्ध, समीक्षाका क्षेत्रमा कलम चलाउँदै आउनु भएको यहाँले विशेषतः गजल र गजलको संरचना एवम् बहरको खोज-अनुसन्धानमा पुऱ्याउनुभएको उल्लेखनीय एवम् विशिष्ट योगदानको उच्च मूल्याङ्कन गर्दै यहाँलाई मध्यक्षितिज साहित्य सम्मान-२०६५ द्वारा साभिनन्दन सम्मानित गरिएको छ ।

यहाँको सु-स्वास्थ्य, दीर्घायु र उत्तरोत्तर सुकीर्ति-वृद्धिका लागि हार्दिक शुभकामना !

प्रकाश सायमी
प्रमुख अतिथि

महाकवि लक्ष्मीप्रसाद देवकोटाको शतवार्षिकी
मिति २०६५/०७/१२ मङ्गलबार

विमलप्रकाश देवकोटा
अध्यक्ष

चि.जि.प्र.का.द.नं. : ३७/०५७/०५८ "सकिन्छ साहित्य सृजना गरौं, सकिदैन साहित्यको संरक्षण र संवर्द्धन गरौं ।"

# हाम्रो मझेरी साहित्य प्रतिष्ठान

गजलगृह, भरतपुर-१०, चितवन

## सम्मान-पत्र



गजलकार श्री ऋषिप्रसाद लामिछाने 'गोर्खे साईंलो' ज्यू
म.न.पा.-४, विशालमार्ग, नारायणगढ

नेपाली वाङ्मयको उन्नयनमा विगत लामो समय देखि सक्रिय रही निरवच्छिन्न रूपमा यहाँले विशेषतः गजल र गजलका शास्त्रीय वहरहरूको अनुसन्धानात्मक खोजको विश्लेषण सहित गजल विधाको श्रीबृद्धिमा पुऱ्याउँदै आउनु भएको विशिष्ट योगदानको उचित मूल्याङ्कन गर्दै **'हाम्रो मझेरी स्रष्टा सम्मान-२०६५'** बाट यहाँलाई सादर अभिनन्दन सहित यो **सम्मान-पत्र** अर्पण गरिएको छ ।

यहाँलाई हार्दिक बधाई र उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

| | | |
|---|---|---|
| (प्रकाश सायमी) | (दामोदर पुडासैनी किशोर) | (पुष्प अधिकारी अञ्जलि) |
| प्रमुख अतिथि | संरक्षक | अध्यक्ष |

मिति : २०६५ कार्तिक २३ शुभम् ।

# नुवाकोट साहित्य प्रतिष्ठान नेपाल

वि.न.पा.-३, बट्टार (बाराहीमार्ग), नुवाकोट

नुवाकोट साहित्य प्रतिष्ठान नेपाल २०६४



## ✱ सम्मान-पत्र ✱

तपाईं **श्री ऋषिप्रसाद लामिछाने** "गोर्खे साइँलो" ज्यूले भाषा र साहित्य क्षेत्रमा पुर्‍याउनु भएको उल्लेखनीय योगदानको कदर गर्दै यहाँलाई दोसल्ला ओढाई **"महामण्डल साहित्य सम्मान-२०६६"** ले अभिनन्दन गरिएको हुँदा हार्दिक बधाइका साथ यो **सम्मान-पत्र** अर्पण गरिएको छ ।

यहाँको सु-स्वास्थ्य दीर्घायु एवम् उत्तरोत्तर प्रगति, संमृद्धि र यशोवृद्धिका लागि हार्दिक शुभकामना ।

| | | | |
|---|---|---|---|
| प्रा.डा.गोविन्दराज भट्टराई | पुस्कर लोहनी | उज्ज्वल जी.सी. | श्रीराम श्रेष्ठ |
| प्रमुख अतिथि | संरक्षक | सल्लाहकार | अध्यक्ष |

*२०६६ असार १५ गते सोमवार*


# नुवाकोट महोत्सव – २०६६

आयोजक
नुवाकोट उद्योग वाणिज्य संघ

## सम्मान – पत्र

नेपाली भाषा र साहित्यको विकासमा लामो समयदेखि क्रियाशील रहँदै पुऱ्याउनुभएको विशिष्ट योगदानको उच्च कदरस्वरूप तपाई नुवाकोट जिल्लाका कवि तथा गजलकार गोर्खे साइँलोलाई दीर्घायू, सुस्वास्थ्य र सुखमय जीवनको कामनासहित 'नुवाकोट महोत्सव २०६६' का अवसरमा यो सम्मान – पत्र अर्पण गरेका छौं ।

शरणउत्सुक सापकोटा
अध्यक्ष
नेपाल उद्योग वाणिज्य संघ

श्रीराम श्रेष्ठ
संयोजक
साहित्यिक कार्यक्रम व्यवस्थापन उपसमिति

प्रमुख अतिथि
सुवासचन्द्र नेम्वाङ
अध्यक्ष, संविधानसभा

इति सम्वत् २०६६ साल फागुन १९ गते बुधबार ।